
Historical 1st International Tamu Conference-2019
ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन-
२०७६ असोज २४ र २५ गते (11-12 Oct. 2019)
राष्ट्रिय सभागृह, भृकुटीमण्डप, काठमाडौं, नेपाल
संयोजन:
तमु ह्युल छोंज धी गुरुङ राष्ट्रिय परिषद्
केन्द्रीय कार्यसमिति, काठमाडौं
आयोजक:
ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन
मूल आयोजक समिति, काठमाडौं


सम्पूर्ण तमु (गुरुङ) को आह्वान !
एकता, अस्तित्व र पहिचानका लागि प्रथम अन्तर्राष्ट्रिय तमु सम्मेलन !

अन्तर्राष्ट्रिय तमू (गुरूङ) सम्मेलन २०१९

# स्मारिका

११-१२ अक्टोबर २०१९
राष्ट्रिय सभागृह, काठमाडौं, नेपाल



अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषद २०१९
सचिवालय काठमाडौं, नेपाल








Historical 1st International Tamu Conference-2019










Historical 1st International Tamu Conference-2019








Historical 1st International Tamu Conference
(11-12 Oct. 2019)



**संरक्षक**
रेशम गुरूङ

**सल्लाहकार**
प्रा.डा. गणेशमान गुरूङ
प्राज्ञ डा. जगमान गुरूङ
प्रा.डा. ओम गुरूङ
डा. गणेश गुरूङ
प्रा.डा. योगेन्द्र गुरूङ
डेलमान गुरूङ
खड्गबहादुर गुरूङ
डा. टेकबहादुर गुरूङ

**व्यवस्थापन**
सूर्यबहादुर गुरूङ
डम्मरबहादुर गुरूङ
श्रीप्रसाद गुरूङ
दिल गुरूङ

**प्रकाशन संयोजक**
मनोज गुरूङ

**आर्थिक संयोजन**
गोपाल गुरूङ
गंगाबहादुर गुरूङ

**कार्यकारी सम्पादक**
मनिराज गुरूङ

**सम्पादन सहयोगीहरू**
अनिता गुरूङ
गंगादेवी गुरूङ
पुकार गुरूङ
रसबहादुर गुरूङ
राकेश गुरूङ

**फोटो/भिडियो**
रीता गुरूङ
युग गुरूङ

**लेआउट डिजाइन**
ज्ञानु गुरूङ

**मुद्रण**
किशोर अफसेट प्रिन्टिङ प्रेस

**प्रकाशक**
अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषद
सचिवालय काठमाडौं, नेपाल
फोनः +९७७-०१४३८५८६८
ईमेलः tamucouncil2019@gmail.com
पोष्ट बाक्स नं.: २३३४८

सहयोग रू. १००/-

# प्रकाशकीय

अमेरिकास्थित कोलम्बिया विश्वविद्यालयका पूर्वप्राध्यापक एवं न्यू स्कुलका सिनियर डाइरेक्टर अशोक गुरूङको शब्द सापटी लिएर भन्ने हो भने नेपालीमध्ये सबैभन्दा बढी देशमा पुगेर स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने जातिमा गुरूङ अगपंक्तिमा आउँछ । त्यसैले गुरूङलाई ग्लोबल सिटिजन भन्दा अत्युक्ति हुँदैन । उत्पत्ति र बसाइँ-सराइको इतिहास हेर्ने हो भने गुरूङ जातिको उद्‌गम थलो नेपालको गण्डक क्षेत्र नै रहेकोमा कसैको दुईमत छैन । तर आज संसारका चालिसौँ देशमा गुरूङ जातिले स्थायी तथा अस्थायी रूपमा बसोबास गर्नुका साथै संगठनसमेत निर्माण गरेका छन् ।

त्यसरी नेपाललगायत विश्वभर स्थायी वा अस्थायी रूपमा बसोबास गर्ने सबै तमू (गुरूङ)हरूबीच पारिवारिक सम्बन्ध र समुदायगत एकताको विकास गर्दै तमू (गुरूङ) जातिको इतिहास, भाषा, धर्म, संस्कृति, परम्पराको संरक्षण र संवर्द्धन गर्नु वर्तमानको आवश्यकता हो । समग्र तमू समुदायबीच भाषिक, सांस्कृतिक तथा सामाजिक रूपमा एकरूपता कायम गर्दै आर्थिक रूपमा समृद्धिको दिशामा अघि बढाउनु पनि आज उत्तिकै अपरिहार्य छ । त्यसैले तमू (गुरूङ) जातिको सर्वाङ्गिण विकासको हितमा काम गर्दै एकता, सद्‌भाव साथै जातीय अस्तित्व र पहिचानका लागि क्रियाशील रहँदै विश्वभरका तमूहरूलाई एकताबद्ध गरी तमू (गुरूङ)हरूको पहिचान र इतिहासलाई जीवन्त राख्ने प्रयास स्वरूप ११ र १२ अक्टोबर २०१९ मा नेपालको राजधानी काठमाडौंमा ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन आयोजना सम्पन्न भयो ।

'सम्पूर्ण तमू (गुरूङ)हरूको आह्वान ! एकता, अस्तित्व र पहिचानका लागि ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन !!' भन्ने मूल नारा रहेको सम्मेलनमा विश्वका करिब तीन दर्जन देशबाट आएका प्रतिनिधिको सहभागिता रहेको थियो । उद्‌घाटन सत्रलगत्तै भएको परिचय सेसनमा सबैजसो देशबाट आएका संस्थागत प्रतिनिधिहरूले सो देशमा रहेका गुरूङहरूको अवस्था र संस्थागत जानकारी प्रस्तुत गरेका थिए । २०७३ कात्तिक ६ र ७ गते सुनसरीको धरानमा भएको ऐतिहासिक प्रथम तमू सार्क सम्मेलनको सफलताबाट उत्प्रेरित भएर आयोजना गरिएको अन्तर्राष्ट्रिय तमू सम्मेलन-२०१९ संसारभर रहेका तमू संघ-संस्थाहरूसँग सम्पर्क र समन्वय बढाउँदै तमू एकतालाई थप सुदृढीकरण गर्न कोशेढुंगा सावित भएको छ ।

सम्मेलन एकता, अस्तित्व, पहिचान गरी मुख्य तीनवटा सेसनमा विभाजित थियो । नेपाल तथा विश्वका विभिन्न मुलुकमा गुरूङ जातिको पहिचान उच्च बनाउन सफल विभिन्न व्यक्ति/व्यक्तित्वमा समर्पित ती सेसनहरूमा विभिन्न विद्वान् व्यक्तिको कार्यपत्र प्रस्तुतिका साथै टिप्पणीसमेत भएको थियो । त्यस्तै समृद्धि सेसनमा अष्ट्रेलियाको धनाढ्यको सूचीमा पर्न सफल गैरआवासीय नेपाली संघ (एनआरएनए)का पूर्वअध्यक्ष शेष घलेलगायतको अनुभव आदान- प्रदानले सम्मेलनको गरिमा अझ उच्च बनाएको महसुस गरिएको थियो । सम्मेलनले विश्वभरका तमू समुदायलाई एउटै छातामुनि गोलबन्द गर्ने गरी अन्तर्राष्ट्रिय परिषद् गठन गरेर विधानसमेत पारित गरेको छ । यसबाट विश्वभरका गुरूङ समुदायमा विशेष उत्साह र ऊर्जाको सञ्चार भएको छ । यही खुशीलाई लिपिबद्ध गर्ने काम यस स्मारिकामा भएको छ ।

## विषय सूची




उद्‌घाटन — पृष्ठ ३-१३





परिचय — पृष्ठ १४-२३






एकता — पृष्ठ २४-५४





अस्तित्व — पृष्ठ ५५-७७





पहिचान — पृष्ठ ७८-९०






समृद्धि — पृष्ठ ९१-१०१

विधान — पृष्ठ १०२-१०८
समापन — पृष्ठ १०९-११८
अनुसूची — पृष्ठ ११७-१४६




# गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवबाट अन्तर्राष्ट्रिय तमू सम्मेलनको भव्य उद्घाटन

विश्वभर रहेका गुरूङ संस्थाहरूको आयोजना र तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषद्को संयोजनमा नेपालको राजधानी काठमाडौंमा ११-१२ अक्टोबर २०१९ मा सम्पन्न ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलनको गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले उद्घाटन गरेका थिए । विश्वभरका करिब तीन दर्जन देशबाट आएका प्रतिनिधिहरू तथा नेपालकै विभिन्न जिल्ला र विभिन्न संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको सम्मेलनको उद्घाटन सत्रमा बोल्दै पूर्वराष्ट्रपति यादवले अन्तर्राष्ट्रिय सम्मेलनले विश्वभर रहेका गुरूङ जातिलाई एकताको सूत्रमा बाँध्न सहयोग पुग्ने अपेक्षा व्यक्त गरे ।

तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषद्का महासचिव अधिवक्ता सूर्यबहादुर गुरूङ र सञ्चारकर्मी र अनिता गुरूङले सहजीकरण गरेको सम्मेलनको उद्घाटन सत्रमा बोल्दै गैरआवासीय नेपाली संघ (एनआरएनए) का पूर्वअध्यक्ष शेष घलेले अन्तर्राष्ट्रिय क्षेत्रमै गुरूङ जाति अलग्गै र गर्विलो पहिचान कायम गर्न सफल भएको बताए । एनआरएनएका सचिव जानकी गुरूङले गुरूङ जातिमा विश्वभर देखिएको एकताकै कारण विभिन्न क्षेत्रमा सफलता प्राप्त भएको भन्दै त्यो एकतालाई अझ बलियो बनाउनु पर्ने धारणा राखिन् । तमू धीं युकेका अध्यक्ष नन्दजङ गुरूङले गुरूङ जातिको गर्विलो इतिहास, मौलिक पहिचानलाई अझ मजबुत बनाउन अन्तर्राष्ट्रिय सम्मेलन विशेष महत्वपूर्ण हुने बताए ।

एकता, अस्तित्व र पहिचान गरी मुख्य तीन सेसनमा विभाजित कार्यक्रमको सम्पूर्ण सेसनको प्रारम्भमा विभिन्न देशका तमू अग्रजहरूप्रति समर्पित गरिएको वृत्तचित्रहरु प्रदर्शन गरिएको थियो । ती वृत्तचित्रहरु वरिष्ट पत्रकार रीता गुरूङले तयार पारेका थिए ।

प्रमुख अतिथिको शुभकामना मन्तव्य



## डा. रामवरण यादव
### नेपालको प्रथम राष्ट्रपति

गुरूङ समुदायको अन्तर्राष्ट्रिय सम्मेलनको आयोजक संस्थाका अध्यक्ष महोदय, मञ्चमा आसिन विशिष्ट व्यक्तित्वहरु र यस हलमा उपस्थित भद्र महिला तथा सज्जनवृन्दमा हृदयदेखि धन्यवाद दिँदै यस सम्मेलनको सफलताको हृदयदेखि कामना गर्दछु ।

मलाई धेरै खुसी लागिराखेको छ कि हामी नेपालमा विभिन्न जाति, भाषा, संस्कृति, अनेकतामा एकता भएर, नेपाली भएर बाँचिरहेका छौँ । त्यसमा गुरूङ समुदायको गौरवपूर्ण इतिहास रहेको छ । दुई सय वर्ष ब्रिटिस गोर्खा सेनामा रहेर गोर्खालीका रुपमा संसारभर नेपाल र नेपालीको पहिचान उच्च बनाउँदै आएका गुरूङ जातिले नेपालमा पनि विभिन्न प्रजातान्त्रिक आन्दोलन तथा परिवर्तनमा अग्रणी भूमिका निर्वाह गर्दै आएका छन् । हाम्रो देशको इतिहास अध्ययन गर्दा विभिन्न क्षेत्रमा विभिन्न गुरूङ व्यक्तित्वको उल्लेख्य योगदान रहेको पाइन्छ ।

आज यहाँ मेरो जानकारीमा आएअनुसार संसारभरका ३५ देशबाट प्रतिनिधि आउनुभएको छ । पुर्ख्यौली थलो, देश नेपालबाहेक एसियाका अधिकांश देश, युरोप, अमेरिका, अष्ट्रेलिया, ल्याटिन अमेरिका, अफ्रिका सारा संसारबाट तपाईंहरु यहाँ उपस्थित हुनुहुन्छ । खुसीको कुरा हो, यो । आफ्नो पहिचान, आफ्नो भाषा, आफ्नो संस्कृतिका लागि विभिन्न संघ-संस्थामा आबद्ध हुनुभएका तपाईंहरु आज सबैलाई जोडेर एउटा राष्ट्रिय परिषद बनाएर, त्यसलाई समायोजन गरेर यो अन्तर्राष्ट्रिय सम्मेलन आयोजना भइरहेको छ ।

मलाई खुसी यस मानेमा लागेको छ कि मैले पूर्वराष्ट्रपतिको हैसियतमा गुरूङ समाजको यो बृहत सम्मेलनमा आएर एउटा सांस्कृतिक सम्पदाका बीचमा बस्ने अवसर पाइरहेको छु । पूर्वआइजिपी, उहाँहरूले अनुरोध गर्नुभयो । मैले यस्तो अवसर पाएँ । तपाईंहरूसँग भेटघाट गर्ने, चिन्ने यो मेरो लागि ठूलो अवसर हो । यहाँ मेरा समकक्षी तथा मभन्दा अग्रज व्यक्तित्वहरु पनि हुनुहुन्छ । धेरै पूर्ववक्ताहरूले शुभकामना दिइसक्नुभएको छ । म थोरै मात्र कुरा राख्न चाहन्छु ।

हाम्रो देश विविधतायुक्त छ । निश्चय नै आदिवासी जनजातिमध्ये गुरूङ जाति अग्रपंक्तिमै आउँछ । तपाईंहरूको आशीर्वादकै कारण मैले गणतन्त्र नेपालको पहिलो राष्ट्रपति बन्ने अवसर पाएँ । राष्ट्रप्रमुखका रुपमा विभिन्न देश भ्रमण गर्ने मौका पाएँ । यहाँ शेष घलेजी जस्ता परदेशमा कर्म गरेर पनि आफूलाई अब्बल सावित गर्न सफल व्यक्तित्व हुनुहुन्छ ।

मैले यहाँ आएर गुरूङ जातिको पुर्ख्यौली थातथलो, जनसंख्या, पहिचानबारे धेरै जान्ने अवसर पाएको छु । कसरी देशभर र विदेशमा छरिएर रहनुभएको छ भन्ने बुझ्ने मौका पाइरहेको छु । भेडापालन, कृषि पेसामा लागेका प्रकृतिको पूजा गर्ने गुरूङ समुदायले आज कसरी अगाडि बढ्दै संसारमा आफ्नो पहिचान बनाएको छ भनेर जान्ने अवसर पाएको छु । तपाईंहरु अलग्गै विशिष्ट पहिचान छ । त्यसको संरक्षण र संवर्द्धन गर्नुहोस् । आफ्नो भाषा, संस्कृति, पहिचानलाई जोगाउनु होस् ।

हामी तराईमा बयलगाडा भन्छौँ । त्यसको दुईवटा पांग्रा हुन्छ । एउटा मात्र पांग्राले बयलगाडा हिँड्न सक्दैन । मेरो भनाइको मतलब हो, महिला र पुरूष दुवै सँगसँगै अघि बढ्नुपर्छ । जबसम्म महिलालाई अगाडि बढाउन सक्नु हुन्न, त्यो समाजलाई अगाडि बढाउन सक्नु हुन्न । खुशीको कुरा गुरूङ समुदायमा महिला दिदी-बहिनीहरूलाई विशेष स्थान दिएर राखेको पाइन्छ । उहाँहरूको परिवारमा पनि अहम् भूमिका रहेको पाइन्छ । त्यसमा पनि अब शिक्षामा विशेष जोड दिनु हुन म तपाईंहरूसँग आग्रह गर्न चाहन्छु ।

तपाईंहरु आफ्नो संस्था र समाजको उत्थान गर्दै अन्य समाजसँग पनि जोडिँदै जानुहोस् । जो देशमा हुनुहुन्छ, विदेशमा हुनुहुन्छ । देशमा तपाईं नेपाली र गुरूङ भएर बाँचिरहनुभएको छ । विदेशमा नेपाली भएर बाँचिरहनुभएको छ । त्यो पहिचान नेपालीको पहिचान हो । हाम्रो राष्ट्र विविधतायुक्त मुलुक हो । विभिन्न जाति, विभिन्न धार्मिक समुदाय, विभिन्न वर्गको आ-आफ्नै विशिष्ट इतिहास छ । हाम्रो अलग्गै राजनीतिक, सांस्कृतिक इतिहास छ । भूगोलको हिसाबले पनि दुई ठूला राष्ट्रको बीचमा छौँ । आपसी सद्भाव कायम गरेर बस्नुपर्छ ।

हाम्रो राष्ट्रको यो विशिष्ट पहिचानलाई जोगाउँदै स्थायित्व प्रदान गर्न हामीले नयाँ संविधान ल्याएका हौँ । यो ७०/८० वर्षको मिहिनेतको फल हो । नयाँ संविधान ल्याउन यो समुदायको अग्रणी भूमिका छ । प्रजातन्त्र, गणतन्त्र आएको छ । कमी-कमजोरी जहाँ पनि हुन्छ । संविधानमा भएका त्रुटीहरूलाई सुधार्दै, संशोधन गर्दै अगाडि बढ्नुपर्छ । जनताका माग, चाहनालाई कसरी

सम्बोधन गर्ने भन्ने कुरा राजनीतिक पार्टी, तिनका नेतृत्व र सरकारको हो । राजनीतिक दल र तिनका नेताहरू तथा सरकारले जनभावनाको कदर गरोस् । फेरि पनि गुरूङ समुदायको यो अन्तर्राष्ट्रिय सम्मेलन सफल बनोस् । म शुभकामना दिन चाहन्छु ।

निश्चय नै हामी विभिन्न राजनीतिक उथल–पुथलबीच बाँचिरहेका छौँ । यद्यपि हामी हाम्रो समाजको विविधताकाबीच एकतामा बाँचिरहेका छौँ । यसलाई कसरी समावेशी बनाउँदै, सबै हातलाई कसरी उपयोगी बनाउँदै राष्ट्र निर्माणमा जुट्ने भन्ने अहम् प्रश्न हो । अहिले अग्रणी भूमिका खेल्ने मानिसहरूको राजनीतिक, सामाजिक, धार्मिक, सांस्कृतिक क्षेत्रमा ठूलो महत्व रहनेछ । यो नै हामी सबैको पुण्य कर्तव्य हुन आउँछ । यो समाजको उत्थान कसरी गर्ने, अरू समाजसँग कसरी जोड्ने, राष्ट्रलाई कसरी उत्थान गर्ने र सम्पूर्ण संसारमा आफ्नो पहिचान बनाउँदै आधुनिक समाजसँग कसरी जोडिने र त्यो रफ्तारमा कसरी दौडन सक्ने ? त्यो क्षमता तपाईंहरूसँग होस् । तपाईंहरूको दुई दिनको बसाइ सफल होस् ।

विदेशबाट जति पनि हाम्रा दाजु–भाइ, दिदी–बहिनी आउनुभएको छ, उहाँहरूलाई अझ बढी शुभकामना दिँदै आग्रह गर्न चाहन्छु, देशलाई माया गरिदिनुस् । हामीले पढ्दै आएका छौँ, 'जननी जन्म भूमिश्च, स्वर्गादपी गरीयसी ।' यही सम्झेर अन्तर्राष्ट्रिय सम्मेलनमा आएर, सम्मानित भएर आफ्नो मातृभूमिमा आएर कसरी आफ्नो, आफ्नो समुदायको र राष्ट्रको उत्थान गर्ने भन्ने सोच्ने र त्यसमा लाग्ने तपाईंहरूमा चाहनाको विकास होस् । म सम्पूर्ण देशवासीको तर्फबाट आग्रह गर्न चाहन्छु । आशीर्वाद दिन चाहन्छु । शुभकामना दिन चाहन्छु । फेरि पनि यो अन्तर्राष्ट्रिय सम्मेलन सफल होस् । जुन उद्देश्य लिएर आउनुभएको छ, त्यो पूरा होस् ।

धन्यवाद ।

---

## शेष घले

**पूर्वअध्यक्ष, एनआरएनए**



सर्वप्रथम आजको यो पहिलो विश्व सम्मेलन आयोजना गर्नुहुने अध्यक्ष रेशम गुरूङज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु, बधाई दिन चाहन्छु । म त्यति बोल्न जान्ने मान्छे त होइन तर म प्रयास गर्नेछु । म सोचि राखेको छु । बिहानसम्म बोल्नु पर्दैन भन्ने थियो जब मैले मेरो नाम देखेँ, म तर्सेको छु । मेरो अल्टरनेटिभ डेमा हुन्छ । एकदिन एकदम राम्रो हुन्छ । अर्को चोटि खराब हुन्छ । आज खराबबाट सुरू हुन्छ कि राम्रोबाट थाहा छैन । सर्वप्रथम मलाई एकदम गौरव लागेको छ । आज हाम्रो देशको प्रथम राष्ट्रपति महामहिम डा. रामवरण यादवज्यूको छेउमा बस्न पाउँदा उहाँलाई धेरै धन्यवाद दिन चाहन्छु । यहाँ उपस्थित हुनु भएर हाम्रो सम्मेलनलाई यस्तो किसिमको एउटा उत्साहपूर्ण र यसको भव्यता बढाइदिनु भएको छ । देब्रेपट्टि सिक्किमको पूर्वमन्त्री हुनुहुँदो रहेछ । त्यो मेरो लागि भाग्यको कुरा भयो । उता मुमाज्यू भद्रकुमारी घलेज्यू, म हजुरलाई मुमा नै भन्छु । हजुरको उपस्थिति, हजुरको रिमार्क सुन्न पाउँदा मलाई धेरै उत्साह भएको छ । म भन्ने गर्छु प्रत्येक दिन केही सिक्नका लागि अगाडि बढिरहेको हुन्छ । आज सुन्दै गर्दा खेरी धेरै कुरा सिकेँ । यहाँबाट धेरै सिकेँ र प्रेरित भएको छु । त्यसैले प्रत्येक दिन सिकाइको दिन हो । धन्यवाद यहाँको रिमार्कका लागि । केही गर्नलाई उत्साह दिनुभएको छ । म केही सतर्कताका साथ राम्रो गर्ने कोशिस गर्ने छु ।

उद्घोषकज्यूले मलाई उद्यमी भन्नुभयो । उद्यमी हो कि होइन भन्ने कुरामा मलाई शंका छ । समाजसेवी भन्नुभयो । समाजसेवी हुनका लागि म प्रयासरत छु । भूकम्पको बेलामा गाउँ–गाउँ जाँदा र फर्केर आउँदा केही असल व्यक्ति बन्ने मौका पाएँ । त्यो मौका ती भूकम्प प्रभावितहरूले दिएको हो । हामी जाँदा चिया पकाउने ठाउँ पनि थिएन तर चिया खाएर जानुस् भनेर हामीलाई हस्पिटालिटी दिनुभयो । त्यसैले प्रत्येक दिन हामी असल व्यक्ति बन्ने पाइलामा अगाडि बढिराखेका हुन्छौँ ।

जहिले पनि सम्बोधन गर्ने क्रममा मैले सबै छुटाएको हुन्छु । यहाँले देख्नुभयो, मैले सम्बोधन गर्न भुसुक्कै छुटाएँ । तर मलाई फिलिङ भएको कुरा म भन्छु । यहाँ तपाईंहरूको अगाडि बस्दै गर्दा मलाई साँच्चै नै अप्ठ्यारो लाग्यो । मभन्दा धेरै अग्रजहरू यहाँ हुनुहुन्छ । पूर्वआइजिपी हेमबहादुर गुरूङज्यू, निर्मल गुरूङज्यू, लालकाजी गुरूङज्यू, अरू तमाम सांसदज्यूहरू, अनि हाम्रा एनआरएनएका दिल गुरूङज्यू, नारायण गुरूङज्यू, बिल गुरूङ कतारबाट हुनुहुन्छ । मलाई यहाँहरूले मौका दिनुभयो एनआरएनएको अध्यक्ष बन्नका लागि । देश विदेश घुमेँ । सबै ठाउँमा पुगेँ । तमू समुदायहरू मैले देखेँ । देख्ने मौका पाएँ । दुई महिना अगाडि न्युयोर्क गएको थिएँ । त्यहाँ दुईवटा कार्यक्रम भइरहेको थियो । एउटै समयमा भएकोले एउटा कार्यक्रममा मात्र जान सकेँ । मैले उहाँहरूलाई एउटा कुरा भनेर आएको थिएँ । अर्कोपटक आउँदा तपाईंहरू एउटै हुनुहोस् ।

आज म यहाँहरूलाई बधाई दिन चाहन्छु । रेशम गुरूङज्यू, पहिलो अन्तर्राष्ट्रिय तमू सम्मेलन गर्न सफल हुनुभयो । यो एउटा स्टेपिङ थियो । पहिलो कदम हो । अघि नै मैले देखेको छु, यहाँको प्रसंशनीय र राम्रो उपस्थिति एकदम राम्रो देखेको छु । त्यसैले यसमा अगाडि बढ्नका लागि म यहाँहरूलाई उत्साहित गराउँदछु । के

सहयोग गर्न सकिन्छ, तत्पर छु । हामी संसारभरका गुरूङहरु एकीकृत किन हुन सक्दैनौं ? को पहिले भन्ने कुरा अलग हो । यसको सुरूवात जहाँबाट पनि हुन सक्छ । चाहे त्यो न्युयोर्क होस् वा कतार । आधारबिन्दु भनेको जहाँ र जस्तो अवस्थामा रहे पनि, भए पनि एक हुनु नै हो ।

महामहिम राष्ट्रपतिज्यूले सोध्नुभयो, 'तमूहरु कति हुनुहुन्छ ?' मैले भनैं, 'करिब पाँच लाख होला ।' मैले त्यसमा थपैं, 'धेरै त विदेश गइसकेका छन् । नेपालमै बसोबास गरिरहेका चाहिँ अझै कम होला ।' कति गुरूङ छन्, यकिन संख्या मलाई पनि थाहा छैन । तर मलाई संख्यामा भन्दा पनि गुणात्मकतामा गर्व लाग्छ । जुन यहाँहरूसँग सेयर गर्न चाहन्छु । मैले जहाँ जाँदा पनि हाम्रो उपस्थिति अत्यन्त प्रभावकारी भएको पाएको छु । त्यो संख्याभन्दा पनि गुणात्मक हिसाबले पाएको छु । त्यो किन भयो त ? हाम्रो कल्चरले गर्दा । हामी महिलालाई आदर गर्छौं । उहाँहरूलाई अगाडि सार्छौं । उहाँहरूलाई इम्पावर गरिरहेका हुन्छौं । यो हामीलाई हाम्रो कल्चरले दिएको हो ।

म जहिले पनि भन्ने गर्छु, ५०/५० हुनुपर्छ । ५० प्रतिशत महिला, ५० प्रतिशत पुरूष । हाम्रो विशेषता भनेको नै परिवारमा महिला र पुरूषको हैसियत बराबर हुनु हो । यही बराबरको हैसियत र व्यवहारकै कारण म आजको स्थानमा आइपुगेको हुँ । यहाँहरूले देख्नु पनि भएको छ । कहिले मेरो अगाडि, कहिले मेरो पछाडि त कहिले हाराहारीमा । हामी सँगसँगै हुन्छौं । मैले यहाँ देखिरहेको छु, मखमली चोला । राम्रो सहभागिता छ तर पनि ५०/५० को अवस्था छैन जस्तो लागेको छ । अर्को सम्मेलनमा बराबर हुनुपर्छ । तपाईंहरूले भद्रकुमारी घलेज्यूलाई सुन्नु भयो । उहाँ मभन्दा उमेरले, अनुभवले धेरै परिपक्व हुनुहुन्छ । हामी निकै पहिलेदेखि नै अगाडि रहेछौं । पछाडि पनि होलान् तर हामीले गर्व गर्ने ठाउँ पनि धेरै छ ।

अन्तमा, भोलिको एउटा सेसन समृद्धिको छ । उक्त सेसनमा मेरो सेयरिङ छ । यहाँहरु सबै जनालाई छलफलका लागि अनुरोध गर्दछु । हामी एकीकृत भयौं भने हाम्रो पहिचानका लागि धेरै सहयोग हुन्छ ।
धन्यवाद ।

---



## गर्जमान गुरूङ
**पूर्वमन्त्री, सिक्किम**

छरिएर रहेका गुरूङहरु कहाँ छैनन् र ? हामीलाई चिन्नेहरूले धेरै प्रकारले चिन्ने गर्छन् । कद होचो भएको, तिघ्रा ठूलो भएको, दह्रो मान्छे । सोझो, सिधा, ढोके र कान्छा । अनि दरबारमा पनि इमान्दार भनेर पत्याएर राखेको । त्यसपछि हामीलाई चिनिन्छ लाहुरे भनेर । लाहुरेबाटै उठेर आएको भए पनि अब हामी लाहुरेमा मात्रै सीमित हुनु हुँदैन ।

आजको यस ऐतिहासिक तमू सम्मेलनमा म विनम्रका साथ बिन्ती गर्न चाहन्छु, विश्व नै हामीले कब्जा गर्नुपर्दछ । भद्रकुमारी म्याडमले भन्नुभएझैं सबैले शिक्षामा ध्यान दिनु पर्दछ । शिक्षा यस्तो चिज हो, जो जीवनभर चलिरहन्छ । कहिल्यै सकिँदैन । पढ्न त तपाईं, हामीले पनि पढेको हौं । कम्प्युटर शिक्षा आयो । हामी अनपढ बन्यौं । इन्टरनेट आयो, के–के आयो । हामी त केही नजान्ने पो भयौं । शिक्षा अनन्त छ । यस ऐतिहासिक तमू सम्मेलनमा हामीले मनन् गर्नुपर्ने र लिएर जानुपर्ने एउटा महत्वपूर्ण सन्देश हो, 'हाम्रो परिवारमा शिक्षा बढाउनु पर्छ ।' शिक्षाले मानिसलाई सबल बनाउँछ । शिक्षाले मानिसलाई शक्तिशाली बनाउँछ । शिक्षाले मानिसलाई सक्षम बनाउँछ । परापूर्वकालमा हाम्रा पुर्खाहरु ढोल ढ्याङ् ग्रोमा बाँच्नुभयो । सिद्ध सिकारीको मन्त्रमा बाँच्नुभयो । आमाहरूले हामीलाई कुटेनी भएर जन्म दिनुभयो तर आज विज्ञान कहाँ पुगी सक्यो । आज विज्ञानसँग युगसापेक्ष काम गर्नलाई, शिक्षालाई प्राथमिकता दिनुपर्दछ ।

मेरो भन्नु अरू केही छैन । हामी त्यसै परिवारमा भेट्न आएका छौं । तपाईंहरूसँग हेलमेल गर्न आएका छौं । परापूर्वकालमा बेलायतमा बस्नेलाई बेलायती भनेर चिनिन्छ । जर्मनीमा बस्नेलाई जर्मन भनेर चिनिन्छ । नेपालकै जाति भएर होला हामी गुरूङलाई पनि नेपाली भनेर चिनिन्छ । हजारौं वर्षसम्म, हजारौं कालखण्डमा हामीहरु नेपालीको पहिचानमा मात्रै बाँच्ने गर्‍यौं । आफ्नो अस्तित्व र पहिचानलाई भुलेर । आफ्नो पुर्ख्यौली रीतिथिति र नीति नियमलाई भुलेर । त्यसैकारण हामीले सिक्किममा प्रयास गर्‍यौं । हामीले कोशिस गर्‍यौं र सन् १९९७ सालमा सिक्किममा तमू लिपिलाई राज्य भाषाका रूपमा मान्यता दिलायौं ।

तमू लिपि तयार गर्नका लागि बालनरसिंह गुरूङ र भीम गुरूङज्यूले हामीलाई बहुत सहयोग पुर्‍याउनु भएको छ । अहिले हाम्रो तमू लिपि बाह्रौं श्रेणीसम्म पढाउँदैछौं । अब सिक्किम युनिभर्सिटीसँग मिलेर सिक्किम युनिभर्सिटीको सहयोगमा बृहत शब्दकोश निकाल्दैछौं । गुरूङ (तमू) र नेपाली, अंग्रेजी बृहत शब्दकोश निकाल्दैछौं । अब हामी स्नातकसम्म हाम्रो शिक्षालाई पुर्‍याउने प्रयास गर्दैछौं । कोशिस गरिराखेका छौं । हामी भाषाविद्हरूलाई स्नातकसम्मको पाठ्यक्रमहरु लेखिदिने, बनाइदिने काम गरिदिनुहुन विनम्रताका साथ बिन्ती गर्न चाहन्छौं ।

रेशमजीका धेरै भाषण सुनेको छु । हेरेको छु । झापामा भएको महाधिवेशनमा निम्त्याउनु भयो । धरानमा पनि हामीलाई निम्त्याउनु भएको थियो । धरानमा चाहिँ कारणबस आउन सकिन । आज यसरी अन्तर्राष्ट्रिय सम्मेलन हुँदैछ भनेर पनि उहाँ स्वयम् मकहाँ आउनु भएको थियो । र, आज उहाँको निम्तोले गर्दा तपाईंहरूसँग भेटघाट गर्न पाइयो । बहुत खुशी लागेको छ ।

शेष घलेज्यू जो हाम्रो शान हुनुहुन्छ । गुरूङहरु लाहुरे हुन योग्य मात्र होइनन्, इन्टरप्रेनरसिपमा पनि अब्बल हुन सक्छन् भन्ने नमुना दर्ज गर्नुभएको छ । उहाँलाई बधाई दिन चाहन्छु । भद्र घले दिदीलाई पनि बधाई दिन चाहन्छु । उहाँको किताब पढ्ने छु । पढ्ने मात्र होइन, यसलाई अनुशरण गर्दै अघि बढाएर लाने प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छु । सम्पूर्ण तमू परिवारलाई विजया दशमी तथा दिपावलीको शुभकामना दिन चाहन्छु । तपाईंहरु सिक्किम आइदिनुहोस् । मैले शेष घलेज्यूलाई निमन्त्रणा गरेको छु । शेष घलेज्यूलाई देखाउन मात्रै पायौँ भने पनि हाम्रा सन्ततिलाई त्यो दिशामा लान सक्छौँ भन्ने हामीले सोच गरेका छौँ ।

अन्त्यमा, सबैलाई तपाईंको जीवनमा खुशीयाली आओस् । प्रत्येकले हाँकेको र ताकेको पुगोस् । चिरन्जीवी आयू होस् भन्ने कामना गर्दै मेरा दुई शब्द यहीँ राख्न चाहन्छु ।

धन्यवाद ।

---

## सुश्री भद्रकुमारी घले

**पूर्वराज्यमन्त्री**



ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलनका अध्यक्षज्यू, यस सम्मेलनका प्रमुख अतिथि पूर्वराष्ट्रपति रामवरण यादवज्यू, तमूहरूको यो सम्मेलनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

यो देशको मूल आदिवासी जनजातिहरु नवबुद्धका सन्तान हुन् । नवबुद्धले पृथ्वीबाट बाह्र बुद्धहरु र सात माङी आमाहरु जन्माउँछन् । तिनैका सन्तान नेपालका आदिवासी जनजातिहरु हुन् । यो हाम्रो सबैभन्दा पहिले पच्यु र क्लेब्री गुरुहरूले मन्त्र वाचन गरी हामीलाई आशीर्वाद दिनुभयो । उहाँहरूले सृष्टिकालदेखि कण्ठस्थ राखेको वेदले उल्लेख गराउँदछ कि नेपालका आदिवासी जनजातिहरु के हुन् भनेर ।

हामीहरूले भगवान् माने पनि जे माने पनि आफ्ना पुर्खाहरूलाई मान्दै आएका छौँ, मान्छौँ । आज विश्व द्रुत गतिमा अगाडि बढिरहेको छ । आजका मान्छे आधुनिकतामा गइरहेका छन् । आज तीन/चार वर्षका नानीहरूले नै मोबाइल खेलाउँछन् । नानीहरूलाई भुलाउन पर्‍यो भने आमाले मोबाइल झिकेर दिन्छ र त्यो मोबाइल हेरेर, खेलेर नानी बसिरहन्छ । तर आज हामी समयको दौडसँग दौडन सकेका छैनौँ ।

म ८८ वर्षको बुढी मान्छे आशीर्वाद दिइरहेकी हुन्छु । म दैनिक अखबारका पानाहरु पल्टाउँछु, कोही आदिवासी जनजाति समुदायका व्यक्तिको वा आदिवासी जनजाति सम्बन्धी लेख छ कि भनेर हेर्छु । कोही कसैले आदिवासी जनजातिको भावना लेखेको रहेछ भने छाती आकाश जत्रो हुन्छ । मेरो एउटै भनाइ छ, 'तपाईंहरु आफ्ना नानी–बाबुहरूलाई बेस्सरी पढाउनुहोस् । पढ्ने उमेरमा काममा नलगाउनुहोस् । पैसा ठूलो चिज होइन । आजको युगमा शिक्षा ठूलो हो । आफ्ना नानीहरूलाई सुशिक्षित बनाउनुपर्‍यो । युग अनुसार दौडने बनाउनुपर्‍यो ।'

नेपाल सानो देश हो । दक्षिणमा विशाल भारत छ । उत्तरमा अझ विशाल चीन छ । यस्ता विशाल देशहरूको बीचमा रहेको भए पनि हाम्रो देश विश्वमा बहादुर गोर्खालीको देश भनेर चिनिन्छ । सानो तर स्वतन्त्र र बहादुर गोर्खालीको देश भनेर नेपाल चिनाउँछौँ । अब त्यतिले मात्र पुग्दैन । त्यो परम्परागत परिचय भयो । अब त आजको युगलाई छेड्ने, आजको युगसँग दौडन सक्ने सन्तान चाहियो । यसकारण तपाईंहरूले आफ्नो बुद्धि, पुँजी, शक्ति सबै लगाएर आफ्नो नानीहरूलाई सुशिक्षित बनाउनुपर्‍यो ।

गरे के हुँदैन । शेष घले तपाईं, हामीजस्तै हो, जस्तैको छोरा हो । अष्ट्रेलियामा गएर त्यहाँ धनाढ्यहरूको सूचीमा पर्नुभएको छ । गोरखा भूकम्पले तहस-नहस भएको लाप्राकमा सयौँ घर बनाइदिनुभयो । एनआरएनएको अध्यक्ष बन्नुभयो । आदरणीय अध्यक्ष रेशम गुरूङलाई विद्यार्थी छँदादेखि नै चिन्दछु । कुशल नेतृत्व हुनुहुन्छ । मेरो उहाँसँग आग्रह छ, आजको हाम्रो संगठनलाई, तमू वर्गहरूलाई आजको युगसँग लड्ने, आजको युगसँग दौडने, आजको युगसँग भिड्ने बनाउनु पर्‍यो ।

गोरखाको एकजना घले आउँछ । पहिले यो घलेहरूको किल्ला रे, यस्तो रे, उस्तो रे भन्छ । मैले सकेको सहयोग गर्छु । तर अब उहाँहरूले नै सम्पूर्ण रूपमा हाँक्नुपर्छ । म भद्रकुमारी घलेले होइन । म त डाँडामाथिको घाम-जून भइसकेँ ।

पूर्वको गुरूङकी छोरी हुँ । हिन्दुहरूको निकटमा रहेर हुर्किएँ । बाहुन विधिअनुसार म आफैँले आफ्नो काजकिरिया पनि गरिसकेकी छु । गुरूङको विधिअनुसार गर्न तमू बौद्ध सेवा समितिलाई भनिसकेको छु । गुरूङको

वेद लेख्ने म, गुरुङको इतिहास लेख्ने म, घलेको इतिहास लेख्ने म । यसकारण मेरो अर्घौं तमू बौद्ध सेवा समितिले गर्नुपर्छ । त्यसका लागि दुई लाख रूपैयाँ पनि दिइसकेकी छु ।

मैले लेखेको वेद यहाँ भएकाहरू पनि एकाध जनाबाहेकले पढ्नुभएको छैन होला । मैले लेखेको इतिहास पनि पढ्नुभएको छैन होला । पढ्नु पर्‍यो । म ८८ वर्ष बुढी त अझै पनि सोधखोज गर्दैछु । तर टाढा-टाढा जाने र बुझ्ने मेरो उमेर अब छैन । मैले गुरुहरूले कण्ठस्थ राखेको वेदमा जे भेट्टाएँ, त्यही आधारमा लेखेँ । त्यो वेदमा कयौँ यस्ता गल्ली छन् । कयौँ यस्ता चौतारा छन्, कयौँ यस्ता गुम्बा छन्, कयौँ यस्ता कुण्ड छन्, कयौँ यस्ता ओढार छन्, जहाँ हाम्रा पुर्खाहरूले अनेक कर्म गरेका छन् । हामीले त्यसको सोधखोज गर्नुपर्दछ ।

अन्त्यमा म मञ्चमा उभेर भन्छु, 'नेपालका मूल आदिवासी जनजातिहरू सबै एकै नवबुद्धका सन्तान हुन् । त्यो त्यस वेदमा छ । कसरी हुल छुटेर राई भए, कसरी हुल छुटेर थकाली भए, कसरी हुल छुटेर मगर भए, कसरी हुल छुटेर अरू आदिवासी जनजाति भए, नेप्टा, चेप्टा, चिम्सा, थेप्चा भए सबै त्यसैमा छ । यो काम कसले गर्नेभन्दा तपाईंहरू, नवजवानहरूले शोध र खोजका कामहरू गर्ने हो । यति भन्दै यस्ता-यस्ता कार्यहरू हाम्रा नवजवानहरूले गर्न सकुन् भन्ने शुभकामना दिँदै बिदा हुन्छु ।

धन्यवाद ।

---



**चन्द्रबहादुर गुरुङ**

**उपाध्यक्ष**

**आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**

ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन गर्न गइराखेका छौँ । संसारभर छरिएर रहेका सम्पूर्ण गुरुङ दाजु-भाइ, दिदी-बहिनीहरूको सुस्वास्थ्य, दीर्घायूको मंगलमयको शुभकामना व्यक्त गर्न चाहन्छु । संसारभर छरिएर रहेका हामी गुरुङहरूको भेषभुषा, सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा सर्वाङ्गिण विकासका लागि आज यो ऐतिहासिक कार्यक्रमको उद्‌घाटन प्रारम्भ भएको छ । आजको यो कार्यक्रम सकेपछि दोस्रो बैठकमा बन्दसत्र सुरू हुनेछ र महत्वपूर्ण कुराहरूमा यहाँहरूले निर्णय गर्नुहुनेछ भन्ने मलाई लागेको छ ।

आज आदिवासी जनजातिका छोराछोरीहरू राज्यको पहुँचमा पुग्न सकेका छैनन् । हामीले राज्यको सबै तहमा हाम्रो पहुँच पुर्‍याउन सबैभन्दा पहिले शिक्षामा जोड दिन नितान्त आवश्यक छ । आवश्यकताअनुसार प्रतिस्पर्धामै उत्रेर पनि राज्यमा हाम्रो उपस्थिति देखाउनुपर्छ । चाहे त्यो शैक्षिक क्षेत्रमा होस् वा राजनीतिक क्षेत्रमा । ब्युरोक्रेसीमा पनि त्यस्तै हो । गरे के हुँदैन ? यहीँ हाम्रो अगाडि पूर्वसचिवज्यूहरू हुनुहुन्छ । पूर्व प्रमुख निर्वाचन आयुक्त हुनुहुन्छ । मन्त्रीहरू त धेरै हुनुहुन्छ । तर राजनीतिमा हाम्रो पहुँच केही हदसम्म पुगे पनि ब्युरोक्रेसीमा, शैक्षिक क्षेत्रमा, सामाजिक क्षेत्रमा हामी आदिवासी जनजातिको पहुँच पुग्न सकेको छैन ।

२०४६ सालको आन्दोलनको फलस्वरूप हामी आदिवासी जनजातिहरू सूचीकृत भयौँ । आज जनजातिका सन्ततिहरूले के पायो । हिजो आन्दोलनको दिनमा हामीलाई पहिचानसहितको राज्य दिने भनेका थिए । आदिवासी जनजातिलाई हेर्ने आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान नामको एउटा संस्था छ । यसको अभिभारा सूचीकृत आदिवासी जनजातिहरूको सर्वाङ्गिण विकास गर्ने हो । तर यसको अवस्था कस्तो छ, तपाईंहरूलाई थाहा छ ?

म आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको कार्यकारी उपाध्यक्षको हैसियतले यहाँ नेपाल सरकारको प्रतिनिधित्व गरिरहेको छु । त्यसैले म आदिवासी जनजाति महासंघको अध्यक्षले जस्तो बोल्न सक्दिन । मलाई केही बन्देज छ । तर म केही कुरा यहाँ निवेदन गर्न चाहन्छु । ५९ जनजातिको उत्थान, सर्वाङ्गिण विकास गर्ने अभिभारा दिइएको संस्थालाई प्रशासनिक खर्च ५ करोड र कार्यक्रम बजेट तीन करोड विनियोजन गरिएको छ । के त्यसले पुग्छ ? तपाईंहरू आफैँ सोच्नुहोस् । आदिवासी जनजातिहरूलाई हेर्ने दृष्टिकोण कस्तो रहेछ । आग्रह गर्‍यौँ भने हाम्रा विशिष्ट पाहुना शेष घलेज्यूले तीन करोड होइन ६ करोड दिन सक्नुहुन्छ । हामी त्यता नजाऔँ । मैले यहाँ उठान गर्न खोजेको विषय राज्यले हामीलाई हेर्ने दृष्टिकोणको हो ।

मेरो कार्यकाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा चार वर्षको थियो । तर म कार्यकारी उपाध्यक्ष भएदेखि नै प्रतिष्ठान खारेज हुन्छ भन्ने हल्ला चल्न थाल्यो । यसलाई कसरी बचाउने भनेर यता र उता

गर्दागर्दै साढे तीन वर्ष बितिसक्यो । अब सात महिना बाँकी छ । सात महिनापछि मैले त्यहाँ रहँदा देखेको, भोगेको कुरालाई खुला र स्वतन्त्र रूपमा राख्नेछु । यहाँ विभिन्न राजनीतिक दलका नेताहरु आउनु भएको छ । उहाँहरूलाई म आग्रह गर्न चाहन्छु, तपाईंहरु राजनीतिक दलको नेता, कार्यकर्ताभन्दा माथि उठेर देश, जनतालाई हेर्नुहोस् । जनताको भावना र जनमतको कदर गर्नुहोस् ।

अन्त्यमा पुनः यस ऐतिहासिक सम्मेलनको पूर्ण सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मलाई पनि विशिष्ठ अतिथिको आतिथ्यता ग्रहण गराउनुभएकोमा अध्यक्षलगायत आयोजक समितिप्रति आभार व्यक्त गर्दै म आफ्ना भनाइ यहीँ अन्त्य गर्दछु ।

जय आदिवासी जनजाति ।

जय तमू ।

---



## जगतबहादुर बराम

**अध्यक्ष, नेपाल आदिवासी जनजाति महासंघ**

सर्वप्रथम यस ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन-२०१९ को सभ्य र भव्य सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । यो सम्मेलनले तमू जातिको इतिहास, तमूहरूको भाषा, तमूहरूको संस्कार, तमूहरूको संस्कृति, तमूहरूको धर्मलगायत विविध विषयमाथि संसारभरबाट आउनुभएका तमूहरूको बीचमा बृहत्तर छलफल गरी सबैखाले  विकासका लागि यो सम्मेलन सार्थक बन्नेछ, यो सम्मेलन महत्वपूर्ण सावित हुनेछ भन्ने कुरा पनि अपेक्षा गर्न चाहन्छु ।

नेपालका आदिवासी जनजातिहरूको आन्दोलनमा तमू समुदायको अग्रणी भूमिका छ । हामीले विभिन्न खालको आन्दोलन गर्छौं । विभिन्नखाले आन्दोलन गरिराखेका छौं । विभिन्न उत्सवहरु मनाउँछौं । यसरी आन्दोलनहरु गरिरहँदा, उत्सवहरु मनाउँदै गर्दा सडकहरूमा हेर्दै गर्दा तमूहरूकै बाहुल्य देख्दछु । त्यसैले गर्दाखेरी पनि नेपालको आदिवासी जनजातिको आन्दोलनमा हिजो जसरी तमूहरूको योगदान थियो, भोलि योभन्दा अझ बढेर महत्वपूर्ण सहयोग र योगदान रहने छ भन्ने अपेक्षा गर्दछु ।

आजसम्म तमू ह्युल छौंज धीं गुरूङ राष्ट्रिय परिषद संगठन विस्तारको काम, संगठन निर्माणको काम, संगठनको अद्यावधिक गर्ने काम, संगठनको भौतिक सम्पत्तिहरु जोड्ने काममा सायद निकै अब्बल देखिन्छ । निकै शक्तिमान देखिन्छ । त्यसरी यही गतिमा तमू समाज तमू ह्युल छौंज धीं गुरूङ राष्ट्रिय परिषदलगायत तमूका संगठनहरूले भौतिक संरचना मात्रै होइन, सांगठनिक संरचना मात्रै होइन, तमूहरूको पहिचानलाई, तमूहरूको भाषालाई, तमूहरूको संस्कृतिलाई पनि संसारभर उजागर गर्नका लागि महत्वपूर्ण काम गर्नेछ । महत्वपूर्ण काम गर्नका लागि यो सम्मेलनले हौसला प्रदान गर्नेछ भन्ने निवेदन पनि यहाँहरूलाई आग्रह गर्न चाहन्छु ।

हामी पहिचानको आन्दोलन गरी राख्दाखेरी, पहिचानका लागि संघर्षको मैदानमा उत्रँदै गर्दा अथवा तमूहरूले आफ्नो भाषा, धर्म, संस्कार र संस्कृतिमा लाग्दै गर्दा मेरो एउटा सुझाव तमू ह्युल छौंज धीं गुरूङ राष्ट्रिय परिषद र योसँग आबद्ध संगठनहरूलाई, अब राजनीतिक अधिकार प्राप्तिका लागि पनि संघर्ष गर्नु पर्दछ किनभने जबसम्म राजनीतिक अधिकार प्राप्त गर्न सक्दैनौं, राजनीतिक अग्राधिकार प्राप्त गर्न सक्दैनौं, तबसम्म हाम्रो उत्थान, हाम्रो प्रगति, हाम्रो सवलीकरण हुँदैन भन्ने मलाई लाग्दछ । त्यसैले यो तमू सम्मेलनले नेपालमा रहेका तमूहरूको मात्रै नभएर संसारभर रहेका तमूहरूको राजनीतिक अधिकारको सवालमा पनि गहन छलफल गरेर अगाडि बढ्ने छ भन्ने अपेक्षा गरेको छु ।

आज म दुईवटा कुरा राख्ने अनुमति चाहन्छु । हामीसँग सम्माननीय प्रथम राष्ट्रपति हुनुहुन्छ । उहाँको बाहुलीबाट संविधान घोषणा भयो । जारी भयो । यो संविधानमा हाम्रा केही असन्तुष्टिहरु छन् । संविधानमा हाम्रा केही असन्तोषहरु छन् । यो संविधान राम्रो संविधान, हाम्रो संविधान भन्दै गर्दाखेरी यो संविधानले नेपालका उत्पीडित समुदाय, वर्ग, क्षेत्र, लिंगलाई अझै समेट्न सकेको छैन । त्यसैले हामीले बारम्बार भनेका छौं कि जसका अधिकारहरु यो संविधानले समेट्न सकेन । समेट्न अपुग भयो अथवा कहीँ अपूर्ण छ । हामीलाई त्यसको महसुस भएको छ । त्यसैले त्यस्ता छुटेका अधिकारहरु, अपुरो संविधानलाई पूर्ण बनाउने जिम्मा अहिलेको सरकारको हो । संसदको हो । आदिवासी जनजातिहरूले उठाएका विभिन्न माग र मुद्धालाई समेटेर अपुरो, अधुरो रहेको संविधानलाई पूर्ण बनाउन यो सम्मेलन महत्वपूर्ण होस् शुभकामना व्यक्त गर्न चाहन्छु ।

हामी पहिचानको लडाइँ लडी राख्दा, हाम्रो संस्कृति, संस्कार, भाषा, धर्मका लागि अग्रगामी अभियान सञ्चालन गर्दै गर्दा गैरआवासीय नेपालीहरूसँग पनि केही गुनासाहरु छन् । २०७२ सालमा विनाशकारी भूइँचालो गयो । भूइँचालोले धेरै जनधनको क्षति भयो । धनजनको क्षति हुँदै गर्दा एनआरएनएले महत्वपूर्ण सहयोग गरेको छ । तर महत्वपूर्ण सहयोग गर्दै गर्दा विभिन्न ठाउँमा बस्ती बसाल्दै गर्दा, पुनर्निर्माण गर्दै गर्दा, पुनर्निर्माण गरिएका घरहरु चाहिँ अहिलेका आधुनिक डिजाइनको घर भयो । उदाहरणका लागि गोरखाको लाप्राकमा गुरूङहरूको घना

बस्ती, गुरूङहरूको बाहुल्य संस्कृति, गुरूङहरूको बाहुल्य धर्म, गुरूङहरूको बाहुल्य संस्कार भएको त्यो लाप्राकको क्षेत्रमा बस्ती बसाउँदै गर्दा तमूहरूको पहिचान, संस्कृति, संस्कार भएको घरहरु भत्कियो तर नयाँ बनाउँदै गरेका घरहरु तमू संस्कृतिसँग जोडिएन, तमूहरूको संस्कारसँग जोडिएन । त्यस्ता कुराहरूले गर्दा हामी आदिवासी जनजाति तमूहरूको पहिचानलाई कहीँकतै अप्ठ्यारो पारेको छ ।

अन्तमा देश अहिले समृद्धिको बाटोमा छ । देश 'सुखी नेपाली, समृद्ध नेपाल'को परिकल्पना गरेर अगाडि बढेको छ । मित्रराष्ट्र चीनको राष्ट्रपति सि जिङपिङ भोलि नेपाल आउँदै हुनुहुन्छ । नेपाल आउँदै गर्दा जहाँ-जहाँ सि हिँड्ने बाटो छ, त्यहाँ-त्यहाँ बडो सुन्दर ढंगले सजाइएको छ । तर यसरी सजाउँदै गर्दा त्यहाँ आदिवासी जनजातिहरूको पहिचान कहाँनेर स्थापित गर्न सक्यो । अथवा गुरूङहरूको पहिचान कहाँनेर देखाउन सक्यो । त्यसकारण नेपाल सरकारलाई तीनकुनेको फोहोरको डङ्गुरलाई त्रिपालले छोप्ने क्रममा भताभुंग भएजस्तै 'सि'लाई स्वागत र सम्मान गर्ने सन्दर्भमा नेपालका कला, संस्कृति, सम्पदाहरूलाई ओझेल पार्ने काम गरियो भने त्यो नेपालको लागि हानिकारक हुनसक्छ । त्यसैले यी सबै यावत विषयवस्तुहरूलाई मध्यनजर गर्दै तमू सम्मेलन नेपालका तमूहरूका लागि मात्रै नभएर नेपालका सबै आदिवासी जनजातिको पहिचानको आन्दोलन, प्रतिनिधित्वको आन्दोलन अथवा समग्र आन्दोलनलाई महत्वपूर्ण कोशेढुंगा सावित हुनेछ । त्यो ढंगबाट यहाँहरूले निर्णय र छलफल गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै फेरि यो महत्वपूर्ण ऐतिहासिक सम्मेलनको पूर्ण तथा भव्य र सभ्य सफलताको शुभकामना व्यक्त गर्दछु ।

जय तमू । जय तमुवान ।

---



## जानकी गुरूङ

**सचिव**

**एनआरएनए**

ऐतिहासिक अन्तर्राष्ट्रिय प्रथम तमू सम्मेलन-२०१९ उद्घाटन समारोहका सभापति तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषदका अध्यक्ष श्री रेशम गुरूङज्यू, प्रमुख अतिथि गणतन्त्र नेपालको प्रथम राष्ट्रपति श्री रामवरण यादवज्यू, एनआरएनएका पूर्वअध्यक्ष श्री शेष घलेज्यू, यसैगरी मञ्चमा आशिन हुनुभएका विशिष्ट व्यक्तित्वहरु, विज्ञहरु, सम्पूर्ण उपस्थित अन्तर्राष्ट्रिय डायस्पोराका तमूहरु र उपस्थित सम्पूर्णमा म जानकी तमूस्यो बेल्जियमको तर्फबाट हार्दिक छ्याजालो, नमस्कार टक्र्याउन चाहन्छु ।

आजको यो महत्वपूर्ण कार्यक्रम जुन कार्यक्रम हाम्रो 'एकता, अस्तित्व र पहिचान'को मूल मर्ममा टेकेर आयोजक कमिटीले हामी संसारका विभिन्न मुलुकमा छरिएर रहेका तमूहरूलाई एकैथलोमा जुटाएर गरेको छ, यसले तमू समुदायको सर्वाङ्गिण विकासका लागि र नेपालको विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने मैले अपेक्षा गरेकी छु । यस्तो महत्वपूर्ण कार्यक्रम गर्न सफल हुनुभएकोमा म आयोजक कमिटीको मुक्तकण्ठले प्रशंसा गर्न चाहन्छु ।

यो कार्यक्रम जसरी आयोजना गर्नुभएको छ, त्यसले हामीलाई अति नै गौरवान्वित बनाएको छ । र, हामी आफ्नै तरिकाले थप गौरवान्वित भएका छौँ । हामी संसारभरका तमूहरु आज यहाँ विशेष महत्वका साथ उपस्थित हुन पाएकामा म पुनः यस आयोजक कमिटीलाई धन्यवाद दिन चाहन्छु । मैले देखिरहेकी छु आजको यस महत्वपूर्ण कार्यक्रममा हाम्रा विभिन्न विशिष्ट व्यक्तित्वहरु, हाम्रा विज्ञहरु अर्थात् अभियन्ताहरु यस कार्यक्रममा सरिक हुनुभएको छ, उहाँहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

सन् २००३ बाट विदेशमा रहेका डायस्पोराहरूलाई एकीकृत गर्ने क्रममा म जहाँ-जहाँ पुगेँ, त्यहाँ-त्यहाँ गुरूङ समुदायले नेपाली समुदायमा रहेको सदभाव विश्वमा नेपाली र नेपाललाई चिनाउन गरेको कडा परिश्रम, मेहनत र आफ्नो संस्कार, संस्कृति बचाउन निर्वाह गरेको भूमिका अग्रणी रहेको पाएकी छु । त्यो हाम्रो गौरवको विषय हो । तसर्थ आज हामी विदेशमा रहँदै गर्दा पनि एउटा अन्तर्राष्ट्रिय सञ्जालको महसुस गरेर हामीले एउटा सपना देखेका थियौँ, त्यो सपना आजका विशिष्ट व्यक्तित्वहरूले अवश्य पनि हाम्रो इतिहासलाई महत्वका साथ केलाउने छ र वर्तमान परिस्थितिलाई, हाम्रो चुनौतिहरूलाई अवश्य पनि हामीले चिर्न सक्नेछौँ । भविष्यमा पनि हाम्रो चुनौति र हाम्रो आवश्यकताहरूलाई यस उपस्थिति र भेलाले महत्वपूर्ण कार्य निर्देश गर्नेछ भन्नेमा म विश्वस्त छु ।

अन्तमा हामी आज अन्तर्राष्ट्रियस्तरबाट धेरै तमूहरु यहाँ उपस्थित भएका छौँ । हामी आज तमू समाजको निमन्त्रणामा उपस्थित भएका छौँ भने अब चार दिनपछि हुन गइरहेको एनआरएनएको सम्मेलनमा पनि सरिक हुने छौँ । मैले भन्नैपर्छ एनआरएनएको अन्तर्राष्ट्रिय समन्वय समितिको सचिवको हैसियतले एक तहमाथि उठेर महासचिवका लागि प्रयास गरेकी छु । हाम्रा सम्पूर्ण तमूलगायत सम्पूर्ण विशिष्ठ व्यक्तित्वहरूले मलाई सहयोग र समर्थन गर्नुहुनेछ भन्ने आशा राख्दै म पुनः यस सम्मेलनको भव्य सफलताको कामना गर्दै बिदा हुन चाहन्छु ।

धन्यवाद ।

## नन्दजङ तमू
**अध्यक्ष, तमू धीं युके**



हाम्रो तमू भाषामा एउटा प्रसिद्ध भनाइ छ, 'प्ये म्हस्या छ्या म्हमु ! छ्या म्हस्या ल्हु म्हमु !! ल्हु म्हस्या म्ही म्हमु !!! अर्थात् शास्त्र हराए संस्कृति हराउँछ ! संस्कृति हराए परम्परा हराउँछ !! परम्परा हराए मानव जातिको अस्तित्व नै हराउँछ !!!' यही मूलमन्त्रलाई आत्मसात गरी आपसी एकता, अस्तित्व र पहिचानको संरक्षण, सद्भाव र विकासका लागि विश्वभरका तमूहरु आज एकजुट भएका छौँ ।

सर्वप्रथम म यस ऐतिहासिक अन्तर्राष्ट्रिय तमू सम्मेलनको संयोजन गर्न सफल तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषद् केन्द्रीय समिति र मूल आयोजक समितिलाई मेरो व्यक्तिगत र मेरो अध्यक्षतामा रहेको तमू धीं युकेको तर्फबाट यहाँहरु सबैलाई धन्यवाद दिँदै यस ऐतिहासिक सम्मेलनको पूर्ण सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । साथसाथै स्वदेश तथा विदेशमा बसेका हामी नेपालीहरूले मान्दै आएको विभिन्न चाडपर्वहरु बडादसैं, तिहार, नेपाल संवत, छठ, ल्होसार, माघी, उधौली-उभौलीको उपलक्ष्यमा सुख, शान्ति, उत्तरोत्तर प्रगति, सुस्वास्थ्य र दीर्घायूको हार्दिक मंगलमय शुभकामना पनि व्यक्त गर्न चाहन्छु ।

हाम्रो मातृभूमी नेपाल सवा सयभन्दा बढी जातजाति, भाषाभाषी, रीतिरिवाज, संस्कार, संस्कृति बोकेको मानिसहरूको एउटा सुन्दर रंगीन फुलबारी हो । यी जाति जनजातिहरूमध्ये सबैभन्दा प्रभावशाली र गतिशील समुदाय हामी गुरूङ जाति हौं । नेपाल मूलतः एउटा कृषि प्रधान देश हो र हामी गुरूङहरु पनि त्यही पेसा खेती किसानी र पशुपालन गर्दै आइरहेका थियौं । तर अठारौं शताब्दी विश्व साम्राज्यवादी युगले सिंगो भारत वर्षमाथि आधिपत्य जमाइरहँदा जानी नजानी वा बाध्यतावश विदेशी सेनामा भर्ती भई लाहुर जाने प्रवृत्ति हामीहरूको प्राथमिक पेसाका रूपमा विकास हुँदै आयो ।

आज गुरूङ भन्ने बित्तिकै मूलतः जनमानसले बुझ्ने आख्यान जस्तो बनेको छ । विश्वमा भएका प्रथम विश्वयुद्ध, दोस्रो विश्वयुद्ध र बीच-बीचमा भएका विश्वको नक्सा बदल्ने महायुद्धहरूको ऐतिहासिक गाथाहरूमा हामी गुरूङहरूको साहसिक योगदान स्वर्णाक्षरमा कुँदेर राखेको पाउँदछौँ । हामी र हाम्रो पुर्खाहरूको गौरवशाली पुरूषार्थको विश्व इतिहासमा रक्तरञ्जित पानाहरूमा हामीले गर्व गर्न जरूरी छ । बदलिएको परिस्थिति अनुसार तिनै पदचापहरूलाई विकास गर्दै लानुपर्दछ । कुनै एउटा जातीय वा सामुदायिक सभ्यताको अस्तित्व र विकासका लागि उसको आफ्नै भाषा, धर्म, संस्कृति, रीतिरिवाज, लवाइ-खुवाइ संस्कार हुन जरूरी छ । ताकि उसले समाजमा जिउनका लागि यस्ता कुराहरु अरूसँग माग्न नपरोस् । यसअर्थमा हामी गुरूङहरु एउटा पूर्ण सभ्यतामा विकास भएको जातीय समुदाय हौँ ।

हामीहरूको आपसमा कुरा गर्ने र गर्न सक्ने आफ्नै भाषा छ, हाम्रो बोलीको आफ्नै लवज छ । जन्मँदा न्वारन गर्ने र मृत्युपश्चात अर्घौं वा पय गरेर स्वर्ग तार्ने आफ्नै मौलिक विधि र संस्कारहरु छन् । आफ्नै धर्म छ, आफ्नै सिमेभूमे, देवी-देउराली पूजा गरी हामी असिना पानी, अतिवृष्टि, अनावृष्टिका लागि प्रार्थना गर्ने, औषधीमुलोको विधि प्रक्रियाहरु छन् । यी कुराहरु गिटी, बालुवा, सिमेन्ट र फलामका छठहरु जम्मा गरेर एकैछिनमा बनाएको घर जस्तो हैन । यो त परापूर्वकालदेखि विकसित भएर आएको एउटा सभ्यता हो । गुरूङहरूको आफ्नै सिभिलाइजेशन हो । यसको विकासका आफ्नै ऐतिहासिक चरणहरु छन् । यसकारण म आफूलाई गुरूङ भन्नुमा गर्व गर्दछु र गौरवान्वित ठान्दछु र यसैमा गौरव गर्न यहाँहरूलाई आग्रह पनि गर्दछु ।

आज  समय, काल र परिस्थितिमा बदलाब आएको छ । मूलतः नेपालको गण्डकी प्रदेशमा विकसित भएको गुरूङ सभ्यता नेपालभर छरिएका छन् । दक्षिण एसियाका विभिन्न सहरमा गुरूङहरु ठूलो जनसंख्यामा बसोबास गर्दछन् । आज संसारको वैभवशाली देशहरु बेलायत, अमेरिका, युरोपका अन्य मुलुक, हङकङ, जापान, दक्षिण कोरिया, मलेसिया र खाडी मुलुकका देशहरूमा ठूलो संख्यामा बसोबास गरेको हामी पाउँदछौँ । आजको हाम्रो यस अन्तर्राष्ट्रिय सम्मेलनको मूल चिन्तनको विषय मैले माथि उल्लेख गरेका हाम्रा ती ऐतिहासिक सभ्यता र धरोहरहरूको संरक्षण, संवर्द्धन र विकास गर्ने, भाषा, धर्म र रीतिरिवाज कसरी अभ्यस्त तुल्याउने भन्ने विषयहरूमा नीति नियम, कार्यविधि बनाई तर्जुमा गरिनु पर्छ भन्ने नै हो र त्यो हुनेछ भन्नेमा म विश्वस्त छु ।

अन्तमा, यस ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन भव्यताका साथ सफल होस् भन्ने शुभकामनासहित शुभेच्छा प्रकट गर्दछु ।

धन्यवाद ।

उद्घाटन सत्रको समापन मन्तव्य

## सभाध्यक्ष रेशम गुरुङ



गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवज्यू, जो आजको प्रमुख अतिथि पनि हुनुहुन्छ । विशिष्ट अतिथि गैरआवासीय नेपाली संघ 'एनआरएनए'का पूर्वअध्यक्ष डा. शेष घलेज्यू, हामी सबैको अभिभावक पूर्वराज्यमन्त्री सुश्री भद्रकुमारी घलेज्यू, आदिवासी जनजाति प्रतिष्ठानका उपाध्यक्ष चन्द्रबहादुर गुरुङ ज्यू, सिक्किम सरकारका पूर्वमन्त्री गर्जमान गुरुङज्यू, एनआरएनएका सचिव जानकी गुरुङज्यू,

कार्यक्रममा सहभागी विभिन्न संघ-संस्थाका अध्यक्षज्यूहरु, सहभागी संघ-संस्थाको प्रतिनिधित्व गर्दै तमू धीं युकेका अध्यक्ष नन्दजङ गुरुङ स्टेजमा हुनुहुन्छ । आदिवासी जनजाति महासंघका अध्यक्ष जगत बराम ज्यू, र उपस्थित विशिष्ट व्यक्तित्वहरु जो दर्शकदीर्घाको अघिल्लो लाइनमा हुनुहुन्छ, विभिन्न देशबाट आउनु भएका संघ-संस्थाका अध्यक्षज्यूहरु, जिल्ला अनि विभिन्न तह र तप्कामा काम गर्नुहुने साथीहरु, सञ्चारकर्मी साथीहरु, स्वयंसेवक साथीहरु, सुरक्षाकर्मी साथीहरु र यहाँहरु सबै-सबैमा म सबैभन्दा पहिले आजको कार्यक्रम जो समुद्घाटन समारोह सफल गर्नका निम्ति जुन सहयोग, साथ दिनुभएको छ, त्यसका लागि हार्दिक नमन गर्न चाहन्छु । कृतज्ञता जाहेर गर्न चाहन्छु ।

पहिलोपटक अन्तर्राष्ट्रिय तमू सम्मेलन गर्न गइराखेका छौँ । धेरैजना पूर्वमन्त्रीज्यूहरु सहभागी हुनुहुन्छ । पूर्वअध्यक्षज्यूहरु हुनुहुन्छ । गुरुङ समुदायबाट विभिन्न उच्च ओहदामा पुग्न सफल सेवानिवृत्त तथा बहालवाला व्यक्तित्वहरु हुनुहुन्छ । यहाँहरु सबैलाई कार्यक्रम सेसनवाइज रुपमा भोलि बेलुकीसम्मै रहने र सेसनवाइज रुपमा यहाँहरुलाई क्रमशः अगाडि ल्याउने निवेदन गर्न चाहन्छु ।

बनाउन त कार्यक्रमलाई भव्य तथा यहाँहरु सबैलाई रानी बनाउन खोजिएको हो । तर कहिलेकाहीँ रानी बनाउँछु भन्दा कानी हुन जान्छ । विशिष्ट व्यक्तित्वज्यूहरुलाई स्वयंसेवकहरुले यहाँ बसिदिनुस्, उता बसिदिनुस् भन्ने क्रममा चाहिँदो मानमनितो तथा सम्मानजनक व्यवहार नहुन सक्छ । त्यस्ता कमीकमजोरीका निम्ति म कार्यक्रमको संयोजकको हैसियतले सबै अपजस तथा जिम्मेवारी लिन चाहन्छु ।

यहाँहरु सबैलाई यो हाम्रो कार्यक्रम हो भनेर सम्झी दिनका निम्ति म विशेष अनुरोध गर्न चाहन्छु । भोलि प्रदेश नम्बर ४ अर्थात् गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङज्यूको प्रमुख आतिथ्यमा समापन कार्यक्रम हुँदैछ । हाम्रो कार्यक्रमलाई भव्य रुपमा सफल पार्न सहयोग गर्नुहुने विशिष्ट व्यक्तित्वहरुलगायत सबैलाई हामी भोलि समापन कार्यक्रमको अवसर पारेर सम्मान पनि गर्नेछौँ ।

यस समुद्घाटन समारोहपश्चात हामी विभिन्न शीर्षकमा सेसन चलाउँछौँ । सबैभन्दा पहिले हाम्रो संस्था तमू ह्युल छौँज धीं गुरुङ राष्ट्रिय परिषद्का पूर्वअध्यक्ष प्रा.डा. गणेशमान गुरुङज्यूको अध्यक्षतामा सबै देशबाट आउनुभएका साथीहरुको पाँच/पाँच मिनेट सेयरिङ सेसन रहने छ । त्यसपछि सह-प्रा.डा. जगमान गुरुङज्यूको अध्यक्षतामा एकताको सेसन रहनेछ । त्यसमा डा. टेकबहादुर गुरुङ र पोल गुरुङज्यूले कार्यपत्र प्रस्तुत गर्नुहुनेछ । उहाँहरुको कार्यपत्रमा होमा थकाली गुरुङ र डा. छम्पा म्हिघी गुरुङले टिप्पणी गर्नुहुनेछ । बेलुकी तमू कलाकार संघको प्रस्तुतिमा सांस्कृतिक साँझ हुनेछ ।

भोलिको पहिलो सेसन अस्तित्व शीर्षकमा हुनेछ र त्यसको प्रा.डा. शेखर गुरुङज्यूले चेयर गर्नुहुनेछ । उक्त सेसनमा बालनरसिंह गुरुङको कार्यपत्रमाथि अमृत योन्जन तामाङले टिप्पणी गर्नुहुनेछ । त्यसैगरी रुपराज गुरुङले पनि कार्यपत्र प्रस्तुत गर्नुहुनेछ भने रत्नबहादुर गुरुङको पनि टिप्पणी रहेको छ । त्यस्तै दोस्रो सेसन पहिचानको हुनेछ । त्यसमा डा. ओम गुरुङज्यूले कार्यपत्र प्रस्तुत गर्नुहुनेछ भने टिप्पणी कृष्ण हाछेथूले गर्नुहुनेछ । हाम्रो यस अन्तर्राष्ट्रिय सम्मेलनको मुख्य 'थिम' नै 'एकता, अस्तित्व र पहिचान' हो । कार्यक्रमको उद्घाटनमै परिचयको सेसन थियो र अन्त्यमा समृद्धिको सेसन छ । जुन यहाँहरुले शेष घलेज्यूबाट पनि जानकारी पाइसक्नु भयो ।

पहिलो कार्यक्रम भएको हुनाले धेरै कमीकमजोरी तथा गल्ती भएका छन् । एउटा सानो पुस्तिका बनाउँदा पनि जिल्लाका अध्यक्षज्यूहरुको नाम तलमाथि हुन्छ । काम

गर्दै जाँदा गल्ती हुँदोरहेछ । त्यस हिसाबले बुझिदिनुहुन म सबैसँग आग्रह गर्दै क्षमा याचना पनि गर्दछु । र, फेरि पनि आजको यो उद्घाटन कार्यक्रम सफल बनाउन लागि पर्नुभएका सबै-सबै र प्रमुख अतिथि गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

हामीले तमू ह्युल छौंज धीं गुरूङ राष्ट्रिय परिषदका पदाधिकारी एवं सदस्यज्यूहरूको परिचय गराउन सकेका छैनौं । महिला, विद्यार्थी संगठनका अध्यक्षज्यूहरूको परिचय गराउन सकिएको छैन । विशिष्ट व्यक्तित्वहरु सबैको नाम लिन सकिएको छैन । यहाँ त गुरूङको क्रिममध्ये पनि क्रिम मान्छे आउनु भएको छ । तर पनि सबैको नाम लिन सकिएको छैन । त्यसका निम्ति म विशेष क्षमा याचना गर्दै र यो कार्यक्रमलाई ऐतिहासिक बनाउने छौं भन्ने कुरामा हामी सबै एक हुनेछौं भन्ने निवेदन गर्दै आजको समुद्घाटन समारोह यहीं विसर्जन भएको घोषणा गर्न चाहन्छु ।

धन्यवाद । छ्याजालो ।

---



स्वागत मन्तव्य

## कर्णबहादुर गुरूङ

'विश्वभरका तमू (गुरूङ)हरू एकजुट होऔं । सम्पूर्ण तमू (गुरूङ)हरूको आह्वान ! एकता, अस्तित्व र पहिचानका लागि ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन !!' भन्ने मूल नाराका साथ ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन-२०१९ भव्यताका साथ सुम्पन्न गर्न गइरहेको छौं । यस समुद्घाटन समारोहका सभाध्यक्ष एवं तमू ह्युल छौंज धीं गुरूङ राष्ट्रिय परिषदका श्रद्धेय केन्द्रीय अध्यक्ष तथा यस सम्मेलनका संयोजक श्री रेशम गुरूङज्यू, प्रमुख अतिथि संघीय गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवज्यू, विशिष्ट अतिथि एनआरएनएका पूर्वअध्यक्ष श्री शेष घलेज्यू, मञ्चमा रहनुभएका अतिथि गण र देश-विदेशबाट पाल्नुभएका तमू संघ-संस्थाका अध्यक्ष एवं प्रतिनिधिज्यूहरू, यस संस्थाका पदाधिकारी एवं संस्थाका संरक्षक परिषदज्यूहरू, सल्लाहकारज्यूहरू, यस संस्थाका विभिन्न समितिका सभापति एवं सदस्यज्यूहरू, कार्यपत्र प्रस्तोताज्यूहरू, सम्मेलन सफल पार्न अहोरात्र खटिनु भएका विभिन्न समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, पत्रकार महानुभावहरू, सुरक्षाकर्मीहरू मित्रहरू, स्वयम्सेवक मित्रहरू साथै उपस्थित महानुभावहरूमा छ्याजालो छ्याजालो, छ्याजालो टक्र्याउन चाहन्छु ।

'प्ये म्हस्या छ्या म्हमु, छ्या म्हस्या ल्हु म्हमु, ल्हु म्हस्या म्ही म्हमु,' शास्त्र हराए संस्कार हराउँछ, संस्कार हराए संस्कृति हराउँछ, संस्कृति हराए मानव जातिको अस्तित्व हराउँछ, भनेझैं हामी तमू (गुरूङ)हरू विभिन्न कालखण्डमा विविध कारणले गर्दा विश्वमा नै छरिएर रहन पुगेको पाइन्छ । यसरी छरिएर रहेका अवस्थामा पनि सम्पूर्ण तमू (गुरूङ)हरूले आफ्नो भाषा, संस्कृति, संस्कार, रीतिरिवाज, परम्परालाई जगेर्ना गरेको पाइन्छ । तसर्थ भाषिक, सांस्कृतिक तथा सामाजिक रूपमा एकता कायम राख्न गुरूङ जातिको अस्तित्व र पहिचानलाई बचाइ राख्न तथा समुदायलाई आर्थिक समृद्धिको उचाइमा पुऱ्याउनका लागि विभिन्न देशमा छरिएर रहेका तमू (गुरूङ) संघ-संस्थाहरूबीच मैत्रीपूर्ण सम्बन्ध कायम राख्नका लागि तमू ह्युल छौंज धीं गुरूङ राष्ट्रिय परिषदको संयोजनमा विश्वभर छरिएर रहेका तमू (गुरूङ)हरूको सम्मेलन गर्नका लागि आज हामी नेपालको राजधानी काठमाडौंस्थित राष्ट्रिय सभागृहमा भेला भएका छौं ।

यस सुवर्ण अवसरमा हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गर्नु भई पाल्नुभएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरू, विभिन्न देश तथा नेपालभरका संघ-संस्थाहरूबाट सम्मेलन सफल पार्नका लागि उपस्थित हुनु भएका प्रतिनिधिज्यूहरू, सहयोगी महानुभावहरू, पत्रकार महानुभावहरू, सुरक्षाकर्मीहरू मित्रहरू, स्वयम्सेवक मित्रहरू तथा सम्पूर्ण महानुभावहरूमा हार्दिक कृतज्ञता प्रकट गर्दै स्वागत गर्न चाहन्छु ।

जय तमू ।

जय तमुवान । ज्ञासाजे ।






ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन- २०१९ को उद्घाटनलगत्तै सुरू भएको पहिलो सेसन परिचय सेसन रहेको थियो । परिचय सेसनमा सम्मेलनमा सहभागी विश्वभरका पैतिस देशमध्ये बिस देशका प्रतिनिधिहरूले आ-आफ्नो संस्था र देशको छोटो परिचय प्रस्तुत गरेका थिए ।

प्रा.डा. गणेशमान गुरूङले अध्यक्षता गर्नुभएको परिचय सेसन दुई गुरूङ व्यक्तित्वमा समर्पित थियो । अग्रज समाजशास्त्री तथा तत्कालीन गुरूङ राष्ट्रिय परिषदका पूर्वअध्यक्ष प्रा. सन्तबहादुर गुरूङ र तत्कालीन तमू छ्यौँज धीँका पूर्वअध्यक्ष डा. रेमबहादुर गुरूङप्रति समर्पित सेसनको प्रारम्भ दुवै जनाको जीवनीमा आधारित छोटो भिडियोहरू प्रदर्शन गरेर गरिएको थियो ।



## स्व. प्रा. सन्तवहादुर गुरूङ

देशको एक अग्रणी समाजशास्त्री र विकासप्रेमी, सार्थक जीवन र आदर्श व्यक्तित्व प्रा. सन्तबहादुर गुरूङको परिचय हो । अनुसन्धान र परामर्शको कार्यक्षेत्रमा आबद्ध भए पनि उनी समाजसेवा र मानवीय सेवामासमेत संलग्न राष्ट्रसेवक हुन् । उनको जन्म १९३९ जनवरी ९ तारिखमा भारतको देहरादूनमा भएको हो । तीन महिनाको बालक आमा पवित्र गुरूङसँग आफ्नो पुर्ख्यौली घर स्याङ्जा जिल्लाको शिशिरकोट नेपाल आए । बाल्यकाल गाउँमा बित्यो ।

बुबा तेजबहादुर गुरूङ भारतीय सेनामा कार्यरत थिए । तसर्थ स्कुल तथा कलेजसम्मको पढाइ उनले देहरादूनमा पूरा गरे । आग्रा विश्वविद्यालयबाट समाजशास्त्रमा डिग्री हासिल गरेपछि उनी काठमाडौं आए । आफ्नो जीवनवृत्तको विकास त्रिभुवन



## स्व. डा. रेमबहादुर गुरूङ

'जान्न म त गोर्खा भर्ती कुले घरानी, लाहुरेको जिन्दगी राइफल सिरानी'

बन्दुक र कलमको संघर्षपूर्ण जीवन यात्रामा उभिएको एक शीर्ष व्यक्तित्व हुन् डा. रेमबहादुर गुरूङ । पेशाले दन्त चिकित्सक डा. रेमको तमू समुदायमा अलग पहिचान रहेको छ । २००४ साल आश्विन २८ गते स्याङ्जा जिल्ला कढिरे ठूलो भञ्ज्याङ भन्ने ठाउँमा जन्मेका उनको बुबा सुवेदार रामसिंह र आमा बुद्धिमाया तमू हुन् । उनको प्रारम्भिक शिक्षाको जग आफ्नै गाउँ तिरकोट पानीस्वाँरा प्राविबाट सुरूवात भयो ।

चौध वर्षकै उमेरमा उनी ब्रिटिस आर्मीमा लाहुरे हुन पगे । रिक्रुट तालिम सकेर ६ गोर्खा पल्टनमा खटिएको तीन वर्षपछि उनले बन्दुके जीवन बिताउनु परेन । घर बिदाबाट फर्केपछि पल्टनको मेडिकल विभागमा काम

विश्वविद्यालयको आर्थिक तथा विकास प्रशासन केन्द्र सेडाबाट आरम्भ गरे । सेडाको उप-निर्देशक हुँदै सन् १९८६ देखि १९९० सम्म कार्यकारी निर्देशकको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरे ।

ग्रामीण अर्थ सामाजिक रूपान्तरण, विकेन्द्रीकरण, स्थानीय सुशासन तथा विकास सम्बन्धी अनेकन प्रतिवेदन र कृतिहरू प्रकाशित छन् । यो उनको प्राज्ञिक तथा बौद्धिकताको पाटो थियो भने राज्यको सीमान्तकृत, अल्पसंख्यक, अत्यन्त पिछडिएको र आदिवासी जनजाति उत्थान र विकासमा चिन्तनशील थिए । नेपालको आदिवासी जनजातिहरूको वर्गीकरण र परिभाषा उनको नेतृत्वमा गठन भएको कार्यदलले गरेको हो । त्यसैको आधारमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन जारी भएपछि २०६० सालमा उक्त प्रतिष्ठानको पहिलो कार्यकारी अध्यक्षमा नियुक्त भए । जातीय संघ-संस्थाहरूको व्यवस्थापन सुदृढीकरण, हकहित र सचेतनाका लागि अभिमुखीकरण, नेतृत्व विकासका लागि प्रशिक्षण कार्यक्रममा उनको महत्वपूर्ण भूमिका रहेको छ ।

राजनीतिक चेतनाको आवश्यकता भए पनि सामाजिक संस्थाहरूमाथि राजनीतिक हस्तक्षेप भने गर्नु हुँदैन भन्ने उनको विशेष जोड र आग्रह थियो । एसिया प्यासिफिक क्षेत्रको तीन सय विश्वविद्यालयहरूको संगठन 'इडुक्पा'को उपाध्यक्ष हुँदाखेरीको अनुभवले गुरूङलगायत जातीय संगठनको अवस्था, उदाहरण र विकासमा उनी अभ्यस्त थिए । तमू समुदायमा मात्र नभएर समग्र आदिवासी जनजाति वृत्तमा नै उनी चिरपरिचित व्यक्तित्व हुन् । तमू बौद्ध सेवा समिति नेपालका प्रथम महासचिव र गुरूङ राष्ट्रिय परिषद्को सर्वसम्मत अध्यक्षको हैसियतले नेतृत्व प्रदान गर्नुका साथै जीवनको अन्तिम अवस्थासम्म दुवै संस्थाको प्रमुख सल्लाहकार थिए ।

गर्ने अवसर जुट्यो । लगनशीलता र दक्षताले गर्दा उनले बेलायतमा डेन्टिष्ट्री कोर्श गर्न पाए । हङकङमा मेडिकल विभागको दन्त सेवामा कार्यरत रहे । आफ्नो र समकक्षी अङ्ग्रेजको तलब भत्तामा फरक देखेपछि विभेद र अन्याय सहन सकेन र राजीनामा दिए ।

उनलाई ब्रिटिस मिलिटरी हस्पिटल धरान सुनसरीमा नियुक्त गरिदियो । दृढ इच्छा शक्ति र आफ्नो पेसागत इमान्दारीले गर्दा उनलाई बेलायतको लिड युनिभर्सिटीमा दन्त चिकित्सामा स्नातक गर्ने छात्रवृत्ति प्राप्त भयो । डा. रेम गुरूङ अनुभव दन्त चिकित्सकको हैसियतले स्थानीय जनसेवा तथा समाजसेवामा संलग्न रहे । आफ्नो पेसागत सेवाका साथसाथै अनुभव र ज्ञानलाई कलमको सहारा पनि दिए । रोमन लिपिमा तमू-नेपाली-अङ्ग्रेजी शब्दकोश र तमू भाषामा बौद्ध धम्मपद अनुवाद एवं केही लेख र रचना पनि प्रकाशित गरेका थिए ।

२०५१ सालदेखि डा. रेम तमू समाजको संगठन तथा नेतृत्वमा सक्रिय हुन थाले । २०५५ देखि २०६२ सालसम्म तमू छौँज धींको दुई कार्यकाल केन्द्रीय अध्यक्षको जिम्मेवारी निर्वाह गर्नुका साथै प्रथम तमू एकता अधिवेशनको संयोजकसमेत रहेर सफलतापूर्वक नेतृत्व प्रदान गरेका थिए । गुरूङ एकतामा राष्ट्रिय परिषद्को संरक्षक अध्यक्ष भएर गुरूङ समुदायको अभिभावक बने ।

जीवन यात्राको गन्तव्य र लक्ष्य निर्धारण गर्दा र समाज सेवामा लाग्दा परको पहाड मूल समस्या होइन बरू आफ्नो पाउभित्रको सानो ढुंगा समस्या हुन सक्छ । संगठित भएर सामना गर्नुपर्छ । तमू ह्युल छौँज धीं आजको अवस्थासम्म आइपुग्न र केन्द्रीय संग्रहालय भवन निर्माण गर्नमा उनको ठूलो योगदान रहेको छ ।



**अनिता तमूस्यो**
**अध्यक्ष, तमू धीं जापान**

तमू धीं जापानको छोटो परिचय उद्देश्य र उपलब्धीहरु भन्न गइरहेको छु । तमू धीं जापान विदेशमा स्थापना भएको सबैभन्दा जेठो गुरूङ सामाजिक संस्था हो । यो संस्था सन् १९९५ मा श्री गोबिन्दबहादुर तमूको अध्यक्षतामा स्थापना भएको थियो । यस संस्थाको उद्देश्य जापानमा विभिन्न पेसा, व्यवसाय र शिक्षा लिन आउने नेपाली तमू दाजु-भाइ तथा दिदी-बहिनीहरु एकीकृत हुँदै जन्मिएको संस्था हो । पच्चिसौँ वर्षमा प्रवेश भएको यो संस्थाले सांस्कृतिक कार्यक्रम गर्दै तमू ल्होसार 'च्यू ल्हो' भव्यताका साथ मनाउन गइरहेको छ । यो संस्थाले जापानभित्र रहेका गुरूङलगायत सबै संघ-संस्थासँग समन्वय गर्दै सामाजिक कार्य अघि बढाइरहेको छ । तमू धीं जापानले प्रत्येक वर्ष ल्होसारको अवसरमा फुटबल प्रतियोगिता आयोजना गर्दै आएको छ र यो सबै नेपालीमाझ लोकप्रिय रहेको छ । यस संस्थाले तमू सांस्कृतिक प्रतिष्ठानको सञ्चालनमार्फत नेपालमा अध्ययन गर्ने तमू विद्यार्थीहरूलाई छात्रवृत्ति पनि प्रदान गर्दै आएको छ । हाम्रो संस्थाले एक दशकभन्दा लामो समय वार्षिक रूपमा थोर्म्यों पत्रिका पनि प्रकाशित गर्दै आएको थियो ।



## देवी गुरुङ

**सह–सचिव, तमू समाज पोर्चुगल**

सर्वप्रथम यति राम्रो कार्यक्रम आयोजना गर्नुभएकोमा आयोजकलाई धेरै–धेरै धन्यवाद व्यक्त गर्दछु । तमू समाज पोर्चुगल विकास गुरुङको अध्यक्षता सन् २००८ मा स्थापना भएको हो । पोर्चुगलमा करिब दुई हजार गुरुङको बसोबास रहेको पाइएको छ । ल्होसार पर्वमा हामीले आयोजना गर्दै आएको सबैभन्दा ठूलो कार्यक्रम फुटबल हो । आफ्नो चाडपर्वको समयमा तमू समाज पोर्चुगलले छोरी–बेटी भात खुलाई कार्यक्रम गर्दै आइरहेको छ । ल्होसार पर्वको समयमा सबै तमू तथा गैरतमूहरु कार्यक्रममार्फत भेटघाट हुने गर्छ । हामीले आफ्नो कला, भाषालाई संवर्द्धन गर्ने उद्देश्यबाट प्रत्येक महिनाको अन्तिम साता तमू संस्कार, भाषा, संस्कृति सम्बन्धी कक्षासमेत सञ्चालन गर्दै आएका छौँ । यस किसिमको हाम्रो प्रयत्नले हाम्रो समुदायमा सकारात्मक सन्देश गएको अनुभूत भएको छ । आगामी दिनहरुमा यसप्रकारको कार्यक्रम निरन्तर जारी रहोस् हार्दिक शुभकामना दिन चाहन्छु ।



## अधिवक्ता छत्रकुमारी गुरुङ

**अध्यक्ष, तमू समाज न्यू ह्यामसायर अमेरिका**

म अधिवक्ता छत्रकुमारी गुरुङ अहिले तमू समाज न्यू ह्यामसायर अमेरिकाको अध्यक्ष छु । यो संस्था सन् २००९ मा स्थापना भएको हो । न्यू ह्यामसायर क्षेत्रमा ६२ घरपरिवार गुरुङ छन् । हामी जहाँ बसेको भए पनि हामीले तमू संस्कार, संस्कृति र भाषालाई अँगाल्नु पर्छ । यही मान्यताअनुसार आफ्नो परिवारमा बालबच्चाहरुलाई गुरुङ भेषभुषा लगाउन सिकाउन पनि तमू ल्होसार पर्व मनाउँदै आएका छौँ । हामीले अहिले प्रत्येक महिना तमू भाषा, साहित्य तथा संस्कृति सम्बन्धी अभिमुखीकरण कक्षा सञ्चालन गर्दै आएका छौँ । हामीलाई आफ्नो समुदाय र राष्ट्रको अति नै माया लाग्छ । हाम्रो सम्बन्ध नेपाली तमू समुदायसँग मात्र नभएर हामीपछिका पुस्ताको पनि सधैँ अहिलेको जस्तै भावनात्मक सम्बन्ध रहिरहोस् भन्ने हाम्रो चाहना छ ।



## नरेन्द्र घले

**अध्यक्ष, तमू समाज बहराइन**

बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक परम्पराले ओतप्रोत भएको प्राकृतिक सुन्दरताले सजिएको देश नेपालभित्रका हामी तमूहरु विश्वको जुनसुकै भूगोलमा छरिएर रहे पनि हामी एउटै आमाका सन्ततिहरु हौँ । एउटै भूगोलभित्रका फरक–फरक ठाउँ र बस्तीमा पनि हाम्रो मौलिक भाषा, धर्म, संस्कृतिमा हुर्किएका हामी गुरुङहरुका पुर्खाहरु एउटै हुन् । यस अर्थमा हामी सम्पूर्ण तमूहरु एक हुनुपर्छ । रोजगारीको सिलसिलामा हामी बहराइनमा रहेका गुरुङहरुले यहाँ रहेर पनि आफ्नो मौलिक परम्परा जगेर्ना गर्नका लागि संगठित साथै समर्पित भएका छौँ । हामीले कुनै पनि राजनीतिक वा निजी स्वार्थभन्दा उठेर सामाजिक सेवामा समर्पित रहेर एकआपसमा एकता र भ्रातृत्व सम्बन्ध अघि बढाउँदै आएका छौँ । हामीबीचको भेदभाव मेटाई सामूहिक उन्नति गर्ने तमू समाज बहराइन स्थापना भएको हो । बहराइनमा रहेका तमूहरुलाई कुनै पनि समस्या भएमा हाम्रो संस्थाको तर्फबाट कुनै किसिमको आर्थिक, नैतिक र भौतिक रुपले सहयोग साटासाट गर्ने उद्देश्य लिएका छौँ ।

तमू समाज बहराइन सन् २००२ मा वरिष्ठ समाजसेवी श्री गमबहादुर तमूको नेतृत्वमा स्थापना भएको हो । बहराइनमा कार्यरत तमूहरुलाई एकताको मालामा उन्नु एवं विभिन्न कारणले पीडित हुन पुगेका तमूहरुलाई सहयोगको हातेमालो दिनु र धेरैभन्दा धेरै तमू दाजु–भाइहरुलाई छायाँको शितलता प्रदान गर्नु यस समाजको प्रमुख कर्तव्य हो । हाम्रो संस्थाले बहराइनभित्र बसोबास गर्ने सम्पूर्ण तमूहरुलाई एकतामा ल्याउने तथा दुःखसुखमा सहयोग गर्दै आइरहेको छ । नेपालमा भूकम्प गएको बेला वा बाढी पहिरो गएको समयमा यस तमू समाज बहराइनले आर्थिक सहयोग गर्दै आएको छ । तमूहरु फुटेर होइन जुटेर अघि बढौँ भन्ने सन्दर्भ यस सम्मेलनले दिन सकोस् र यस सम्मेलनले सम्पूर्ण संस्थाहरुलाई परिषदको दायराभित्र समेट्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।



**नन्दकुमारी गुरुङ**
**अध्यक्ष, तमू समाज बेल्जियम**

तमू समाज बेल्जियम सन् २००० जुन २५ मा स्थापना भएको हो । म दसौँ अधिवेशनबाट अध्यक्षमा निर्वाचित भएकी हुँ । बेल्जियममा करिब आठ सयको संख्यामा गुरूङ जातिको बसोबास रहेको छ । यस संस्थाले विभिन्न समस्यामा परेका गुरूङका साथै सबै नेपाली दाजु-भाइ तथा दिदी-बहिनीलाई आर्थिकलगायतका सहयोग गर्दै आएको छ । नेपालमा विनाशकारी भूकम्प गएको समयमा तमू धीं नेपाललाई हामीले १८ लाख रूपैयाँ सहयोग गरेका थियौँ । दोस्रो विश्वयुद्धमा ज्यान गुमाएका गोर्खाली (नेपाली) पुर्खाको स्मरणमा श्रद्धाञ्जली अर्पण गर्ने कार्यक्रम पनि वर्सेनि गर्दै आएका छौँ । त्यस्तै आफ्नो पहिचान संरक्षण गर्ने हेतुले हरेक वर्ष तमू ल्होसार पनि भव्यताका साथ मनाउँदै आएका छौँ ।

अखिल सिक्किम गुरूङ बौद्ध संगठन भारत सन् १९९४ फेब्रुअरी ४ मा स्थापना भएको हो । यस संस्था गुरूङ परिवारमा रहेका विभिन्न समस्यामा साथ दिन स्थापना गरेका हौँ । सिक्किममा करिब ३५ हजारदेखि ४० हजारको हाराहारीमा गुरूङहरूको जनसंख्या रहेको छ । आफ्नो जातिको परम्परागत संस्कृतिको विकास गर्न हामीले तमू सांस्कृतिक पर्वहरु मनाउँदै र तमू ल्होसारमा सबै गुरूङहरु जम्मा भई विभिन्न सांस्कृतिक कार्यक्रम गर्दै आइरहेका छौँ । हामीले सिक्किम सरकारसँग सम्पूर्ण तमूहरूको भाषा, कला, संस्कृति, जगेर्नाका लागि आर्थिक साथै भौतिक पूर्वाधारको माग गरेका छौँ । आगामी दिनहरूमा नेपालमा रहेका हाम्रा तमू बन्धु र संघ-संस्थाहरूसँग आवश्यक परामर्श माग्दै सशक्त रूपमा तमू समुदायलाई अघि बढाउने सबैमा जानकारी गराउँदछौँ ।



**लक्ष्मण तमू**
**अध्यक्ष, अखिल सिक्किम गुरूङ बौद्ध संगठन भारत**



**प्रदीप कोने तमू**
**अध्यक्ष, युनाइडेट गुरूङ सोसाइटी अमेरिका**

युनाइडेट गुरूङ सोसाइटी अमेरिका २०१७ जुलाई १५ तारिखमा नेब्रास्कामा गठन भएको सामाजिक संस्था हो । त्यो सम्मेलनमा अमेरिकाको ३२ वटा राज्यमा रहेका तमू बन्धुहरूको सक्रिय सहभागिता रहेको थियो । अहिले युनाइडेट गुरूङ सोसाइटीले अमेरिकाको २७ वटा राज्यमा आफ्नो शाखा तथा भ्रातृ संगठन विस्तार गरेको छ । हामीले सन् २०१८ जनवरीदेखि रोधीं नृत्य तथा सांस्कृतिक साँझ पनि आयोजना गर्दै आएका छौँ । रोधीं नृत्य तथा सांस्कृतिक साँझ प्रतियोगिता आयोजनाको उद्देश्य सम्पूर्ण तमूहरूमाझ भावनात्मक एकता साथै तमू सांस्कृतिक पहिचानको सन्देश दिने रहेको छ । सो नृत्य प्रतियोगिताको प्रथम पुरस्कार दश तोला सुनको कपसहित नगद चार हजार डलर रहेको छ । हामीलाई सो पुरस्कारको प्रायोजन मनमाया बिमला फाउण्डेशनले गर्दै आएको छ । त्यसैगरी हाम्रो समाजले रोधीं अमेरिका पत्रिका पनि २०१८ देखि नै प्रकाशन सुरू गरेको छ । खेमाँ लिपिमा गुरूङ क्यालेण्डर पनि प्रकाशित गर्दै आएका छौँ । यस ऐतिहासिक अन्तर्राष्ट्रिय तमू सम्मेलनमा निमन्त्रणा गरी विश्वभरका गुरूङहरूबीच परिचय दिन तथा गर्न र सहभागी हुन पाएकोमा सर्वप्रथम त आयोजक समितिलाई धन्यवाद दिन चाहन्छु । यो मेरो लागि निकै गौरवको विषय भएको छ । गुरूङहरूको वास्तविकता र शुद्ध पहिचान तथा अस्तित्वको अध्ययन र अनुसन्धान फलदायी र सफलतापूर्वक सम्पन्न भएको छ । विश्वभर रहेका गुरूङलाई एकरूपताका साथै एउटै मालामा एवं एउटै झण्डामुनि रहेर कार्यक्रम सम्पन्न गर्न पाउँदा निकै हर्षित छु । यो सम्मेलन ऐतिहासिक रहेको छ । र, यसको कार्यान्वयन तथा जीवन्त राख्न सबै गुरूङ आ-आफ्नो क्षेत्रबाट सदैव तत्पर रहनुपर्छ ।

गुरूङ जातिको मौलिक पहिचान र अस्तित्वको खोजीका लागि अन्नपूर्ण हिमालको नजिक रहेको क्होलासौँथरको आवश्यक प्रचार-प्रसार हुन नसक्दा हाम्रो अस्तित्व र मौलिक पहिचान लुप्त हुन पुगेको छ । अहिले हामीलाई आफ्नो समुदायको पहिचान र अस्तित्वलाई कसरी जीवन्त राख्ने भन्ने मुख्य चुनौती रहेको छ । हामी गुरूङ विश्वभर जहाँ रहे पनि आफ्नो अस्तित्व र मौलिक पहिचानलाई जोगाइराख्नु पर्छ । हाम्रो समुदायका थुपै संस्कार, संस्कृति छन् । मूल्य, मान्यता र परम्परा छन् । तर हामीले ल्होसार, माङीलाई मात्र बढी प्राथामिता दिँदै आएको मैले पाएको छु ।

हामीले हाम्रो पहिचानलाई जोगाइराख्न एउटा सामान्य तर निकै महत्वपूर्ण कार्यको थालनी र त्यसलाई निरन्तरता दिनुपर्ने देखेको छु । त्यो भनेको हाम्रो समुदायको चाड, बैठक तथा कुनै पनि सभामा आफ्नो मौलिक पहिरनसहित सहभागी हुनु । यो समयसापेक्ष र व्यवहारिक नभए पनि यसले हाम्रो मौलिक भेषभुषाको संरक्षण हुनेछ । हामी आफ्नो संस्कार, संस्कृति, धर्म, भाषा र मूल्य तथा मान्यता र परम्पराको संरक्षण गर्दै, यसलाई जीवन्त राख्न शैक्षिक, आर्थिक, राजनीतिक रूपमा चेतना अभिवृद्धि गराउँदै, राज्यको विभिन्न तहमा प्रतिनिधित्व गराउँदै विश्वभर गुरूङहरूको नमूना बनाउन सबै अग्रसर रहनुपर्छ ।



## विजयकुमार गुरुङ
**अध्यक्ष, तमू ट्हो ह्युल हङकङ**

यस सभाका सभापति महोदय, प्रमुख अतिथि, विशेष अतिथि, यस कार्यक्रमलाई सफल तुल्याउन उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरु, तमू दाजु–भाइ तथा दिदी–बहिनीहरु, पत्रकार मित्रहरु सबैमा तमू ट्हो ह्युलको तर्फबाट हार्दिक छ्याजालो । यस कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्दछु । चीनको स्वशासित क्षेत्र हङकङमा हामी गोर्खालीका सन्तानहरूलाई सन् १९९० को दशकदेखि नै बसोबास गर्न दिएको पाइन्छ । यही अवसरको सदुपयोग गर्दै सुनौलो भविष्यको सपना बोकेर सन् १९९७ पछि स्थायी रूपमा बसोबास गर्नेको संख्या ह्वात्तै बढ्यो ।

हङकङ बस्दा एकातिर मातृभूमीको अगाध माया लाग्ने अर्कोतिर परिवारसँग बिछोडको पीडा बोक्नुपर्ने । हामीलाई स्थानीय चाइनिज भाषाको निकै समस्या थियो । हाम्रो दुःखसुखमा साथ र सहयोगका लागि एक संस्थाको आवश्यकता हुन थाल्यो । त्यही पवित्र उद्देश्यलाई आत्मसाथ गर्दै नेपाली तमूहरु भेटघाट, बैठक, छलफल गर्दै बुद्धिजीवी अग्रजहरूको सहयोगमा तमू ट्हो ह्युल हङकङ संस्थाको जन्म भयो । सन् १९९८ मे ५ मा हङकङको सामाजिक कानुनअन्तर्गत विधिवत रूपमा दर्ता गर्न सफल भयौँ । त्यसरी नै हङकङमा तमूहरूको सम्पर्क रहेका संस्थाहरु तमू प्ये ल्हु संघको शाखा पनि गठन भएको छ । तमूहरूकै अगुवाई रहेका दुईवटा गुम्बाहरु छन् । तमू प्ये ल्हु संघले पनि तमूहरूको हकहित, धर्म, संस्कार, संस्कृति जगेर्नाका लागि विभिन्न कार्यक्रमहरु अगाडि बढाउँदै लगेको छ ।

संस्थाको स्थापनापछि हङकङमा स्थायी रूपमा बसोबास गर्ने तमूहरु निरन्तर हाम्रो धर्म, संस्कार, संस्कृति संवर्द्धन र प्रवर्द्धन गर्न अहोरात्र खटिरहनु भएको छ । हामी तमू संस्कृति झल्कने विभिन्न कार्यक्रम गर्दै सबै तमूलाई एकै मञ्चमा अटाउँदै अगाडि बढिरहेका छौँ । रोधीं साँझ कार्यक्रम आयोजना गर्दै हाम्रो मौलिक संस्कृति संरक्षणमा पनि जुटिरहेका छौँ । हामीलाई आशा र विश्वास छ आजको यस बृहत भेलाले नेपालमा रहेका तमूहरूलाई गोलबन्द गर्दै विश्वभर रहेका तमूहरूलाई साझा मञ्चको मालामा गाँस्न सहयोग पुग्ने छ । हाम्रो मुख्य आवश्यकता र माग तमू एकता हो । तमूहरूको भाषा, धर्म, कला, संस्कार, संस्कृति प्रवर्द्धन र संवर्द्धन गर्न यो भेलाले कुशल नीति तथा कार्यक्रम लिएर आउनेमा हामी आशावादी छौँ ।

---



## राजमान तमू
**अध्यक्ष, तमू छौँज धीं भुटान**

पूर्व र पश्चिम भारत तथा चीनको स्वशासित क्षेत्र तिब्बत, उत्तरमा तिब्बत तथा दक्षिणमा भारतले घेरेको हिमालय पर्वतमालामा पर्ने एउटा सुन्दर मुलुकको नाम हो, भुटान । भुटानको क्षेत्रफल ४७ हजार वर्ग किलोमिटर छ भने पूर्व-पश्चिमको लम्बाई तीन सय किलोमिटर र उत्तर–दक्षिण चौडाई ६ सय पाँच किलोमिटर छ । उत्तरतर्फ सात हजार तीन सय मिटर उचाइमा तिब्बतको क्षेत्र छुन पुगेको छ । यस विशाल हिमाली पर्वतभित्र जनसंख्या पातलो गरी छरिएर रहेको छ । क्रमशः उचाई कम हुँदै दक्षिणतर्फबाट बग्ने सुनकोशी, धनश्री नदीले बनाएको उर्वर उपत्यका यहीँ पर्दछ । मनसुन वर्षाको प्रभाव ज्यादा रहेको यो क्षेत्र घना जंगल रहेको छ ।

दक्षिण भुटान झन् सुनझैँ सुन्तला खेती, माना–पाथी घोप्ट्याएको जस्तो ढपक्क अलैँची बारी तथा लहलहाउँदो टारी खेत भुटानको खाद्यान्न भण्डार पनि हो । हिमालबाट टाढिँदै दक्षिणतर्फ ढल्केको मैदानी भूमीहरु जलवायुयुक्त मैदानी क्षेत्र सबै किसिमका वन्यजन्तुको धनी क्षेत्र मानिन्छ । भुटानमा सन् १९९५ मा तमू छौँज धीं भुटान स्थापना भएको हो । हामीलाई गुरूङ सम्बन्धी संस्कार केही पनि थाहा थिएन । सन् १९९० मा भुटानबाट नेपाली भाषीहरु नेपाल धपाइए त्यसपछि नेपाल आएर मात्र गुरूङ सम्बन्धी जानकारी हुन थालेको हो । हामीले भुटान फर्केपछि मात्र तमू छौँज धी भुटान गठन गऱ्यौँ ।

देश-विदेशमा बसोबास गर्नुहुने तमू आमा, बाबा, दाजु-भाइ तथा दिदी-भाइहरु, हामीले हाम्रो समाजका लागि आफ्नो जीवनकालमा के दिन सकेका छौँ ? म मरेर जाँदा मेरो जीवनमा के रहन्छ ? समाजले भुल्न नसकिने इतिहासमा जीवन्त रहने खालको योगदान मैले के दिएको छु भन्ने कुरा हामीले बुझ्नु पर्छ । अन्तिममा सबैले मान्दै आएको धर्म, कर्मलाई मान्यता दिनुपर्छ । देश-विदेशमा रहेका सम्पूर्ण तमू बन्धुहरूले शिक्षामा गुणस्तर बढाउनुपर्छ । संसारभर रहेका तमूहरूबीच भाइचारा साथै एकताको सम्बन्ध कायम राख्नुपर्छ भन्दै सबैलाई धन्यवादसहित शुभकामना दिन चाहन्छु ।



**उषा तमू**
**अध्यक्ष, तमू समाज युएई**

तमू समाज युएईको तर्फबाट प्रतिनिधित्व गर्दै म (अध्यक्ष) उषा तमू आएकी छु । मेरो युएईमा बसोबास भएको १६ वर्ष भयो । तमू समाज युएईको नेतृत्वमा यो मेरो दोस्रो कार्यकाल हो । आजको यस कार्यक्रममा महिला प्रतिनिधित्व अति नै कम पाएको छु । अर्कोपटक महिला प्रतिनिधित्व धेरै होस् भन्न चाहन्छु । विश्वभरका तमू संघ-संस्थालाई एकै मालामा गाँसेर प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन गराउनु सम्पूर्ण तमूको गर्वको कुरा हो । युएईमा पाँच लाख नेपाली छन् । त्यसमध्ये करिब ३० प्रतिशत गुरूङ रहेको अनुमान गरिएको छ । प्रवासमा बसेर पनि आफ्नो तमू समुदायको भाषा, संस्कार, संस्कृतिको संवर्द्धन र प्रवर्द्धन गर्ने उद्देश्यले सन् १९९७ मा स्थापना भएको यस संस्था विदेशमा खुलेका गुरूङ संस्थामध्ये दोस्रो पुरानो संस्था हो । रोजगारीको सिलसिलामा युएईमा आई दुःख-पीडामा परेका तमू बन्धु वा गैरतमू बन्धुहरूलाई उद्धार एवं विभिन्न आर्थिक सहयोग आदान-प्रदान गर्दै आएको यस संस्थाले तमू संस्कृति, संस्कार जगेर्ना गर्ने कार्य पनि गर्दै आएको छ ।



**खोमप्रसाद खेगी तमू**
**सल्लाहकार, तमू धीं दक्षिण कोरिया**

सर्वप्रथम छ्याजालो । ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन परिचयको सेसनको अध्यक्षता गरिरहनुभएका प्रा.डा. गणेशमान तमूज्यू, स्व.प्रा. सन्तबहादुर तमू र स्व.डा. रेम तमूज्यूप्रति श्रद्धासुमन अर्पण गर्दछु । आज उहाँहरूको देनले सम्पूर्ण तमूहरूलाई एक ठाउँमा भेला हुने वातावरण बनेको छ । म यस कार्यक्रममा तमू धीं दक्षिण कोरियाको प्रतिनिधित्व गर्दै सहभागी भएको छु । सन् १९९० पछि रोजगारीका लागि नेपाली दाजु-भाइ तथा दिदी-बहिनीहरू विदेश जान थाले त्यही क्रममा दक्षिण कोरिया पनि पुगे । तमू दाजु-भाइको उपस्थिति बाक्लिँदै जान थालेपछि दुःखसुख पोख्ने साझा मञ्चको आवश्यकता महसुस गरिएसँगै सन् १९९९ मा तमू धीं दक्षिण कोरियाको गठन भयो । यस संस्थाका संस्थापक अध्यक्ष सन्तमान तमू हुनुहुन्छ । हामीले प्रत्येक वर्ष विविध सांस्कृतिक कार्यक्रमसहित तमू ल्होसार भव्य रूपमा मनाउँदै आएका छौँ । तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषद भवनमा गुरूङ संग्रहालय निर्माणका लागि तीन लाख रूपैयाँ आर्थिक सहयोग गरेका छौँ । हामीले काठमाडौंको जोरपाटीस्थित जम्बुडाँडामा तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषदको व्यवस्थापन र सहकार्यमा दाहसंस्कार गर्ने आधुनिक शवदाह गृह पनि निर्माण गरेका छौँ ।



**पूर्णराज तमू**
**सदस्य, तमू समाज ह्यामबर्ग जर्मनी**

तमू जातिको भाषा, भेषभुषा, संस्कार र संस्कृति संरक्षण तथा संवर्द्धन गर्ने उद्देश्यले तमू समाज जर्मनी सन् २००२ मा क्या. डोरबहादुर तमूज्यूको नेतृत्वमा स्थापना भएको हो । यस संस्थाले स्थापनाकालबाटै सुखदुःखमा साथ र सरसहयोग गर्नेलगायतका विभिन्न सेवामुखी काम गर्दै आएको थियो । सन् २००३ मा श्री इन्द्रबहादुर तमूज्यूको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएपछि संस्थाले सामाजिक सेवामुखी कार्यलाई अझ तीव्रता दियो । सन् २०१० मा श्री लालबहादुर तमूज्यूको नेतृत्वमा अर्को कार्यसमिति चयन भयो । त्यसपछि भने तमू ल्होसार पर्व मनाउने कार्यक्रम पनि अगाडि बढाइयो । सन् २००९ मा एनआरएनएको पहलमा ब्लड क्यान्सर पीडित बालिकालाई ८९५ युरो तत्कालीन एनआरएनए एनसिसिका अध्यक्ष दिपा लामिछाने तमूमार्फत सहयोग प्रदान भयो । सन् २०१२ मा सेती नदी बाढी प्रभावितलाई एक लाख रूपैयाँ सहयोग गर्‍यौँ । सन् २०१४ मा लमजुङका मृगौला रोगी बिमला तमूस्योलाई ८४ हजार १४ रूपैयाँ सहयोग गर्‍यौँ । यस संस्थाले समस्यामा परेका धेरै नेपाली दाजु-भाइ तथा दिदी-बहिनीहरूलाई सहयोग गर्दै आएको छ ।



## बिल तमू

**प्रमुख संरक्षक, तमू (गुरूङ) समाज कतार**

तमू (गुरूङ) समाज कतार प्रा.डा. गणेशमान गुरूङज्यूको प्रमुख आतिथ्यमा सन् २००४ मा स्थापना भएको हो । यस संस्थाको संस्थापक अध्यक्ष राम तमू हुनुहुन्छ । कतारमा रहेका तमू बन्धुहरूले सुरुवाती दिनहरूमा आफ्नो कम्पनीमा रहेका तमू साथीहरूबीचमा मात्र तमू ल्होसार मनाउने गरेका थिए । पछि सामूहिक रूपमा संगठित गर्दै एकै ठाउँमा मनाउने उद्देश्य लिएर हामीले तमू समाज कतारको स्थापना गरेका हौँ । दुःखसुखमा एकआपसमा सहयोग लिने/दिने, भेटघाट गर्ने मनसायले उत्प्रेरित भएर नै यो संस्थाको गठन भएको हो । तमू ल्होसारको दिनमा तमू सांस्कृतिक कार्यक्रम, गायन र नृत्य तथा खेलकुदमा छेलो प्रतियोगिता आयोजना गरी एकआपसमा शुभकामना आदान-प्रदान गर्ने गरेका छौँ । यस संस्था सुरूमा तमू बौद्ध सेवा समिति नेपालको कतार शाखाका रूपमा स्थापना भएको थियो । हाल आएर तमूहरूको एकताको भावनालाई सम्मान गर्दै हामी गुरूङहरु एक हुनुपर्छ भनेर तमू (गुरूङ) समाज कतार भएको छ ।



## मोहन तमू

**सल्लाहकार, नर्थवेष्ट तमू समाज अमेरिका**

अमेरिकामा नेपाली भाषाले मान्यता पाएको पहिलो राज्य वासिंटन हो । हामीलाई भाषाको अति आवश्यकता पर्दछ । अघि एक जना मित्रले भन्नुभयो, 'शास्त्र हराए संस्कृति हराउँछ, संस्कृति हराए संस्कार हराउँछ, संस्कार हराए परम्परा हराउँछ, परम्परा हराए मानव अस्तित्व हराउँछ ।'

तसर्थ नेपाली भाषाको मान्यता यसको महत्व अति धेरै छ । नेपालमा जस्तै कर्णाली, गण्डकी नदी भने जस्तै उता पनि नाइल, मिसिसिपी नदी छ । तिनीहरु जबसम्म समुद्रमा मिसिँदैन तबसम्म आ-आफ्नो नामले चिनिन्छ । जब समुद्रमा मिसिन्छ तब आफ्नो पहिचान पानी मात्र हुन्छ । या त समुद्र नै पहिचान बन्छ । नेपाली भाषाको संरक्षण गर्दा मात्र अन्य मातृभाषाहरूको सुरक्षा हुन्छ । वासिंटनमा दश हजारभन्दा बढी नेपाली बसोबास गर्दछन् । सन् २०१४ को अन्तिमबाट नेपाली भाषा कक्षा सञ्चालन भयो । अहिले सन् २०१५ र २०१६ मा नेपाली भाषा चार पिरियड अध्यापन हुन्छ । अन्तिममा हाम्रो केही कुरा राख्न समय दिनुभएकोमा आयोजकलाई धेरै धन्यवाद ।



## गोपीराज गुरूङ

**उपाध्यक्ष, गुरूङ सेवा समिति नयाँ दिल्ली भारत**

म गोपीराज गुरूङ गुरूङ सेवा समिति नयाँ दिल्ली भारतको उपाध्यक्ष छु । मेरो साथमा यस संस्थाका दुई सल्लाहकारहरु श्री ज्ञानबहादुर गुरूङ र कुमबहादुर गुरूङ हुनुहुन्छ । सर्वप्रथम आज धेरै वर्षपछि हामी तमूहरूले प्रतीक्षा गरिरहेको ऐतिहासिक अन्तर्राष्ट्रिय तमू सम्मेलनको कार्यक्रममा उपस्थित हुन पाउँदा निकै खुशी मिलेको छ । हाम्रो संस्था वि.सं. २०६६ सालमा केही तमू साथीभाइहरु मिलेर भारतको राजधानी नयाँ दिल्लीमा स्थापना भएको हो । आज यस संस्थामा निकै धेरै संख्यामा गुरूङहरु आबद्ध भइसकेका छन् । यस संस्था नेपालका ७७ वटै जिल्लाबाट भारत आई बसोबास गरिरहेका सबै तमूहरूको साझा संस्था हो । हाम्रो संस्थाको मुख्य उद्देश्य त्यहाँ बसोबास गर्ने नयाँपुस्तालाई तमू भाषा, संस्कार, संस्कृतिको बारेमा जानकारी गराउनुका साथै लोप हुनबाट बचाउनु रहेको छ । अर्को उद्देश्य भनेको कुनै पनि समय र परिस्थितिले अलपत्र परेका गुरूङलगायत नेपाली दाजु-भाइ तथा दिदी-बहिनीहरूलाई सामूहिक र आर्थिक मद्दत गरी उहाँहरूलाई उद्धार गर्नु हो । यस सम्मेलन हामी गुरूङहरूका बीचमा भएको भाषिक र धार्मिक समस्याहरूको निकास निकाल्न सफल होस् भन्दै हार्दिक शुभकामना तथा बधाई व्यक्त गर्दछु ।



## इन्द्रमाया तमू

**सहसचिव, तमू समाज इजरायल**

रोजगारीको सिलसिलामा इजरायल पुगेका तमू दाजु-भाइ तथा दिदी-बहिनीलाई भावनात्मक रूपमा एकीकृत गर्दै तमू समुदायको पहिचान, भाषा, भेषभुषा, कला र संस्कृति जगेर्ना गर्दै एकअर्कालाई सहयोग गर्ने र एकआपसमा आपसी सद्भाव बढाउन तमू समाज इजरायल सन् २००६ को डिसेम्बरमा स्थापना भएको हो । यस संस्था यहाँसम्म आउँदा विभिन्न संघ-संस्था तथा संगठनहरूसँग सहकार्य गर्दै सामाजिक, आर्थिक, नैतिक, भौतिक रूपमा स्वदेश तथा विदेशमा विभिन्न दुःखसुखमा सरसहयोग गर्दै आएका छौँ । तमू समाज इजरायलले आर्थिक, नैतिक, भौतिक साथ तथा सहयोग गर्नुका साथै नेपाल आदिवासी जनजाति महासंघमा आधिकारिक रूपमा आबद्ध भई महासंघको कार्यक्रममा पनि सहयोग गर्दै आएको छ । तमू समुदायको भाषालाई इतिहासमा मात्र सीमित राखेर होइन सधैँका लागि जीवन्त राख्नुपर्छ भन्ने उद्देश्यले प्रत्येक सोमबार संस्थाको कार्यालयमा तमू भाषा कक्षा सञ्चालन गरी मातृभाषा प्रशिक्षण कार्य सम्पन्न गरेका थियौँ । विदेशमा बस्दा पनि आफ्नो सांस्कृतिक पर्व मनाउँदै तमू एकताको सन्देश विश्वभर फैलाउने र आगामी दिनमा भाषा मात्र होइन खेमाँ लिपिसहित प्रशिक्षण कक्षा सञ्चालन गर्ने उद्देश्य हाम्रो संस्थाको रहेको छ ।



## सुरेश तमू

**महासचिव, तमू समाज कुवेत**

ऐतिहासिक अन्तर्राष्ट्रिय तमू सम्मेलन २०१९ का सभापतिज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, विभिन्न देशबाट सहभागी प्रतिनिधिज्यू, पत्रकारज्यू तथा यस सभा हलमा उपस्थित सम्पूर्ण बाबा, आमा, दाजु, भाइ तथा दिदी-बहिनीहरूमा तमू समाज कुवेतको तर्फबाट छ्याजालो व्यक्त गर्दछु । म सुरेश तमू अहिले तमू समाज कुवेतको अध्यक्ष रहेको छु । कुवेतमा स्थापना भएका नेपालीहरूको जातीय संस्था आठवटा छन् । जसमध्ये तमू समाज कुवेत सबैभन्दा जेठो संस्था हो । तमू समाज कुवेतले तमूहरूको महान् चाड ल्होसार भव्य रूपमा मान्दै तथा मनाउँदै आइरहेका छौँ । तमू समाज कुवेत सन् २००९ मा स्थापना भएको हो । हाम्रो संस्थाले प्रत्येक वर्ष 'रक्तदान जीवनदान' कार्यक्रम आयोजना गर्दै आएको छ । हामीले छैटौँपटक रक्तदान कार्यक्रम आयोजना गरिसकेका छौँ । विभिन्न समस्यामा परेका नेपाली दाजु-भाइ तथा दिदी-बहिनीहरूलाई समेत आर्थिक भौतिक सहयोग गर्दै आइरहेका छौँ । त्यस्तै आफ्नो मौलिक परम्पराको संरक्षण गर्ने उद्देश्यले तमू सांस्कृतिक कार्यक्रम, वनभोज कार्यक्रम पनि आयोजना गर्दै आएका छौँ ।



## हिमाल गुरूङ

**सल्लाहकार, तमू समाज नेदरल्याण्ड**

विश्वभर छरिएर रहेका तमू (गुरूङ) समुदायलाई यस सम्मेलन एउटै छानामुनि ल्याउन सफल भएको छ । संसारभर तमू (गुरूङ) संस्था जहाँ स्थापना भए पनि आफ्नो जातीय एकता, अस्तित्व र पहिचान कायम राख्न अनवरत रूपमा लागिरहेको छ । हाम्रो संस्था गैरराजनीतिक एक विशुद्ध सामाजिक संस्था हो । यो विदेशमा रहेता पनि आफ्नो समुदायको भाषा, लिपि, धर्म, संस्कार र संस्कृतिको संरक्षण एवम् संवर्द्धन गर्दै जातीय उत्थान गराउन लागिरहेको छ । तमू समाज नेदरल्याण्ड यस अन्तर्राष्ट्रिय तमू (गुरूङ) सम्मेलनमा देश, विदेशका तमू संघ-संस्थाहरूसँग निरन्तर सहकार्य गरी अगाडि बढिरहेको जानकारी गराउन चाहन्छु ।

यस ऐतिहासिक सम्मेलनले संसारभरका तमूहरू एउटै झण्डामुनि एकताबद्ध भएको सन्देश दिएको छ । यो हामी सबैका लागि गर्वको विषय हो । नेदरल्याण्ड तमू समाज त्यहाँ क्रियाशील सम्पूर्ण जातीय, सामाजिक, राजनीतिक संस्थाहरूमध्येमा अब्बल रहेको व्यहोरा सगौरव जानकारी गराउन चाहन्छु । हामी सम्पूर्ण तमूले एक भएर मात्र आफ्नो पहिचानलाई स्थापित गराउन सक्छौँ । ऐतिहासिक तमू सम्मेलनमा सहभागिताका लागि अवसर प्रदान गर्नुभएकोमा आयोजक समितिलाई धन्यवाद ।



## अशोक टंगी लामा गुरूङ

**अखिल भारतीय गुरूङ (तमू) बौद्ध संगठन**

अध्यक्ष महोदय, यस ऐतिहासिक अन्तर्राष्ट्रिय तमू सम्मेलनमा सहभागी हुन पाउँदा हामी सबैले भाग्यशाली ठानेका छौँ । विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु भएका हाम्रा अग्रज गुरूङ व्यक्तित्वहरूप्रति उहाँहरूको योगदानको कदर गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । हामी अखिल भारतीय तमू बौद्ध संगठन भारतको पश्चिम बंगालबाट सम्मेलनमा सहभागी हुन आएका छौँ । हाम्रो संगठनको नाम सुरुमा अखिल भारतीय गुरूङ तमू अर्घौं संगठन थियो । अर्घौं भन्नाले गुरूङ भाषामा अन्त्येष्टी कार्यलाई बुझाउँदो रहेछ । त्यसपछि अर्घौं शब्द राख्ने कि नराख्ने भन्ने छलफल भयो र बहुमतले अर्घौं शब्द नराख्ने भनेपछि त्यसलाई हटाएर पछि अखिल भारतीय तमू बुद्धिष्ट संगठन राखिएको हो ।

यस संस्थाको स्थापना सन् १९९२ अक्टोबर १० तदनुसार वि.सं. २०४९ असोज २ गते भएको हो । यस संस्थाका संस्थापकहरूमध्ये अहिले दुई जना मात्र जीवित हुनुहुन्छ । संस्थापक सभापति अमरबहादुर गुरूङ हामीमाझ हुनुहुन्न । सचिव कर्म गुरूङलाई भने अहिलेसम्म पनि हामीले निरन्तर सक्रिय रूपमा सहभागी भइरहेको अभिभावकका रूपमा पाएका छौँ । कोषाध्यक्ष आनन्द गुरूङ पनि हामीमाझ हुनुहुन्छ ।

अखिल भारतीय गुरूङ (तमू) बुद्धिष्ट संगठनको सञ्जाल भारतभर बनाउन हामी प्रयासरत छौँ । ५ अप्रिल २००५ मा अवकाशप्राप्त ब्रिगेडियर एनके गुरूङज्यूको सभापतित्वमा कालिम्पोङस्थित पिडब्लु रेस हाउसमा हामीले बृहत भेला गऱ्यौँ । त्यस्तै १९ मे २००५ को दिन सिक्किम गान्तोकस्थित चिन्तन भवनमा पहिलो अधिवेशन कार्यक्रम सम्पन्न गऱ्यौँ । यस संगठनले १६ मे १९९३ मा ऐतिहासिक सभा गरेर पश्चिम बंगालका तात्कालीन मुख्यमन्त्री ज्योति बसूलाई गुरूङ जातिलाई जनजातिमा सूचीकृत गर्न माग गर्दै पत्राचार गरेको थियो । पश्चिम बंगालबाट भारतको राज्यसभामा निर्वाचित भारतीय कम्युनिष्ट पार्टीका नेता सीताराम येचुरीले पनि गुरूङ जातिलाई जनजातिमा दर्ता गर्न माग गर्नुभएको थियो तर अहिलेसम्म पनि गुरूङ जातिलाई जनजातिमा सूचीकृत गर्ने कुरा थाँती रहेको छ ।

सन् २०१० मा हामी गुरूङ जातिले बौद्ध धर्मअन्तर्गत रहेर धार्मिक अल्पसंख्यक समुदायको मान्यता प्राप्त गऱ्यौँ । अहिले भारतभर रहेका गुरूङ जातिले धार्मिक अल्पसंख्यक समुदायका आधारमा शैक्षिक, सामाजिक र आर्थिक क्षेत्रमा विभिन्न सेवा तथा सुविधा प्राप्त गरिरहेका छौँ । सन् २०१६ मा हामी पिछडिएको जातिमा समावेश गराउन सफल भयौँ र यसै आधारमा राज्य सरकारबाट शैक्षिक, सामाजिक तथा आर्थिक क्षेत्रमा विभिन्न सहुलियत प्राप्त गर्न सफल भएका छौँ । यसअन्तर्गत पश्चिम बंगाल सरकारका तात्कालीन मुख्यमन्त्री ममता बेनर्जीको पालामा अखिल भारत तमू बुद्धिष्ट संगठन गुरूङ डेभलपमेन्ट एण्ड कल्चरल बोर्ड स्थापना गर्न पनि सफल भएका छौँ ।

---



## नारायण गुरूङ

**सल्लाहकार, तमू समाज लक्जेमबर्ग**

यस ऐतिहासिक अन्तर्राष्ट्रिय तमू सम्मेलनका आयोजक समिति तथा विभिन्न देशबाट आउनुभएका प्रतिनिधिज्यूहरूमा छ्याजालो । लक्जेमबर्गमा केही वर्ष अगाडिसम्म म एक्लो गुरूङ थिएँ । तर अहिले हामी ११ घर छौँ । यसमा सात वटा घर त मैले नै कानुनी रूपमा बनाएको हुँ । म जहिले पनि भन्ने गर्छु, हामी गुरूङ संसारका धेरै ठाउँमा पुगेका छौँ । विभिन्न उपलब्धी हासिल गर्न सफल भएका छौँ । अब अहिलेको सबैभन्दा ठूलो समस्या चाहिँ के छ भने गुरूङहरूले भाषा भुल्न सक्छन् । जहाँ गए पनि हाम्रा छोराछोरीलाई संस्कार, संस्कृति तथा कर्तव्य के हो सिकाउन जरूरी छ । हामी गुरूङभित्र पनि विभिन्न थर तथा उपथर हुन्छ । सोही आधारमा बिहेबारी चलेको हुन्छ । दाजु-भाइ वा कुटुमेरी साइनो चलेको हुन्छ । अब हामीले आफ्नो थर तथा उपथर लेख्न वा भन्न जानेनौँ भने एकै थर तथा उपथरभित्र वैवाहिक सम्बन्ध कायम हुने सम्भावना रहन्छ । अहिले यो कुरा सिकाउनु अति आवश्यक देखेको छु ।

मैले बेल्जियममा रहेको बेला मेरो छोराछोरीको कागजपत्र बनाउँदा गुरूङसँगै गुरूङ जातिभित्रको थर तथा उपथर पनि समावेश गराएको थिएँ । त्यस क्रममा राजदूतले भनेका थिए, अहिलेसम्म कुनै पनि गुरूङले यस्तो गुरूङ, उस्तो गुरूङ भनेर उपथर लेखाएका थिएनन् । पहिलोपटक उपथर लेखाउने म एक्लो गुरूङ थिएँ । कोष्ठकमा मैले आफ्नो उपथर पनि लेखाएको थिएँ । यो किन गरेको त भन्दा हामी विश्वव्यापी भइसक्यौँ । विश्वव्यापीकरणका कारण एकै उपथरका व्यक्ति वैवाहिक सम्बन्धमा नबाँधिऊन् भन्ने हो । यस कुरामा हामी अत्यन्तै सचेत रहन जरूरी छ ।

लक्जेमवर्ग भूगोलको हिसाबले संसारको एक सानो देश हो । प्रतिव्यक्ति आयका हिसाबले भने विश्वमै दोस्रो धनी देश हो । यस देशमा विभिन्न देशका मानिसको बसोबास रहेको छ । त्यसमा हामी नेपाली पनि छौँ र नेपालीमा पनि हामी गुरूङ अत्यन्तै थोरै संख्यामा बसोबास गर्छन् । त्यसलाई मैले सुरुवातदेखि नै नेतृत्व गर्दै आएको छु । चाहे गुरूङ समाज होस्, चाहे एनआरएनए, चाहे अन्य संस्था नै किन नहोस्, हामी हातमा हात मिलाएर अगाडि बढ्नु पर्छ । मानिसहरू भन्छन्, 'गुरूङले केही गर्न सकेका छैनन् ।' तर म भन्छु, हामीले धेरै गर्न सकेका छौँ र अझ धेरै गर्न सक्छौँ । हामीले धेरै क्षेत्रमा सफलता प्राप्त गरेका छौँ । पहिचानको सन्दर्भमा भने फेरि पनि म भन्न चाहन्छु, गुरूङको पछाडि उपथर पनि जोड्नु पर्छ । होइन भने यसले पछि समस्यामा पार्न सक्छ ।

यस ऐतिहासिक अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुने सुवर्ण अवसर उपलब्ध गराउनु भएकोमा सम्मेलन आयोजक समितिका संयोजक श्री रेशम गुरूङलगायत आयोजक समितिका सम्पूर्ण टिमलाई धन्यवाद दिन चाहन्छु ।

---



**प्रा.डा. गणेशमान गुरूङ**
**सभाध्यक्ष**

ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन आयोजना गरेर यसको अध्यक्षता गर्नुभएका श्री रेशम तमूज्यू, सम्पूर्ण कार्यसमितिलाई धेरै बधाई दिन चाहन्छु । आज मेरो साथमा एकजना मुर्धन्य व्यक्तित्व श्री शेरबहादुर तमूज्यू हुनुहुन्छ । उहाँले वि.सं. २०१२ सालमा गुरूङ कल्याण संघ सञ्चालन गर्नुभयो । उहाँले काठमाडौं उपत्यकामा आएर यो संस्था दर्ता गराएपछि क्रमशः गुरूङ संघ-संस्था बढ्न थाल्यो । गुरूङहरू बसाइँ-सराई गरी राजधानी आउन थाले । उहाँ हामी सबैको प्रेरणाका स्रोत हुनुहुन्छ । उहाँ हाल ९२ वर्षको हुनुहुन्छ । तर उहाँ अत्यन्तै ऊर्जाशील हुनुहुन्छ । उहाँले गुरूङ सम्बन्धी धेरै पुस्तक लेखिसक्नु भएको छ ।

कोरियाबाट संग्रहालय निर्माणका लागि तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषद्लाई आर्थिक सहयोग गर्नुभएको छ । संग्रहालय निर्माण गर्दा गुरूङहरूको पुर्ख्यौली सांस्कृतिक सम्पदा संरक्षण हुन्छ र हाम्रो भावी सन्ततिले पनि त्यसको महत्व जान्नु पर्दछ । पुस्तकालय कक्ष निर्माण हुँदै छ । जापानका तमूहरूको पहलमा स्थापना भएको तमू सांस्कृतिक प्रतिष्ठानले गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई सहयोग गरेर पढ्न धेरै प्रेरणा दिएको छ । तमू धीं जापानले थोर्म्यों पत्रिका प्रकाशन गरी उच्च काम गरेको छ । तमू एकताका बारेमा हङकङस्थित तमू ट्हो ह्युलले बोलाउँदा रेशम तमू र म पुगेका थियौँ । तपाईहरूले भूकम्प, बाढी, पहिरो प्रभावित तथा मृगौला रोगीलगायतलाई धेरै सहयोग गर्नुभएको छ । हजुरहरू सबैलाई धन्यवाद ।

मलाई गत वर्ष अमेरिकाको न्यु ह्याम्सायर जाने मौका मिलेको थियो । त्यहाँ छत्रकुमारी तमू र अनु तमूज्यूको विशेष पहलमा संस्था गठन गरेर निकै राम्रो काम गर्नु भएछ । यस सम्मेलनमा अति महत्वपूर्ण व्यक्ति संस्कृतिविद सह-प्रा. नारायण तमूलाई सुन्न पाएनौँ । तमूहरूको प्येका ज्ञाता प्रा.डा साइमन स्ट्रिकल्याण्डलाई बोलाउन सकिएन ।

तमू ह्युल छौँज धींले क्होला सौँथरलाई तमूहरूको पुरानो बस्ती, पुर्खाको थलो भनेर अनुसन्धान गर्दै आएको छ । क्होला सौँथर सम्बन्धी जानकारी लिन आवश्यक छ । हामी मिल्यौँ भने धेरै काम हुन सक्छ । टीकाराम तमू सगरमाथा चढ्नु भयो । तमू ह्युल छोंज धीं गुरूङ राष्ट्रिय परिषदसँग सबैले हातेमालो गर्नुहोला । यहाँहरूले गर्ने सहयोग सम्बन्धमा तमू ह्युल छौँज धींसँग समन्वय गर्दै सहयोग पनि लिनुभयो भने यहाँहरूलाई सहज हुने छ । हामी बीचमा स्वच्छ भाइचारा, सद्भाव, प्रेम, माया होस् । सबैले सुनेर साथ दिनुभयो । आजको यस परिचय सेसन यहीँ समाप्त हुन्छ ।




नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति सह-प्रा.डा. जगमान गुरूङले अध्यक्षता गर्नुभएको 'एकता सेसन' भारतको संविधानका एक हस्ताक्षरकर्ता ब्यारिष्टर अरिबहादुर गुरूङमा समर्पित रहेको थियो । एकता सेसनमा गुरूङ इतिहासमा पिएचडी गर्नुभएका टेक गुरूङ र संस्कृतिविद पोल गुरूङले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

डा. टेक गुरूङको कार्यपत्रमाथि होमा थकाली गुरूङले टिप्पणी गर्नुभएको थियो भने पोल गुरूङको कार्यपत्रमा टिप्पणीकारका रूपमा डा. छम्पा मेघी गुरूङ रहेका थिए । कार्यपत्र प्रस्तुति र टिप्पणीपछि केहीबेर छलफलका लागि फ्लोरसमेत ओपन गरिएका थियो ।



## अरिबहादुर गुरूङ

स्वतन्त्र भारतको संविधान निर्माण र हस्ताक्षरकर्ता अरिबहादुर गुरूङ भारतीय गोर्खाली मात्र नभएर नेपाल र नेपालीका लागि पनि सम्मानित र ऐतिहासिक व्यक्तित्व हुन् । अरिबहादुरको हजुरबुवा धनवीर गुरूङ सन् १८५९ मा पूर्वी नेपालको पाँचथर च्याङ्थापुबाट कालिङपोङको भालेखोपमा बसाइँ सरेका हुन् । उनै धनवीरका चार सन्तानमध्ये सतलसिंहका माहिलो छोरो हुन् अरिबहादुर गुरूङ । उनको जन्म सन् १९११ अक्टोबर १४ तारिखका दिन कालिङपोङमा भएको थियो । त्यसबेला नै बाजे धनवीर गुरूङ भेडीवाल मण्डल भनेर प्रख्यात भइसकेका थिए ।

उनका शुभेच्छुक अङ्ग्रेज सेथ डुकरले अरिबहादुरलाई ब्यारिस्टर बन्ने सपना देखाए । डुकरको प्रेरणा, सल्लाह र सहयोगबाट सन् १९३७ मा उनी ब्यारिस्टर पढाइका लागि बेलायत गए । सन् १९४०-४१ मा उनी ब्यारिस्टर पास गर्ने नेपाली मूलका पहिलो गोर्खाली भए । वेस्ट बंगाल कलकत्ता र दार्जीलिङ बार एसोसिएसनको सदस्य भएर उनले वकालती पेसा सुरूवात गरे ।

भारतमा स्वतन्त्रता संग्राम उत्कर्षमा पुग्दै गर्दा कालिङपोङको त्यस एरिया मौन थियो । त्यहाँका मानिसहरूको पछौटेपन तथा गरिबी देखेर उनी बेचैन थिए । सँगैको घटनाक्रम र राजनीतिक परिवेशले उनी स्वतन्त्र भारतको संविधानसभामा प्रतिनिधित्व गर्न पुगे । संविधान मस्यौदा निर्माणका लागि डाक्टर भीम राव अम्बेडकरको सभापतित्वमा प्रारूपण समिति गठन भयो । अरिबहादुर गुरूङले संविधान प्रारूपको दफा-दफामा भाग लिएर कमिटी सदस्यको दायित्व निर्वाह गरे । सन् १९४९ नोभेम्बर २३ तारिखका दिन नयाँ दिल्लीमा भएको विधानसभामा संविधानको धारा ३९१ उधृत गर्दै उनले बंगालको दार्जीलिङ र जलपाइगुडीको संवेदनशील सुरक्षा रणनीति र संवैधानिक विकासको अवधारणाबारे प्रकाश पारे । प्रस्ताव स्वीकृत हुँदा भारतको संविधान बन्न तीन वर्ष पनि लागेन ।

२४ जनवरी १९५० मा संविधानसभाको अन्तिम दिन संविधानसभाका सदस्यहरूले हस्ताक्षर गर्नेमध्ये अरिबहादुर गुरूङ पनि एक हुन् । विशाल भारतको संविधान निर्माण र हस्ताक्षरकर्ता हुन पाउनु अरिबहादुर गुरूङको ऐतिहासिक अवसर र दायित्व थियो भने यो उपलब्धि भारतीय गोर्खालीको मात्र नभएर समस्त नेपालीका लागि पनि गौरवको विषय हो ।

# तमू (गुरूङ) जातिको उत्पत्तिको इतिहास



**टेकबहादुर गुरूङ**
**पिएचडी**

तमू (गुरूङ) जातिको बारेमा धेरै अध्ययनहरु भइसकेको भएपनि उत्पत्तिको बारेमा दक्षिणतर्फबाट आए कि उत्तरबाट भन्ने अन्योल मेटाउन नसकेको अवस्थाले आजसम्म निरन्तरता पाएको थियो । मेरो विद्यावारिधिको शोधपत्रका लागि गरिएको अध्ययनका आधारमा यो कार्यपत्र तयार पारिएको छ । ऐतिहासिक समस्याको पहिचानका साथै मानवशास्त्रीय, पुरातात्विक, एतिहासिक तथा वैज्ञानिक अनुसन्धानात्मक प्रमाणहरु संकलन तथा विश्लेषण गरेर तमू (गुरूङ)हरूको 'प्ये ताँ ल्हु ताँ'मा संग्रहित कथावस्तुहरूले वर्णन गरेको मौखिक इतिहाससमेतलाई सैद्धान्तिक मूल्यमा ढालेर यस लेखमा तर्कहरु पेश गरिएका छन् ।

तमू (गुरूङ) समाजमा वर्तमानसम्म पनि व्याप्त विभेदपूर्ण मान्यता र व्यवहारहरु गलत भएको पुष्टि गरिनुका साथै वैज्ञानिक तवरले गुरूङहरूको प्राचीन बसाइँ-सराइको बारेमा उजागर भएको छ । तमू (गुरूङ)का अति प्राचीन पुर्खाहरु करिब २०/२५ हजार वर्षभन्दा पहिले नै मध्य एसिया तथा साइबेरिया क्षेत्रमा पुगेका रहेछन् । उनीहरु कालान्तरमा दक्षिणतर्फ सर्दै गरेका रहेछन् भने करिब आठ हजार वर्ष पहिले प्रतिकूल जलवायुका कारण अझै दक्षिणतर्फ सरेका रहेछन् । करिब ६ हजार वर्ष पहिले दक्षिण-पश्चिम चीनको युनान क्षेत्रमा पुगे, जहाँ लामो समयसम्म रहेर सभ्यताको विकास भएको देखिन्छ । तत्पश्चात् कति अन्यत्रै गए होलान् भने नेपालमा रहेका तमू (गुरूङ)हरूको डिएनए नमूना परीक्षण गर्दा उनीहरूका पुर्खा युनानपछि तिब्बतहुँदै हिमालको दक्षिण भेगमा दुई/तीन हजार वर्षअघि नै आइपुगेको प्रमाणित भयो । यसरी यो अध्ययनले संकलन गरेका प्रमाणहरूका आधारमा भन्नुपर्दा वर्तमानमा नेपालको भु-भाग भनेर चिनिने क्षेत्रमा आइपुग्दासम्म उनीहरु न हिन्दु नै थिए न बौद्धमार्गी नै । तर कालान्तरमा उनीहरु विभिन्न धर्मको सम्पर्कमा आए ।

पन्ध्रौं शताब्दीमा मात्रै हिन्दुहरूको सम्पर्कमा आएपछि लेखिएको वंशावलीले समाजमा तमू (गुरूङ)हरूबीच विभेद र कलह सिर्जना गऱ्यो भने एकतामा फाटो ल्यायो । यस अध्ययनले पेश गरेका प्रमाणहरूका आधारमा वंशावलीले मिथ्या इतिहास र गलत उत्पत्तिस्थलको संकेत गरेको पुष्टि भएको छ । तमू (गुरूङ)हरु लामो इतिहास भएको र डिएनए परीक्षणले सबैलाई समान (जातीय विभेद नभएको) प्रमाणित गरेकाले अबका दिनहरूमा तमू (गुरूङ) एकतामा बल पुगेको छ ।

## १. परिचय

कुनै पनि समुदायको उत्पत्तिको कुरा अहिलेसम्म विज्ञानले प्रमाणित गरेको आधुनिक मानव (Homo sapiens) उत्पत्तिको सापेक्षतामा बुझ्नु पर्दछ । साथै यसरी समुदायहरूको विविधिकरणको अवस्था प्राचीनदेखि वर्तमानसम्म विभिन्न कालखण्डमा उनीहरूको अफ्रिकाभन्दा बाहिर (Out of Africa) बसाइँ-सराइ र विविधखाले वातावरणसँग उनीहरूको अन्तरघुलन, अनुकुलन तथा समायोजनका प्रतिफलका आधारमा हुने गर्दछ । यस कार्यपत्रमा पछि व्याख्या गरिने छ कि करिब २०/२५ हजार वर्ष पहिले नै तमू (गुरूङ)का पुर्खाहरु मध्य एसिया तथा साइबेरियामा पुगिसकेको देखिन्छ । त्यसपछि करिब १२ हजार वर्षअघि पछिल्लो हिमयुग (Last Glacial Maximum) अन्त्य भएपछि नवढुंगे युग (Neolithic age), पशुपालनहुँदै कृषि युगमा प्रवेश गर्दै सभ्यताको विकास भएको देखिन्छ । छोटकरीमा भन्नुपर्दा मानव सभ्यताको प्रादुर्भावपछि मात्र संसारमा पछिल्लो समयको इतिहासका कुराहरु गरिन्छन् ।

विश्व इतिहासमा मध्यकाल भनेर चिनिने पछिल्लो समयमा 'गुरूङ' भन्ने 'शब्द' वर्तमानमा नेपाल भनेर चिनिने भु-भागबाट उत्पत्ति भएको देखिन्छ । तर उनीहरूले धेरै अघि नै ढुंगे युगपछिको सभ्यता क्रमलाई पक्रेको हुनुपर्छ । विभिन्न विद्वानले यसबारे आफ्ना विचारहरु व्यक्त गरिसकेका छन् । 'गुरूङ शब्द'को मात्र कुरा गर्दा कास्कीका राजा जगाति खाणले क्ह्ल्ये (घले) राज्यमाथि वि.सं. १५२४ मा विजय गरिसकेपछि गुरूङको वंशावली लेखेर थिति बसाल्न थाले, जसका लागि उनले वि.सं. १५४९ (सन् १४९२) मा भोजराज शर्मालाई वंशावली तयार पार्न लगाएका थिए । यसरी हेर्दा दुई कुराहरु देखापर्छन्, एक 'गुरूङ' भन्ने शब्द दिइएको वा लादिएको पहिचान हो । दुई, त्यसपछि 'गुरूङ' शब्द स्थापित भइसकेपछि

हालमा आएर भारतका विभिन्न स्थान (जस्तै सिक्किम, आसाम, मनिपुर, कुमाउँ, गढवाल, गोरखपुर, कानपुर, लखनउ, देहरादून, नालापानी आदि), भुटान तथा बर्मालगायतका देशमा पाइने 'गुरूङ' भनेर चिनिने सबै तमू (गरूङ)हरु नेपालबाट नै तीन/चार सय वर्षयताको दौरानमा फिजिएका हुन् भने कतिपय तमू (गुरूङ)हरु पहिलो र दोस्रो विश्वयुद्धहरूका कारण पनि ती स्थानहरूमा पुगेको दृष्टान्तहरु हाम्रोसामु छर्लङ्ग छ । त्यसपछि हङकङ, बेलायत, जापान, अमेरिका, अस्ट्रेलिया, क्यानडा, युरोपेली तथा अन्य मुलुकका बारेमा त हामी सबै प्रष्टै छौँ कि तमू (गुरूङ)हरु अध्ययन, काम तथा विविधता प्रवेशाज्ञा (Diversity Visa) लिएर ती मुलुकहरूमा स्थायी वा अस्थायी बसोबास गरेका छन् ।

यो कार्यपत्र मेरो विद्यावारिधिका लागि गरिएको शोधपत्रको सार हो । तमू (गुरूङ) जातिको उत्पत्तिको इतिहासबारे अध्ययनको समस्यालाई उठान गर्दा नेपाली तमू (गुरूङ) जातिका बारेमा केन्द्रित भएर गरिएको भएपनि प्राप्त नतिजा समग्रमा नेपालका आदिवासीहरूका प्राचीन बसाइँ-सराइका बारेमा बुझ्न पनि एउटा कोशेढुंगा सावित हुनेमा दुईमत नहोला । नेपालमा सन् २०११ को राष्ट्रिय जनगणना अनुसार तमू (गुरूङ)हरु देशको कुल जनसंख्या (करिब २ करोड ६५ लाख)को करिब २ प्रतिशत (५,२२,६४१) छन् । संसारका विभिन्न देशमा हाल कति तमू (गुरूङ) छन् भन्ने तथ्यांक आगामी दिनहरूमा अद्यावधिक गर्ने कार्यमा यस अन्तर्राष्ट्रिय सम्मेलनमा पाल्नुभएका तमू (गुरूङ)हरूले सहयोग गर्नुहुनेछ भन्नेमा हामी विश्वस्त छौँ । यस कार्यपत्रले हामी तमू (गुरूङ)हरूमाझ उत्पत्तिका बारेमा व्याप्त अन्योल कसरी सिर्जना भयो र अध्ययनका के-कस्ता पाटाहरु रहे, जसबाट एउटा समाधान सुझाउन कसरी सम्भव हुन गयो भन्ने बारेमा तथ्यहरु तथा तथ्यपरक विश्लेषणहरु पस्किने काम भएको छ । यस कार्यपत्रले केही विषयवस्तुको तार्किक टुंगो इङ्गित गर्दछ भने भविष्यमा अध्येताहरूका लागि अध्ययनका प्रशस्त मार्गहरु खोलिदिएको छ ।

## २. तमू (गुरूङ)को ऐतिहासिक समस्याको पृष्ठभूमि के हो ?

नेपाली समाजको जनसंख्यालाई हेर्दा सामान्य रूपमा दुई भागमा बाँडेर हेर्न सकिन्छ । पहिलो, इण्डो-आर्यन जो सन् २०११ को जनगणना अनुसार कुल जनसंख्याको करिब ६० प्रतिशतको हाराहारीमा छन् । तिनीहरूले हिन्दु जात प्रणाली तथा मान्यताहरूमा विश्वास गर्ने तथा त्यसै मुताविक सामाजिक व्यवहार गर्ने परम्परागत चलन रहेको छ । दोस्रो, तिबेटो-बर्मन वा भोट-बर्मेली समूह, जो करिब ४० प्रतिशतको हाराहारीमा छन् । परम्परागत रूपमा उनीहरु हिन्दु जात प्रणालीमा विश्वास साथै व्यवहार नगर्नेहरु रहेका छन् र तीमध्येमा तमू (गुरूङ) पनि पर्छन् ।

माथि नै भनिसकिएको छ कि राजा जगाति खाणले पण्डित भोजराज शर्मालाई गुरूङहरूको वंशावली तयार पार्न लगाएका थिए । त्यसको मुख्य उद्देश्य भनेको तमू (गुरूङ)हरूलाई पनि हिन्दु जात प्रणालीमा ढाल्ने । जसका लागि एउटा बडो काल्पनिक कथा रचिएको छ । त्यस कथाअनुसार तमू (गुरूङ)हरूका बारेमा स्पष्ट रूपमा तथाकथित 'सानो-ठूलो' जात भन्ने भ्रम सिर्जना गर्ने काम गरेको छ, जसले चार/पाँच सय वर्षदेखि हामी तमू (गुरूङ)हरूमा कलह र द्वेष प्रत्यक्ष रूपमा मौलाउने कार्य गरेको छ भने 'बुंदेल खण्ड', 'कन्नौज', 'पिउठाना' जस्ता ठाउँबाट हिमाली भेगमा आएका भनेर घुमाउरो पाराले उनीहरूको सभ्यतासँग गाँसिएको उत्पत्तिकै बारेमा पनि अलमल पार्ने काम गरेको छ । यसरी हेर्दा पन्ध्रौँ शताब्दीमा तयार पारिएको वंशावली नै तमू (गुरूङ)हरूमा विभाजन र विभेद ल्याउने वा हाम्रो एकतामा भाँजो हाल्ने ठूलो ऐतिहासिक कडी हो । यही नै हाम्रो इतिहास बंग्याउने समस्याको मूल जरो हो ।

अब हामीले यो पनि बुझ्न जरूरी छ कि पन्ध्रौँ शताब्दीदेखि आजसम्म यस्तो समस्याले कसरी निरन्तरता पायो वा मौलाउँदै गयो त ? भोजराज शर्माले बनाएको वंशावलीलाई राज्यले प्रचार गर्ने काम गरेको हुन सक्ने संकेतहरु प्रामाणिक देखिन्छन् । यसबारे विभिन्न अध्येताहरूले हस्तलिखित त्यस्ता वंशावलीहरु विभिन्न गाउँहरूमा फेला पारेका छन् । नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठानका वर्तमान उप-कुलपति डा. जगमान गुरूङले पनि त्यसबारे उहाँका कृतिहरूमा चर्चा गर्नु भएको छ । 'नेपाली हिन्दु राज्य व्यवस्थाले उक्त विभेद र फाटोहरूलाई निरन्तर मलजल गरिराख्यो भन्दा गलत नहोला । उदाहरणका लागि जंगबहादुर राणाले धर्म व्यवस्था सुहाउँदो भन्दै मुलुकी ऐन (वि.सं. १९११) जारी गरे भने त्यसको लगत्तै शिखरनाथ सुवेदीले त्यही वंशावलीलाई पनि समेटेर 'थरगोत्र प्रवरावली' भन्ने किताब वनारसबाट प्रकाशित गरे । अझ भनौँ एक्काइसौँ शताब्दीको वैज्ञानिक युगमा प्रवेश गरिसक्दा पनि बिडम्बनापूर्ण तरिकाले त्यसको निरन्तरता यथावत रहेको अवस्था छ ।

नेपालको अभिलेख संग्रह अनुसार विभिन्न लेखहरूमा भनिएको छ 'भारदारी फैसला', 'सनदपत्र'जस्ता दस्तावेजहरूले यस्ता राज्यको विभेदकारी नीति तथा मिथ्या वंशावलीहरूका विरूद्धमा आवाज उठेको इतिहास पाइन्छ र केही हदसम्म समाधान गर्न खोजेको हो कि भन्ने भान पनि हुन्छ । जस्तो कि तात्कालीन अवस्थामा कर्णेल लछिमन गुरूङले शिखरनाथ सुवेदीले प्रकाशित गरेको पुस्तक 'थरगोत्र प्रवरावली'का विरूद्ध आवाज उठाएपछि जंगबहादुर राणाले केही फैसलाहरु गरेका थिए । उनले शिखरनाथ सुवेदीको किताबलाई जफत गर्ने तथा लेखकलाई जरीवाना पनि गरेका थिए भनिएको छ । तर त्यो देखावटी मात्र थियो भन्ने ऐतिहासिक घटनाक्रमले

देखाउँछ । यी सबैलाई नारायण ल्हेंगे गुरूङले (सन् २०१२) पहिचानमाथिको आक्रमण तथा होमा थकाली गुरूङले (सन् २०१०) वंशावलीको गलत विस्तार तथा प्रचार भनेर ब्याख्या गरेको पाइन्छ । जंगबहादुरको फैसला नाम मात्रको प्रतीत हुन्छ किनकि त्यो वंशावलीको पुस्तक आजका दिनसम्म पनि प्रकाशित हुँदै आएको छ । त्यो 'थरगोत्र प्रवरावली' सन् २०१० पछि पनि प्रकाशित भएको प्रष्ट छ । प्रकाशित पुस्तकमा मुल्य "₹ ४०.००" लेखिएको छ । स्मरण रहोस् भारतीय मुद्राको यो "₹" भन्ने संकेत १५ जुलाई २०१० मा मात्र भारतीय सरकारले अनुमोदन गरेको थियो ।

हामीमा सर्वविदितै कुरा हो, १०४ वर्षसम्म नेपालमा राणा शासन थियो र सन् १९५१ मा त्यसको पतनपछि मात्र जनताका छोराछोरीले पढ्न पाउने माहोलको सिर्जना भएको ऐतिहासिक तथ्य हो । तर राणा शासनको अन्त्यले राजा र हिन्दुत्वमा विश्वास राख्नेहरूकै वर्चश्वमा देशलाई पुनः धकेल्यो । अझ १ पुस २०१७ (सन् १९६० डिसेम्बर १५) मा राजा महेन्द्रले पञ्चायत व्यवस्थाको स्थापना र विश्वको एक मात्र हिन्दु राष्ट्र नेपाल बनाउन सफल भए, जुन तमू (गुरूङ)को वंशावलीको पनि प्रवर्द्धन गर्ने सबैभन्दा पछिल्लो मजबुत वातावरण थियो भन्दा गलत नहोला । अर्को कुरा राजा महेन्द्रकै शासनकालमा नेपाली इतिहास लेखनलाई शिखरमा पुऱ्याउने कामको पनि थालनी भयो । त्यति नै बेला तात्कालीन राजप्रदत्त पञ्चायती संविधान भनेजस्तै प्रायोजित वंशावली लेख्ने र प्रचार गर्ने लहरको फेहरिस्त नै पाइन्छ ।

तात्कालीन अवस्थामा योगी नरहरीनाथले वंशावलीहरूलाई यथासम्भव प्रचार गरी समाजलाई एउटै ढर्रामा लैजान प्रयत्न गरेको देखिन्छ । यी सबैलाई 'तमू जातिः एक मन्थन' भन्ने कार्यपत्रमा डा. हर्क गुरूङले (सन् १९९३) भोजराजले बनाएको वंशावलीको हाँगाबिँगाहरु हुनका साथै शिखरनाथले नै पहिलोपटक छापामा प्रकाशित गरेका हुन् भनेर भन्नु भएको छ । यसैमा के थप्न सकिन्छ भने जनकलाल शर्माद्वारा लिखित 'हाम्रो समाजः एक अध्ययन'को चौधौँ अध्याय पृष्ठ २३०-२४२ 'नेपालका गुरूङ जाति र तिनको विवेचना'मा शर्माले तमू (गुरूङ)हरूको बारेमा उल्लेख गर्दा मध्य एसियाली पठार तथा खर्कहरूमा पाइने प्राचीन शुनु र हुणसँग पनि तमू (गुरूङ)हरु सम्बन्धित हुन सक्छन् भन्ने तर्क गरेका छन् । जुन निकै वैज्ञानिक छ । तर फेरि भोजराजकै वंशावलीमा लगेर जोड्दा तमू (गुरूङ)को इतिहास बंग्याउन थप बल पुगेको देखिन्छ । त्यसैगरी राजेश गौतम र अशोक थापा मगरद्वारा अंग्रेजीमा लिखित 'ट्राइबल इथ्नोग्राफी अफ नेपाल'को पृष्ठ २४०-२६७ मा तमू (गुरूङ)का बारेमा लेखिएको इतिहास अंग्रेजी भाषामा भएकाले बाह्य जगतमा पनि तमू (गुरूङ)हरूको गलत इतिहास जानकारीमा पुगेको छ किनभने यस किताबमा पनि जनकलाल शर्माकै भनाइहरूलाई लगभग जस्ताको तस्तै अनुवादित रूपमा प्रस्तुत गरिएको छ । जगमान गुरूङद्वारा लिखित 'गुरूं जाति तथा संस्कृति' पुस्तकमा तमू (गुरूङ)हरूको उत्पत्ति भोजराजले लेखेको वंशावलीसँग मिल्दो हुन आउँछ भन्नेतर्फ तर्कलाई डोऱ्याउन खोजिएको देखिन्छ । यद्यपि उक्त पुस्तकको पृष्ठ २५ मा निम्न कुराहरु पनि भनिएका छन् जो अत्यन्त मननयोग्य छन् ।

(१) वंशावलीका घटनाहरु अतिरञ्जित दन्त्यकथा जस्ता देखिन्छन् । हुन त जुनसुकै वंशावलीमा पनि त्यस्ता अतिरञ्जित घटनाहरूको उल्लेख पाइन्छ । जातीय परिचय दिने वैज्ञानिक साधन हाल प्राप्त नभएकाले वंशावलीहरूलाई नै आधार मानेको हो । यसलाई केलाएर वास्तविक तथ्य प्रष्ट्याउने कार्य बाँकी नै छ ।'

(२) गुरूङ जातिलाई विद्वानहरूले मंगोल जातिका रूपमा गणना गरेको पाइन्छ । तर हालसम्म प्राप्त वंशावलीहरूको यस भनाइसँग मेल खाँदैन । वंशावली अनुसार गुरूङहरु आर्य देखिन्छन् । यो एउटा विचारणीय कुरा छ । तर




चित्र १ : वंशावलीले दिग्भ्रमित पारेका प्रधान पक्षहरु, जसले अन्ततोगत्वा पहिचानमा आक्रमण र एकतामा खलल पार्ने गर्दछ ।




चित्र २ः अध्ययनका लागि सैद्धान्तिक तथा विधिगत खाका

यसमा मोटामोटी विचार र केवल स्थूल लेखाजोखाले मात्र काम दिँदैन । यसको निष्कर्षमा पुग्नलाई एउटा सुक्ष्म अनुसन्धानको आवश्यकता पर्दछ । अतः हाल यसलाई एउटा समस्याकै रूपमा राखौँ । विद्वान विवेकीहरूले यस बारेमा विवेचना गरून् ।

यसप्रकार यी सबैका कारण तमू (गुरूङ)को उत्पत्ति र इतिहासका सन्दर्भमा गहन अध्ययनको खाँचो परिरहेको थियो किनकि वंशावलीले दिग्भ्रमित पारेका प्रधान पक्षहरूलाई चित्र १ मा जस्तै व्याख्या गर्न सकिन्छ । ३. अध्ययनका पाटाहरु के कस्ता रहे ?

समस्याको जरो वंशावली हो भन्ने त भयो । तर हालसम्म सशक्त खण्डन भएको पाइन्न । एकातिर हामी तमू (गुरूङ)हरूले त्यस्तो गलत वंशावली मान्दैनौँ भन्दै आएका छौँ । तर, अझै पनि किन वंशावलीले नै भनेको जस्तै विभेदकारी सामाजिक मूल्य, मान्यता तथा व्यवहारहरु व्याप्त छन् ? यस्ता अनेकौँ प्रश्नहरु ज्यूँका त्यूँ छन् ।

तसर्थ एक गहन शोधपत्रको आवश्यकता तथा वान्छनीयता प्रष्ट हुन्छ । जब शोधपत्रको कुरा आउँछ अनि हामीले प्राज्ञिक तथा वैज्ञानिक तवरले हेर्नु नै पर्छ । आजसम्म हामी तमू (गुरुङ)हरुमाझ यस्तो समस्यालाई कि त बेवास्ता गरिएको छ कि त्यसलाई केही हदसम्म प्रतिवाद गर्ने मुख्य आधार 'प्ये ताँ ल्हु ताँ'लाई बनाइएको छ । हाम्रा खेगीहरूका भनाइहरूलाई (जो लेखिएका छैनन्) 'मौखिक परम्परा', 'दन्त्य कथा', आदि भन्दै गएर अन्ततोगत्वा 'मिथक' वा 'पौराणिक कथा' भनेर वर्तमान वैज्ञानिक जमानामा कतिपयले विश्वास गर्दैनन् । तर विश्वास नगर्नु गलत पनि हुन सक्दछ ।

हुन त नेपाली तथा विदेशी अध्येताहरूले 'प्ये ताँ ल्हु ताँ'मा धेरै कुराहरु छन् र त्यसलाई नै मुख्य रूपमा लिनुपर्छ पनि भनेका छन् । तर हाम्रो 'प्ये ताँ ल्हु ताँ'लाई एउटा बलियो आधार बनाउनका लागि संसारमा सैद्धान्तिक पक्षहरु स्थापित भएका छन् कि छैनन् त ? भनेर खोजी गरेको पनि पाइएन । अझ भन्नुपर्दा 'मिथक' वा 'पौराणिक कुरा' किन र के का लागि बनेका हुन्छन् ? भन्नेतर्फ तमू (गुरूङ)का बारेमा अध्ययनकर्ताहरूका बीचमा सैद्धान्तिक पाटोको बारेमा छलफल र विश्लेषण नै भएको पाइएन । तर प्रख्यात मानवशास्त्री ब्रोनिस्लाव मेलिनोवस्कीले करिब एक सय वर्षअघि नै मिथबारे सिद्धान्तको प्रतिपादन गरेका छन्, जसअनुसार 'मिथ भन्नाले मानव समुदायहरूका प्राचीनतम जीवनका भोगाइहरूका संकलनहरु हुन् ।' तसर्थ 'प्ये ताँ ल्हु ताँ' तमू (गुरूङ)हरूको 'मौखिक परम्परा' वा 'पौराणिक कथा'को पनि महत्व छ । तर कुन कुराले हाम्रो इतिहासलाई इंगित गर्छ भन्ने पक्षबारे बुझ्न जरुरी छ ।

शोधपत्रका लागि मेरो अनुसन्धान तमू (गुरूङ)हरूको 'प्राचीन स्थानान्तरण वा बसाइँ–सराइ' र 'प्ये ताँ ल्हु ताँको ऐतिहासिक संकेतहरुमा गएर ठोक्किन पुग्यो । यसले हाम्रा मान्यताहरूमा सुधार ल्याउन सक्ला भन्ने कुरालाई मैले मेरो विद्यावारिधिको मुद्दा बनाएँ । मेरो अध्ययनको समग्र खाका चित्र २ ले प्रष्ट पार्छ ।

चित्र २ मा देखाइए जस्तै तमू (गरूङ)हरूका प्राचीनतम् कुराहरूको ऐतिहासिक खोज स्थानान्तरण (बसाइँ–सराइ) र प्ये ताँ ल्हु ताँमा पोको परेर बसेको भन्ने देखियो । प्रख्यात मानवशास्त्री तथा इतिहासविद जेम्स स्कटको 'बसाइँ–सराइ र गराउने कारक तत्वहरु तथा रोजाइहरु' सिद्धान्त र 'प्ये ताँ ल्हु ताँ'को सान्दर्भिकताका लागि मानवशास्त्री ब्रोनिस्लाव मेलिनोवस्कीको 'पौराणिक कथाहरु प्राचीनतम् जीवनका भोगाइहरूका संकलन' भन्ने सिद्धान्तको उपयोग गरियो ।

गुरूङहरूका बारेमा भए/गरेका सबै मानवशास्त्रीय, पुरातात्विक तथा ऐतिहासिक अध्ययनहरूलाई गहन रूपमा केलाउने काम गरियो । लिखित नेपाली इतिहासका पानाहरूमा कुन कालखण्डमा तमू (गुरूङ)का बारेमा

जानकारीहरू समावेश गरिएको छ ? भन्ने खोजी गरियो । त्यसैगरी चीन तथा भारतसँग कतै तमू (गुरूङ)हरूका प्राचीनतम सम्बन्ध रहेको छ कि छैन ? भन्नेबारे पनि इतिहासको समीक्षा गरियो ।

यसै क्रममा तमू (गुरूङ) खेगीहरूले लेखेका 'प्ये ताँ ल्हु ताँ'हरु र ती ग्रन्थहरूमा आधारित अरूले लेखेका लेखहरू पनि अध्ययन गरियो । तीमध्ये 'क्येर्लो' र 'तमू के वै ताँ'जस्ता किताबहरू र बेलायती विद्वान साइमन स्ट्रिकल्याण्डले पच्युहरूका 'प्ये'लाई अंग्रेजीमा उल्था गरिएको पुस्तकको पनि समीक्षा गरियो । साथै बसाइँ-सराइसँग सम्बन्धित हुने भएकाले भूगोल तथा जलवायु परिवर्तनजस्ता विषयहरूको पनि अध्ययन गरियो ।

यी समीक्षाका पाटाहरूलाई जोड्दै नेपाल तथा चीनका सम्बन्धित केही स्थानहरूमा स्थलगत अध्ययन, अन्तर्वार्ता तथा केही प्रमाणदायक सामग्रीहरू संकलन गर्ने काम पनि गरियो । यसै क्रममा 'प्ये'मा आउने कोकोली म्हार्स्यो भनेको कोकोनोर ताल हो रे भन्ने पनि कथनहरु भएकाले त्यो कहाँ छ ? कस्तो छ ? तथा कत्रो छ ? भनेर पनि अध्ययन भ्रमणमा अनिता गुरूङ र म गयौँ । तर समीक्षा तथा स्थलगत अध्ययनबाट प्राप्त सूचनाहरूले मात्र अझै पनि स्पष्टता हासिल गर्न पूर्ण रूपमा सकिएन ।

यो पंक्तिकार आफैँ कृषि विषयमा स्नातक तहमा हुँदा जेनेटिक्स वा आनुवांशिक गुणहरू कसरी सन्तानमा सर्छन् भन्नेबारे केही ज्ञान भएको र पछिल्लो समयमा 'ह्युमन जिनोम प्रोजेक्ट'को बारेमा केही मात्रामा पछ्याउने काम गरेकाले कतै त्यसबाट केही उपलब्धि हासिल गर्न सकिन्छ कि ? भन्ने मान्यता राखी वैज्ञानिक प्रविधि तथा त्यसबाट उपलब्ध हुन सक्ने पक्षलाई अनुसन्धान विधिको तेस्रो आयामका रूपमा लिइयो ।

मानविकी वा सोसल साइन्सको क्षेत्रमा अघिल्ला दुई विधिहरू प्रचलित नै छन् । तर इतिहासको सन्दर्भमा डिएनए परीक्षणको प्रयोग भएको भने यो सायद पहिलो नै हो । तसर्थ यसबारे यहाँ छोटो जानकारी प्रस्तुत गरिएको छः

(१) डिएनएको पूरा रूप डिअक्सिराइबोन्युक्लिक एसिड (Deoxyribonucleic Acid) हो । यो जैविक रसायनशास्त्रीय (Organic Chemistry) शब्दको व्याख्यातर्फ नगइकन यहाँ यो के हो र यसको महत्व के छ भन्ने केही प्रकाश पारिन्छ । समग्र शरीर आँखाले देख्न नसकिने असंख्य कोषहरूले बन्छ र ती कोषहरूभित्र अरू कुराका साथै विभिन्न प्रकारका अम्लहरु (एसिड) हुन्छन् र तिनले प्रोटिन बनाउन (मासु वा Somatic cells बन्ने प्रक्रियामा) मद्दत गर्छन् । ती सबै स-साना अंगहरूमा परिवर्तन हुँदै पूर्ण शरीर बन्दछ । डिएनए त्यति सानो कोषभित्र हुने सबै कुरा नियन्त्रण गर्ने असंख्य वंशाणुहरु बोक्ने अम्ल हो । यसको बारेमा कस्तो आकृति हुन्छ तथा कसरी अघिल्लो पुस्ताबाट पछिल्लो पुस्तामा ती वंशाणुगत गुणहरु सरेर जान्छ भन्नेबारे सन् १९५३ मा जेम्स वाटसन् (जन्म १९२८, अमेरिकी नागरिक) र फ्रान्सिस क्रिक (१९१६-२००४, बेलायती नागरिक)ले क्याम्ब्रिज विश्वविद्यालयको क्याभेण्डिस प्रयोगशाला सहकार्य गर्दै गर्दा पत्ता लगाएका थिए ।

(२) डिएनएको प्रयोग सुरूदेखि खासगरी मानव स्वास्थ्य विज्ञानसँग बढी सम्बन्धित रहँदै आएको हो । साथै संसारमा अन्य खाद्यवस्तुलगायतका पदार्थहरूलाई जेनेटिक इन्जिनियरिङद्वारा गुण सुधार्ने पनि प्रयोग गरिन्छ । तर सन् १९८० को दशकमा अमेरिका र चीनमा पहिलोपटक डिएनएको प्रयोग अपराध अनुसन्धानमा गरियो, जसले मानिसलाई सजग गराउने वा त्रसित पार्ने गर्छ ।

(३) तर सन् १९८५ तिर जेम्स वाटसनलगायतका वैज्ञानिकहरूले 'ह्युमन जिनोम प्रोजेक्ट'को बारेमा गहन अध्ययन तथा यसको उपयोगिताबारे प्रकाश पार्दै गए । जसअनुसार सन् १९९० देखि २००३ सम्ममा त्यो प्रोजेक्टले व्यापक नतिजाहरूसहित समापन गरेको थियो । तत्पश्चात् सन् २००५ अप्रिलमा नेसनल जियोग्राफिक सोसाइटीले जिनोग्राफिक प्रोजेक्ट सुरु गरेको थियो भने सन् २००७ नोभेम्बरमा 23 and Me, Inc। ले क्यालिफोर्नियाबाट व्यक्तिगत अनुवांशिक विश्लेषण सेवा दिन थालेको थियो ।

(४) यी परीक्षणका सुरूका नतिजाहरूलाई प्रयोग गर्दै प्रख्यात स्वीस भाषाविद् जर्ज भ्यान् ड्रिमले मध्य र पूर्वी हिमालय क्षेत्रमा प्राग-ऐतिहासिक बसाइँ-सराइको सन्दर्भलाई पुष्टी गर्न डिएनएको मद्दत लिने प्रयास गरेका थिए ।

(५) विभिन्न अध्ययनलाई प्रमाणित गर्न डिएनएको प्रयोग हुन सक्ने सम्भावनाहरु बढ्दै गइरहेको देखिन्छ तर अझै पनि यो अत्याधुनिक वैज्ञानिक विधिबारे आमरूपमा जानकारी तथा ज्ञान फैलिसकेको छैन ।

मेरो अध्ययनको सिलसिलामा जब डिएनए टेष्टको पहिलो नतिजा प्राप्त भयो, त्यसले एउटा नयाँ क्षितिजको नै रहस्य उद्घाटन गर्न पुग्यो । यसरी माथि भनिएका सम्पूर्ण अध्ययनहरूको समीक्षा र डिएनए नतिजाको आधारमा यति लामो इतिहास बोकेको चीनमा अवश्य पनि केही त्यस्ता वैज्ञानिक तथ्यलाई साकार रूप दिन सघाउ पुऱ्याउन सक्ने अध्ययन भएको हुनैपर्छ भन्ने पूर्वअनुमान गर्न सकिने भयो । तसर्थ चीनका विभिन्न प्राध्यापकलाई सम्पर्क गरेर पत्ता लगाउने कोसिस गरियो । संयोगबस 'तिबेटन-यि करिडर'बारे लामो समयदेखिको तथा विशाल अध्ययन भएको पाइयो, जसले प्राचीनकालदेखि चीनको पछिल्लो छिङ राजवंशसम्म कसरी र के कस्ता कारणहरूले मानिसहरु बसाइँ-सराइ गर्ने गरेका रहेछन् भन्ने व्याख्या गरिएको छ । त्यसबारे विस्तृत व्याख्या गरिएको लेख प्राध्यापक शि शुओले सन् २०१८ जुन ८ मा अंग्रेजी भाषामा प्रकाशित गरेको पाइयो । त्यसपछि सबै प्राप्त सूचनाहरूलाई समेटेर प्रष्ट रूपमा अति प्राचीन




चित्र ३: नेपालको आधिकारिक लिखित इतिहास र आदिवासी जनजातिबारे केही सूचनाहरु

बसाइँ-सराइको व्याख्या गर्ने बाटो खुल्यो । बर्नार्ड पिनेले 'द गुरूङस्' भन्ने किताबमा मृत्युपछि पितृलोक पुऱ्याउने 'सेर्गा' जस्तै प्रक्रिया चीनको युनान प्रान्तमा पनि हुने गर्छ भनेर अमेरिकी विद्वान जोसेफ रकलाई उधृत गरेका थिए । त्यसैले 'द एन्सिएन्ट न-खी किङ्डम' भन्ने किताब पनि अध्ययन गरियो । साथसाथै चीनको प्राचीन इतिहास पनि केलाउने कार्य भयो, जसमा चौ राजवंशको इतिहास निकै महत्वपूर्ण सावित भयो ।

यसरी चारैतर्फबाट अध्ययनलाई प्रामाणिक गर्दै निष्कर्षतर्फ अघि बढाउन सम्भव भयो ।

## ४. के कस्ता तथ्यहरू फेला परे ?

अध्ययनबाट प्राप्त नतिजाहरूलाई बुझ्न सजिलो पार्ने हिसाबले निम्न भागहरूमा बर्गीकरण गरेर प्रस्तुत गरिएको छ:

- नेपालतर्फ र चीनतर्फ भएका अध्ययन तथा इतिहासका पानाहरूका समीक्षाबाट पाइने तथ्यहरु
- डिएनए विश्लेषणबाट प्राप्त तथ्यहरु तथा
- सबै तथ्यहरूलाई एकआपसमा प्लटिङ ९यखभचबिथ० गरी विश्लेषण ।

४.१ नेपालतर्फ र चीनतर्फ भएका अध्ययन तथा इतिहासका पानाहरूका समीक्षाबाट पाइने तथ्यहरु

४.१.१ नेपालतर्फ नियाल्दा

सर्वप्रथम नेपालको आधिकारिक इतिहासलाई केलाउँदै तमू (गुरूङ) तथा अन्य आदिवासीहरूको बारेमा के कस्ता सूचनाहरु उपलब्ध छन् भन्ने तथ्यहरु निकालियो । समग्रमा सबै तथ्यहरूलाई संक्षेपमा चित्र ३ मा जस्तै प्रस्तुत गर्न सकिन्छ । माथिको समीक्षाकृत चित्रले प्रष्टरूपमा नेपाली आधिकारिक ऐतिहासिक दस्तावेजहरूले समग्रमा नै आदिवासी जनजातिबारे सूचनाहरु नगन्य रूपमा राख्दछ । यहाँ के स्मरण गर्न जरूरी छ भने सन् १९५१ वा राणा शासनको अन्त्यपछि मात्र नेपालमा इतिहास लेखनले खास स्थान पाएको अवस्था हो र राजनीतिक हिसाबले तात्कालीन समयमा सर्वशक्तिमान राजतन्त्र र हिन्दु राज्यमा अरूका बारेमा तथ्यहरु नहुनु राजनीतिक हिसाबले स्वभाविक नै मान्न सकिन्छ । तमू (गुरूङ) कै बारेमा भन्नुपर्दा पनि आधुनिक नेपाल वा एकीकरणको इतिहासले पनि खासै महत्व दिएको देखिन्न जबकि उनीहरु एकीकरणका प्रखर योद्धाहरु थिए भन्ने कुरा उनीहरूका दरसन्तानका माझमा आज पनि चलेको पाइन्छ । त्यसैले डा. जगमान गुरूङले सन् १९८५ मा तात्कालीन पञ्चायती व्यवस्था भएकै बेला 'नेपालको एकीकरणमा तमू (गुरूङ)हरूको भूमिका' नामक किताब लेखेर केही हदसम्म तथ्यहरूको संरक्षण गरेर महत्वपूर्ण योगदान दिएको कुरालाई डा. हर्क गुरूङले पुस्तकको उठानमा व्यक्त गर्नु भएको छ ।

तमू (गुरूङ) लेखकहरु डा. जगमान गुरूङ, प्रा.डा. ओम गुरूङ, स्व. डा. हर्क गुरूङ, होमा थकाली गुरूङ, प्रा.डा. गणेशमान गुरूङ, स्व. टेकनसिंह ब्होइमु तमू, भवर पाल्जे तमू, ऋोम्छे पच्यु यारजङ तमू, डिल्लीजङ गुरूङ, ल्हेँगे पच्यु स्व. दल बहादुर गुरूङ, सु. चन्द्रमणि गुरूङ, छानबहादुर गुरूङ, रत्नबहादुर गुरूङ, टेकबहादुर गुरूङ, सुश्री भद्रकुमारी घले, पैँडी इन्द्रबहादुर गुरूङ आदिले तमू (गुरूङ)को बारेमा कलम चलाएका छन् ।

तमू (गुरूङ)बारे विदेशी अध्येताहरूमा सर्वप्रथम त फ्रान्सेली विद्यार्थी बर्नाड पिनेको नाम आउँछ । उनले सन् १९५८ मा तमू (गुरूङ)का बारेमा विस्तृत अध्ययन गरे । उनको किताबलाई सारा ह्यारिसन र आलन म्याकफार्लनले अंग्रेजीमा उल्था गरेर सन् १९९३ मा प्रकाशित गरेपछि मात्र हामीमाझ त्यसको सहज पहुँच हुन गयो । त्यस किताबले तमू (गुरूङ)हरु र युनानका नासीहरूको सम्बन्ध हुन सक्ने पाटोको संकेत इतिहासको सन्दर्भमा सबैभन्दा महत्वपूर्ण पक्ष हो । तर टुंगो लगाउन पाएनन् । त्यसैगरी आलन म्याकफार्लन, डोनाल्ड मेसरस्मिथ, साइमन स्ट्रिकल्याण्ड, स्टान मम्फोर्ड, टड राग्सडेल, जुडिथ पेटिग्र्यु आदिले तमू (गुरूङ)का बारेमा मानवशास्त्रीय अध्ययन गरे भने क्रिष्टोफर इभान्स र उनको टोलीले क्होला सोँथरको पुरातात्विक अध्ययन गरे ।

आलन म्याकफार्लनले तमू (गुरूङ)का शारीरिक बनावट र भोट बर्मेली भाषासँग मिल्ने भएकाले तमू (गुरूङ)हरु मंगोलिया वा उत्तर-पश्चिम चीनको क्षेत्रबाट लामो बसाइँ-सराइ गर्दै हिमालको दक्षिणतर्फ नेपाली भु-भाग आइपुगे भनेर दाबी गरेका छन् । तर प्रमाणहरु पर्याप्त संकलन गरेर पुष्टि गर्न भने बाँकी नै रहन गयो । डोनाल्ड मेसरस्मिथले वंशावलीले दिएको तमू (गुरूङ)को इतिहास झुठा हो भने तर प्रमाणित गरेर सबैका सामु प्रस्तुत गर्न भ्याएनन् । साइमन स्ट्रिकल्याण्डले सिकलेसमा लामो समय लगाएर 'प्ये ताँ ल्हु ताँ'लाई रेकर्डिङ गरेर अंग्रेजीमा उल्था गरी सबै डाँडीहरूको सारांश पनि प्रस्तुत गरेका छन् । यो ग्रन्थ 'गुरूङ प्ये अध्ययनका लागि सामग्री' भनेर हार्वर्ड विश्वविद्यालयले दुई खण्डमा सन् २०१९ को जनवरीमा प्रकाशित गरेको छ । उनको यो कामले अब संसारलाई 'प्ये'को बारेमा अध्ययन गर्न निकै सहज हुने भएको छ । मेरो अध्ययनमा दुइटा डाँडीहरु, जसमा सेर्का (सेर्गा) को बारेमा उल्लेख छ र त्यसले अमूर्त रूपमै भए पनि स-फुँ-ति क्ह्याल्सादेखि क्होला र त्यसपछिका बसाइँ-सराइको बाटो र बसालेका बस्तीहरूको संकेतका बारेमा समीक्षा गरिएको थियो । स्टान मम्फोर्डले साइबेरियन झाँक्रीहरु र नेपालमा तमू (गुरूङ) पच्युहरूले गर्ने प्रक्रियाहरु एकै खालका छन् तसर्थ तमू (गुरूङ)हरूको झाँक्रीवादी प्रचलन तथा प्रक्रियाहरु दुई हजार वर्षभन्दा धेरै पुरानो हुनुपर्छ भनेर तर्क अगाडि ल्याएका छन् । टड राग्सडेलले अरू विभिन्न अध्येताहरूको संकेत, तर्क तथा प्रमाणहरूका समीक्षा गरेर तमू (गुरूङ)हरूको उत्पत्ति तथा सम्बन्ध चीन तथा मंगोलियाका मानिसहरूसँग गाँसिन्छ भनेर अड्कलहरु प्रस्तुत गरेका छन् ।

क्रिष्टोफर इभान्सले क्होला सोँथरको पुरातात्विक अध्ययनको नेतृत्व गरी निम्नानुसारका महत्वपूर्ण संकेत तथा प्रमाणहरु प्रस्तुत गरे, जसलाई तमू (गुरूङ) इतिहास अध्ययनको कोशेढुंगा नै भन्दा फरक नपर्लाः

- पहिलो, उनको टोलीले क्होलासोँथर बस्ती सन् ५००-१५०० मा रहेको हुनुपर्छ भनेका छन् । तर यहाँ उनले यो पनि भनेका छन् कि यदि नमूना संकलन र विश्लेषण अलि धेरै गर्न पाएको भए सन् ५०० भन्दा पनि बढी पुरानो भन्न मिल्थ्यो होला । तसर्थ उनले पश्चिम तिब्बतको त्हिनत्वुन भन्ने ठाउँमा भएको उत्खननसँग दाँज्न सकिने र त्यति नै पुरानो हुनुपर्ने भन्ने दावी गरे । मार्क अल्डेनडर्फर भन्ने पुरातत्वविदले अनुसन्धान गरेअनुसार त्हिनत्वुन ई.पू. १००-५०० वर्षको प्रमाणित भइसकेको छ ।
- दोस्रो, बौद्ध धर्मको आधिपत्यको पहिचान छा-छा क्होलामा पाइएन । यसले के पुष्टि दिलायो भने बौद्ध धर्मको प्रचार तिब्बतमा (सातौँ शताब्दी) हुनुभन्दा धेरै अगाडि नै तमू (गुरूङ)हरु क्होलामा बसाइँ सरी आइसकेका र आफ्नै परम्परामा रमाइरहेको तथा विकास गर्दै गरेको भन्ने सिद्ध भयो ।

तर क्होला पश्चात् अरू सम्बन्धित तथा सान्दर्भिक पुरातात्विक अध्ययनहरु भएका छैनन् । त्यसैगरी चीनका क्षेत्रहरूमा भएका पुरातात्विक अध्ययनहरूसँग क्होलाको अन्तरसम्बन्ध हुन सक्ने खोजी पनि गरिएको छैन । जसका फलस्वरूप केही लेखकले साभार गर्नुबाहेक अझैसम्म गहनतामा गएर अध्ययन तथा त्यसका व्यवहारिक पक्षहरूको उजागर हुन सकेको छैन । डिल्लीजङ गुरूङ र लेप्टेन इन्द्रबहादुर गुरूङसँगका अन्तर्वार्ता तथा लेखहरूमा प्रशस्त स्थानहरु पुरातात्विक अन्वेषणको पर्खाइमा छन् भन्ने कुराहरु व्यक्त भएका छन् ।

निचोडमा स्वदेशी तथा विदेशी अध्येताहरूबाट निम्नानुसार ऐतिहासिक तथ्यहरु प्राप्त भएका छन्ः

- पहिलो, लगभग सबैले तमू (गुरूङ)हरु चीन तथा र अथवा उत्तरतर्फका मुलुकका मानिसहरु जस्तै मंगोलिया, साइबेरियातर्फ आएको दाबी तथा अड्कलहरु प्रस्तुत तर प्रमाणित गर्ने काम बाँकी रहेको ।
- दोस्रो, तमू (गुरूङ)का बारेमा गरिएको पुरातात्विक अध्ययनले हाम्रो इतिहास सन् ५००-१५०० को दायरा (bracket) मा राख्यो । अर्थात् कम्तीमा क्होला सन् ५०० मा स्थापना भएको हुन सक्ने प्रमाणित गरेता पनि अरू थप प्रमाणहरूका साथ व्याख्या गर्न बाँकी नै रह्यो ।
- तेस्रो, सबै प्राज्ञिक तथा अन्य लेखक र चिन्तकहरूले हाम्रो 'प्ये ताँ ल्हु ताँ' हाम्रो इतिहास र संस्कृतिका लागि महत्वपूर्ण छन् भनेको तर व्यवस्थित ऐतिहासिक अध्ययनका लागि भने उपयोग गर्न बाँकी नै रहेको ।

यसप्रकारको समीक्षाले मात्र हाम्रो प्रश्नको उत्तर प्राप्त हुन सकेन । तसर्थ अनेकौँ महत्वपूर्ण कार्यहरु भएका भए पनि वैज्ञानिकतामा आधारित प्राचीन समयको तार्किक ऐतिहासिक कथावस्तु लेख्न बाँकी रहन गयो अथवा ऐतिहासिक उत्पत्तिका बारेमा ठम्याउन सकिएन ।

### ४.१.२ चीनतर्फ नियाल्दा

हाम्रो इतिहासलाई सान्दर्भिक हुने कुरा विशेषगरी दुइटा अध्ययनहरु र तिनीहरूको चिनिया इतिहाससँगको अन्तरसम्बन्धबाट प्रष्टिने सम्भावना देखियो । माथि भनिएजस्तै संसारमा पाइने विभिन्न थरीका मानिसहरु लामो कालखण्डमा बसाइँ-सराइले गर्दा आएको विविधिकरणको उपज हो । साथै यहाँ उत्पत्ति भन्नाले 'स्थानान्तरित उत्पत्ति' हो भनेर स्मरण गर्नु पनि उचित होला ।

एउटा अध्ययनले 'तिबेटन-यि करिडर' प्राचीन समयदेखि सबैभन्दा पछिल्लो राजवंशको अन्त्य भई चीन गणतन्त्रमा प्रवेश गर्दाका ताकासम्म मानिसहरूको बसाइँ-सराइ गर्ने बाटो रहेको थियो भनेर प्रामाणिक तथ्यहरु देखाएको छ । यसबारे चीनका प्रख्यात मानवशास्त्री फेई स्याओथोङले सन् १९८२ मा 'यदि हामीले यस करिडोरको विस्तृत रूपमा व्याख्या गर्न सकियो भने जात-जाति निर्माण, सम्पर्क, समायोजन तथा विलय, परिवर्तन, आदिजस्ता अनेकौं प्रश्नहरूका उत्तर दिन सक्नेछौँ' भनेका




चित्र ४ः प्राचीन समयदेखि तिबेटो-बर्मन मानिसहरूका बसाइँ-सराइको मार्ग
(एसियाको मानचित्र साभारः httpsM//d-maps=com/_

छन् । त्यसैको जगमा रहेर अर्का प्रख्यात मानवशास्त्री शि शुओले लामो समयसम्म त्यस करिडरको अध्ययन गरेर पाँच प्रकारका ऐतिहासिक बसाइँ-सराइका प्रवृत्तिहरूका बारेमा पत्ता लगाए जो यसप्रकारका छन्ः

१. तिबेटो-बर्मन जनजातिका आदिम पुर्खाहरु अति प्रतिकूल जलवायुका कारण करिब ई.पू. ६००० वा ५५०० वर्षतिर कोकोनोर वा छिङ्हाई तालको आसपासबाट दक्षिणतर्फ बसाइँ सरे । उनीहरु त्यसरी सर्दा कालान्तरमा अनेकौँ साना तथा ठूला बस्तीहरु पनि बसाल्दै गए । करिब ई.पू. ४००० तिर चीनको दक्षिण-पश्चिमी भागमा पुगेर बस्तीहरु स्थापना गरे । यो क्रम सातौँ शताब्दीसम्म निरन्तर चलिरहेको थियो, जतिबेला चीनमा थाङ राजवंशको शासनकाल रहेको थियो । (शि शुओ, २०१८, पृष्ठ २ (६) ।

२. सातौँ शताब्दीसम्म आइपुग्दा तिब्बतमा थुबो राजवंशको स्थापना तथा सुदृढीकरण भई स्रङचङ गम्पोको पालादेखि पूर्वतर्फ राज्य विस्तार गर्ने कार्य भएको थियो (उही पृष्ठ ६ (८) ।

३. तेह्रौँ शताब्दीको प्रारम्भतिर नै मंगोलियन भनेर चिनिएका मान्छेहरु दक्षिणतर्फ गएर पहिला तिबेटन-यि करिडरलाई नियन्त्रणमा लिए, अनि छिट्टै चीनमा युआन राजवंश स्थापना गर्न सफल भए, जसले करिब २०० वर्षसम्म राज गरे (उही पृष्ठ) ।

४. मिङ (सन् १३६८-१६४४) तथा छिङ (सन् १६४४-१९१२) राजवंशहरूले राज्य शासन गर्दै गर्दा 'मु' सरदारहरु तथा 'यि' भन्ने आदिवासीहरूले ती राजवंशहरूको विश्वासपात्र बन्दै उत्तरतर्फ बसाइँ-सराइ गरे । यस्तो प्रक्रिया युआन राजवंशकै समयदेखि हुन थालेको थियो ।

५. त्यसैगरी मिङ र छिङ राजवंशका ताका हानहरु तिबेटन-यि करिडोरतर्फ धेरै संख्यामा सरेका थिए । हानहरु अति धेरै संख्यामा सरेका हुनाले 'ओइरिएको' (pouring) भन्ने शब्दको प्रयोग गरिएको पाइन्छ ।

यी सबै प्रवृत्तिहरूलाई मिहिन ढंगले हेर्ने हो भने चित्र ४ मा झैँ तिबेटन-यि करिडोरलाई एसियाको मानचित्रमा, खासगरी तिबेटो-बर्मन, मानिसहरूका बसाइँ-सराइ मार्गका रूपमा बुझ्न सकिन्छ । तसर्थ तमू (गुरूङ)का पुर्खाहरु पनि यही मार्ग पछ्याएका हुन्, जसबारे पछि डिएनएको नतिजासँग राखेर हेरिने छ । अर्को अर्थपूर्ण अध्ययन भनेको जोसेफ रकले सन् १९४७ मा प्रकाशित गरेको 'द एन्सिएन्ट नःखि किङ्डम' भन्ने किताब हो । उनले १२ वर्षसम्म नःखि समुदायका बारेमा गहन अध्ययन गरिसकेपछि अरू थप १४ वर्ष लगाएर यो किताब प्रकाशित गरेका थिए । उनले चिनियाँ इतिहास अध्ययन गर्नुका साथै तात्कालीन एसियाका मुलुकहरूको पनि अध्ययन गरेर महत्वपूर्ण अन्तरसम्बन्धहरूको उजागर पनि गरेका छन् ।

जोसेफ रकको वर्णन अनुसार वर्तमानमा नःखि जातिहरूको अधिराज्य भन्नाले तिब्बती पठारको पूर्वी भाग वा दक्षिण-पश्चिमी चीन जुन सिचुवान, युनान तथा तिब्बत स्वशासित क्षेत्रका त्रिपक्षीय सीमा क्षेत्र पर्दछन् । चिनियाँ इतिहासअनुसार महान युले पहिलो सिया राजवंश (करिब ई.पू. २०२०-२१९८) खडा गरेका बखत यो क्षेत्र उनको आधिपत्यमा पर्दैनथ्यो । त्यहाँ भएका मानिसहरूलाई 'सि-नान-यि' अर्थात दक्षिण-पश्चिमी बार्बेरियन वा 'पु' भन्ने गरिन्थ्यो । चीनमा चौ राजवंश (ई.पू. १०४५-२५६) का बखत यी मान्छेहरु याङ्जी नदीको मध्यतिर पाइन्थे र छितरिएर बस्ने हुनाले इतिहासमा यिनीहरूलाई 'पाइ पु अर्थात् सयथरी पु' पनि भन्ने पनि गरिन्थ्यो । र, आजका दिनमा ती 'पु'हरूबाट नै चीनमा पाइने नःखि तथा अनेकौं स-साना जाति वा थरीहरूको निर्माण भएको हो ।




चित्र ५: पंक्तिकारको पैतृक आनुवांशिक संरचना




चित्र ६: बाबा तथा आमातर्फका प्राचीन पुर्खाहरु हिंडेका बाटाहरु

चौ राजवंशका ताका चिनियाँ इतिहासका पानामा धेरैपटक यी 'पु'हरूको उल्लेख भएको पाइन्छ । त्यस क्षेत्रमा पाइ-जु (जुन 'पच्यु' हुन सक्ने सम्भावना), म्याओसिहाङ (जुन 'मुस्ताङ' हुन सक्ने सम्भावना), ठिएन् (जुन 'ठिनी' हुन सक्ने सम्भावना) आदि प्राचीन राज्य तथा स्थानहरु पर्छन् । ई.पू. सातौँ शताब्दीमा ठिएन् राज्य तात्कालीन चौ साम्राज्यअन्तर्गतको छु राज्यको राजा चुवाङ (शासनकाल ई.पू. ६१३-५९१) कै भाइखलक कै जर्नेल चुवाङ छियाओले स्थापना गरेका थिए । साथै तात्कालीन अवस्थामा त्यस ठाउँमा 'कुन्मि' जातिका मानिसहरु तथा सोही नाममा राज्य पनि थियो, जसलाई लामो कालान्तरमा तमू (गुरूङ)हरूमाझ 'कोन-मे' भएको हुन सक्ने संकेत पनि मिलेको छ भने हालमा युनानको राजधानी 'कुन्मिङ' पनि रहेको छ । तसर्थ अझ अध्ययन गर्नु जरूरी छ । ई.पू. तेस्रो शताब्दीमा सम्राट अशोकले उनको करिब ३६ वर्ष शासनकालमा विस्तार गर्दै दक्षिण-पश्चिम चीन वा न:खिहरूका राज्यमा उनकी स्थानीय रानी 'छियन मङ कुई'का लागि जितेका थिए । यस घटनालाई इन्डियन रक्त अन्तरघुलन भएको घटनाका रूपमा लिन सकिन्छ । जसका कारण तमू (गुरूङ)हरूमा केही अंश भारतीय तथा बंगाली डिएनए पाइएको अहिले पछि देखिने छ ।

### ४.२ डिएनए विश्लेषणबाट प्राप्त तथ्यहरू

माथि नै बयान गरिएजस्तै सबैभन्दा पहिले मेरो नै डिएनए परीक्षण र विश्लेषण गरियो । यो कार्य चीनको वि-जिन (We-Gene) कम्पनीद्वारा गरिएको थियो । नतिजाहरु चित्र ५ र ६ मा प्रस्तुत गरिएअनुसार छन् । चित्र ५ ले के कति मात्रामा के कस्ता पुर्खाहरूको वंशाणु रहेको छ भन्ने देखाउँदछ भने चित्र ६ ले बाबा तथा आमातर्फका पुर्खाहरु कति हजार वर्ष पहिले नै अफ्रिकाबाट निस्किएपछि मध्य एसिया तथा त्योभन्दा टाढा पुगेका रहेछन् भन्ने संकेत गर्छन् । तसर्थ यी नतिजाहरूबाट के बुझ्न सकिन्छ भने आधुनिक मानव सभ्यताको प्रादुर्भाव

तालिका १. विभिन्न तमू (गुरूङ)हरूको पैतृक आनुवांशिक वा डिएनए संरचनाहरु

| पैतृकराष्ट्र वा जातिविशेषवा मूल | गुरुङकविभिन्न थरीहरुमडिएनएकोप्रतिशत(%) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ल्हेंगे पच्यु | टु क्ल्हेब्री | प्ल्हेमे | ङोब्जे | घले | लेम१ | केब्जे | लम | लेम२ |
| **कः चिनियाँ जातिविशेषवा मूल** | **८३.३९** | **८६.१९** | **८५.७** | **७८.८६** | **८६.६७** | **७५.८५** | **८८.८५** | **८७९८** | **८२.०८** |
| नाशी/ताई/यि | ५५.७६ | ३६.९ | ४५.४४ | ४१.९१ | ४३.१५ | ३४.२६ | ४७.४९ | २४.८३ | ११.१३ |
| तिब्बती | १५ | १९.२८ | १०.४४ | १६.२१ | १२.३४ | १४.९ | २०.१३ | १२.७७ | १७.३ |
| मङ्गोलियन जाती | ११.३६ | २९.९९ | २९.५४ | - | ३१.१५ | २६.६३ | १७.५८ | ५०.३६ | ५०.९३ |
| उत्तरी हान | - | - | - | १६.०१ | - | - | - | - | - |
| लाहु | १.२४ | - | ०.२६ | - | - | - | ०.८९ | - | २.६८ |
| अन्य | ०.०३ | ०.०२ | ०.०२ | ४.७३ | ०.०३ | ०.०६ | २.७६ | ०.०२ | ०.०४ |
| **खः दक्षिण एशियालीमूल** | **१०.३२** | **११.४४** | **१२.६३** | **१५.३५** | **११.९३** | **१८.२१** | **९.६** | **११.१३** | **१६.५२** |
| **गः अन्य मूल** | **६.२९** | **२.३७** | **१.६७** | **५.७९** | **१.४** | **५.९४** | **१.६८** | **०.८८** | **१.४** |
| **जम्मा (क+ख+ग)** | **१००** | **१००** | **१००** | **१००** | **१००** | **१००** | **१००** | **१००** | **१००** |

चीनमा मात्र नभएर अमेरिकामा पनि एक जना लम र एक जना भुज गुरूङ व्यक्तिको डिएनए परीक्षण गरिएको थियो र उहाँहरूको पनि चित्र ७ मा देखाइएजस्तै माथिको तालिकासँग नै मिल्दो नतिजा हो । यहाँ फरक कम्पनीले गरेको प्रस्तुतिको भिन्नता मात्र हो ।




चित्र ७: भुज तथा लम गुरूङ व्यक्तिहरूको आनुवांशिक संरचनाहरु

हुनुभन्दा धेरै नै पहिले हाम्रा पुर्खाहरु धेरै उत्तरी भु-भागमा पुगेका रहेछन् ।

यहाँ बुझ्नु पर्ने अर्को कुरा के छ भने चित्र ५ मा देखाइएका विभिन्न समुदायहरु कालान्तरमा परिवर्तन हुँदै वर्तमानमा यी ठाउँमा रहेका 'पहिचान' बन्न गएका हुन् र अहिले पनि ती पहिचानसँग सम्बन्ध देखाउनु भनेको प्राचीन समयमा पुर्खाले पद चिन्ह छाडेको स्थान आज यसरी चिनिन गएको छ भन्नु पनि हो ।

म 'लेम' गुरूङ र मेरो डिएनए परीक्षणले माथिका नतिजाहरु देखायो । अब के मेरो मात्रै त्यस्तो हो वा अरूको पनि उस्तै खालको नतिजा आउँछ कि आउँदैन ? भन्ने प्रश्न स्वभाविक रूपले उठ्छ । त्यसपछि फेरि 'वि-जिन' कम्पनीबाट नै विभिन्न व्यक्तिका परीक्षण गरियो र नतिजा तालिका १ मा प्रस्तुत गरिएको छ । तालिकामा प्रस्तुत भएअनुसार सबैजना परीक्षण गरिएका तमू (गुरूङ)हरूको आनुवांशिक ढाँचा (pattern) एउटै पाइयो । मात्रामा




चित्र ८: तिबेटन-यि करिडरमा डिएनए तथा अन्य ऐतिहासिक तथ्यहरूको एकीकृत विश्लेषण

केही घटी-बढी हुनु स्वभाविक हो ।

अर्को अति सान्दर्भिक कुरा के भने प्रख्यात पुरातत्वविद मार्क अल्डेन्डर्फरले सबैभन्दा पहिला कतातिरबाट आएका मानिसहरूले हिमालय क्षेत्रमा प्रवेश गरे भन्ने अध्ययन गरेका छन् । उनले मुस्ताङमा अवस्थित प्राचीन गुफामा पाइएको मेब्राक मम्मीको डिएनए विश्लेषणद्वारा हिमालय क्षेत्रमा सबैभन्दा पहिले पुग्ने मानिसहरु हालका हान तथा तिबेटनलगायतका पूर्वी-एसियालीहरु तथा सगरमाथाको नजिक बस्ने शेर्पाहरूसँग मिल्न गएको प्रमाणित गरेका छन् । साथै उनले यो पनि शिद्ध गरेका छन् कि त्यो डिएनए कुनै पनि भारतीय मूलका अर्थात् इन्डो-आर्यन मान्छेहरूसँग मिल्दैन । यो तथ्य नेसनल जोग्राफिकले छोटो भिडियोका रूपमा प्रकाशित गरेको छ । तसर्थ त्यो डिएनए नेपालमा हुने तमू (गुरूङ) लगायतका हिमाली आदिवासी जनजातिहरूसँग सम्बन्धित पुर्खाको हुनुका साथै उनीहरूको एउटा महत्वपूर्ण प्राचीन बसाइँ-सराइ मार्ग भएको पनि प्रमाणित गर्दछ ।

### ४.३ तथ्यहरूलाई एकआपसमा प्लटिङ गरी विश्लेषण

माथि उल्लेख गरिएका संकलित सबै प्रमाणहरूका अन्तरसम्बन्धको खोज तथा विश्लेषण गर्न जरूरी तथा सम्भव पनि भयो । अघि नै एसियाको मानचित्रमा तिबेटन-यि करिडरलाई चित्र ४ मा उल्लेख गरिसकिएको छ । त्यस चित्रमा शि शुओ तथा न:खि अधिराज्यको अध्ययनहरूले दिएका महत्वपूर्ण प्रमाणहरु तथा डिएनए परीक्षणले दिएका नतिजाहरूलाई एकआपसमा खप्ट्याएर (overlay) चित्र ८ मा जसरी प्रस्तुत गर्न सकियो । जसबाट तमू (गुरूङ)हरूको करिब ८-९ हजार वर्षअघिको उत्पत्तिस्थलबाट वर्तमान नेपाल प्रवेश गर्ने बसाइँ-सराइका पाटाहरूको विस्तृत विश्लेषण गर्न सकिन्छ ।

### ५. कस्तो निष्कर्षमा पुगियो ?

यसप्रकार तमू (गुरूङ)हरूको उत्पत्तिको इतिहासको खोजी सम्भव भयो र के निष्कर्षमा पुग्न सकियो भने तमू (गुरूङ)हरु प्राचीनकालमा उत्तरतर्फबाट (जुन क्षेत्र वर्तमानमा चीन तथा अझ उत्तरी क्षेत्रमा पर्छ) लामो बसाइँ-सराइ गर्दै झण्डै २-३ हजार वर्ष पहिले नै वर्तमानमा नेपालको भाग भनेर चिनिने हिमाली भु-भागमा आइपुगे ।

उत्पत्ति भन्नाले आजसम्मको वैज्ञानिक आधारमा आधुनिक मानवको उत्पत्ति अफ्रिकामा भएको मानिन्छ । तत्पश्चात् आज आएर कसैले ककेसियन, मंगोलियन, एसियन, युरोपियन आदि भनेमा उनीहरूको त्यो त्यहाँ बसाइँ सर्दै गएर पुगेको उत्पत्तिस्थल हो, जुन विज्ञानले प्रमाणित गरिसकेको छ । यसै वैज्ञानिक आधारमा कुरा गर्दा अफ्रिकाको पनि इथियोपिया भन्ने देशका मानिसले बाहेक संसारमा कसैले पनि आफू त्यस ठाउँमा उत्पन्न भएको भन्न मिल्दैन । पछिल्लो समयमा तथा नेपालबाहेक संसारको विभिन्न देशमा 'गुरूङ' भनेर चिनिनेहरूले हजारौँ वर्षपछि यदि अहिले हामीले खोजेजस्तै खोज्नुपर्ने अवस्था सिर्जना भएमा सायद तमू (गुरूङ)को 'स्थानान्तरित उत्पत्ति' नेपाल थियो भन्नेछन् र त्यसबेला विविधिकरण आजको दिनभन्दा धेरै भइसकेको हुनेछ ।

माथि चित्र ८ मा समाविष्ट तथ्यहरु र अरू अघि नै उल्लेख गरिएका तथ्यहरूका जगमा बसेर कुरा गर्दा तमू (गुरूङ)हरूका सन् १४९२ भन्दाअघिको जातीय वा थरीगत पहिचान के थियो त्यो पनि अध्ययनको विषय नै रहन्छ ।

प्राप्त डिएनएको तथ्यले पंक्तिकार तथा त्यस्तै मिल्दा-जुल्दा तमू (गुरूङ)को बाबुपट्टिका पुर्खाहरु २४,०००-३४,३०० वर्ष पहिले नै अफ्रिकाबाट सर्दै मध्य एसिया पुगिसकेका, जसका केही हाँगा दक्षिण एसियातिर पनि गएको हुन सक्ने संकेतसमेत छ भने आमापट्टिका पुर्खाहरु ४०-६० हजार वर्ष पहिले नै सायद पूर्वी एसिया पुगिसकेको देखिन्छ । यस कार्यपत्रमा समावेश गरेर नदेखाइएको भए पनि 'लेम' र 'टु क्ल्हेब्री'को यस नतिजा ठ्याक्कै मिल्छ भने, त्यसैगरी 'केब्जे', 'ङोब्जे' र 'लम'को पुर्खाहरूको पनि ठ्याक्कै मिल्छ । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने हामीमा 'सानो-ठूलो' भन्ने जातीय भिन्नता नै छैन ।

त्यसपछिको अर्को महत्वपूर्ण कुरा टिबेटन-यि करिडर सम्बन्धि अध्ययनले के स्पष्ट पार्दछ भने करिब ८ हजार वर्ष पहिले नै पुर्खाहरु मंगोलिया तथा कोकोनोर क्षेत्रमा पुगिसकेका रहेछन् र प्रतिकूल जलवायुका कारण त्यहाँबाट दक्षिणतिर सर्नुपर्ने बाध्यता आएको देखिन्छ । सर्दै जाँदा उनीहरूले विभिन्न बस्तीहरु पनि बसाल्दै गएको बारेमा शि शुओले विस्तारमा उल्लेख गरेका छन् ।

हुन त मानिसहरूको आवत-जावत विभिन्न दिशामा हुने कुरा स्वभाविक छ । तर करिब ६ हजार वर्षअघि उनीहरु दक्षिण-पश्चिमी चीनको क्षेत्र युनानमा आइपुगे । त्यहाँ सायद लामो बसाइ र सभ्यताको विकासका साथै व्यापकरूपमा धेरैथरीहरूमा विविधिकरण भएको देखिन्छ । यहाँ स्मरण रहोस् सबै तमू (गुरूङ)हरु, जसको परीक्षण गरियो, सबैको डिएनएले नासी समुदायको अंश देखाएको छ । यसको अर्थ के हुन्छ भने सबैका पुर्खाहरु त्यस क्षेत्र भएरै गएका रहेछन् । त्यसपछि सबैजनाको डिएनएमा तिबेटन अंश पनि रहेको छ । यसले पनि के देखाउँछ भने सबैका पुर्खाहरु तिब्बत भएरै आएका रहेछन् । अब बुझ्नु पर्ने के छ भने भौगोलिक रूपमा तिब्बत धेरै ठूलो छ र वर्तमान नेपालको पूरै उत्तरी सीमारेखाभन्दा दुवैतर्फ धेरै टाढा-टाढासम्म फैलिएको छ । तसर्थ वर्तमान नेपालभित्र छिर्ने अनेकौं बाटाहरु हुन सक्छन् जुन भविष्यको अध्ययनको विषय हुन जान्छ । तर मुस्ताङमा अवस्थित गुफाबाट प्राप्त प्राचीनतम् डिएनएले स्पष्ट रूपमा एउटा बाटोलाई वैज्ञानिक प्रमाण दिएको छ । अब 'प्ये ताँ ल्हु ताँ' र डिल्लीजङ गुरूङले राख्नुभएका तर्कहरूले मनाङ तथा केरूङ पनि महत्वपूर्ण बाटाहरु हुन सक्छन् र त्यो पनि अध्ययनको विषय बनेको छ । यहाँ क्होलासौँथरको अध्ययनलाई सम्झिँदा मनाङ तथा मुस्ताङ दुवैतर्फवाट आएका हुन सक्ने सम्भावना प्रशस्त छ । यति मात्र नभएर नेपाल तथा दक्षिण एसियाली क्षेत्रमा भएका सबै मंगोलियन मुखाकृति भएका र तिबेटो-बर्मन भनिने जातिहरु यसै तिबेटन-यि करिडोरको भागकै रूपमा बसाइँ-सराइ गरेकाहरु नै हुन् भन्न मिल्ने देखिन्छ । यसको अनुमान तथा अर्थ यो पनि लगाउन सकिन्छ कि सबै तिबेटो-बर्मन जातिको 'स्थानान्तरित उत्पत्ति' मंगोलिया, युनान तथा तिब्बत हुन सक्छन् ।

यहाँ भारतीय तथा बंगलादेशी आनुवांशिक वा 'जिन'को मात्रा केही मात्रामा हुनु ई.पू. तेस्रो शताब्दीमा सम्राट अशोकको समूहले युनान क्षेत्रमा कब्जा जमाएको ऐतिहासिक सन्दर्भ गाँसिन पुग्छ । वास्तवमा बिसौँ शताब्दीको समयसम्म पनि बंगलादेश भारतकै एक भाग थियो । त्यसैगरी केही नगन्य मात्रामा थाई तथा दक्षिण-पूर्वी देशका मानिसहरूको डिएनए हुनुले कुनै नातेदार पुर्खा युनानबाट छुट्टिँदा त्यस दिशातर्फ गएको हुन सक्ने कुराको पनि संकेत गर्दछ ।

मंगोलिया र कोकोनोर, युनान, तिब्बत आदि 'स्थानान्तरित उत्पत्ति'का बिन्दुहरूमा हुने गरेका तमू (गुरूङ)का पुर्खाहरु न हिन्दु थिए न क्होलाको पुरातात्विक अध्ययनको निष्कर्ष अनुसार बौद्धमार्गी नै थिए ।

यसरी वंशावली वा मिथकीकृत गरिएको इतिहासले मानेको कुरा सम्भव नै देखिँदैन । बरू हामी तमू (गुरूङ)हरूका 'प्ये ताँ ल्हु ताँ' र वैज्ञानिक प्रमाणहरूमा तादाम्यता पाइयो र त्यसका आधारमा गुरूङहरु चीनका जातिहरूसँग सिधै सम्बन्धित भएको प्रमाणित हुन गयो । तसर्थ सन् १४९२ मा लेखिएको वंशावली, मुलुकी ऐनको संरक्षणमा मलजल गरिएको वंशावलीको निरन्तरता र सन् १९५१ पछि लेखिएका तथा छापिएका वंशावली तथा दिगभ्रमित पार्ने ऐतिहासिक दस्तावेजहरु स्वतः अमान्य हुन जान्छन् । सबै तमू (गुरूङ)हरु एकै हुन् र कोही सानो, कोही ठूलो भन्ने मान्यता पाल्नु निरर्थक मात्र होइन, मूर्खता पनि हो । यसरी तमू (गुरूङ) एकता सम्भव पार्न यो अध्ययनले मद्दत गर्ला भन्ने विश्वास छ ।

अन्त्यमा यो अध्ययन नै वैज्ञानिक प्रमाणमा आधारित उत्पत्तिको इतिहास खोतल्ने र प्रमाणहरूका आधारमा वर्तमानका चीन र नेपालका मान्छेहरूका बीच प्रत्यक्ष अन्तरसम्बन्ध रहेको तथ्य उजागर गर्ने पहिलो अध्ययन हो । किनभने सबै अघिल्ला अध्ययनहरु दुई वा सोभन्दा बढी छुट्टै स्थानहरूका बेग्लाबेग्लै तुलनात्मक खालका मात्र थिए भने यो अध्ययनले प्रत्यक्ष रूपमा आनुवांशिक पदार्थ वा जिन नै मिलेको देखाउन सफल भएको छ ।

**सन्दर्भ सामग्रीहरू:**

आचार्य, बाबुराम र योगी नरहरीनाथ सम्पादित (वि.सं. २०१०) । राष्ट्रपिता बडामहाराजधिराज श्री ५ पृथ्वीनारायण शाहको दिव्य उपदेश । प्रा. श्रीकृष्ण आचार्यद्वारा परिष्कृत तथा परिवर्द्धित तृतीय संस्करण तथा प्रकाशन । वि.सं. २०७० आषाढ १५ गते पुनर्मुद्रित ।

आचार्य, नारायण प्रसाद प्रकाशित (वि.सं. २०५४). असली पुरानो ठूलो शिखरनाथ थरगोत्र प्रवरावली । यशोधा पुस्तकालय, दुर्गाघाट, वाराणसी, पो. नं. १ ।

गुरूङ, अगम बहादुर (वि.सं. २०३९) । गुरूङ, किराँती र मगरको वंशावली । संकलनका रूपमा प्रकाशित ।

गुरूङ, खुशीमान (वि.सं. २०७०) । गर्भमा लुकेको तमुवानको इतिहास । मुद्रणः फिस्टेल पब्लिकेशन प्रा. लि., पोखरा ।

गुरूङ, चन्द्रमणि (वि.सं. २०६७) । तमू जातिका कथा र व्यथा । प्रकाशक स्वयम् । मुद्रणः सिग्देल मुद्रणालय प्रा.लि., पोखरा औद्योगिक क्षेत्र ।

गुरूङ, जगमान (वि.सं.२०३४) । गुरूङ जाति तथा संस्कृति । प्रकाशक लेखक स्वयम्, कास्की, नेपाल ।
गुरुंग, जगमान (वि.सं.२०४१) । नेपालको एकीकरणमा गुरूङहरूको भूमिका । प्रकाशक बौद्ध अर्घौं सदन कास्की । मुद्रक : इन्दु छापाखाना प्रा. लि., ललितपुर, नेपाल ।
गुरूङ, जगमान (वि.सं.२०६७) । तमुवानको ऐतिहासिक वृत्तान्त । राजेन्द्रजङ तथा जगतजङ गुरूङद्वारा प्रकाशित । मुद्रणः हाइडल प्रेस प्रा.लि., डिल्लीबजार, काठमाडौँ । ISBN: 978-9937-2-3001-8
गुरूङ, डिल्लीजङ (वि.सं. २०५६) । तमू जातिको लुकेको इतिहास । प्रकाशकः देवीजङ गुरूङ । मुद्रकः जीवन प्रिन्टिङ सपोर्टस प्रेस, नयाँबजार, काठमाडौं ।
गुरूङ, हर्क बहादुर (२०४९) । तमू जाति एउटा मन्थन । फागुन २६, २०४९ मा कास्कीको गुरूङ साधारणसभामा प्रस्तुत कार्यपत्र ।
गुरूङ, रत्न बहादुर (वि.सं. २०७३) । हाम्रो वंशावली सन्दर्भ र सिरूबारीको बेली विस्तार । प्रकाशकः बिष्णुकुमारी गुरूङ, सुशीलराज गुरूङ । मुद्रणः हिसी अफसेट प्रिन्टर्स प्रा.लि., जमल काठमाडौ । ISBN: 978-9937-0-2445-7
गुरूङ, शेरबहादुर (वि. सं. २०१३) । गुरूङको वंशावलीः 'गुरूबाट गुरूङ' । गुरूङ कल्याण संघद्वारा प्रकाशित ।
चौँलुङ्हौँ कोने, छानबहादुर (वि.सं.२०६६) । आदिवासी तमू (गुरूङ) र चौँलुङ्हौँ कोने वंश । प्रकाशक हिमे चौँलुङ्हौँ कोने एकता समिति, पोखरा, नेपाल । ISBN: 978-9937-2-2027-9
थकाली गुरूङ, होमा (वि.सं.२०६७) । तमू गुरूङ जातिको उत्पत्ति र धर्म-संस्कृति । प्रकाशकः लेखिका स्वयम्, खुमलटार, ललितपुर, नेपाल । ISBN: 978-9937-2-2356-0
पन्त, दिनेशराज (वि.सं. २०४१) । गोरखाको इतिहास (पहिलो भाग) । प्रकाशक लेखक स्वयम् । मुद्रक सृजना प्रिन्टर्स, ब्रह्मटोल, मुसुमबहाल (लस्कननी), काठमाडौं, नेपाल ।
पन्त, दिनेशराज (वि.सं. २०६९) । प्रथम किरात राजा यलम्बरको समय (अनुसन्धान ग्रन्थ) । प्रकाशक, नेपाल प्रज्ञा प्रतिष्ठान । प्रथम प्रकाशन वि.सं. २०६९ । ISBN: 978-9937-589-07-9
ब्होइमु तमू, टेकन सिंह (वि.सं. २०४५) । कँर्लोः सृष्टि सम्बन्धि वेदको सार । प्रकाशन तमू छौँज, रूपन्देही, बुटवल, नेपाल ।
ल्हैँगे गुरूङ, नारायण (वि.सं. २०६८) । तमू (गुरूङ) जातिको चिनारी । प्रकाशकः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, जाउलाखेल, ललितपुर तथा तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषद, केन्द्रीय समिति, मित्रनगर, काठमाडौं । ISBN: 978-9937-2-5032-0
ल्हैँगे तमू, दलबहादुर (वि.सं. २०५०) । तमू केवै ताँः तमू (गुरूङ)हरूको सृष्टि, संस्कृति र कलाबारे जानकारी । प्रकाशकः भीमसेन गुरूङ, ढापुक, स्याङ्जा, गण्डकी अञ्चल ।
योगी नरहरीनाथ र कृष्णबहादुर गुरूङ (वि.सं. २०२०) । श्री गुरूङ मगर वंशावली ।
योगी नरहरीनाथ (ई.सं. १९५६) । घलेको वंशावली ।
शर्मा, जनकलाल (वि.सं. २०६७) । हाम्रो समाजः एक अध्ययन-चौथो संस्करण । प्रकाशकः साझा प्रकाशन, ललितपुर, नेपाल । ISBN: 978-99933-2-925-1
Aldenderfer, M. and Zhang Yinong (2004). The Prehistory of the Tibetan Plateau to the Seventh Century A.D.: Perspectives and Research From China and the West Since 1950. In Journal of World Prehistory, Vol. 18, No. 1, March 2004 (C _ 2004).
Aldenderfer, M. and Holley Moyes (2004). Excavations at Dindun, a pre-Buddhist village site in far western Tibet. In Huo Wei & Li Yongxian (Eds.), Proceedings of the First International Conference on Tibetan Archaeology and Art (pp. 47-69). Chengdu: Center for Tibetan Studies, Sichuan University.
Avari, B. (2007). India: The Ancient Past. A History of the Indian-Subcontinent from c. 7000 BC to AD 1200. Routledge, Taylor & Francis Group, London and New York. (downloaded from b-ok.org).
Central Bureau of Statistics (2012). National Population and Housing Census 2011 (National Report). Volume 01, NPHC, 2011. Government of Nepal, National Planning Commission Secretariat. Central Bureau of Statistics, Kathmandu, Nepal.
Chemjong, I.S. (2003). History and Culture of Kirat People. 4th Edition. Published by Kirat Yakthug Chumlung, Central Office, Mahalaxmisthan, Lalitpur, Nepal. Printed at Kanchan Printing Press, Bagbazar, Kathmandu, Nepal.
Di Cosmo, Nicola (1994). Ancient Inner Asian Nomads: Their Economic Basis and Its Significance in Chinese Histoy. In The Journal of Asian Studies 53, no. 4 (November 1994), pp 1092 – 1126.
Evans, C., Y. Tamu, J. Pettigrew and M. Turin (2009). Grounding Knowledge/Walking Land - Archaeological and Ethno-Historical Researchers in Central Nepal. McDonald Institute for Archaeological Research.
Government of Nepal (2002). National Foundation for Upliftment of Aadibasi/Janajati Act, 2058 (2002). Nepal Gazzete of 7 February 2002. Amendments: 1) Amending some Nepal Acts relating to maintain Gender Equality Act, 2063 (2006); 2) Republi Strengthening and Some Nepal Laws Amendment Act, 2066 (2010). Downloaded from www.lawcommission.gov.np
Gurung, H. (1996). Ethnic Demography of Nepal. Paper presented at a talk programme organized by Nepal Foundation for Advanced Studies (NEFAS). January 10,1996, Kathmandu.
Gurung, O.P. (1978). The Gurungs: Their History and Culture. A dissertation submitted to Institute of Humanities and Social Sciences in partial fulfillment of the requirements for Degree (MA) in History. Tribhuvan University, Nepal (unpublished).
Jayaswal, K.P. (1936). Chronology and history of Nepal (600 B.C. - 880 A.D.). In Journal of the Bihar and Orrisa Research Society (JBORS). Vol. XXII Part III, pp 161 - 264.
Kirkpatrick, W.J. (1811). An Account of the Kingdom of Nepaul: Being the substance of observations made during a mission to that country in the year 1793. London: Printed for Willium Miller, Albemarale-Street; by W. Bulmer and Co. Cleveland-Row, St. Jame's 1811. Digitised by Google. Downloaded from MCADD-PAHAR.
Law, Bimala Charan (1922). Ksatriya Clans in Buddhist India. Published by Thacker Spink & Co. Calcutta and Silma (downloaded from archieve.org).
Logan, J. R. (1850). The Ethnology of the Indian Archipelago: Embracing Enquiries into the Continental Relations of the Indo-Pacific Islanders. In Journal of the Indian Archipelago and Eastern Asia. Vol IV. Singapore, 1850. Kraus Reprint: A Division of Kraus-Thompson Organization Limited, Nendeln/Liechtenstein. Pages from 252–347.
Macfarlane, A. (1989). Some Background Notes on Gurung Identity In a Period of Rapid Change. In Kailash-A Journal of Himalayan Studies. Volume XV, Number 3-4. Pages from 179 - 190.
Macfarlane, A. and I.B. Gurung (1992). Gurungs of Nepal: A guide to the Gurungs. Ratna Pustak Bhandar, Kathmandu, Nepal.
Malinowski, B. (1948). Magic, Science and Religion and Other Essays. Trade Edition by Beacon Press: Boston,

Massachusetts & Text Edition by The Free Press: Glencoe, Illinois, 1948.
Mayr, E.W. (1942). Systematics and the Origin of Species, from the Viewpoint of a Zoologist. Cambridge: Harvard University Press. ISBN 0-674-86250-3.
Messerschmidt, D.A. (1976). The Gurungs of Nepal: Conflict and Changes in a Village Society. Published in India by the Oxford & IBH Publishing Co. 66 Janapath, New Delhi 110001.
Mumford, S.R. (1990). Himalayan dialogue: Tibetan lamas and Gurung shamans in Nepal. Tiwari's Pilgrims Book House, Kathmandu, Nepal.
Pandit, R.S. (1935). Rajatarangini: The Saga of the Kings of Kasmir. Translated from the the original Sanskrit and entitled the River of Kings with an Introduction, Annotations, Appendices, Index, etc. Forwarded by Jawaharlal Nehru. Published by Sahitya Akademi, Rabindra Bhavan, Ferozeshah Road, New Delhi 110001 in 1968 and 1977. (Downloaded from archieves.org).
Petech, L. (1950). The missions of Bogle and Turner according to the Tibetan texts. In T'oung Pao: International Journal of Chinese Studies. Volume 39: Issue 1 https://doi.org/10.1163/156853250X00113.
Pettigrew, Judith (1995). Shamanic dialogue: history, representation and landscape in Nepal. PhD dissertation (unpublished) submitted to University of Cambridge.
Pignède, B. (1993). The Gurungs. A Himalayan Population of Nepal. English Edition by Sarah Harrison and Alan Macfarlane. Ratna Pustak Bhandar, Kathmandu.
Ragsdale, T. (1990). Gurungs, Gorkhalis and Gurkhas: Speculations on a Nepalese ethno-history. In Contribution to Nepalese Studies. Vol. 17, No. 1. Journal of Centre for Nepalese and Asian Studies (CNAS), Tribhuvan University, Nepal. Pages from 1 – 24.
Regmi, D.R. (2007). Ancient Nepal. Published by Rupa and Co. 7/16 Ansari Road, Daryaganj, New Delhi 110 002. First published in 1965.
Regmi, D.R. (2007). Medieval Nepal Volume I. Published by Rupa and Co. 7/16 Ansari Road, Daryaganj, New Delhi 110 002. First published in 1965.
Regmi, D.R. (2007). Medieval Nepal Volume II. Published by Rupa and Co. 7/16 Ansari Road, Daryaganj, New Delhi 110 002. First published in 1965.
Regmi, D.R. (2007). Modern Nepal Volume I & II. Published by Rupa and Co. 7/16 Ansari Road, Daryaganj, New Delhi 110 002. First published in 1961.
Rock, J.F. (1947). The Ancient Na-khi Kingdom of Southwest China. Volume I. Published for the Harvard-Yenching Institute. Cambridge, Massachusetts. Harvard University Press.
Scott, J. C. (2009). The Art of Not Being Governed: An Anarchist History of Upland Southeast Asia. Published by New Haven, Conn.: Yale University Press, 2009.
Shi, S. (2018). Ethnic flows in the Tibetan-Yi corridor throughout history. International Journal of Anthropology and Ethnology (2018) 2:2 https://doi.org/10.1186/s41257-018-0009-z.
Strickland, S. (1983). The Gurung Priest as Bard. In Kailash-A Journal of Himalayan Studies. Volume X, Number 3-4. Pages from 227 – 265.
Strickland, S. (2019). Materials for the Study of Gurung Pe. Volume I. Harvard Oriental Series No. 86. Harvard University Press.
Strickland, S. (2019). Materials for the Study of Gurung Pe. Volume II. Harvard Oriental Series No. 87. Harvard University Press.
Thapar, Romila (2002). The Penguin History of Early India: From the Origins to AD 1300. Published by the Penguin Group. First published as Early India by Allen Lane The Penguin Press 2002. Published under the present title in Penguin Books 2003. (Retrieved from books.google.com, 18 July 2018).
Tucci, G. (1962). Nepal: The Discovery of the Malla. First Published in English in 1962 by E.P. Dutton & Co. Inc., New York, USA.
Tuttle, G. and K.R. Schaeffer, editors. (2013). The Tibetan History Reader. Colunmia University Press, New York, USA. ISBN 978-0-231-51354-8 (electronic). (First retrieved on 12 March 2018).
Vajracharya, G.V. (1973). Recently discovered inscriptions of Licchavi Nepal. In Kailash-A Journal of Himalayan Studies. Volume 1, Number 2. Pages from 117 - 134.
Vajracharya, G.V. (2018). Nepal Samvat and Vikrama Samvat: Discerning Original Sigificance. Talk delivered at Mahesh Chandra Regmi Lecture 2018 organised by Social Science Baha, Kathmandu, Nepal on 30 August 2018 at Himalya Hotel, Bakhundole, Lalitpur. Published by Social Science Baha and Himal Books.
https://biologydictionary.net/gene-pool/ (Retreived on 5 May 2018).
http://chinaknowledge.de/History/history.html (Retrieve on 1 Nov 2017).
https://genetics.thetech.org/ask-a-geneticist/how-ancestry-tests-work (Article of Margaret Antonio, retrieved on 11 September 2018).
https://genographic.nationalgeographic.com/human-journey/ (Retrieved 11 Jan 2018).
https://ghr.nlm.nih.gov/primer/dtcgenetictesting/ancestrytesting (Retrieved 11 Jan 2018).
https://www.livescience.com/40311-pleistocene-epoch.html (Retrieved 10 September 2018).
https://timesofindia.indiatimes.com/business/india-business/Indian-rupee-gets-a-symbol-joins-elite-currency-club/articleshow/6171234.cms (Retrieved on 15 March 2018).
https://www.bbc.com/news/uk-10782099 (Retrieved on 12 Jan 2018).
https://www.britannica.com/event/Neolithic-Period (Retrieved on 10 Sep 2018).
https://www.buddhanet.net/e-learning/history/tib_timeline.htm (Retrieved on 5 Aug 2018).
http://www.chinabuddhismencyclopedia.com/en/index.php?title=Xuanzang%27s_7th_Century_Account_of_Nepal (Retrieved on 21 Aug 2018)
https://www.drikpanchang.com/dashavatara/rama-navami/rama-navami-date-time.html/au/in/uk/uk/?year=1742 (Retrieved on 9 Oct 2018).
https://www.nationalgeographic.com.au/videos/mystery-of-the-himalayan-mummies/the-human-geno-of-the-himalayan-mummies-5004.aspx (Retrieved on 8 April 2018).
https://www.wegene.com

# विषय : तमू जातिको उत्पतिको इतिहास
## कार्यपत्र प्रस्तोता : डा. टेक गुरूङ

| क्र.स. | प्रश्नको विवरण | प्रश्नकर्ताको परिचय |
|---|---|---|
| १ | तपाईंको अध्ययन र अनुसन्धान धेरै नै गहिराई र राम्रो लाग्यो । एउटा प्रश्न राख्न चाहेँ, सर्वप्रथम नेपालमा मानिसहरूले कहिले बसाइँ सरी पाइला टेकेको थियो होला ? त्यसको अनुसन्धान भएमा गुरूङहरु उत्तरतर्फबाट नै नेपाल प्रवेश गरेको होला । यसको कुनै न कुनै अवशेष नेपालका विभिन्न ठाउँमा त पक्कै छ, अध्ययनले के भन्छ ?<br>डा. टेक गुरूङ : राम्रो प्रश्नका लागि धन्यवाद ! संक्षेपमा भन्नुपर्दा अहिले 'नेपाल' भनेर चिनिने भुभागमा जतिबेला मानिसहरु आइपुगेका थिए, पहिलो कुरा त त्यतिबेला उनीहरूले 'नेपाल' नै भनेको भन्ने कुनै खास प्रमाण छैन । साथै नेपालको प्राचीन इतिहासले पनि किरातकालभन्दा पर जान सकेको छैन र त्यसको पनि निश्चित मितिको बारेमा एकमत छैन । तैपनि अहिलेसम्म लेखिएको र धेरैजनाले मानेको कुरा गर्ने हो भने नेपालको किरातकालीन इतिहास करिब ई.पू. ७०० वर्ष जति मात्र पर पुग्छ, भन्नाले करिब २८०० वर्ष । तर मुस्ताङको पुरातात्विक स्थलबाट निकालिएको ३००० वर्ष पुरानो दाँतको डिएनएको प्रमाणबाट के भन्न सकिन्छ भने हामी गुरूङ तथा मंगोलियन मूलका मानिसका पुर्खाहरु उत्तरतिरबाट पहिलोपटक हालमा 'नेपाल' भनेर चिनिने देशको सीमाभित्र आइपुगेका रहेछन् । तसर्थ हालमा 'नेपाल' देशमा पहिलो बासिन्दाहरु हामीजस्ता मानिसहरु हुन् ।<br>यस कुरालाई बुझ्न अर्को सन्दर्भ पनि जोड्दा अझ प्रष्ट हुन्छ । कल्पना गरौं, ३००० वर्षभन्दा अघि हिमालको उत्तर वा पारिपट्टि जीवनयापन बढी कष्टपूर्ण थियो र दक्षिणतर्फ आउन उनीहरूलाई एउटा उत्प्रेरणा हुन सक्थ्यो । तर हिमालको फेदीदेखि दक्षिणतर्फ विकट स्थलहरूमा त्यति अघिदेखि दक्षिणतिर भएका मान्छेहरूलाई उक्लने कुनै उत्प्रेरणा हुने कुराको कल्पना गर्न निकै गाह्रो छ । हामीले जाने, बुझेको चारकोशे जंगल ३००० वर्षभन्दा पहिले, सायद बिसौँ कोशको थियो भन्ने अनुमान गर्न सकिन्छ । तसर्थ नेपाली भुभागहरूमा उत्तरतिरबाटै हिमाल नाघेर आएका हुन र कालान्तरमा उनीहरु तल्ला पहाडी भेग हुँदै तराईसम्म पुगे । यसैमा यो पनि जोड्न सकिन्छ कि लिच्छवीहरु, जो भारत वर्षबाट पहिलोपटक नेपालमा राजवंश स्थापना गर्न आइपुगे उनीहरु त ईसाको दोस्रो शताब्दीमा मात्र आएका थिए । यसबाट पनि के प्रमाणित हुन्छ भने तलतिरबाट आउनेहरूभन्दा पहिले नै उत्तरतिरबाट आउनेहरूले बसोबास गरेका रहेछन् । यहाँ के पनि बुझ्नु पर्छ भने यसरी आएका रहेछन् भनेर किटान गर्ने खालको वैज्ञानिक प्रमाण प्रस्तुत गर्ने अध्ययन सायद यो पहिलो हो र पक्कै पनि भविष्यमा अरू पुरातात्विक अध्ययनहरूले अझ पुष्टि गर्दै जानेछन् । | श्री नगेन्द्र गुरूङ<br>अध्यक्ष,<br>पोखरा महानगर समिति |
| २ | गुरूङ (तमू)हरूको उत्पतिको बारेमा कार्यपत्र प्रस्तुत गर्नुभयो, त्यसमा गुरूङ (तमू) मूल उत्पतिको स्थान तथा गुरूङ जाति कुन जातिबाट उत्पति भएर आयो ?<br>डा. टेक गुरूङ : उत्पत्तिको कुरा गर्दा यो कुरा करिब ६०-७० हजार वर्ष पहिले अफ्रिकाबाट बाहिर निस्केपछि र पछिल्लो करिब १२००० वर्षको मानव सभ्यता सुरू भएको कुरासँग जोडेर हेर्नुपर्छ । तसर्थ कार्यपत्रमा उल्लेख गरिएअनुसार गुरूङहरूको पहिलो उत्पत्ति करिब ८००० वर्ष अघि अहिले मंगोल भनिने जातिहरु भएका देखिन्छन् । त्यसपछि करिब ६००० वर्ष हाल चीनको युनान भेगमा पाइने विभिन्नखाले पहिचान बोकेका मानिसहरूसँग गाँसिन्छ र करिब ४(५ हजार वर्षदेखि तिब्बती मूलकाहरूसँग देखिन्छ । लामो समयपछि करिब ५२७ वर्ष पहिले गण्डक क्षेत्रमा रहेका ती मानिसहरूको नामकरण 'गुरूङ' बनेको देखिन्छ । | श्री पुष्पबहादुर गुरूङ,<br>काठमाडौं |

| | | |
|---|---|---|
| ३ | डिएनए परीक्षणबाट गुरूङ जाति करिब २-३ हजार वर्ष अगाडि आए भने ऐतिहासिक श्रोत अनुसार आर्यहरु कहिले आइपुगे ? र, आदिवासी कति वर्ष पहिलेदेखि बसोबास गरी आएकालाई भनिन्छ ?<br>डा. टेक गुरूङ : माथि नगेन्द्र गुरूङजीको प्रश्नको उत्तरमा आदिवासीहरु कम्तीमा पनि ३००० वर्षभन्दा अघिदेखि हिमाली तथा उच्च पहाडी भेगमा आएको देखिन्छ । तर, आर्यहरूका हकमा नेपाल तथा भारतकै इतिहासले करिब (लिच्छवीहरूको कुरा गर्ने हो भने) ईसाको पहिलो शताब्दीतिर आएका थिए भन्न सकिन्छ । अनि मल्ल तथा खसहरु बाह्रौं शताब्दीतिर मात्रै प्रवेश गरेका देखिन्छन् भने शाहका पुर्खाहरु त पन्ध्रौं शताब्दीमा मात्र आएका हुन् । मेरो अध्ययनमा सोफै आर्य वर्गमा पर्ने व्यक्तिहरूको डिएनए परीक्षण गरिएन किनकि उहाँहरूको आगमनको इतिहास प्रष्टै छ । | श्री पुष्पबहादुर गुरूङ, काठमाडौं |
| ४ | तपाईंको अध्ययन पत्रको प्रस्तुतिमा गुरूङहरूको उत्पतिको बारेमा अत्यन्त गहकिला प्रस्तुत गर्दै गुरूङहरूको गोत्रको प्रकार र थरको प्रकार साथै भाषा, लिपिको बारेमा स्पष्टता नदेखिएको जस्तो लाग्यो । त्यसका लागि स्पष्ट पारिदिन हुन विनम्र अनुरोध छ ।<br>डा. टेक गुरूङ : उत्पत्तिको बारेमा यहाँलाई 'गहकिलो' लागेको प्रति खुशी व्यक्त गर्दछु, जुन मानिसको जीवन अवधिको सापेक्षतामा कुरा गर्दा धेरै पहिलेको कुरा गरिएको हो । त्यसैगरी गोत्र, भाषा तथा लिपिको कुरा गर्दा पनि समयसँग नै जोडेर हेर्नुपर्छ । यहाँ पहिलो, गोत्र भन्नेबारे र दोस्रो, भाषा र लिपिबारे भनेर कुरा गर्दा अलि प्रष्ट होला । पहिलो, कुरा हामीजस्ता आदिवासी जनजातिहरूको विशेषता नै भन्नुपर्ला विविधिकरण ज्यादै प्राचीन समयदेखि नै हुने गरेको रहेछ । हाम्रा प्राचीन पुर्खाहरु जो युनान भेगमा थिए उनीहरूलाई चिनियाँ इतिहासले सयौँ 'पु' भनेर लेखेका रहेछन् । त्यसैको रूप होला सायद हाल नेपालमा पनि हामी पचासौँ थरीका आदिवासी जनजाति भएका छौँ भने गुरूङमा मात्रै २०२ थरी भएको कुरा गुरूङ विद्वानहरूले लेख्नुभएको छ । तर गोत्र भन्ने कुरा हिन्दु आर्यहरूको भएको र पन्ध्रौं शताब्दीमा गुरूङहरूको राज्य शाहवंशका पुर्खाले अधिनस्थ गरिसकेपछि जतातती गुरूङहरूलाई गोत्र दिने कामको थालनी गरेको देखिन्छ । जुन हाम्रो गुरूङ परम्पराको 'न्हेज'सँग मेल खाँदैन । बरू त्यसले भ्रम मात्र पार्छ ।<br>अब, दोस्रो सन्दर्भमा अरू विद्वानहरूले प्रशस्त गर्नुभएको, मेरो अध्ययनमा विस्तृत रूपमा नपारेको र वैज्ञानिक तवरले प्राचीन बसाइँ-सराइलाई पुष्टी गर्ने कार्य गरेकाले भाषा र लिपिको कुरा मैले यहाँ समावेश गरिन । तर, यहाँ के बुझ्नु जरूरी छ भने गुरूङहरु हालसालैसम्म पनि आफ्नो छुट्टै लिपि नभएको र पूर्णतया मौखिक परम्परामा चलेको जाति हो । सायद सबै प्राचीन इतिहासमा मान्छेहरूले चित्रमुलक लिपि बनाएका थिए होलान् तर गुरूङका हकमा त्यसबारे कुनै प्रामाणिक कुरा फेला परेको छैन । यद्यपि युनानका नासी-यि जातिहरूका चित्रमुलक लिपिहरु हाम्रो पनि हुन सक्थ्यो कि ? किनभने हाम्रा पुर्खाहरूले करिब ४-५ हजार वर्ष पहिले त्यो स्थान हुँदै बसाइँ-सराइ गरेको प्रमाणित भएको छ । | श्री जीवन गुरूङ<br>अध्यक्ष,<br>तमू हयुल छौंज धीं<br>गुरूङ राष्ट्रिय परिषद |
| ५ | वि.स. १६७० साल अगाडि गुरूङ र तामाङ एउटै थियो अनि कहिलेदेखि गुरूङ र तामाङको भाषा, संस्कार, संस्कृति आदि छुटेको हो ?<br>डा. टेक गुरूङः यसबारे मेरो अध्ययन रहेन । तसर्थ जवाफ दिन असमर्थ छु । सायद भविष्यमा अध्ययन गर्ने विषय बन्न सक्ला । | श्री चन्द्रशोभा गुरूङ फलेबास गाउँपालिका, पर्वत |
| ६ | तमूको 'प्ये'मा हेर्ने हो भने गुरूङले विश्वास गर्ने 'सिमी नासा' र मृतात्माले प्रयोग गर्ने 'म्ले क्यू' मनाङ क्षेत्रमा पर्छ भन्छ तर तपाईको पेपरमा गुरूङको आगमन मुस्ताङबाट भएको हो भन्नु भएको छ, के त्यसबेला यी दुवै भुगोलको नाम मनाङ र मुस्ताङ नै थियो र ?<br>डा. टेक गुरूङ : राम्रो प्रश्नका लागि धन्यवाद । हालसम्म हाम्रो 'प्ये ताँ ल्हु ताँ' र नेपाली विद्वान लेखकहरूले हाम्रै देशको सीमाभित्रको कुरा मात्र समेटेर 'सिमीनासा', 'म्ले क्यु' आदिबारे चर्चा गरेको पाइन्छ । जुन ज्यादै सीमित कुरा हो । त्यसैले मेरो | |

अध्ययनमा देखाइएको विशाल भुभाग र लामो समयको सन्दर्भमा यी सब कुराको बारे एउटा महत्वपूर्ण पक्ष के भने मानिसहरूले बसाइँ-सराइ गर्दै जाँदा आफूहरु पहिले-पहिले बसेका ठाउँहरूका नाम नयाँ ठाउँमा पनि पायक पर्ने हिसाबले राख्दै जान्छन् भन्ने देखाइएको छ । जस्तो कि बेलायतीहरूले अमेरिका, अष्ट्रेलिया आदि देशहरूमा गएपछि आफूलाई उस्तै झल्को दिने ठाउँका नामहरु पनि राखेको पाइन्छ । अमेरिकामा त इङल्याण्डको ठाउँमा न्यू इङ्गल्याण्ड, योर्कको ठाउँमा न्यूयोर्क जस्ता स्थानका नामहरु राखेको प्रष्ट इतिहास छ । नेपालमै पनि कीर्तिपुर, सल्यानटार, खैरेनी, फलेनी, स्वाँरा आदि जस्ता स्थान विशेष नामहरु प्रशस्तै पाइन्छन् । तसर्थ प्राचीन समयमा 'सिमीनासा' जस्ता ठाउँका नामहरु अहिले नेपालकै भुभागमा पर्दथ्यो भन्ने चाहिँ होइन । बरू यसबारे अरू अनुसन्धान हुन जरूरी छ ।
अब मनाङ र मुस्ताङको नाम ३००० वर्ष पहिले त्यही थियो भन्ने कुरा मैले कुनै निष्कर्ष निकालेको छैन । तर हाल आएर मनाङ र मुस्ताङ भनेर चिनिने भुभागहरु प्राचीन बसाइँ-सराइको मार्गहरु रहेको कुरा मात्र गरेको छु । जसमध्ये पनि मुस्ताङको मात्र पुरातात्विक अध्ययन र त्यहाँबाट प्राप्त प्राचीन डिएनएको विश्लेषणले मुस्ताङ एउटा बसाइँ-सराइको मार्ग भएको सुनिश्चित गरेको छ । अब गुरूङका पुर्खाहरु मुस्ताङ पहिले आए कि मनाङ भन्ने कुरा पछि गरिने अध्ययनको पाटो हुन सक्दछ । साथै अरू पनि उत्खनन् हुँदै जाने हो भने अनेकौँ बाटाहरूको पत्ता पनि लाग्न सक्छ र सायद सबैभन्दा पुरानो कुन हो त भन्ने पनि टुंगो लाग्न सक्ला । तर यी सब भविष्यले नै उजागर गर्ला ।

तपाईंको विचारमा राजा जगाति खान र भोजराजले गरेको गुरूङ जातिको अन्तरजातीय विभाजन हिन्दुकरण गर्न हो कि राज्य जोगाउन हो ?
डा. टेक गुरूङः यो पनि बडो चाखलाग्दो प्रश्न छ । अन्यत्र व्याख्या गरेको छु कि नेपालको राज्यले नै लिखत गरेको इतिहासले नै देखाउँछ कि गुरूङहरूको राज्य शाहवंशको पुर्खाले विजय गरी हत्याएका रहेछन् । अनि के पनि जानकारी छ भने पन्ध्रौँ शताब्दीमा जगाति खाणले आफूले जितेको क्षेत्रमा आफू अनुकुलको प्रजा बनाउन कदम चालेकै हुन् । तसर्थ फुटाऊ र राज्य गर भन्ने राजनीतिक दाउपेच वा मन्त्र निकै पुरानो हो । गुरूङहरूको राज्य र उनीहरूलाई पूर्णतया बशमा पार्ने उपाय कै रूपमा वंशावलीमार्फत फूट ल्याई आफ्नो राज्य सत्ता बलियो पार्ने काम भएको हुन सक्ने सहजै अनुमान गर्न सकिन्छ । यस प्रक्रियाका लागि यो पनि सहजै अनुमान गर्न सकिन्छ कि हिन्दु परम्परामा जन्मजात उचनीचको व्यवस्था हजारौँ वर्ष पुरानो मानिन्छ र त्यसलाई तात्कालीन समयमा विभाजन गर्ने औजारका रूपमा प्रयोग भएको देखिन्छ । तसर्थ तात्कालीन समयमा विभाजन र हिन्दुकरण साथसाथै लैजान खोजिएको देखिन्छ । तर, जगाति खाणका नाति द्रव्य शाहले गुरूङहरूलाई हात लिएर गोर्खा जितेको र तत्पश्चात उनको एघारौं पुस्ताका पृथ्वीनारायण शाहसम्म आइपुग्दा हिन्दुकरण निरन्तर चलिरहेको बुझ्न सकिन्छ । त्यति मात्र नभएर हिन्दु करणको प्रकरण बेलायती गोर्खा सैनिकहरूलाई एकजना पण्डितको व्यवस्था गरेर, मिथ्या वंशावली प्रचार गरेर तथा पछिल्लो समयमा पञ्चायतकालमा देशलाई पूर्णतया हिन्दु राष्ट्र घोषित गरेर आदि प्रक्रियाहरूबाट भएका छन् । तसर्थ विभाजन र हिन्दुकरण विदेशीबाट राज्य जोगाउनुभन्दा पनि राज्य सञ्चालन गर्न जनता दबाउने खेल हो भन्न सकिएला यद्यपि पृथ्वी नारायण र उनका छोरा बहादुर शाहले एकीकरणका लागि पनि केही हदसम्म हिन्दुकरणको उपयोग गरेको हुन सक्ने मान्न सकिन्छ ।

# तमू जातिको उत्पतिको इतिहास विषयक कार्यपत्रमाथि टिप्पणी



**होमा थकाली गुरुङ**
संस्कृतिविद्

डा. टेकबहादुर गुरूङज्यूले आफ्नो विद्यावारिधिको शोधपत्र 'द एथ्निक हिस्ट्री अफ नेपाल अ केस स्टडी अफ दि गुरूङस्'को आधारमा तयार गर्नुभएको कार्यपत्र 'तमू गुरुङ जातिको उत्पत्तिको इतिहास' माथि टिप्पणी गर्ने अवसर प्रदान गर्नुभएकोमा तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषद र अन्तर्राष्ट्रिय तमू सम्मेलनका आयोजकलाई हार्दिक धन्यवाद ।

तमू (गुरूङ) जाति करिब नौ/दश हजार लामो इतिहास र सभ्यताको संरक्षण गरिरहेको जाति हो । यसो हुदाँहुँदै पनि तमू गुरूङहरु करिब पाँच शताब्दीदेखि भने आफ्नै उत्पत्तिको इतिहासमा अलमलिनुपर्ने अवस्थाबाट गुज्रिरहेको थियो । तमू (गुरूङ)को इतिहास र सभ्यताका गाथालाई मौखिक आख्यानका रूपमा तमू खेगीहरूले एक पुस्ताबाट अर्को पुस्तालाई बताउँदै यसको संरक्षण गरिआएको हो । जसअनुसार तमू गुरूङहरूको उत्पत्ति मध्य एसिया भएको र कालान्तरमा दक्षिणतर्फ बसाइँ सर्दै-सर्दै करिब तीन हजार वर्षअघि वर्तमान नेपालको हिमाली भुभागमा प्रवेश गरिसकेको आख्यानहरूको भनाइ छ ।

तर आजभन्दा करिब ५२७ वर्षअघि तमू गुरूङको इतिहासले नयाँ मोड लियो । कास्कीका राजा जगाति खानले उनको पुरोहित भोजराज शर्मालाई तमू (गुरूङ)को पहिलो वंशावली तयार गर्न लगाए । वंशावली तयार भएपछि यसअघि तमू भनेर चिनिने जाति गुरूङ भनेर चिनिन थाल्यो । तमूहरूले आन्तरिक रूपमा आफ्नो जातिभित्र 'तमू' भन्ने र आफनो जाति बाहिरका मानिसहरूसँग गुरूङ भन्ने परम्परा सुरू भएको देखियो ।

दोस्रो कुरा, तमू (गुरूङ)हरु आर्य वंशीय भएको कुरा वंशावलीमा उल्लेख गरिएको देखियो । तेस्रो कुरा, तमू (गुरूङ)हरु कन्नौज, बुन्देल खण्ड तथा पिउठाना भन्ने दक्षिणी भुभागबाट हिमाली भुभागमा बसाइँ सरेको देखाइएको छ । चौथो कुरा, तमू जातिमा हुँदै नभएको ठूलो-सानो जाति विभेद देखाएर तमू (गुरूङ)हरूबीचमा कलह सुरू गराइयो र एकतामा फाटो ल्याइयो ।

वि.सं. १९१० सालमा राणा प्रधानमन्त्री जंगबहादुर राणाले वर्णाश्रम र जातीय व्यवस्थाअनुसार पहिलो मुलुकी ऐन जारी गरे । वि.सं. १९११ सालमा शिखरनाथ सुबेदीले थरगोत्र प्रवरावली भन्ने पुस्तकमा मिथ्या वंशावली समावेश गरेर प्रकाशित गरेको पुस्तकले जनस्तरमा प्रचार-प्रसार गर्ने काम गरयो ।

पुस्तकमा तमू जातिमा हुँदै नभएको ठूलो-सानो जाति भेद देखाएको कुरामा असहमति जनाउँदै लेफ्टिनेन्ट कर्णेल लछिमन गुरूङले राणा प्रधानमन्त्री जंगबहादुर राणासमक्ष उजुरी गरे । आजभन्दा करिब एक सय ५२ वर्ष अगाडि वि.सं. १९२४ मा प्रधानमन्त्री जंगबहादुर राणाका कार्यालयबाट पुस्तक जफत गर्ने र लेखकलाई रू २० जरिवाना गर्ने भारदारी फैसला जारी गरेको भएपनि सो निर्णय कार्यान्वयन हुनुको सट्टा पुस्तक निरन्तर प्रकाशित भइरह्यो ।

तमू (गुरूङ) जातिको उत्पत्ति बारे कलम चलाउने अर्का लेखक जनकराज शर्माले तमू गुरूङहरु चीनको हुण जातिसँग सम्बन्धित हुन सक्ने तर्क अगाडि सारे अनि, एक समूह सोभै दक्षिणतर्फ लागेको र त्यहाँ तिनले धर्म परिवर्तन गरी हिन्दु धर्म मान्न थालेको, अर्को समूह जो उत्तरी मार्गबाट बसाइँ सरेर आएको र उनीहरु बौद्धमार्गी

हुन सक्ने कुरा उल्लेख गरेर मिथ्या वंशावलीमा नै जोडेका छन् ।

देशमा प्रजातान्त्रिक व्यवस्था लागू भएपछि तमू गुरूङका केही लेखकहरु र बहुसंख्यक विदेशी लेखकहरूले तमू (गुरूङ) सम्बन्धि विभेदकारी वंशावली मिथ्या भएको बताउँदै आएको थियो । उनीहरूले तमू 'प्ये ताँ ल्हु ताँ'ले वर्णन गर्दै आएको तमू इतिहास सही भएको, तमू गुरूङ मंगोल वंशका भएको, मध्य एसियाबाट चीन र स्वशासित क्षेत्र तिब्बतहुँदै वर्तमान नेपालको हिमाली भूभाग हुँदै आएको भनेर आएको थियो । विभिन्न लोककथा र किंवदन्तीले यस कुरालाई पुष्टि गरे पनि किटान नै गर्न सक्ने वैज्ञानिक तथ्यको अभाव खटकिरहेको अवस्था थियो । आज आएर सो कथ्यलाई डा. टेकबहादुर गुरूङज्यूको विद्यावारिधि शोधपत्र 'द एथ्निक हिस्ट्री अफ नेपाल अकेस स्टडी अफ दि गुरूङ्स'ले तथ्यमा परिणत गरेको छ । त्यसैले अब हामी तथ्य अभावबाट मुक्त भएका छौँ ।

मैले करिब चार वर्षको लामो अध्ययन र अनुसन्धानपछि २०६७ सालमा 'गुरूङ जाति उत्पत्ति र इतिहास' प्रकाशित गर्दा तमू जातिको उत्पत्ति र बसाइँ-सराइको मार्ग पत्ता लगाउने प्रयत्न गरेको थिएँ । सो क्रममा मैले 'प्ये ताँ ल्हु ताँ'मा संग्रहित मौखिक इतिहासलाई मूल आधार मानेर थुप्रै स्वदेशी, विदेशी विद्वानहरूका लेख-रचनाहरु बहुआयामिक तरिकाबाट विश्लेषण र संश्लेषण गरेको थिएँ । त्यसैगरी वंशावली मिथ्या भएको प्रमाणहरु पनि उल्लेख गरेको थिएँ ।

यसो हुँदाहुँदै पनि तमू एकतामा मिथ्या वंशावली निरन्तर समस्याको जरो भइरहेको अवस्थामा, आज आएर तमू प्ये ताँ ल्हु ताँले वर्णन गर्दै आएको तमू इतिहास वैज्ञानिक परीक्षणबाट समेत सही भएको प्रमाण हाम्रोसामु आइसकेको छ । विभेदकारी वंशावलीले सृजना गरेको भ्रम उजागर भएको छ । तमू (गुरूङ)हरु माझमा कुनै किसिमको विभेद छैन भन्ने तथ्य स्पष्ट भएको छ । तमू (गुरूङ)हरूको एकताको मार्गमा देखिएको अवरोध छिचोलिएको छ । तमू (गुरूङ)हरूको उत्पत्ति दक्षिणको कन्नौज, बुन्देल खण्ड तथा पिउठाना नभई, चीनको कोकोनोर तालहुँदै उत्तरी मार्गबाट वर्तमान नेपालको हिमाली भुभाग हुँदै स्वदेश र विदेशमा फैलिएको हो भन्ने कुरा विभिन्न आधार र प्रमाणसहित हाम्रोसामु छ ।

गुरूङकी छोरी थकालीसँग बिहे गरेर करिब नौ वर्ष मुस्ताङ जिल्लाको जोमसोम बस्दा मैले तमू गुरूङसँग सम्बन्धित लोककथाहरु सुन्ने मौका पाएको थिएँ । त्यसैगरी मेरो श्रीमान् मानवशास्त्रमा चासो राख्नुहुने भएका कारणले पनि मेरो घरमा त्यसबेला मानवशास्त्रीहरु स्टान मर्म्फोड, माइकल भिन्डिङ र तिब्बतशास्त्री डेबिट पि. ज्याक्सनलगायतको आवत-जावत भइरहन्थ्यो । त्यसबेला उनीहरूले मलाई 'थाहा छ गुरूङहरु यही मार्गहुँदै कास्की र लमजुङतिर झरेको हो' भन्ने गर्दथे । मैले मेरो अनुसन्धानमा उत्तरी मार्गबाट बसाइँ-सराइको क्रममा तमू जाति मंगोलिया, चीन, तिब्बतहुँदै मुस्ताङको थाकखोला वरपर धेरै वर्ष बसोबास गरेको निष्कर्ष किटानसाथ पुस्तकमा प्रस्तुत गरेको छु । केही व्यक्तिले आफू बिहे गरेर मुस्ताङ गएका कारण, मुस्ताङसँग सम्बन्ध जोडेको टिप्पणी गरेका थिए । तर सन् २०१८ मा गरिएको अनुसन्धानले मुस्ताङमा अवस्थित गुफाबाट प्राप्त प्राचीनतम डिएनएले स्पष्ट रूपमा यस बाटोलाई वैज्ञानिक प्रमाण दिएको पनि यस कार्यपत्रमा उल्लेख गरिएको छ । कार्यपत्र अत्यन्तै गहन र नविनतम विधि अपनाइएको छ । यसमा दुईमत छैन तर जातजातिको इतिहास भएको हुनाले यस कार्यपत्रमा धर्म-संस्कृतिको पक्षलाई पनि समेट्न सकेको भए अझ प्रभावकारी र व्यवहारिक हुने थियो ।

डिएनए परीक्षणले तमू गुरूङहरूको इतिहासमा छोपेको बादल हटाएको छ र जातीय विभेद नभएको वैज्ञानिक प्रमाण जुटेको छ । प्ये ताँ ल्हु ताँ र वैज्ञानिक प्रमाणहरूमा एकरूपता पाइएको छ ।

तमू गुरूङ वास्तवमा भन्नुपर्दा उन्नतिशील र समुन्नत जाति हो । तमू (गुरूङ)हरु स्वदेश र विदेशमा जहाँ भए पनि, जहाँ रहे पनि स्थापित हुन सक्ने जाति हो । आफ्नो पहिचान र चिनारी गराउन सक्ने जाति हो भन्ने कुरा राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा स्पष्ट भइसकेको छ । विभेदकारी वातावरण सृजना भएको अवस्थामा, एकतामा हल्का फाटो हुँदा यति सफल हुन सक्ने हामी तमू (गुरूङ)हरु आपसमा भावनात्मक एकता भएमा अझ आफ्ना लागि र सम्पूर्ण मानव जातिकै लागि हित हुने धेरै काम गर्न सक्छौं ।

हामी एक होऔं । हामीबीच विभेद छैन भन्ने कुरालाई भावनामा र व्यवहारमा उतारौं । तमू (गुरूङ)हरूबीचको एकतालाई मजबुत बनाऔं । आपसी समझदारी बलियो बनाउँदै आफ्ना लागि, तमू (गुरूङ) समुदायका लागि, राष्ट्रका लागि र समग्र मानव जातिको हित र कल्याण हुने कार्यमा हामी तमू (गुरूङ)हरु जुट्न सकौं भन्दै आफ्नो भनाइ टुंग्याउने आज्ञा चाहन्छु ।

धन्यवाद

# गुरूङ समुदायको साँस्कृतिक अभ्यास र मौलिक पहिचान



**पोलबहादुर गुरूङ**
मानवशास्त्री

यस कार्यक्रमका अध्यक्ष महोदयज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट एवं विशेष अतिथि ज्यूहरु, मञ्चमा आशिन अतिथिज्यूहरु, कार्यपत्र प्रस्तुतकर्ता गुरूज्यूहरु, टिप्पणी गर्नुहुने गुरूज्यूहरु, विभिन्न संघ-संस्थामा आबद्धमार्फत यहाँ उपस्थित सम्पूर्ण मान्यजनहरूमा मेरो नमस्कार ।

अब म 'गुरूङ समुदायको सांस्कृतिक अभ्यास र मौलिक पहिचान' विषयक कार्यपत्र प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क. भूमिका :**

संस्कृति बृहत अभ्यास हो । यसलाई भनेर, सुनेर र अध्ययन गरेरभन्दा पनि दैनिक जीवनमा प्रयोग हुँदै गएर अनुभव र अनुशरण गर्दै परिपक्वतातिर जानु हो । र, समाजमा सामाजिक आवश्यकता र पहिचान हुनु हो । त्यसैले स्थापित संस्कृतिले नै सम्बन्धित जाति तथा समुदायको सामाजिक मूल्य-मान्यताको बोध गराउँछ । कुनै पनि जाति वा समुदायको पहिचान त्यस जाति वा समुदायले अवलम्बन गरेको परम्परागत जीवनशैलीको आधारमा हुन्छ । त्यसैले विश्वमा रहेका जति पनि जाति वा समुदाय छन्, ती सबैको आ-आफ्ना इतिहास, कथा, घटना र सामाजिक परिवेश छन् । त्यसैको आधारमा जाति वा समुदायको वर्गीकरण भएको हुन्छ भने त्यसै इतिहास र घटनाक्रमको आधारमा आ-आफ्नो सभ्यता र मौलिकता रहेको हुन्छ । संस्कृतिको आकार ठूला हुन्छन् र यसलाई प्रयोग गर्दा पनि ठुलै आकारमा प्रयोग गरिन्छन् अथवा संस्कृति भन्नाले भैपरि आउने परिस्थिति मात्र नभई मानव जीवनभरिमा व्यहोरेका सम्पूर्ण-सम्पूर्ण क्रियाकलापहरु हुन्, त्यसैले यसको आकार बृहत र प्रयोग बृहत छ ।

मानवशास्त्रीहरूका अनुसार संस्कृति भन्नाले कला, साहित्य, नैतिकता, संस्कार, ज्ञान, सीप, भाषा, धर्म, विश्वास, परम्परा, रीतिथिति आदि सबै हुन् । In Anthropological study of culture, religion and ritual are fundamental approach (Turner, 1967 Ù Holmberg, 1989 Ù Ortner, 1990), अथवा मानवशास्त्रको अध्ययन वा परिधिभित्र संस्कृति, विश्वास वा धर्म, संस्कारजस्ता आधारभूत विषयहरु पर्छन् । यी आधारभूत विषयहरु पनि निश्चित जाति वा समुदाय वा भूगोलले पनि उनीहरूको साँस्कृतिक पहिचान दिएको हुन्छ । © Culture is a result of collective learning, which is accumulated in the course of time in certain geographical and social condition and circumstances. (Moisala, 1991:7, 8)

यस अर्थमा गुरूङ समुदायको सांस्कृतिक उद्‌विकास र सभ्यता उनीहरूको 'प्ये ताँ ल्हु ताँ'अनुसार मंगोलिया, चीन, तिब्बतहुँदै अहिलेको गण्डकी प्रदेशको अन्नपूर्ण सेरोफेरोमा आएर संरक्षित र विकास भएको पाइन्छ ।

संस्कारलाई संस्कृतिभित्रको एउटा महत्वपूर्ण पाटो मानिन्छ । त्यसैले संस्कारले नै मानव जाति/समुदायलाई समाजमा पूर्ण बनाउँछ । संस्कारविहीन मानव वा जाति/समुदायको अस्तित्व र पहिचान सम्भवतः असम्भव नै हुन्छ । त्यसैले गुरूङ समुदायभित्र 'प्ये म्हस्या छ्या म्हमु, छ्या म्हस्या ल्हु म्हमु, ल्हु म्हस्य म्हि म्हमु' अर्थात् 'शास्त्र हराए संस्कार हराउँछ, संस्कार हराए संस्कृति हराउँछ, संस्कृति हराए मान्छे हराउँछ' अथवा आफ्नो अस्तित्व र पहिचान हराएपछि कुनै पनि जाति समुदाय हराउँछ । मानव जातिको जीवनभरि विशेषखालका प्रक्रियाहरु समाजले सिकाउँछन् अथवा आफूलाई सांस्कारिक मानव हुनका लागि जीवनको विभिन्न परिवेशमा विशेषखालका संस्कारहरु आइपर्छन् । विशेषखालका संस्कारहरु जीवनमा प्रायः एकपटकभन्दा बढी हुँदैनन् । जस्तै गुरूङ समाजमा बच्चा जन्मनु, मी थ्येपा (Naming), ख्यपर लव (कपाल काट्ने), विवाह गर्ने, मृत्यु भएपछि पै लव ।

Ritual may be seasonal, hollowing culturally defined movement of change in the climatic cycle or the inauguration of an activity such as planting, harvesting or moving from winter to summer pasture or they may be contingent hold in response to an individual or collective crisis. Contingent ritual may be further subdivided into life crisis ceremonies, which are performed at birth, puberty, marriage, death and so on, demarcate the passage from one phase to another in the individuals life cycle, and ritual of affiction, which are performed to placate or exercise pretenatural being of forces believed to have affected village with illness, bad luck, genealogical troubles, serve physical injuries, and the like. (Turner,

1977Ù 183–184)। संस्कारले मानव जातिलाई अनुभवी र पूर्णता पनि बनाउँछ । समाजलाई संरचनात्मक प्रकार्यतावाद (Structural functionalism)को सिद्धान्तको अभ्यासतिर लाने काम गर्छ ।

संस्कृति मानव जीवनका लागि गरिने दैनिक अभ्यास भए पनि यसभित्रको संस्कारहरूले प्राकृतिक पर्यावरणसँग विशेष भूमिका खेलिरहेका हुन्छन् । अथवा संस्कार र पर्यावरणबीचको सम्बन्धले एकातिर मानव जातिको जीवनशैलीलाई सरल बनाइरहेको हुन्छ भने अर्कोतिर पर्यावरण वा वातावरणलाई सन्तुलित राखेको हुन्छ । त्यसैले संस्कार अथवा संस्कृतिमा पर्यावरणलाई सन्तुलित राख्नका लागि स्थानीय तहमा गरिने सिमे-भुमेको पूजापाठ र परम्परागत रीतिथितिहरूको महत्वपूर्ण भूमिका रहन्छ ।

Local gods govern natural forces that affect agricultural prosperity suppressing earth, stone and water causing harmful assets containing social discard and protecting humans and livestock (Holmberg, 1989). Religious rituals not only invoke culture but also invoke nature... it is like a bridge which joins society and environment and balance with each other. (Gurung, 1996)।

मानवशास्त्रीहरू David Holmberg/Om Gurung को अनुसार स्थानीय सिमे-भुमेहरूको पूजापाठले प्राकृतिक प्रकोप र संकटहरूलाई व्यवस्थित बनाउन सकिन्छ, यो संस्कृति अभ्यास र प्रयोगका लागि मात्र नभई प्रकृति र पर्यावरणको जीवन्तताका लागि पनि हो । अथवा गुरूङ बस्तीहरूमा परम्परागत रूपमा अभ्यास हुँदै आएको ट्हीँ थ्यीपा (सिमे-भुमेको पूजा), सिउली लप (साँध-सिमाना बार्ने), नास टीपा (गाउँ बार्ने) आदि संस्कारहरूले स्थानीय प्राकृतिक स्रोत-साधनलाई व्यवस्थित र दिगो उपयोगमा मद्दत पुऱ्याएको हुन्छ ।

**ख. मौलिक संस्कृति र पहिचानः**

कुनै पनि संस्कार-संस्कृतिमा प्रयोग गरिएका जति पनि भौतिक संस्कृति अथवा प्रत्यक्ष देखिने, सुनिने, अनुभव गरिने वस्तुहरु छन्, ती सबै 'प्ये' अथवा अभौतिक संस्कृतिमा व्याख्या गरिएअनुसारका हुन्छन् । जस्तै गुरूङ समुदायभित्र मृत संस्कारमा प्रयोग गरिएका 'ल्हाँ' र घ्याँपल भौतिक संस्कृति हुन् भने त्यसको प्रयोग गर्नुको अर्थ 'प्ये'मा व्याख्या गरिएका हुन्छन् । त्यसैगरी छ्योप गर्दा प्रयोग गरिएको कैतु (Torma)को व्याख्या यसको छ्योप क्येर्लोमा व्याख्या गरिएको हुन्छ ।

जन्म, विवाह, मृत्यु र मृत्युपछि गरिने 'पै' संस्कारलाई गुरूङ समुदायभित्र विशेष किसिमले हेरिन्छ भने अघि र पछि पनि थुप्रै संस्कारहरु हुन्छन् । दैनिक खानपिन, लवाइ-खवाइ, हिँडडुल, भाषा, बोली, मनोरञ्जन, बसाइ, सुताइ, हेराइ, सुनाइ यावत सबै संस्कृतिभित्र पर्छन् । गुरूङ समुदायको पोशाक, गुरूङ भाषा, गुरूङ पुरोहित (पच्यु, क्लेब्री, वोन लम), गुरूङ विश्वास, गुरूङ ज्योतिष, गुरूङ मुखिया, गुरूङ समुदायमा पूजापाठ गर्ने शैली आदि सबै मौलिक संस्कृति र पहिचान हुन् । भौतिक रूपमा कस्तो खालको पोशाक, कस्तो खालको खाना, कस्तो खालको बसाइ, हिँडाइ आदिले कुनै पनि जाति समुदायको पहिचान गराउँदछ भने अभौतिक रूपमा कुन खालको संस्कार, नैतिकता, नीति नियम, कुन खालको कथा, इतिहास आदिले मौलिकता र पहिचान गराउँछ । यस अर्थमा भोटो, कछाड, भाङ्ग्रा र गुन्यु-चोली, घलेक, पटुका, क्रमु आदिले भौतिक रूपमा गुरूङ हो भनी चिनाइन्छ भने संस्कारमा पच्यु, क्लेब्रीको पुरोहित्याइँमा आफ्नै पुर्खाहरूको कथा, इतिहास, भुगोल, घटनाक्रमको अध्ययन आफ्नै पुरोहित्याइँ भाषा चौँ क्युई र गुरूङ भाषाबाट वाचन वा पढेपछि अभौतिक रूपमा गुरूङ हो भनेर चिनिन्छ । त्यसैले कुनै पनि जाति वा समुदायको भौतिक संस्कृति नै उसको पहिचान हो, मौलिक संस्कृतिभित्र धेरै अर्थ र शक्ति रहन्छ यो सम्बन्धित जाति समुदाय विशेषको परिचयात्मक स्रोत र साधन हो ।

यति हुँदाहुँदै पनि गुरूङको मौलिक संस्कृतिभित्र अन्य जाति, धर्म वा समुदायको संस्कृति नपसेको होइन । विशेषगरी संस्कृतिको अवधारणामा अरूको संस्कृति ग्रहण गर्ने प्रक्रियालाई आत्मसाथ (Assimilation), परसंस्कृतिकरण (Acculturation) भनिन्छ । गुरूङ समुदायभित्र पनि यो आत्मसाथकरण र परसंस्कृतिकरणको अभ्यास बढ्दो देखिन्छ ।

They adopted by incorporating both Tibeto-Burmen and Indo-Aryan cultural and civilization characters. This cultural amalgamation clearly observed especially in their religious and ritual performances, which is a bewildering mixture of Hinduism, Buddhism and beliefs very similar to the old bon religion of Tibet. (Mackfarlane, 2003: 17–19)।

अवश्य गुरूङहरु अहिलेको स्थितिमा आउँदा धेरै जाति समुदाय र भाषा धर्मको प्रभावमा छन् । Macfarlane ले भने जस्तै उत्तरतर्फको तिब्बती संस्कृति, दक्षिणी भेगबाटको आर्यन संस्कृतिको प्रभाव राम्रै छ । फेरि पनि आफ्नो पुरानो वोन संस्कृतिको अभ्यास र अवलम्बन पनि उत्तिकै छ । अथवा कुन संस्कृतिले आफ्नो मौलिकता पहिचान गराउँछ भन्ने विषय नै मुख्य रहन्छ । त्यसैले मौलिकता र पहिचानका रूपमा परम्परागत सांस्कृतिक अभ्यास, 'प्ये ताँ ल्हु ताँ'मा आधारित सामाजिक मूल्य, मान्यता र सांस्कारिक वोन अभ्यास नै अगाडि प्रष्टिएको हो । मौलिकता र पहिचान सम्बन्धित जाति समुदायका सम्पत्ति हुन् । संस्कार-संस्कृतिमा मौलिकता र पहिचान भएन भने त्यो संस्कार संस्कृतिको अर्थ रहन्न अथवा अर्कै अर्थ रहन्छ । त्यसैले संस्कृतिको मूल विषय मौलिकता र पहिचान रहन्छ । Macfarlane ले भनेजस्तो गुरूङ जातिको संस्कृति तिब्बतीयन, आर्यन र पुरानो वोनवाद तीनै किसिमले विकसित भइरहेको छ भने त्यसमा

मौलिकता हुँदैन । त्यसैले गुरूङ समुदायको संस्कृति आफ्नै खालको छ, यसको उद्‌विकास र विस्तार आफ्नै सभ्यता अनुसार भएका छन् ।

विभिन्न विद्वानहरूका अध्ययन र अनुसन्धानले गुरूङ समुदायको संस्कृति यसरी विकास र संरक्षित हुनुमा मुख्य कारण गण्डकीको सेरोफेरोलाई नै मान्ने गरेका छन् । माथिबाट बसाइँ-सराइ वा राज्य बसाल्दै आउने क्रममा मुस्ताङ, मनाङ, लमजुङहुँदै क्होलाको वरिपरि डाँडा-पाखा, खोला-नालालाई किलो-थलो बनाएर बसेकै हुनाले गुरूङहरूको मौलिक संस्कृति, संरक्षण र विकास भएको पाइन्छ । यदि गुरूङहरु त्योबेला तिब्बततिरै बसेको भए तिब्बतीयन संस्कृतिको कारणले गुरूङहरूको संस्कृति हराउँथ्यो अथवा दक्षिणतिर दौडेको भए पनि आर्यन संस्कृतिसँग घुलमिल भइसक्थ्यो । त्यसैले माथि तिब्बतीयन संस्कृतिले पनि नभेटाउने र दक्षिणी आर्यन संस्कृतिले पनि नभेटाउने क्षेत्रमा रहेकाले आफ्नो मौलिक संस्कृति यतिका समयसम्म संरक्षण र विकास भएको पाइन्छ । त्यसैले आज नेपाल र नेपालभन्दा पनि बाहिरका गुरूङहरूले आफ्नो जातीय अस्तित्वका लागि, आफ्नो जातीय पहिचानका लागि 'गुरूङ हुँ' भनी जुन गर्व गरिरहेका छन् त्यसको श्रेय आफ्नो खेमाँ (पुर्खा)हरूलाई जान्छ । पुर्खाहरूले यसरी आफ्नो संस्कृति संरक्षण र प्रयोग नगरेको भए सायद आज हामीले अर्कै संस्कृति अवलम्बन गर्नुपर्ने बाध्यता हुन्थ्यो । त्यसैले आज गुरूङ समुदायभित्र देखिएका केही विचलित संस्कृतिहरु Assimilation/Acculturation को प्रक्रियालाई छोडी Inculturation अथवा आफ्नो संस्कृति सिक्ने प्रक्रियातिर लाग्नुपर्छ ।

'प्ये ताँ ल्हु ताँ' नै गुरूङ समुदायको इतिहास हो, मौलिकता हो, पहिचान हो । यसमा गुरूङ समुदायको उद्‌विकास (Evolution), आफ्नै स्वराज्यहरूको इतिहास, प्राचीनकालमा मानव जातिले भोगेका व्यवहारहरु जस्तै ढुंगे युग, सिकारी युग र पशुपालन युगका सभ्यताहरूको व्याख्या गरिएको पाइन्छ । यो 'प्ये ताँ ल्हु ताँ' नितान्त गुरूङ समुदायको मात्र मौलिक इतिहास भएकाले यसको अध्ययन र अनुसन्धानको आवश्यकता पनि देखिन्छ । आज विभिन्न धर्म, विश्वास र संस्कार संस्कृतिको विकास र यसको प्रयोग गुरूङ समुदायभित्र परेको देखे पनि आफ्नो मौलिकता र पहिचान भनेकै 'प्ये ताँ ल्हु ताँ' हो । योभन्दा दोस्रो वा तेस्रो अर्को कुनै पनि संस्कार वा संस्कृति गुरूङ समुदायको हुन सक्दैन । 'प्ये ताँ ल्हु ताँ'कै आधारमा गुरूङ समुदायको जन्म, विवाह, मृत्यु र मृत्युपछिको 'पै' संस्कार गरिन्छ भने समाज वा गाउँ-ठाउँलाई व्यवस्थित तरिकाले परिचालन गर्नका लागि स्थानीय तहमा अलिखित कानुन र नियमहरु हुन्छन्, यसलाई रीतिथिति भनिन्छ र यो ज्यादै बलियो तरिकाले अभ्यास गर्छन् ।

All of their rules and regulations are often set on the basis of oral customary rules or Riti-Thiti system and handed down to them from generation to generation. Because people are tied to each other by varied and multiple embedded social relations, everyone is under considerable social pressure to follow these rules (Gurung, 1996)।

**ग. संस्कृतिका आधारभूत मान्यता र विशेषताहरूः**

1. Culture is change.
2. Culture is dynamic.
3. Culture is transferred.
4. Culture is death.

संस्कृतिका आफ्नै मान्यता र विशेषताहरु हुन्छन् । समय, फरक भौगोलिक परिवेश र विभिन्न परिस्थितिमा संस्कृतिका रूपहरु फरक-फरक देखिन्छन् । त्यसैले संस्कृति परिवर्तन भइरहन्छन् । मानवीय जीवनमा फरक-फरक परिवर्तित संस्कृतिले प्रभाव पारिरहेका हुन्छन् । संस्कृति गतिशील हुन्छ । यो सधैँ एकै किसिमको र एकै ठाउँमा रहन्न । संस्कृति सधैँ आफ्नो गतिमा चलिरहेको हुन्छ । संस्कृति एक व्यक्तिबाट अर्को व्यक्तिले सिक्ने प्रक्रिया हो । एउटा समुदायले अर्को समुदायलाई सिक्ने र सिकाउने काम पनि हुन्छ ।

एउटै परिवार वा जाति समुदायभित्र पनि आफ्नै संस्कृति सिक्न सकिन्छ । अथवा संस्कृति सिक्ने पनि गरिन्छ । यो एक व्यक्तिबाट अर्को व्यक्तिमा र एउटा समुदायबाट अर्को समुदायमा हस्तान्तरण पनि हुन्छ । सिक्न र हस्तान्तरण भएन भने संस्कृति लोप हुन पनि सक्छ । त्यसैले हस्तान्तरण गरिरहनु वा भइरहनु यसको विशेषता हो । संस्कृति कहिलेकाहीँ पूर्णतया नष्ट भएर पनि जान सक्छ । एउटा जाति अर्को जातिसँग विलय हुँदा अथवा आफ्नै जाति समाप्त हुँदा, आफ्नै संस्कृति बचाउन नसक्दा संस्कृतिको मृत्यु हुन सक्छ ।

संस्कृति परिवर्तन र संस्कृति गतिशील जे जस्तो भएपनि मानव जीवनका लागि यो एउटा अपरिहार्य अंग हो । मानव जाति संस्कृतिविहीन भएर रहन सक्दैन । यसले मानव जाति/समुदायलाई परिपक्व बनाउँछ, ज्ञानी र दीक्षित गराउँछन् । व्यक्तिलाई अनुभवी, परिपक्व र समाजलाई व्यवस्थित बनाउने काम संस्कार, संस्कृतिबाट हुन्छ ।

Religion, rituals are the means through which people relate to the sacred. It is religion in action. Not only ritual is the means by which the social bonds of a group are reinforced and tension relieved but also crisis such as death, models socially descriptive and less difficult for individuals to bear (Haviland, 1996). Rituals gives member, confident, it dispels their anxieties, it disciplines their social organization, regulate the rituals as mechanism or a set the mechanism that regulates some of the relationship of the people with components

of their environment (Rappaport)। संस्कार-संस्कृतिहरूले सामाजिक व्यवस्था, सामाजिक अपरिहार्यताको काम गर्छन् । एकआपसमा बाँधिएर राख्ने काम गर्छन् । आफ्नो सामाजिक मूल्य-मान्यताको विशेषतालाई सन्तुलन राख्ने काम गर्छन्, अपूर्णताबाट पूर्णतातिर लैजाने काम गर्छन् ।

मानवशास्त्रीहरूले संस्कृति uniform to multiple form / simple to complex अथवा संस्कृति एकरूपबाट बहुरूपतिर र सामान्यबाट जटिलतिर जान्छन् भन्छन् । यसैलाई संस्कृतिको गतिशिलता र परिवर्तन भन्न सकिन्छ । मानव जाति वा समुदाय जहिले पनि आफ्नै मात्र परिधिभित्र रहन नसक्ने भएर नै एकरूपबाट बहुरूप र सामान्यबाट जटिलतिर गएका हुन् । यसरी हुने रूप परिवर्तन र जटिलताले मानव जाति वा समुदायलाई विभिन्न असजिला र अनुभवहरू गराउँछन् । आफ्नै मात्र संस्कृतिको अवलम्बन गर्दाको अनुभव वा परिस्थिति र अरूको संस्कृतिको अवलम्बन गर्दाको अनुभव वा परिस्थिति धेरै फरक हुन्छन् । यस अर्थमा आफ्नै मात्र संस्कृतिले जति सजिलो बनाएका थिए, अरूको संस्कृतिले त्यत्तिकै जटिल वा समस्या बनाउँछन् । संस्कृतिमा विकास भएका, परिवर्तन भएका विशेषताहरूले आफ्नै संस्कृतिमाथि चुनौती दिइरहेका हुन्छन् । जस्तैः- हिजो गाउँघरमा गुरूङ समाजमा बच्चा जन्मिँदाको संस्कृति र तिनै गुरूङ आज सहर, बजारमा रहँदा बच्चा जन्मिँदाको संस्कृतिमा गरिने अभ्यासमा धेरै फरकपन आइसकेका छन् । सानो कोसेली वा उपहार लिएर गए हुने जन्म संस्कारमा यो त्यो, यसो-उसो भनी धेरै उपहार लिएर जानुपर्ने बाध्यता बनिसके । खुसुक्क पैंडीलाई बोलाएर न्वारन गर्ने परिपाटीमा छरछिमेकी, इष्टमित्र सबैलाई बोलाएर पार्टी दिने परिपाटीको विकास भयो । दसैँ, तिहारजस्ता चाडहरूमा गुरूङका गाउँघरहरूमा देखिने रौनक अर्कै छ । त्यसैले सजिलो र सामान्य जति भने पनि आखिर यो जटिलतातिरै जाने हो ।

### घ. गुरूङ समुदायको मौलिक संस्कृतिमाथि विकसित चुनौतिहरूः

अहिलेको परिवेशमा संस्कृतिको अध्ययन र अनुसन्धान गर्दा कुनै पनि जाति वा समुदायका आफ्नै मौलिकता कम पाइन्छ । सबैको संस्कृतिले सबैलाई प्रभाव पारेका छन् । त्यसैले शुद्ध र पवित्र भन्ने संस्कृति सायद कुनै पनि जाति वा समुदायभित्र नभेटिएला । यसबाट गुरूङ समुदायको संस्कृति पनि अछुतो रहन सकेन । गुरूङ समुदायको मौलिक संस्कृतिमाथि देखिएका अथवा विकसित भएका अन्य संस्कृतिहरु निम्नानुसार हुन सक्छन् ।

#### १. हिन्दु संस्कृतिः

कतिपय ज्ञान, मान्यता र विश्वास गर्ने शैलीहरु गुरूङ समुदाय र हिन्दु संस्कृतिसँग मेल खाने पाटाहरु पनि देखिन्छन् । तर क्होला राज्यको विघटन र वरिपरिका गुरूङका राज्यहरूको अपहरणपछि गुरूङ गाउँ-गाउँमा विभिन्न बहानाबाजी गरी हिन्दु संस्कृति लादिएका छन् । भाषा, धर्म, चाड, पर्व, विद्यालय, प्रशासनिक क्षेत्र, संगीत आदि विषयहरूबाट गुरूङहरूलाई दीक्षित गराउने, गाउँ-गाउँमा शिवालय र देवालयहरु स्थापना गर्दै जाने, आफ्नै भाषा र संस्कृतिको विकास गराउन खोज्ने, संस्कृत भाषालाई तल्लो तहमा अनिवार्य गराउने आदि धेरै संस्कृतिकरण गराएका हुन् । खस भाषा बोल्न जान्नेको तारिफ र प्राथमिकता दिने, विभिन्न देवी-देवताका फोटो र तस्बिरहरु सार्वजनिक स्थलहरूमा झुण्ड्याउने आदि व्यवहारहरु बढ्दै गए, त्यसैले हिन्दु संस्कृति गुरूङका लागि समस्या र चुनौति बने । स्थापना गराएका शिवालय र देवालयहरूमा हिन्दु पुरोहित ल्याई विभिन्न पूजापाठ गरी गुरूङलाई सरिक गराउने आदि चुनौतिहरु थपिए ।

#### २. तिब्बतीयन संस्कृतिः

गुरूङ समुदायभित्र परापूर्वकालदेखि वोनबादमा आधारित वोन लामाहरु थिए र उनीहरूले आफ्नै गुरूङ संस्कृति अनुसार कर्मकाण्ड गराउँथे । जब तिब्बत चीनको अधिनस्त प्रान्त भयो, त्यसपछि तिब्बतीयन धर्म गुरूहरु र सर्वसाधारण धेरैले देश छोड्नुपर्ने अवस्था आयो । त्यसैको फलस्वरूप नेपालमा पनि तिब्बतीहरु विभिन्न ठाउँमा क्याम्प बनाई शरणार्थी जीवन बिताउन बाध्य भए । उनीहरूभित्र पनि लामाहरु हुने भएकाले केही गुरूङ समुदाय र वोनबादी लामाहरूको ती तिब्बतीहरूसँग सम्पर्क बढ्दै गयो । पछिल्लोपटक यिनीहरूमा मंगोलियन वा तिब्बतीयन भनेकै आधारमा एउटै संस्कृतिको विकास भई आफ्नो संस्कृति लोप हुँदै जान थाल्यो । परम्परागत रूपमा मान्दै आएका र पुरोहित्याइँ गर्दै आएको आफ्नो मौलिक 'प्ये ताँ ल्हु ताँ'का धनी पच्यु, क्लेब्री र वोन लामाहरु विस्तारै विस्थापित हुँदै गए । घर-घर र समाज-समाजमा तिब्बती संस्कृतिको विकास र प्रशिक्षणहरु गर्न लगाए यसकारण आफ्नो मौलिक संस्कृतिमाथि चुनौति बढ्दै गयो ।

#### ३. क्रिस्चियन संस्कृतिः

आजको दिनसम्म आउँदा क्रिस्चियन संस्कृति सबैभन्दा बलियो र डरलाग्दो किसिमले भित्रिरहेको छ । यो खासगरी गुरूङ समुदायभित्र मात्र नभई पूरै विश्वभरका मानव जाति/समुदायमाथि हावी हुँदै गइरहेको छ । सहरदेखि गाउँ-गाउँ र टोल-टोलमा यो संस्कृति फैलिरहेका छन् । जसले गर्दा गुरूङहरु चाहे त्यो परम्परावादी अथवा मौलिकतावादी हुन्, हिन्दुवादी हुन्, तिब्बतीवादी हुन्, सबैलाई आफ्नो पक्षमा अटाउने क्रियाकलापहरु गरिरहेका छन् । विभिन्न ठाउँहरूमा चर्च र सच्चाईका नाममा केन्द्रहरु स्थापना गरिरहेका छन् । यस्ता खालका गतिविधिले गुरूङ समुदायको मौलिकतामाथि चुनौति दिइरहेका छन् । घर-घरमा बाइबलका पाठ र भजनहरु चल्छन्, हुलका हुल चर्चमा लागेका छन् ।

#### ४. सहरी वा भू-मण्डलीकरणः

नेपाल अथवा गुरूङका गाउँघरहरु हिजोको जस्तो छैन । विभिन्न सुविधाको आवश्यकता र बाध्यताले गर्दा आफ्नो पुरानो थातथलो छोडी सहरतिर बसाइँ सर्नु परेको छ । जसले गर्दा गाउँमा आफूले अभ्यास गरेको

संस्कृति र सहर बजारको वातावरण फरक पर्ने हुन्छ । अतः विस्तारै सहरीकरण वा भू-मण्डलीकरणतिर आफूलाई अनुकुलन बनाउँदै लानुपर्ने हुँदा यसले पनि गुरूङ समुदायको मौलिक संस्कृतिमाथि चुनौति दिइरहेका छन् । यसो हुनुमा गुरूङभित्र आफ्नै कारणहरु पनि छन् । अरूले लादेको र बाध्यता वा खुशीले लिएको भन्दा पनि आफूभित्रको मौलिकतालाई चिन्न नसक्नु पनि हो ।

नेपाल कानुनतः धर्मनिरपेक्ष राज्य हो, यहाँ कुनै पनि व्यक्ति विशेष र जाति विशेषले आफ्नो अनुकूल धर्म मान्न र नमान्न सक्छन् । त्यसैले हिन्दु, तिब्बतीयन र क्रिश्चियन संस्कृतिमाथि प्रश्न गर्ने अधिकार र परिस्थिति कसैलाई पनि छैन । तर जाति र समुदायको समग्रतामा संस्कृति विषयमा छलफल हुँदा निश्चिय पनि यी विषयहरु उठछन् । यसमा एकातिर हिन्दु संस्कृति अनुसारको राज्यसत्ताको जोडबल देखिन्छ भने अर्कोतिर गुरूङ समुदायकै भूमिका पनि देखिन्छ । संस्कृत शिक्षा, संस्कृत भाषा अथवा खस भाषा, तिब्बतीयन भाषा र तिनका पुरोहित र गुरूङ भाषा र तिनका पुरोहितबीच अवलोकन गरिनु आवश्यक छ । कुन पुरोहितले कुन भाषामा, कुन समुदायको इतिहास, कथा पढ्दैछन् भन्ने कुरा मुख्य रहन्छ । त्यसैले गुरूङहरु विविध संस्कृतिमा विभाजित भए पनि अबका दिनमा आफ्नै मौलिक संस्कृतिभित्र अटिनुपर्छ, आफ्नै 'प्ये ताँ ल्हु ताँ'को अनुशरण गरिनुपर्छ । आफैँले आफूलाई चिन्ने कोशिस गर्नुपर्छ ।

संस्कृतिसँग इतिहास, भाषा, संस्कार, विश्वास, नैतिकता सबै जोडिएका हुन्छन् । तर आज गुरूङ समुदाय युगको कुरामा, परिवर्तनको कुरामा, विज्ञान र प्रविधिको कुरामा आफ्नो संस्कृतिको प्रमुख पाटो संस्कार, जो जीवनमा एकपटक मात्र हुन्छ (जन्म, विवाह, मृत्यु, पै) यसलाई नै चुनौति दिनेगरी लागिरहेका छन् । यसले गुरूङ समुदायको सबैभन्दा महत्वपूर्ण पहिचान र मौलिकतालाई चुनौती दिइरहेका छन् । हो, संस्कृति मानव निर्मित हो, अपरिवर्तनशील हुँदैन तर समाजमा विकृतिको रूपमा विकास हुँदै गएको भौतिक संस्कृति (Material culture)लाई परिवर्तन गर्नुपर्छ । सरल र सजिलो भौतिक संस्कृति प्रयोग गर्नुपर्छ भन्ने विषयतिर ध्यान हुँदैन । गुरूङ समुदायको आकृतिको रूपमा रहेको अभौतिक संस्कृति (Non Material culture) माथि मात्र बढी केन्द्रीत रहेर परिवर्तन र समस्याहरु तेर्स्याउँछन् । त्यसैले गुरूङको मौलिकतामा आधारित कला, साहित्य, ज्ञान, नैतिकता, नियम-कानुनलाई भन्दा खानपिन, लवाइ, हिँडाइ, बसाइ जस्ता दैनिक विलासी संस्कृतिले विकृति ल्याएका हुन्, यसलाई सुधार गर्नु आवश्यक छ ।

**ङ. अन्त्यमा**

गुरूङ समुदायको संस्कृतिलाई मौलिकता र पहिचानयुक्त बनाउनका लागि निम्न प्रयासहरु हुनु आवश्यक देखिन्छ ।

१. गुरूङ समुदायको सांस्कृतिक उद्‌विकासको इतिहास अध्ययन गरिनुपर्छ ।

२. सांस्कृतिक उद्‌विकाससँगै भएका परिवर्तनहरूको अध्ययन गरिनुपर्छ ।

३. गुरूङ समुदायभित्रका विभिन्न संघ-संस्थाहरूबीच आपसी छलफल र अन्तरक्रियात्मक कार्यक्रमहरु सञ्चालन गरिनुपर्छ ।

४. गुरूङ समाजलाई प्रभाव पार्ने अन्य संस्कृति र गुरूङ संस्कृतिबीचको समानता र असमानता छुट्याइनुपर्छ ।

५. मौलिक संस्कार-संस्कृतिमा आधारित 'प्ये ताँ ल्हु ताँ'लाई परम्परा, पुरानो, अवैज्ञानिक भन्नुभन्दा पनि यसभित्रका मिथ (Myth), इतिहास र घटनाक्रहरूको वैज्ञानिक अध्ययन र अनुसन्धान गरिनुपर्छ ।

६. मानवशास्त्रीहरूका अनुसार भाषा संस्कृतिको बाहक हो । त्यसैले गुरूङ भाषा र शास्त्रीय भाषा (चोँ क्युई)लाई विशेष प्राथमिकता मान्नुपर्छ ।

७. विद्यालय र विश्वविद्यालयहरूमा पढाइने असामाजिक, अर्थहीन र विभाजित गराउने भाषा र अनुसन्धानहरूमाथि प्रतिबन्ध गराइनुपर्छ ।

८. भिन्दै गाउँ, खोला र डाँडाहरूमा भिन्दै संस्कृतिको अभ्यास हुने भएकाले यी सबैको अध्ययन र अनुसन्धान गरी एउटै हुने वा बनाउने सम्भावनाको विकास/खोजी गरिनुपर्छ ।

९. गुरूङका गाउँघरहरूलाई संस्कृति र सभ्यताको केन्द्र मान्नुपर्छ ।

१०. आफ्नो पुराना-पुराना राज्य र पुरातात्विक एवं ऐतिहासिक ठाउँहरूको खोज, अनुसन्धान र भ्रमण अवलोकनहरु गरिनुपर्छ ।

११. गुरूङ सम्बन्धि प्रकाशित पुस्तक, लेख, रचना, दस्तावेज, प्रतिवेदन, कार्यक्रम, भिडियो, अन्तर्वार्ता आदि सबैको अभिलेख गरी संरक्षण गर्नुपर्छ ।

**सन्दर्भ सामाग्रीहरू:**


- Turner, V. (1967): The forest of symbols, Aspects of Ndembu Ritual. New York: Cornell University.
- Holmberg, D.H. (1989): Order in Paradox: Myth, Ritual and exchange among Nepal's Tamang, Cornell University.
- Ortner, S.B. (1978): Sherpa through their Ritual, New York: Cambridge University press.
- Moisala, P. (1991): Cultural cognition in music, continuity and charge in the Gurung.
- Gurung, O.P (1996): customary system of natural resources management among Tarami Magars of Western Nepal, Dissertation, Cornell University.
- MacFarlane, A. (2003): Resource and population; A study of the Gurung of Nepal, Cambridge University press.
- Haviland, A.W. (1996): Cultural anthropolosy, Ted Buchholz.
- Rappaport, R.A. (1968): Pigs for ancestors, New Haven; Yale University press.

# गुरूङ समुदायको सांस्कृतिक अभ्यास र मौलिक पहिचान विषयक कार्यपत्रमाथि टिप्पणी



**डा. छम्पा मेघी गुरूङ**
संस्कृतिविद्

सर्वप्रथम त पोल गुरूङलाई धेरै-धेरै आशिमलाँ, अति नै सरल साथै अहिलेको गुरूङ समुदायको परिवेशसँग प्रासांगिक कार्यपत्र प्रस्तुत गर्नुभएकोमा । उहाँको कार्यपत्रमा क, ख, ग, घ, ङ गरी पाँच भाग तथा अध्याय छन् । गुरूङ समुदायको सांस्कृतिक अभ्यासबारे हाम्रो मौलिकता कस्तो हुनुपर्ने हो, सो सम्बन्धमा प्रकाश पार्नुभएको छ । 'प्ये ताँ, ल्हु ताँ'को विशेषता बताउनुभएको छ भने हिजोआज हामी गुरूङ समुदाय कसरी आफ्नो सांस्कृतिक अभ्यास र मौलिकतादेखि भंगालिँदै छौँ । हाम्रो समास्याहरूमाथि प्रकाश पार्नुभएको छ । र, यी समस्याहरूको समाधानका निम्ति सूची तयार पार्नुभएको छ । जो गुरूङ समुदायको सांस्कृतिक पहिचान संरक्षण गर्न महत्वपूर्ण सावित हुनेछ ।

आमाले खाना पकाउनु हुँदा भात पाक्दै गरेको भाँडाको एक सिता चामल निचोरेर या छामेर भात पाक्यो कि पाकेन भनेर पत्ता लगाउनु हुन्छ । यसरी नै यस कार्यपत्र सुरूवातमा नै एक सिता छामी हेर्दा पाकेको अनभूति गरेँ र सोही अनुसार प्रस्तुत भएको मेरो अनुभूति छ ।

**क. भूमिका**

संस्कृति बृहत अभ्यास हो । यो भनेर, सुनेर र अध्ययन गरेरभन्दा पनि दैनिक जीवनमा प्रयोग गर्दै जाँदा, अनुभव र अनुशरण गर्दै जाँदा परिपक्वतातिर जाने हो । समाजमा सामाजिक आवश्यकता र पहिचान हुनु हो । त्यसैले स्थापित संस्कृतिले नै सम्बन्धित जाति तथा समुदायको सामाजिक मूल्य, मान्यताको बोध गराउँछ । कुनै पनि जाति वा समुदायको पहिचान त्यस जाति वा समुदायले अवलम्बन गरेको परम्परागत जीवनशैलीको आधारमा हुन्छ । त्यसैले विश्वमा रहेका जति पनि जाति वा समुदाय छन् ती सबैको आ-आफ्नै इतिहास, कथा, घटना र सामाजिक परिवेश हुन्छन् र रहेका छन् । त्यसैको आधारमा जाति वा समुदायको वर्गीकरण भएको हुन्छ भने त्यसै इतिहास र घटनात्रमको आधारमा आ-आफ्नो सभ्यता र मौलिकता रहेको हुन्छ । यसमा कुनै दुईमत नहोला ।

भूमिकाकै दोस्रो पृष्ठमा गुरूङ समुदायको प्रचलित उखान पोल गुरूङज्यूले प्रयोग गर्नुभएको छ । 'प्ये म्हस्या छ्या म्हमु, छ्या म्हस्या ल्हु म्हमु, ल्हु म्हस्या म्हि म्हमु' अर्थात शास्त्र हराए संस्कार हराउँछ, संस्कार हराए संस्कृति हराउँछ, संस्कृति हराए मान्छे हराउँछ अथवा आफ्नो अस्तित्व र पहिचान हराएपछि कुनै पनि जाति वा समुदाय हराउँछ । आज यस मञ्चबाट यो उखान प्रस्तुत गर्ने प्रयास गर्दै छु ।

खेगी-लम लै ऋसेरी थेइ, प्ये सोबिम
आमैले सैरी थेइ, छ्या सोबिम
आस्योलै योरी थेइ, ल्हु सोबिम
चु सौ रत्न खिब लब तमू जुनी-जुनी सोबुम
अर्थात्
खेगी, पच्यु, क्लेब्री, गुरू, लामा, पुरोहितलाई शिरमा राखेर शास्त्र बाँच्छ
आमालाई मनमा राखे संस्कार बाँच्छ
मामालाई हातमा राखे संस्कृति बाँच्छ
यी त्रिरत्नलाई धारण गरे तमू जाति जुनी-जुनी बाँच्छ

खेगी, लम, लामागुरू नै ती व्यक्तिहरु हुन्, जसले शास्त्र अध्ययन गरी हामीसमक्ष शास्त्रार्थ उपदेश दिन्छन् । यसैले खेगी, लम, लामागुरूलाई सदासर्वदा आफ्नो शिरमा धारण गर्नुपर्छ ता कि हाम्रो शास्त्र बाँच्छ ।

आमालाई सदासर्वदा भक्तिसँग मनमा धारण गर्नुपर्छ कारण आमा नै पहिलो गुरू हुन्, जसबाट हामीले पहिलो बोली सिक्छौँ र यसैलाई हामी मातृभाषा भन्छौँ । आमाबाट नै संस्कार पाएका हुन्छौँ । यसैले आमालाई सदासर्वदा मनमा धारण गर्नुपर्छ ।

मामालाई हातमा राख्नु भन्नाले मामालाई हात जोडेर सदा मामासँग राम्रो सम्बन्ध बनाइराख्नु पर्छ । उनीबाट नै हामीले आफ्नो संस्कृति जान्न पाउँछौँ । गुरूङ समुदायको जन्मदेखि मृत्युसम्मको परम्परागत संस्कृति र संस्कारहरु मामासँग सम्बन्धित हुन्छ । यसैले मामालाई हात जोडी

सम्बन्ध बनाइ राख्नुपर्छ । यसो गर्नाले हाम्रो संस्कृति बाँचिरहन्छ ।

'संस्कृति मानव जीवनका लागि गरिने दैनिक अभ्यास भएपनि यसभित्रको संस्कारहरूले प्राकृतिक पर्यावरणसँग विशेष भूमिका खेलिरहेका हुन्छन् । त्यसैले संस्कार अथवा संस्कृतिमा पर्यावरणलाई सन्तुलित राख्नका लागि स्थानीय तहमा गरिने सिमे-भुमेको पूजापाठ र परम्परागत रीतिथितिहरूको महत्वपूर्ण भूमिका रहन्छ । गुरूङ बस्तीहरूमा परम्परागत रूपमा अभ्यास हुँदै आएको ट्हौँ थ्यीपा (सिमे-भुमेको पूजा), सिउली लप (साँध-सिमाना बार्ने), नास टीपा (गाउँ बार्ने) आदि संस्कारहरूले स्थानीय प्राकृतिक स्रोतसाधनलाई व्यवस्थित र दिगो उपयोगमा मद्दत पुऱ्याएको हुन्छ ।

कुनै पनि समुदायको मौलिक संस्कृति, संस्कार सटिक हुन गए त्यस समुदाय, समाज, प्रकृति, पर्यावरणदेखि सामाजिक, आर्थिक, राजनीतिक सबै-सबैमा सन्तुलित रहन्छ र आफू सभ्य भयो भने अरूको निम्ति पनि सभ्य समाज निर्माण गर्न सदा अग्रसर बन्ने छ ।

**ख. मौलिक संस्कृति र पहिचान**

दोस्रो अध्याय मौलिक संस्कृति र पहिचानमा उहाँ भन्नुहुन्छ, 'गुरूङ समुदायको संस्कृति आफ्नै खालको छ, जुन उनीहरूको इतिहास, घटनाक्रम र कथावस्तुको आधारमा तयार भएको हो । विशेषगरी गुरूङ समुदायभित्रको मौलिकता र पहिचान आफ्नो लामो 'प्ये ताँ ल्हु ताँ'ले देखाउँछ । यहाँ 'प्ये' भन्नाले शास्त्र, कथा वा इतिहास र 'ल्हु' भन्नाले प्रत्यक्ष अनुभव गरिने भौतिक संस्कृति भन्ने अर्थ लगाइन्छ ।'

गुरूङ समुदायको संस्कृति आफ्नै खालको छ, जुन उनीहरूको इतिहास, घटनाक्रम र कथावस्तुको आधारमा तयार भएको हो । विशेषगरी गुरूङ समुदायभित्रको मौलिकता र पहिचान आफ्नो लामो 'प्ये ताँ ल्हु ताँ'ले देखाउँछ । यहाँ 'प्ये' भन्नाले शास्त्र, कथा वा इतिहास र 'ल्हु' भन्नाले प्रत्यक्ष अनुभव गरिने भौतिक संस्कृति भन्ने अर्थ लगाइन्छ ।

जन्म, विवाह, मृत्यु र मृत्युपछि गरिने 'पै' संस्कारलाई गुरूङ समुदायभित्र विशेष किसिमले हेरिन्छ भने अघि र पछि पनि थुप्रै संस्कारहरु हुन्छन् । दैनिक खानपिन, लवाइ, खवाइ, हिंडडुल, भाषा, बोली, मनोरञ्जन, बसाइ, सुताइ, हेराइ, सुनाइ यावत सबै संस्कृतिभित्र पर्छन् । गुरूङ समुदायको पोशाक, गुरूङ भाषा, गुरूङ पुरोहित (पच्यु, क्लेब्री, वोन लम), गुरूङ विश्वास, गुरूङ ज्योतिष, गुरूङ मुखिया, गुरूङ समुदायमा पूजापाठ गर्ने शैली आदि सबै मौलिक संस्कृति र पहिचान हुन् ।

संस्कारमा पच्यु, क्लेब्रीको पुरोहित्याइँमा आफ्नै पुर्खाहरूको कथा, इतिहास, भूगोल, घटनाक्रमको अध्ययन आफ्नै पुरोहित्याइँ भाषा चौँ क्युई र गुरूङ भाषाबाट वाचन वा पढेपछि अभौतिक रूपमा गुरूङ हो भनी चिनिन्छ । त्यसैले कुनै पनि जाति वा समुदायको भौतिक संस्कृति नै उसको पहिचान हो । मौलिक संस्कृतिभित्र धेरै अर्थ र शक्ति रहन्छ । यो सम्बन्धित जाति, समुदाय विशेषको परिचयात्मक स्रोत र साधन हो । यसमा कुनै दुईमत छैन । कुनै पनि समुदायको संस्कार, संस्कृति, धर्म, कर्म, रीति, थिति, भाषा, वेशभुषा, खानपानले त्यस समुदायको पहिचान गराउँछन् भने यी सबै नभएको चाहिँ जराबिनाको वृक्ष हुनु हो । जसको विराटपनको कुनै अस्तित्व हुँदैन । हल्का हावाले पनि लडाइ दिन्छ ।

'प्ये ताँ ल्हु ताँ' नै हाम्रो मूल शास्त्र र प्राथमिक आधार हो । तर हाम्रो समुदायका स्रोत व्यक्तिबाट अझै अनुसन्धान गरिनु पर्छ । र, सरल रूपमा जनसाधारणसम्म पुग्नुपर्छ । त्यस्तै खेगी, पच्यु, क्लेब्री र वोन लम अनि लामाबीच आपसमा मेलमिलाप राखी आउने पिँढीलाई असल मार्गदर्शन गर्नुपर्छ । यसैले शास्त्र बचाउन खेगी लम, लामालाई शिरमा राख्न जरूरी छ ।

यही अध्यायको पृष्ठ ५ मा पोल ज्यूले लेख्नुभएको छ, 'गुरूङको मौलिक संस्कृतिभित्र अन्य जाति, धर्म वा समुदायको संस्कृति नपसेको होइन । विशेषगरी संस्कृतिको अवधारणामा अरूको संस्कृति ग्रहण गर्ने प्रक्रियालाई Assimilation (आत्मसाथ), Acculturation (परसंस्कृतिकरण) भनिन्छ । गुरूङ समुदायभित्र पनि यो आत्मसाथकरण र परसंस्कृतिकरणको अभ्यास बढ्दो देखिन्छ । अवश्य गुरूङहरु अहिलेको स्थितिमा आउँदा धेरै जाति, समुदाय र भाषा तथा धर्मको प्रभावमा छन् । Macfarlane ले भने जस्तै उत्तरतर्फको तिब्बती संस्कृति, दक्षिणी भेगको आर्यन संस्कृतिको प्रभाव राम्रै छ । फेरि पनि आफ्नो पुरानो वोन संस्कृतिको अभ्यास र अवलम्बन पनि उत्तिकै छ ।

Macfarlane ले भनेजस्तो गुरूङ जातिको संस्कृति तिब्बती, आर्यन र पुरानो वोनवाद तीनै किसिमले विकसित भइरहेको छ भने त्यसमा मौलिकता हुँदैन । त्यसैले गुरूङ समुदायको संस्कृति आफ्नै खालको छ । यसको उद्विकास र विस्तार आफ्नै सभ्यता अनुसार भएका छन् ।

नौ कोशको दुरीमा भाषा, संस्कार, संस्कृति, रीतिथितिमा कतिपय बदलाब आउँछ । आ-आफ्नो ह्युलको, आ-आफ्नो ठिम भनेझैँ ह्युल ठिम हुन्छ भने अंग्रेजी विदेशी लेखक तथा खोजकर्ता तथा शोधकर्ताले जति नै गुरूङ समुदायको अध्ययन गरेता पनि यथार्थमा गुरूङ भई यस समुदायमा जन्म लिएर मृत्युसम्म आफूले भोगेको बाँचेको यथार्थलाई दुई/चार दिन तथा पाँच-छ वर्षमा हाम्रो सम्पूर्ण यथार्थमाथि पटक्कै टिप्पणी गर्न मिल्दैन । कारण मेरो अध्ययनमा मैले यस्ता धेरै मिसइन्टरप्रिटेसन भेटेको छु, जुन विश्वका ठूला ठूला

विश्वविद्यालयको पुस्तकालयमा छन् ।

मलाई श्री पोल गुरूङ, प्राज्ञ डा. जगमान गुरूङ, बालनरसिंह गुरूङ, डिल्लीजङ गुरूङ, रेमबहादुर गुरूङ, प्रल्हाद गुरूङ, मेघराज गुरूङ, आफ्नो समुदायभित्रबाट आफैँले भोगेको/बाँचेको यथार्थलाई आत्मसाथ गरी लेखेको पुस्तक र लेखहरू नै सन्दर्भ ग्रन्थका रूपमा प्रयोग गर्न मन लाग्छ । कारण हाम्रो इतिहास हामीले नै खोज्नुपर्छ तब मात्र यथार्थ हाम्रो सामु आउँछ । र, हालको सामाजिक परिवेश प्रासांगिकता तथा सन्तुलित हुनेछ ।

पृष्ठ ६ दोस्रो अध्याय 'ख' मौलिक संस्कृति र पहिचानमा उहाँ भन्नुहुन्छ, 'विद्वानहरूका अध्ययन र अनुसन्धानले गुरूङ समुदायको संस्कृति यसरी विकास र संरक्षित हुनुमा मुख्य कारण गण्डकीको सेरोफेरोलाई नै मान्ने गरेका छन् । माथिबाट बसाइँ-सराइ वा राज्य बसाल्दै आउने क्रममा मुस्ताङ-मनाङ, लमजुङहुँदै क्होलाको वरिपरि डाँडा-पाखा, खोला-नालालाई किलो-थलो बनाएर बसेकै हुनाले गुरूङहरूको मौलिक संस्कृति, संरक्षण र विकास भएको पाइन्छ । यदि गुरूङहरू त्यो बेला तिब्बततिरै बसेको भए तिब्बती संस्कृतिको कारणले गुरूङहरूको संस्कृति हराउँथ्यो अथवा दक्षिणतिर दौडेको भएपनि आर्यन संस्कृतिसँग घुलमिल भइसक्थ्यो । त्यसैले माथि तिब्बती संस्कृतिले पनि नभेटाउने र दक्षिणी आर्यन संस्कृतिले पनि नभेटाउने क्षेत्रमा रहेकाले आफ्नो मौलिक संस्कृति यतिका समयसम्म संरक्षण र विकास भएको पाइन्छ । त्यसैले आज नेपाल र नेपालभन्दा पनि बाहिरका गुरूङहरूले आफ्नो जातीय अस्तित्वका लागि आफ्नो जातीय पहिचानका लागि गुरूङ 'हुँ' भनेर जुन गर्व गरिरहेका छन्, त्यसको श्रेय आफ्नो खेमाँ (पुर्खा)हरूलाई जान्छ । पुर्खाहरूले यसरी आफ्नो संस्कृति संरक्षण र प्रयोग नगरेको भए सायद आज हामीले अर्कै संस्कृति अवलम्बन गर्नुपर्ने बाध्यता हुन्थ्यो । त्यसैले आज गुरूङ समुदायभित्र देखिएका केही विचलित संस्कृतिहरू Assimilation र Acculturation को प्रक्रियालाई छोडी Inculturation अथवा आफ्नो संस्कृति सिक्ने प्रक्रियातिर लाग्नुपर्छ ।

यो कुरा मेरो दिमागमा घुस्न सकेन । लेखकले विभिन्न विद्वानको रेफरेन्स लिएर भन्नुभएको छ, फेरि पृष्ठ १, २, ३, ४ साथै ७ का 'ग' र ९ का 'घ', गुरूङ समुदायको मौलिक संस्कृतिमाथि विकसित चुनौतिहरूसँग कता-कता मेल नखाएको जस्तो मैले पाएँ । 'प्ये ताँ ल्हु ताँ' नै गुरूङ समुदायको इतिहास हो । मौलिकता र पहिचान हो । यसमा गुरूङ समुदायको उद्‌विकास (Evolution), आफ्नै स्वराज्यहरूको इतिहास, प्राचीनकालमा मानव जातिले भोगेका व्यवहारहरूजस्तै ढुंगे युग, शिकारी युग र पशुपालन युगका सभ्यताहरूको व्याख्या गरिएको पाइन्छ । यो 'प्ये ताँ ल्हु ताँ' नितान्त गुरूङ समुदायको मात्र मौलिक इतिहास भएकाले यसको अध्ययन र अनुसन्धानको आवश्यकता पनि देखिन्छ । यस विषयमा माथि नै टिप्पणी गरिसकेको छु ।

**ग. संस्कृतिका आधारभूत मान्यता र विशेषताहरू:**

1. Culture is change
2. Culture is dynamic
3. Culture is transferred
4. Culture is death

संस्कृतिका आफ्नै मान्यता र विशेषताहरू छन् । समय, फरक भौगोलिक परिवेश र विभिन्न परिस्थितिमा संस्कृतिका रूपहरू फरक-फरक देखिन्छन् । त्यसैले संस्कृति परिवर्तन भइरहन्छन् । मानवीय जीवनमा फरक-फरक परिवर्तित संस्कृतिले प्रभाव पारिरहेका हुन्छन् । संस्कृति गतिशील छ । यो सधैँ एकै किसिमको र एकै ठाउँमा रहन्न । संस्कृति सधैँ आफ्नो गतिमा चलिरहेको हुन्छ । संस्कृति एक व्यक्तिबाट अर्को व्यक्तिले सिक्ने काम गर्छन् । एउटा समुदायले अर्को समुदायलाई सिक्ने र सिकाउने काम पनि हुन्छ । एउटै परिवार वा जाति समुदायभित्र पनि आफ्नै संस्कृति सिक्न सकिन्छ । अथवा संस्कृति सिक्ने पनि गरिन्छ । यो एक व्यक्तिबाट अर्को व्यक्तिमा र एउटा समुदायबाट अर्को समुदायमा हस्तान्तरण पनि हुन्छ । सिक्ने र हस्तान्तरण भएन भने संस्कृति लोप हुन पनि सक्छ । त्यसैले हस्तान्तरण गरिरहनु वा भइरहनु यसको विशेषता हो । संस्कृति कहिलकाहीँ पूर्णतया नष्ट भएर पनि जान सक्छ । एउटा जाति अर्को जातिसँग विलय हुँदा अथवा आफ्नै जाति समाप्त हुँदा, आफ्नै संस्कृति बचाउन नसक्दा संस्कृति मृत्यु हुन सक्छ ।

अघि भनेझैँ नौ कोशको दुरीमा पानीको मिठास स्वादिष्टतामा बदलिन्छ भने संस्कृति र संस्कारमा पनि फरक आउँछ । यो प्राकृतिक स्वभाव हो । Change is the law of Nature साथै एक पिढीबाट अर्को पिढीमा संस्कार र संस्कृति जाँदा केही फरक त अवश्य पाउँछौँ ।

संस्कार-संस्कृतिहरूले सामाजिक व्यवस्था, सामाजिक अपरिहार्यताको काम गर्छन् । एकआपसमा बाँधिएर राख्ने काम गर्छन् । आफ्नो सामाजिक मूल्य, मान्यताको विशेषतालाई सन्तुलन राख्ने काम गर्छन्, अपूर्णताबाट पूर्णतातिर लैजाने काम गर्छन् । मानवशास्त्रीहरूले संस्कृति uniform to multi form / simple to complex अथवा संस्कृति एकरूपबाट बहुरूपतिर र सामान्यबाट जटिलतिर जान्छन् भन्छन् । यसैलाई संस्कृतिको गतिशीलता र परिवर्तन भन्न सकिन्छ ।

संस्कार, संस्कृतिहरूले सामाजिक व्यवस्था अनि अपूर्णताबाट पूर्णतातिर लैजाने काम गरिरहेको हुन्छ । यसमा दुईमत हुन सक्दैन । यसरी नै दोस्रो अनुच्छेदमा 'मानव जाति वा समुदाय जहिले पनि आफ्नै मात्र परिधिभित्र रहन नसक्ने भएर नै एकरूपबाट बहुरूप र

सामान्यबाट जटिलतातिर गएका हुन् । यसरी हुने रूप परिवर्तन र जटिलताले मानव जाति वा समुदायलाई विभिन्न असजिला र अनुभवहरु गराउँछन् । आफ्नै मात्र संस्कृतिको अवलम्बन गर्दाको अनुभव वा परिस्थिति र अरूको संस्कृतिको अवलम्वन गर्दाको अनुभव वा परिस्थिति धेरै फरक हुन्छन् ।'

कहिलेकाहीँ हामी विभिन्न देश-परदेश र परिवेशमा रहँदा आफ्नो मुलुक गाउँठाउँदेखि टाढा रहँदा हामीले ठेटपनमा आफ्नो संस्कार, संस्कृति निर्वाह गर्न सक्दैनौँ । परिस्थिति र माहोलले गर्दा जटिल र असजिलो हुन जान्छ । पिढी दरपिढीमा संस्कार संस्कृतिको मौलिकतामा कतै न कतै लोप हुन जान्छ । तब हामी संगठित भई आफ्नो संस्कार र संस्कृति मौलिकतामा संरक्षण गर्न सक्छौँ, जस्तो आज श्री रेशम गुरूङज्यू साथै उहाँको नेतृत्वको संगठनले विश्वभर छरिएर रहेका गुरूङ समुदायलाई एक छातामा ल्याएर हामी हाम्रो मौलिकता खोज गरिरहेका छौँ । यो अतुलनीय योगदान हो । यो नै हाम्रो भोलिको इतिहास हो ।

**घ. अध्याय**

**गुरूङ समुदायको मौलिक संस्कृतिमाथि विकसित चुनौतिहरूः**

पोल ज्यू भन्नुहुन्छ, 'अहिलेको परिवेशमा संस्कृतिको अध्ययन र अनुसन्धान गर्दा कुनै पनि जाति वा समुदायका आफ्नै मौलिकता कम पाइन्छ । सबैका संस्कृतिले सबैलाई प्रभाव पारेका हुन्छन् । त्यसैले शुद्ध र पवित्र भन्ने संस्कृति सायद कुनै पनि जाति वा समुदायभित्र नभेटिएला । यसबाट गुरूङ समुदायको संस्कृति पनि अछुतो रहन सकेन । गुरूङ समुदायको मौलिक संस्कृतिमाथि देखिएका अथवा विकसित भएका अन्य संस्कृतिहरु निम्नानुसार हुन सक्छन् ।'

जुन समस्याहरु आज हामीमाझ छन्, यो समय परिस्थिति र माहोलबाट उत्पन्न भएका छन् । यसलाई श्री पोल ज्यूले चार खण्डमा विभाजित गर्नुभएको छ ।

**१. हिन्दु संस्कृति**

'कतिपय ज्ञान, मान्यता र विश्वास गर्ने शैलीहरु गुरूङ समुदाय र हिन्दु संस्कृतिसँग मेल खाने पाटाहरु पनि देखिन्छन् । तर जब क्होला राज्यको विघटन र वरिपरिका गुरूङका राज्यहरूको अपहरणपछि गुरूङ गाउँ-गाउँमा विभिन्न बहानाबाजी गरी हिन्दु संस्कृति लादिएका छन् ।' यसमा कुनै दुईमत नहोला । हामी सबैले यथार्थ भोगिरहेका छौँ ।

**२. तिब्बतीयन संस्कृति**

गुरूङ समुदायभित्र परापूर्वकालदेखि वोनवादमा आधारित वोन लामाहरु थिए र उनीहरूले आफ्नै गुरूङ संस्कृति अनुसार कर्मकाण्ड गराउँथे । जब तिब्बत चीनको अधिनस्थ प्रान्त भयो, त्यसपछि तिब्बती धर्म गुरुहरु र सर्वसाधारण धेरैले देश छाड्नुपर्ने अवस्था आयो । त्यसैको फलस्वरूप नेपालमा पनि तिब्बतीयनहरु विभिन्न ठाउँमा क्याम्प बनाई शरणार्थी जीवन बिताउन बाध्य भए । उनीहरूभित्र पनि लामाहरु हुने भएकाले केही गुरूङ समुदाय र वोनवादी लामाहरूको ती तिब्बतीहरूसँग सम्पर्क बढ्दै गयो । पछिल्लोपटक यिनीहरूमा मंगोलियन वा तिब्बती भन्नेकै आधारमा एउटै संस्कृतिको विकास भई आफ्नो संस्कृति लोप हुँदै जान थाले । परम्परागत रूपमा मान्दै आएका र पुरोहित्याइँ गर्दै आएका आफ्ना मौलिक 'प्ये ताँ ल्हु ताँ'का धनी पच्यु, क्लेब्री र वोन लामाहरु विस्तारै विस्थापित हुँदै गए । घर-घर र समाज-समाजमा तिब्बती संस्कृतिको विकास र प्रशिक्षणहरु गर्न लगाए । यसकारण आफ्नो मौलिक संस्कृतिमाथि चुनौति बढ्दै गयो ।

गुरूङ समुदाय मौलिकता जान्नु नै हो भने वोनवादमा मान्दै आएको पाउँछौँ साथै हाम्रो आफ्नै आदिम धर्म छ । जबकि आठौँ शताब्दीसम्ममा तिब्बतमा पनि यस्तै वोन धर्म मात्र थिए । सन् ७४९ मा तिब्बतका ३८औँ राजा ठिकसोङ दुछेन (Thisong Deotsen) को पालासम्म पनि तिब्बतमा बौद्ध धर्मको प्रचार-प्रसार भएको थिएन । यी राजाले भारत वर्षबाट विद्वान शान्तारक्षिता अनि गुरू पद्मसम्भवलाई बौद्ध मठमन्दिर गुम्बा निर्माण हेतु निम्त्याउनु भयो । उहाँहरूको योगदानले तिब्बती देशमा बौद्ध धर्मको प्रचार भयो । गुरूङ पद्मसम्भव तिब्बत जानु हुँदा नेपालको बाटो भएर गएको इतिहास पाइन्छ । र, नेपालको पहाडी भु-भागमा गुरूङ समुदायको गाउँघर पर्न जान्छ । र, मेरो अनुमान यो छ कि तिब्बतीभन्दा पनि पहिले हामी गुरूङ समुदाय गुरू पद्मसम्भवको अनुयायी तथा चेलाहरु त भएका थिएनौँ । कारण हाम्रो ङहारू ग्याला पञ्च शक्ति/पञ्च महागुरू

१. आः गुरू (सत्यको पालना गर्ने गुरू)
२. ज्याहेनः गुरू (ज्ञानको पालना गर्ने गुरू)
३. उर्ग्येनः गुरू (शक्तिको पालन गर्ने गुरू)
४. क्येतमः गुरू (सृष्टिको पालन गर्ने गुरू)
५. च्यितमः गुरू (विज्ञान पालन गर्ने गुरू)

तेस्रो उर्ग्येन गुरू नै पद्मसम्भव हुन् । साथै उनी शक्ति, तन्त्रमन्त्रका गुरू हुन् । साथै बज्रयानका संस्थापक पनि गुरू पद्मसम्भव नै हुन् । उहाँले तिब्बत र सेरोफेरो धर्मका भक्षकहरु दमन गरी धर्मपाल बनाएका थिए । आठौँ शताब्दीमा निङ्मा सम्प्रदायको विकास भयो भने पहिलो मठ गुम्बा लाशासमया सन् ७९१ पुनर्निर्माण भएको थियो । तिब्बत र नेपालको पहाडी सेरोफेरोमा उर्ग्येन गुरू ५४ वर्ष बसोबास गरेको पाइन्छ । उनको जीवनी इतिहास तिब्बती प्येमा काथङ्ग नामक पुस्तकमा पाइन्छ । यसको अनुवाद अंग्रेजीमा The Lotus Born by Yeshe Tsogyal

नेपालीमा गुरू पद्मसम्भव लेखक लामा पेम्बा छिरिङ हुन् ।

गुरू पद्मसम्भवको विषयमा भन्नुको तात्पर्य के हो भने श्री पोल गुरूङज्यूले लेख्नुभएको : जब तिब्बतीहरूलाई चीनले लखेटेपछि नेपाल-भारत पस्दा हामी गुरूङ समुदायको माथि उनीहरूको संस्कार, संस्कृतिको प्रभाव परेको छैन भन्न त मिल्दैन । तर बज्रयान र उर्ग्येन गुरूको प्रभाव चाहिँ हामीमा तिब्बतीभन्दा पहिले आठौँ शताब्दीमै त परेन ? हाम्रो प्राज्ञ डाक्टर जगमान गुरूङज्यूले जब मन्त्र उच्चारण गर्दा ओम बज्रगुरू पद्म सिद्धी हुँ, ओम बम हुँ, बज्र सुत, ओम बज्र किली किलाय... इत्यादि प्रायजसो बज्रयानी मन्त्र उच्चारण गर्नुभएको युट्युबमा पाउँछौँ । यसैले मलाई लाग्छ, हामी गुरूङ समुदायका विद्वानहरूबाट तुलनात्मक अध्ययन, खोज, अनुसन्धान हुनुपर्छ । खासगरी खेगी लम, लामा, गुरुमाफ्र । तब हामीले हाम्रो मौलिकतालाई बचाइराख्न सक्षम हुनेछौँ, मलाई यस्तो लाग्छ ।

यसै क्रममा पोल ज्यूले क्रिश्चियन संस्कृतिका विषयमा लेख्नुभएको छ ।

**३. क्रिश्चियन संस्कृति**

आजको दिनसम्म आउँदा क्रिश्चियन संस्कृति सबैभन्दा बलियो र डरलाग्दो किसिमले भित्रिरहेको छ । यो खासगरी गुरूङ समुदायभित्र मात्र नभई पूरै विश्वभरिका मानव जाति, समुदायमाथि विकसित भइरहेका छन् ।

**४. सहरी वा भू-मण्डलीकरण**

नेपाल अथवा गुरूङका गाउँघरहरू हिजोको जस्तो छैन । विभिन्न सुविधाहरूको आवश्यकता र बाध्यताले गर्दा आफ्नो पुरानो थातथलो छोडी शहरतिर बसाइँ सर्नु परेको छ । जसले गर्दा गाउँमा आफूले अभ्यास गरेको संस्कृति र सहर-बजारको वातावरण फरक पर्ने हुन्छ । अतः विस्तारै सहरीकरण वा भू-मण्डलीकरणतिर आफूलाई अनुकुलन बनाउँदै लानुपर्ने हुँदा यसले पनि गुरूङ समुदायको मौलिक संस्कृतिमाथि चुनौति दिइरहेका छन् । यसो हुनुमा गुरूङभित्र आफ्नै कारणहरू पनि छन् । अरूले लादेको र बाध्यता वा खुशीले लिएको भन्दा पनि आफूभित्रको मौलिकतालाई चिन्न नसक्नु पनि हो ।

यो यथार्थ हो, जो हाम्रो आँखा अघि उठिरहेको छ । यसमा म यति भन्न चाहन्छुः धर्म र संस्कार, संस्कृति भनेको एक सिक्काको दुई पाटा हो । यदि एकातिर आफ्नो देशको छाप र अर्को पाटोतिर विदेशी डलरको छाप भए के यो सिक्का चल्दछ ? नेपाल न भारत न विदेशमा यसको कुनै मूल्य हुन्छ ? यस्तै आफ्नो जुन समुदायमा जन्म हुन्छ, त्यस समुदायको मौलिक संस्कार, संस्कृतिले आफ्नो पहिचान दिएको हुन्छ ।

नेपाल कानुनतः धर्म निरपेक्ष राज्य हो, यहाँ कुनै पनि व्यक्ति विशेष र जाति विशेषले आफ्नो अनुकुल धर्म मान्न र नमान्न सक्छन् । त्यसैले हिन्दु, तिब्बतीयन र क्रिश्चियन संस्कृतिमाथि प्रश्न गर्ने अधिकार र परिस्थिति कसैलाई पनि छैन । तर जाति र समुदायको समग्रतामा संस्कृतिका विषयमा छलफल हुँदा निश्चय पनि यी ११ विषयहरु उठ्छन् । यसमा एकातिर हिन्दु संस्कृति अनुसारको राज्य सत्ताको बलजोड देखिन्छ भने अर्कोतिर गुरूङ समुदायकै भूमिका पनि देखिन्छ । संस्कृत शिक्षा, संस्कृत भाषा अथवा खस भाषा, तिब्बतीयन भाषा र तिनका पुरोहित र गुरूङ भाषा र तिनका पुरोहितबीच अवलोकन गरिनुपर्ने आवश्यकता छ । कुन पुरोहितले कुन भाषामा, कुन समुदायको इतिहास वा कथा पढ्दैछन् भन्ने कुरा मुख्य रहन्छ । त्यसैले गुरूङहरु विविध संस्कृतिमा विभाजित भए पनि अबका दिनमा आफ्नै मौलिक संस्कृतिभित्र अटिनुपर्छ, आफ्नै 'प्ये ताँ ल्हु ताँ'को अनुसरण गरिनुपर्छ । आफैँले आफूलाई चिन्ने कोसिस गर्नुपर्छ ।

नेपाल, भारतदेखि सबैजसो देश प्रायः धर्मनिरपेक्ष राष्ट्र पाउँछौँ । सबैलाई आ-आफ्नो आस्था अनुसारको धर्म अभ्यास गर्ने स्वतन्त्रता रहेको पाइन्छ । तर हामी जहाँ गए र भए पनि पहिचान बचाइ राख्न सकिन्छ । यसको उदाहरण मेरोसामु हजुरहरु हुनुहुन्छ । विश्वभर छरिएर बसेका गुरूङ समुदायको आज आफ्नो मौलिक संस्कृति खोजी गरी आज एकसाथ खडा हुनुभएको छ ।

**ङ. अन्त्यमा**

पोल ज्यूले गुरूङ समुदायको मौलिकता बचाउन र पहिचानयुक्त बनाउन ११ सूची तयार गर्नुभएको छ ।

१. गुरूङ समुदायको सांस्कृतिक उद्विकासको इतिहास अध्ययन गरिनुपर्छ ।

२. सांस्कृतिक उद्विकाससँगै भएका परिवर्तनहरूको अध्ययन गरिनुपर्छ ।

३. गुरूङ समुदायभित्रका विभिन्न संघ-संस्थाहरूबीच आपसी छलफल र अन्तरक्रियात्मक कार्यक्रमहरु सञ्चालन गरिनुपर्छ ।

४. गुरूङ समाजलाई प्रभाव पार्ने अन्य संस्कृति र गुरूङ संस्कृतिबीचको समानता र असमानता छुट्याइनुपर्छ ।

५. मौलिक संस्कार, संस्कृतिमा आधारित 'प्ये ताँ ल्हु ताँ'लाई परम्परागत, पुरानो, अवैज्ञानिक भन्नुभन्दा पनि यसभित्रका मिथ (Myth), इतिहास र घटनाक्रहरूको वैज्ञानिक अध्ययन र अनुसन्धान गरिनुपर्छ ।

६. मानवशास्त्रीहरूका अनुसार 'भाषा संस्कृतिको वाहक हो ।' त्यसैले गुरूङ भाषा र शास्त्रीय भाषा (चौँ क्युई)लाई विशेष प्राथमिकता मान्नुपर्छ ।

७. विद्यालय र विश्वविद्यालयहरूमा पढाइने असामाजिक, अर्थहीन र विभाजित गराउने भाषा र अनुसन्धानहरूमाथि प्रतिबन्ध गराइनुपर्छ ।

८. भिन्दै गाउँ, खोला र डाँडाहरूमा भिन्दै संस्कृतिको

अभ्यास हुने भएकाले यी सबैको अध्ययन र अनुसन्धान गरी एउटै हुने वा बनाउने सम्भावनाको विकास/खोजी गरिनुपर्छ ।

९. गुरूङका गाउँघरहरूलाई संस्कृति र सभ्यताको केन्द्र मान्नुपर्छ ।

१०. आफ्नो पुराना-पुराना राज्य र पुरातात्विक एवं ऐतिहासिक ठाउँहरूको खोज, अनुसन्धान र भ्रमण अवलोकनहरु गरिनुपर्छ ।

११. गुरूङ सम्बन्धि प्रकाशित पुस्तक, लेख, रचना, दस्तावेज, प्रतिवेदन, कार्यक्रम, भिडियो, अन्तर्वार्ता आदि सबैको अभिलेख गरी संरक्षण गर्नुपर्छ । यसमा म अझै एउटा बढाउँदैछु ।

१२. गुरूङको भाषा, संस्कार, संस्कृतिको विषयमा विश्वविद्यालयमा पाठ्यक्रम हुनुपर्छ । गुरूङ समुदायका विषयमा कसैले पनि खोज, अनुसन्धान वा पिएचडी गरे प्रकाशित गर्नु अगाडि परीक्षण हुनुपर्छ । यसका लागि विशेष सभा वा सदस्य बनाउनु पर्छ ।

यति भन्दै मेरो टिप्पणीलाई बिराम दिन्छु । यस अन्तर्राष्ट्रिय सम्मेलन गर्नुको उद्देश्य सफल बनोस् । हाम्रो आउने पिढीलाई एकताको पाठ पढाउँदै गुरूङको अस्तित्व के हो, सम्झाइ-बुझाइ आफ्नो मौलिक पहिचान सिकाऔँ र गुरूङ समुदायलाई समृद्धशील बनौँ ।

ज्ञासाजे

---



**डा. जगमान गुरूङ**
**सभाध्यक्ष**

हिन्दुहरूको पनि अन्तर्राष्ट्रिय सम्मेलन भनेको थियो । भारतबाट दुई/चार जना आए । तर आजको यस तमू सम्मेलन चाहिँ साँच्चिकै अन्तर्राष्ट्रिय सम्मेलन बनेको छ किनकि यहाँ करिब तीन दर्जन देशबाट सहभागीहरु आएका छन् ।

अहिलेको समाज सामन्तवाद हावी समाज हो । न्वारान गर्छ पुरोहित चाहिँदैन । घन्टी बजाएर लामा राखेर न्वारान गर्न थालिएको छ । पैँडीले नाम जुराएपछि न्वारान भइहाल्छ । चुडाकर्म गर्दा पनि पुरोहित चाहिँदैन । पैँडीले दिन हेर्‍यो, चुडाकर्म गर्‍यो । पुटपुटे गर्दा पनि चाहिँदैन । विवाह गर्दा पनि चाहिँदैन । ढ्याङ्ग्रो बजाएर विवाह गर्न थालेको छ । अहिलेको कम्युनिष्टहरूको जनवादी विवाहजस्तो ।

एउटा गाउँमा अनेक टोल हुन्छन् । टोलमा सबै तालुकदारको मान्छे बसी अनिवार्य रूपले बागदत्ता कसले बोल्ने त ? पच्यु, लम, क्लेब्रीले त होइन । कन्याको बाबाले पनि होइन । त्यो तालुकुदारको मान्छेले हो बोल्ने । आजदेखि फलानाको छोरी फलानासँग विवाह भयो भनेपछि विवाह सकियो । गणवादी विवाह । पुरोहित आवश्यक पर्ने मान्छे मर्दा हो । हाम्रो संस्कार र संस्कृतिमा आस्यौँ नभई हुँदैन तर अहिले त आस्यौँ भए पनि भयो नभए पनि भयो । आस्यौँ जतिबेला आए पनि भयो । लास त्यहाँ तेर्सिएको छ । पच्यु लम, क्लेब्री पनि त्यहीँ छ । आस्यौँले टालो नओढाएसम्म पच्युले पढ्दैन । आस्यौँको यस्तो महत्व छ । छोराले मात्र किरिया गर्दा छोरीको कर्म छैन त्यहाँ । पुरोहित छोरा, छोरी, आस्यौँ मात्र भएर पुग्दैन । आफ्नो भाइखलक चाहियो समाज चाहियो । अहिले त लामाले घन्टी बजाएपछि सकिन्छ । उहिले त्यस्तो होइन ।

हामी जनजाति होइन, हामी त गणजाति । अर्घौंको दिन हेर्नेलाई खेगीहरूले पञ्च भलाद्मीलाई सोध्छ, उक्त भेलाले आज्ञा दिएपछि मात्र दिन हेर्ने हो । फलानो दिनमा निस्कियो भनेपछि गाउँलेले काम दिन सक्छ कि सक्दैन, सक्छ भनेपछि यो सामुदायिक जातिको विशेषता हो । त्यहाँ पुरोहित हावी भएको छैन । विवाह गर्दा पनि क्रमु थिएन । अहिले त होटलमा स्याम्पेन फोर्छ । गुरूङको आफ्नोपन गयो । पहिचान भनेको त्यहाँ हो । पहिचान, पहिचान भनेको छ । आफ्नो पहिचान छैन । मञ्चमा उभिएर पच्यु, क्लेब्री भन्छ तर आफूमाथि काम गर्दा आफ्नो केही छैन । अब यहाँ पुरानो पहिचान मेटिँदै छ । जुगले अब काटमार सहेन । कति ठाउँमा पच्यु, क्लेब्री लखेटिनु पर्छ । काटमार छोडिदिऊँ सबै आउँछ । त्यो पनि एकैचोटि नछोडौँ । मुत्यु सस्कार गर्दा काटमार नगरौँ । फैलु पूजामा वा विवाहमा काटमार गरौँ ।





दक्षिण भुटानमा मानव बसोबास तथा विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका भुटानका गर्जमान गुरूङमा समर्पित 'अस्तित्व सेसन'को अध्यक्षता प्रा.डा. शेखर गुरूङले गर्नुभएको थियो । अस्तित्व सेसनमा खेमाँ लिपिकार बालनरसिंह गुरूङ र सिक्किमका रुपराज गुरूङले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । दुई जनाको कार्यपत्रमाथि गुरूङ भाषाविद् रत्नबहादुर गुरूङ र भाषाशास्त्री अमृत योन्जन तामाङले टिप्पणी गर्नुभएको थियो । भाषाशास्त्री योन्जनले गुरूङ र तामाङको भाषामा धेरै अन्तर नभएको बताउनुभयो । उहाँले लिपि राम्रो भए पनि लिपिमा हुनुपर्ने केही वैज्ञानिक पक्षमा भने सुधार आवश्यक रहेको बताउनुभयो ।



## गर्जमान गुरूङ

आकाश उही, धर्ती उही, फरक छ केवल भूमी र जाति, अनि सीमाले छुट्याइएको इतिहास र दबाइएका आवाजको चरित्र नायक हुन्, भुटानका गर्जमान गुरूङ । नेपालको सीमाले नजोडिए पनि भारतपछिको दोस्रो छिमेकी देश हो, भुटान । नेपाल र भुटान दुवै भूपरिवेष्ठित मुलुक दुई ढुंगाबीचको तरूल तर माटो र जातिको नाता सम्बन्ध भने धेरै पुरानो ।

गर्जमान गुरूङको जन्म सन् १८६१ मा भारतको कालिम्पोङमा भएको हो । बुबा दलचन गुरूङ र आमा गायत्रीका साथमा उनी बालक हुँदा नै भुटानको साम्चीमा बसाइँ सरेका हुन् । पूर्वी नेपालको इलामबाट बसाइँ सरेका दलचन एक सफल व्यवसायी तथा ठेकेदार थिए । दक्षिण भुटानको सीमावर्ती क्षेत्रमा उनको ख्याति बढ्दै गयो । भुटानी राजशाही खानदानसितको सम्पर्क र पहुँचले गर्दा कालिम्पोङ, पूर्वी नेपाल र सिक्किमदेखि आफन्तजन ल्याइ नेपालीहरूको बस्ती बसाल्ने उनी पहिलो व्यक्ति थिए ।

गर्जमानका बुबा दलचन सन् १८६२ मा भुटानका देवराजा पेन्लप अर्थात राज्यपाल उर्गे दोर्जेसहित उनी नेपालका नरेश सुरेन्द्र शाह र प्रधानमन्त्री जंगबहादुर राणासँग भेट गर्न नेपाल आएका थिए । यसबाट पनि उनको शक्ति र पहुँचको अन्दाज हुन्छ । उनकै दूरदर्शिता र नेतृत्वको परिणामस्वरूप १८८७ मा शाही आदेशद्वारा सरदार दलचन र छोरा गर्जमान आफूहरूको नाममा रोयल कासो न्यायिक अधिकार पत्र प्राप्त गर्न सफल भए । जुन बखत बाबु-छोराको पौरख र पुरूषार्थ बढिरहेको थियो, त्यसबेला भारतमा ब्रिटिस राज र नेपालमा श्री ३ को जहानियाँ शासन थियो ।

उन्नाइसौ शताब्दीमा पारो र टोङ्साका पेन्लप अर्थात राज्यपालहरु अरूभन्दा शक्तिशाली थिए । टोङ्साका पेन्लप उर्गेन वाङ्चुक सन् १९०७ मा भुटानको वंशानुगत राजा भए । तत्पश्चात नेपालको श्री ३ महाराज चन्द्र शम्सेरबाट मान्यता दिलाउन भुटानको राजप्रतिनिधि मण्डलमा गर्जमान गुरूङसमेत काठमाडौं आए ।

'लाइक फादर, लाइक सन' भनेजस्तै गर्जमान गुरूङको आर्थिक, राजनीतिकलगायत प्रशासनिक शक्ति बढ्दै गयो । प्रतिष्ठा, सत्ता र पैसाको बलमा उनको महत्वकांक्षा बढनु स्वभाविकै थियो । कर राजश्व उठौतीका लागि गाउँमण्डलहरूको संगठन विस्तारमा पनि लागे । ५२ ढोका भएको दरबारजस्तो महलको निर्माण गरे । जसले गर्दा गर्जमान गुरूङप्रति अन्य पेन्लपहरूको मनमा इर्ष्या पैदा भयो । उनको बढ्दो शक्ति र लोकप्रियता देखेर भुटानी दरबारको नजरमासमेत षडयन्त्रको कालो बादल मडारिन थाल्यो । फुटको आश्वासन र भ्रमको खेल सुरू भयो । षडयन्त्रपूर्वक गर्जमान गुरूङको अस्तित्व र इतिहासलाई दबाइयो । जुन कुरा अझै रहस्यको गर्भमा तुहिएको छ ।

# खेमाँ लिपि (खेमाँ प्ह्री)



**बालनरसिंह गुरुङ**
लिपिकार

**पृष्ठभूमिः-**

त्हँई मु (त्हईको अर्थ सूर्य र मु को अर्थ आकाश) बाट अपभ्रंश हुँदै तमु हुन आएको हामी तमु/गुरुङ जातिको पवित्र महाग्रन्थ श्रृष्टि सम्बन्धिको वेद केर्लो अनुसार आकाश (सौर्य मण्डल) बाबा र पृथ्वी (धर्तिमाता) आमाका सन्तान हामी तमु नेपालको धर्तिपुत्र भएको तथ्यमा कुनै विवाद छैन। त्यसकारण हामी तमु आफुलाई यो धर्तिको मुलबासी/मूल आदिवासी भन्दछौं। आफ्नो जातिय भेष भूषा, रहन सहन, बोलि चालि र सँस्कृति अनुसारको जीवन पद्धतीमा अवलम्बन गर्नु हामीहरुको कर्तव्य हो। हाल आयर आधुनिकताको नाममा हामी यहाँका धर्तिपुत्र मुलवासी गुरुङहरुको पहिचानको रुपमा रहेको भाषा, कला, सँस्कृति लोप हुँदै गैरहेको छ। यसको संरक्षण, सम्वर्द्धन र जगेर्णा गर्नु हाम्रो कर्तव्य एवं धर्म हो। यस सन्दर्भमा लिपिले अहं भूमिका खेल्दछ। वर्तमानमा हामीले अध्ययन अध्यापन गरिरहेको देव नागरि र रोमन अंग्रेजी लिपि हाम्रो आफ्नो लिपि हैन। यही तथ्यलाई ध्यानमा राखि यो खेमाँ लिपि (तमु भाषामा खेमाँ प्ह्री) निर्माण गरि प्रस्तुत गरिएको छ।

## प्रस्तावना

मूल आदिवासी गुरुङहरुको पहिचानको रुपमा रहेको भाषा, सँस्कृति र कला लोप हुँदै गैरहेको छ। यसको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्नु हाम्रो कर्तव्य एवं धर्म हो। हामीलाई आफ्नो मातृभूमि प्रति जति माया, ममता र स्नेह छ, त्यति नै माया, ममता र स्नेह भाषा, लिपि, सँस्कृति र कला प्रति हुनु पर्दछ। यही तथ्यलाई हृदयङ्गम गरी मूल आदिवासी गुरुङहरुको जातिय पहिचान, कला, सँस्कृति र बैशिष्ट्यताको आधारमा मातृभाषा अनुरुप परिष्कृत गरी "खेमाँ लिपि" तयार गरिएको छ। गुरुङ भाषामा सहज तरिकाले लेख पढ गर्न सक्ने गरी सरल र सहज बनाउनको लागि अध्ययन, अनुसन्धान र अभ्यासका आधारमा सिर्जित एवम् परिस्कृत यो खेमाँ लिपि सगौरव प्रस्तुत गर्दछ।

**परिचयः**

१. यस लिपिको नाम खेमाँ लिपि (खेमाँ फ्ही) हो।

२. खेमाँ लिपिमा २९ व्यञ्जन र ८ स्वर छन् र यस पछि ४ वटा ह्रेङ्गोमाँ थपि १२ स्वर रहेका छन्।

३. खेमाँ लिपिलाई आध्यात्मिक जगतसंग सम्बन्ध रहेको विश्वास रहने गरी तैयार गरिएको छ।

४. खेमाँ लिपि मन्त्रोच्चारणको रुपमा लयबद्ध तरिकाले पढ्ने व्यवस्था गरिएको छ।

५. खेमाँको अर्थ, खे = पितृ, पितृदेव र पितृगण तथा माँ को अर्थ = मातृ, मातृदेव मातृगण (माँङी) मानिन्छ। मूल आदिवासी गुरुङ भाषामा खेमाँ भन्नाले आफ्नो कूल, कुल्यान र कूल देवता आदी जनाउँछ। मूल आदिवासी गुरुङहरुको धर्म र संस्कृतिमा खेमाँको ठूलो महत्व छ।

**विशेषताः**

१. यो वर्ण लिपि हो।

२ गुरुङ भाषाका अतिरिक्त जुनसुकै भाषाहरुमा पनि सजिलै लेख्न पढ्न सकिन्छ।

३. गुरुङले मात्र नभई अन्य जातिले पनि सजिलै पढ्न, लेख्न, सिक्न सकिने गरि व्यवस्था मिलाईएको छ।

४. समय परिस्थिती अनुसार विद्वानहरुबाट अत्यावश्यक ठानी आएको खण्डमा बिचार गरि परिमार्जन गर्न सकिने छ।

५. अंक गणितको पनि व्यवस्था गरिएको छ।

**पढ्ने तरिका र विधि/व्यावहारीक पक्षः-**

खेमाँ लिपि पढ्न लेख्न सिक्नु भन्दा अगाडि खेमाँहरु संग पहिला, "अब म पढ्न लेख्न शुरु गर्छ, आशिर्वाद दिनुहोस्", भनि निम्नानुसार प्रार्थना गरिन्छ :-

खेकु मे लै छ्याजालो ङजै लमु,
च्यू ङ्यो ल्हो ले छ्याजालो ङजै लमु
माँङी मै लै छ्याजालो ङजै लमु
खेमाँ ल्हे माँ ङ जै लै खेवा लोमिनु॥
छ्याजालो॥

२

**अर्थः**

**नौ महागुरुहरुलाई म नमस्कार गर्दछु ॥**

**बाह्र ल्हो (वर्ग) लाई म नमस्कार गर्दछु**

**माँ ङी (७ आमाहरु) लाई म नमस्कार गर्दछु ॥**

**आमा बाबा, विद्या माता मलाई लेख्न पढ्न सिकाई दिनु होस् ॥**

**नमस्कार ॥**

**उक्त प्रार्थना गरिसकेपछि शिष्टता साथ छ्याजालो (नमस्कार) भनि पुस्तकमा ढोगेर निम्नानुसार पढाई गरिन्छ ॥**



**उक्त पढाई यसप्रकार गरिन्छ, अति ढिलो भाकामा पच्यू, क्लेप्री मे मन्त्रोच्चारणको रुपमा पढे झैं पढिन्छ :-**

**अमाँ कखे च ट - आमाँ खखे छ ठ**
**इमाँ गखे ज ड - ईमाँ घखे झ ढ - उमाँ ङ**
**ऊमाँ तखे प य स - एमाँ थखे फ र ह**
**एःमाँ दखे ब ल - ऐमाँ धखे भ व**
**ओमाँ नखे म - ओःमाँ औमाँ**



गैर गुरुङहरुलाई पढ्न लेख्न सजिलोको लागि निम्नानुसार व्यवस्था गरिएको छ।



क ख ग घ ङ



च छ ज झ



ट ठ ड ढ



त थ द ध न



प फ ब भ म



य र ल व



स ह

उपरोक्त व्यञ्जनलाई पढाई गर्दा :- कखे खखे गखे घखे ङखे, चखे छखे ........................ गरी (यस प्रकारले) पढिन्छ।

अन्तमा पुनः एक पटक प्रार्थना, "खेमाँ-खेवा प्ह्रीवा लमु ङ" भनेर पुस्तकमा ढोग गरिन्छ र अगाडि पढाई गरिन्छ। खेमाँ लिपिको प्रारम्भिक पुस्तिका विशेष प्रकारको बनाईनेछ,(बच्चाहरुले स्कुलमा पढ्ने पुस्तक तथा पाठ्यक्रमहरु एवम् अन्य लेखका पुस्तकहरु वाहेक) जस्लाई धार्मिक पुस्तक सरह आदरपूर्वक प्रयोग गर्नुपर्ने हुन्छ।

**माँ प्ह्री (स्वर वर्ण)**



**उपरोक्त स्वर वर्णलाई निम्नानुसार पढाई गरिन्छः-**

माप्ह्री (स्वरवर्ण)



| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अमाँ | आमाँ | इमाँ | ईमाँ | उमाँ | ऊमाँ | एमाँ | ए:माँ | ऐमाँ | ओमाँ | ओ:माँ | औमा |

## प्रीमा (मात्रा)




## प्रीमा (मात्रा)

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| क | का | कि | की | कु | कू | के | केए | कै | को | कोओ | कौ |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| ख | खा | खि | खी | खु | खू | खे | खेए | खै | खो | खोओ | खौ |

## ल्हो माँ (सहयोगी स्वर)




**अभ्यास**

खेमाँ प्ह्री (खेमा लिपि) गुरुङहरुको लागि एकदमै सजिलो एक आधा घण्टामा नै सम्पूर्ण स्वर व्यञ्जन कण्ठस्थ हुने भए ता पनि गुरुङ बाहेक अन्य गैर गुरुङहरुले पनि पढ्न लेख्न सिक्न सजिलो होस भन्ने उद्देश्यले केही सरलिकरणका उपायहरु अपनाएर देवानगरी लिपि झैं पढ्न लेख्न मिलाउने प्रयास गरिएको कुरा यस भन्दा अगाडी नै उल्लेखित गरिएको छ ।

प्रेपाँ (विराम चिन्ह) हरु

| | | | | |
|---|---|---|---|---|
| १. | , | नारावा | - | कमा, अल्पविराम |
| २. | ’ | छिंवा | - | सेमी कमा, अर्धविराम |
| ३. | ॥ | टि वा | - | पूर्णविराम |
| ४. | ? | ङ्येवा | - | प्रश्नवाचक |
| ५. | ! | आवा | - | आश्चर्यवाचक, उद्‌गार चिन्ह |
| ६. | :- | उईवा | - | कोलोन एण्ड ड्यास, निर्देशक चिन्ह |
| ७. | “ ” | पोंवा | - | ईन्भाइटेड कमा, उद्धरण चिन्ह |

नोटः खेमाँ प्ह्री (खेमाँ लिपि) मा पूर्ण विराम दुईवटा धर्का (॥) गर्नुपर्दछ ।

विशेषः खेमाँ प्ह्री (खेमाँ लिपि) मा आगन्तुक शब्दहरुको (आफ्नो भाषामा नभएका शब्दहरु, आफ्नो भाषामा भए पनि आफुलाई ज्ञान नभएका शब्दहरु, आगन्तुक शब्दहरु अर्थात् गुरुङ भाषा बाहेकका अन्य शब्दहरुको) प्रयोग गर्दा अक्षरका आकृतिहरु नबिग्रिने गरी बिस्तारै अति सावधानीका साथ सो शब्दहरुको मुनि पातलो तेर्सो धर्को (अण्डर लाईन) खिच्नु पर्दछ । त्यस्ता आगन्तुक शब्दहरुलाई गुरुङ भाषामा “प्ह्रे ताँ” भनिन्छ ।

च्योपा से (गणितका चिन्ह) खेमां प्ही (खेमाँ लिपि) को भाषामा निम्न बमोजिम भनिन्छ:-

१. + (थेंपा) : जोड

२. - (पिंपा) : घटाउ

३. X (प्रपा) : गुणा

४. ÷ (पाँपा) : भाग

५. = (च्हका): बराबर

त्यस्तै गरी च्यूवा (कोष्ठ) हरुलाई खेमाँ प्हीं (खेमाँ लिपि) मा निम्नानुसारका भाषा प्रयोग गरिन्छ :-

१ ( ) - आली च्यू - सानो कोष्ठ

२ { }- पाते च्यू - मझ्यौला कोष्ठ

३. [ ]- आता च्यू - ठूलो कोष्ठ

## गणना गर्ने र भन्ने तरिका

### च्योप्ही (अंक)



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ० | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| खा | की | ङ्ही | सों | प्ली | ङ | टु | ङी | प्रे | कु | च्यु |

| | | | |
|---|---|---|---|
| १० - ज्यू | २० - ङ्योच्यू | ३० - सोंच्यू | ४० - प्लिच्यू |
| ५० - ङाच्यू | ६० - टुच्यू | ७० - ङीच्यू | ८० - प्रेच्यू |
| ९० - कुच्यू | १०० - प्र/सेङ् | | |

| | | | |
|---|---|---|---|
| सय - प्र/सेङ | हजार - हाङ् | लाख - ल्हाङ् | करोड - क्हाङ् |
| अरब - अहाङ् | खरब - खाङ् | पद्म - प्हाङ् | संख्या - साङ्गे |

| | | | |
|---|---|---|---|
| ५० - ङाच्यू | ६० - टुच्यू | ७० - ङीच्यू | ८० - प्रेच्यू |
| ९० - कुच्यू | १०० - प्र/सेङ् | | |

| | | | |
|---|---|---|---|
| सय - प्र/सेङ | हजार - हाङ् | लाख - ल्हाङ् | करोड - क्हाङ् |
| अरब - अहाङ् | खरब - खाङ् | पद्म - प्हाङ् | संख्या - साङ्गे |

प्रपाच्यो (दुना) गुरुङ (खेमाँ लिपिमा) यस प्रकार गरिन्छ :-

| | | |
|---|---|---|
| (क) | २X१ - २ | ङ्यो प्र क्री ङ्यो |
| | २X२ - ४ | ङ्यो प्रङ् प्लि |
| | २X३ - ३ | ङ्यो प्रसीं टु |
| | २X४ - ८ | ङ्यो प्रप्लि प्रे |
| | २X५-१० | ङ्यो प्रङा च्यू |
| | २X६- १२ | ङ्यो प्रटु च्यूङ्यो |
| | २X७=१४ | ङ्यो प्रङी च्यूप्लि |
| | २X८= १६ | ङ्यो प्रपे च्यूटु |
| | २X९=१८ | ङ्यो प्रकु च्यूप्रे |
| | २X१०=२० | ङ्यो प्रच्यू ङ्यो च्यू |
| (ख) | १०X१=१० | च्यू प्र क्री च्यू |
| | १०X२=२० | च्यू प्रङ्यो ङ्यो च्यू |
| | १०X३=३० | च्यू प्र सो सोंच्यू |
| | १०X४=४० | च्यू प्र प्लि प्ली च्यू |
| | १०X५=५० | च्यू प्र ङा ङाच्यू |
| | १०X६=६० | च्यू प्र टु टुच्यू |
| | १०X७=७० | च्यू प्र ङी ङीच्यू |

उपसंहार :—

खेकु मे लै छ्याजालो ङजै लमु,

च्यू ङ्यो ल्हो ले छ्याजालो ङजै लमु

माँडी मै लै छ्याजालो ङजै लमु

खेमाँ ल्हे माँ ङ जै लै खेवा लोमिनु ॥

छ्याजालो ॥

| | | |
|---|---|---|
| अमाँ कखे च ट | - | आमाँ खखे छ ठ |
| इमाँ गखे ज ड | - | ईमाँ घखे झ ढ - उमाँ ङ |
| ऊमाँ तखे प य स | - | एमाँ थखे फ र ह |
| एःमाँ दखे ब ल | - | ऐमाँ धखे भ व |
| ओमाँ नखे म | - | ओःमाँ औमाँ |

यसरी लयवद्ध रुपमा प्रार्थना गरिसके पछि पढाई गरिने स्वर व्यञ्जनमा अलौकिक र अद्‌भूत शक्ति उत्पन्न हुने विश्वास गरिन्छ । यो पढाईमा मान्त्रिक एवं तान्त्रिक शब्दहरुको चिन्तनमा झंकारित तागत रहेका छन्, कारण पढाई स्वर र व्यञ्जनको क्रमबद्धता छ । (फोनिक्स छ) संकेत (नोटेशन) छ स्वर, लय र तालको सुर सांगितिक झंकार छ, धड्कन छ । यसरी अति गहनताका साथ विभिन्न सुत्रहरु समेटेर लयवद्ध गरिएका र बनाइएका अक्षरहरुको नाम हो खेमाँ फ्री (खेमाँ लिपि) । यी नै खेमाँ फ्रीलाई नेपाली भाषामा खेमाँ लिपि नामाकरण गरियो, त्यसकारण गुरुङ्ग जातिको लागि यो खेमाँ लिपि नैसर्गिक रुपमा अपरिहार्य रहन गएको छ ।

(२०७६ आश्विन २४ र २५ गते काठमाण्डौमा आयोजित, ऐतिहासिक प्रथम अर्न्तराष्ट्रि तमु सम्मेलन-२०१९ मा प्रस्तुत ।)

(क)

## अन्तिम सुझावको रुपमा

गुरुङ जाति र गुरुङ भाषा वाहेक गैर गुरुङ जाति र गैर गुरुङ भाषाहरुको प्रयोजनको लागि खेमाँ लिपिमा लेखपढ गर्दा मोटो श को आवश्यकता पर्ने भएको हुँदा भविष्यको लागि दुरदृष्टि राखेर आवश्यक परि आएको खण्डमा वा समयले मागेको बखतमा त्यसको लागि व्यञ्जनमा मोटो श थप गरि लेखाई पढाई गर्ने व्यवस्था गरिएको छ । किबोर्डको लागि फन्ट बनाउने प्राविधिक विज्ञहरुले यसमा पनि आवश्यक ध्यान दिनु भई कार्यान्वयनको लागि विचार गर्नुहुन अनुरोध गरिन्छ ।



### पढ्ने तरिका

अमाँ कखे च ट - आमाँ खखे छ ठ
इमाँ गखे ज ड - ईमाँ घखे झ ढ - उमाँ ङ
ऊमाँ तखे प य स श - एमाँ थखे फ र ह
ए:माँ दखे ब ल - ऐमाँ धखे भ व
ओमाँ नखे म - ओ:माँ औमाँ




॥ ज्ञासाजे / छ्याजालो ॥

(ग)

पुज्यनिय गुरु पुरोहितहरु पच्यू, क्ल्हेप्री, लम् बोन झाँकी, पैंडि, चोंगी तथा गुरुङहरुको आफ्नै मौलिक पहिचान कायम राख्नको लागि परम्परागत लेखनि शैलि मयुरको प्वाँख, निंगालो र बाँसको कलमले लेख्नको लागि तथा आधुनिकतामा मसि हालेर लेख्ने होल्डर पेन, फाउन्टेन पेन प्रयोग गर्नेहरुको लागि हातले लेख्ने अक्षरको व्यवस्था गरिएको छ। यस फन्टको नाम "चो फन्ट" राखिएको छ। यस फन्टबाट गुरु पुरोहितहरुले एवं विद्वानहरुले आफ्नो धर्म शास्त्र, कर्म काण्ड, मन्त्र, तन्त्र, यन्त्र आदि लगायतका विभिन्न निति उपदेशहरुका पाण्डुलिपि तयार पारेर संग्रह गरी भावी शन्ततीहरुलाई अमुल्य खजनाको रुपमा रहने छ। यस्तै गरी हामी अन्य साधारण तमूहरुले पनि मसि हालेर लेख्ने होल्डर पेन, फाउन्टेन पेन प्रयोगको लागि समेत उपयोग हुने छ। यस फन्टबाट तमूहरुको स्पेशल लेखन, ब्यानर, साईन बोर्ड, होडिङ्ग बोर्ड, स्वागत ब्यानर, धन्यवाद ब्यानर, पोष्टर आदि प्रयोजनको लागि महत्वपूर्ण र आकर्षक रहने छ। अव उप्रान्त गुरुङ्गहरुको एउटा "चो फन्ट" र आर्को "प्ही फन्ट" (जुन हाल हामीहरुले लेख्ने पढ्ने, सिक्ने सिकाउने गरिरहेका छौं) गरी दुई वटा फन्ट खेमाँ लिपिमा व्यवस्था हुन आएको छ। अतः चो फन्टको लागि फन्ट निर्माण गर्ने प्राविधिक विज्ञहरुमा व्यवस्थापन गर्न तर्फ कार्यान्वयनमा लाग्नु हुन समेत विनम्र अनुरोध गर्दछु।








क्व ख्व ग्व घ्व ङ्व
क्य ख्य ग्य घ्य ङ्य
क्ह ख्ह ग्ह घ्ह ङ्ह
कँ खँ गँ घँ ङँ
क्र ख्र ग्र घ्र ङ्र
कं खं गं घं ङं
क ख ग घ ङ

# खेमाँ लिपि (खेमाँ प्ह्री) विषयक कार्यपत्रमाथि टिप्पणी



**अमृत योन्जन तामाङ**
**भाषाविद्**

**सत्र अध्यक्ष ज्यू,**

यस ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन-२०१९ मा खेमाँ लिपि विषयको कार्यपत्रमाथि अतिथि टिप्पणीकारका रूपमा नित्याई टिप्पणीका लागि अवसर दिनुभएकोमा म आयोजक संस्थाप्रति आभार प्रकट गर्दछु ।

भाषाशास्त्रीहरु (वारेन डब्लु ग्लोवर, मार्टिन मजाउदो र माइकल नुनान)ले तामाङ, गुरूङ, थकाली, मनाङ्गे, नार, फू र छन्त्याल यी सात भाषाहरु एउटै परिवारका हुन् भनेर औँल्याएका छन् । ग्लोवर (सन् १९७४-७९)ले तामाङ भाषा र गुरूङ भाषाबीचको सहजात सम्बन्ध ६६ प्रतिशत देखाएको छ । ऐतिहासिक भाषा विज्ञानको के दावी छ भने यी दुई भाषाहरु सन् ३५० तिर अलग्गिएका हुन् अर्थात् आजभन्दा १६७० वर्षभन्दा अगाडि यी दुवै एकै भाषा थिए । यसलाई परिवारका भाइहरु छुट्टिएको जस्तै माने हुन्छ ।

यसबाट के प्रष्ट हुन्छ भने १६७० वर्षभन्दा अगाडिका यी दुवै (तामाङ र गुरूङ) समुदायको भाषा, संस्कृति, इतिहास आदि साझा थिए । अहिले पाइएका तामाङको इतिहास, संस्कृति आदि गुरूङको पनि इतिहास हो र गुरूङको इतिहास, संस्कृति आदि तामाङको पनि हो भनेर बुझ्न आवश्यक हुन्छ । मेरो हजुरबुबा मेरो पनि हो र मेरो भाइको पनि हो नि ।

तामाङ संस्कृतिविद् सन्तवीर लामा (जसलाई डा. हर्क गुरूङले नेपालमा आदिवासीमध्येका पहिलो लेखक मानेका छन्)ले आफ्नो कृति 'ताम्बा काइतेन व्हाइ रिमठिम (सन् १९५७)' र 'सेबुसेबु व्हाइ रिमठिम (वि.सं. २०१६)'मा तामाङ र गुरूङ एकै वंशका हुन् र बिहेबारी चल्छसमेत भनेका छन् । उनले तामाङ वा गुरूङ भाषाका शब्दार्थ सूचीसमेत दिएका छन् ।

लिपिको सन्दर्भमा गुरूङ समाज एक कदम अगाडि देखिएको छ । हालसम्म यस परिवारका कुनै पनि भाषाको आफ्नो मौलिक लिपि छैन । तमू समुदायले आफ्नो भाषाका लागि मौलिक लिपि विकास गर्न सकेकोमा म यस मञ्चबाट गुरूङ समुदायलाई बधाई ज्ञापन गर्न चाहन्छु । यो निकै खुशीको कुरा हो । लिपिलाई पनि साझा बनाउन सके झनै राम्रो हुने थियो । सहजातीय सम्बन्धमा थप आयामको विकास हुने थियो भन्ने लाग्छ ।

**१. खेमाँ लिपिबारे**

निम्तो पत्रमा 'तमू भाषा र खेमाँ लिपिको अवस्था' भने पनि यस कार्यपत्रमा भाषाको अवस्थाको चर्चा गरिएको छैन । कार्यपत्र लिपिको संरचनामा केन्द्रीत छ तर अवस्थाबारे बोलिएको छैन । लिपि कुन कालखण्डतिर कसरी र के आधारमा निर्माण गरिएको उल्लेख छैन, जुन जनचासोको विषय हुन्छ ।

लिपिको नाम खेमाँ लिपि राखिएको रहेछ । अर्थ दिइएको छ, खे (पितृ), माँ (मातृ) । तामाङ भाषामा 'खेङा' लोकग्रन्थको चर्चा छ । 'खे' आखे (बाजे, पितृ)को संक्षिप्त रूप हो । 'ङा'को अर्थ पाँच हुन्छ । यो गुरूङ भाषासँग हुबहु मिलेको छ । खेङा पुस्तकमा सैलुङ क्षेत्रमा पुगेका पाँच पुर्खाहरु (योन्जन, घिसिङ, मोक्तान, दोङ र ग्रोपचन)को वंशावली छ । यसको विस्तृत चर्चा 'द माउन्टेन कल्ट'मा गरेका छन् । खेमाँको माँमा चन्द्रबिन्दु छ । तामाङ भाषा 'माम्' शब्दको नाकेध्वनि जस्तो लाग्छ । धीँमा शिरिबिन्दु लेखिएको छ भने माँमा चन्द्रबिन्दु । एउटै लेखन हुँदा राम्रो । तामाङहरु 'धिम्' लेख्छन् । नाके वर्ण (ङ, न, म) नाकेध्वनि (न्यासालाइजेसन)मा परिवर्तन हुने भाषा विज्ञानको नियमै हो । लिपिको नामाकरण राम्रो छ । खेमाँ लिपिमा २९ व्यञ्जन र १२ (८ मुल) स्वर रहेको छ । ग्लोवर (१९७४, XIX)ले २४ व्यञ्जन र ५ स्वर वर्ण उल्लेख गरेका छन् । स्वशन घोष वर्ष ५ देखाएका छन् । यसबाट २९ व्यञ्जन वर्ण नै हुन आउँछ । ग्लोवर र रत्नबहादुर गुरूङद्वारा सम्पादित 'तमू-नेपाली-अङ्ग्रेजी' शब्दकोशमा पनि २९ र १० स्वर देखाएका छन् । स्वरको संख्यामा तलमाथि देखिन्छ ।

पञ्चायतकालमा 'म त राम्रो यसै झिल्के यसै राम्रो उसै राम्रो नेपाली हुनाले' भन्ने गीतको बोल जस्तै गुरूङ भाषाको लागि आफ्नो लिपि भएपछि उसै-उसै राम्रो भइहाल्छ नै । राम्रो छ र हुनुपर्छ भन्नेहरु सबै हुन्छ नै । तर टिप्पणीकार त्यसरी रमाउन मात्र मिल्दैन । म यहाँ कमजोर पक्षको कुरा उठाउँछु ।

**२. कमजोरी पक्ष**

**स्वर वर्ण**

- 'अ' दीर्घ 'आ' मानिएको छ । संस्कृत भाषाका लागि त ठिक हो तर अरू भाषाका लागि होइन ।
- मूल स्वर वर्णको दीर्घ स्वर बनाउने सिप एकै प्रकारको छैन- /इ/ को दीर्घ र /उ ए ओ/को दीर्घ रूप फरक देखिएको छ (पृष्ठ-५) ।
- 'औ' स्वर वर्णमा चारवटा वर्ण चिन्ह (diacritic mark) दिइएको छ । 'औ' लाई साह्रै ठूलो भारी बोकाएको रहेछ ।
- 'इ' 'ई' लेखनमा कतै डट चिन्ह छ भने कतै सानो गोलो चिन्ह छ (हे.पृ. ६) । एकरूपता देखिएन ।

व्यञ्जन वर्ण

- 'ह' उच्चारण हुने वर्णहरूलाई दाहिनेतिर 'लठ्ठी' टेकाइदिएको रहेछ । तर /ख छ ठ थ फ/ अनि /घ झ ढ ध भ/ को उच्चारण एउटा नहुन सक्छ (अंग्रेजीले एच 'ज' थपेजस्तो नहुन सक्छ) ।

संयुक्त वर्ण (पृ. ७ र अन्तिम पृ.)

- ख् + ह = 'ख्ह' बनाइएको रहेछ र यो उच्चारण अनुरूप छ ।
- य् + क = 'क्य' अनि व् + क = 'क्व' भनिएको छ । यसैगरी थोप्लापछि वर्ण ( . + क = .क) बनाइएको छ । लेख्य चिन्ह अगाडि र उच्चारण पछाडि देखिन्छ । यो वैज्ञानिक पद्दति हो जस्तो लागेन ।
- /ख्ह ग्ह घ्य ङ्ह/ लाई संयुक्त वर्ण मानिएको छ (हे. अन्तिम पृ.) । तर तामाङ भाषामा यी मूल वर्ण हुन् । यसबारे सोच्न आवश्यक छ ।
- 'क' र 'ल' जोडिन्छ कि जोडिँदैन, यसबारे केही बोलिएको छैन । खोज्नुपर्छ होला । ('ह' उच्चारण हुने कुनै वर्णलाई कान्दाने दिइएको छ भने यस्तै उच्चारण हुने अन्य वर्णलाई विसर्ग दिइएको पनि देखिन्छ, 'घ्ह' रोमनाइज्ड गर्दा 'नजज' हुन्छ) ।

हिन्दी कविको उल्झन रहेछ– 'नारी बिच सारी है कि सारी बिच नारी है ।' नारीले सारी बेरेको हो कि सारीले नारीलाई बेरेको हो ? कवि महोदय बडो अचम्ममा परेका छन् वा प्रस्ट हुन सकेका छैनन् । यसैगरी 'गुरूङ भाषाका लागि खेमाँ लिपि हो कि खेमाँ लिपिका लागि गुरूङ भाषा हो' लिपिकार प्रष्ट हुने सकेका छैनन् । वास्तवमा भाषा भएको वर्णहरूको ठिक पहिचान गरेर लिपिको विकास गरेको भए, कुन-कुन वर्णको लागि लेख्य चिन्ह (लिपि)को विकास गर्ने भनेर प्रष्ट हुने थियो । देवनागरी लिपिको फ्रेममा खेमाँ लेख्य चिन्हको विकास गरेको जस्तो देखिन्छ ।

भाषाशास्त्रीहरु दुई प्रकारका वर्णको कुरा गर्छन्– खण्डे वर्ण (व्यञ्जन र स्वर) र खण्डेत्तर वर्ण (खण्ड गरेर हेर्न नसकिने) जस्तैः- दीर्घता, नाकेध्वनि, बालघात, स्वसनघोष, तान आदि । खण्डेत्तर वर्णको बारेमा लिपि मौन छ । दीर्घताको मात्र चर्चा छ (पृ. ५) । तामाङ समूहका भाषामा तान (टोन)को प्रवलता छ । यसलाई चिन्हित गर्ने लिपि देखिएन ।

हिजो तानबारे लिपिकारहरूलाई थाहा थिएन । थोनम्हि सम्भोटा (सन् सातौँ शताब्दी)ले पनि सात वर्षसम्म भारतीय लिपिको अध्ययन गरेर तिब्बत फर्केपछि सम्भोटा लिपिको निर्माण गर्दा तान चिन्न सकेनन् र यसको चिन्ह विकास गर्न सकेन (भारोपेली भाषामा तान हुँदैन) । पछि मात्र उनले तान थाहा पाए अनि शब्दको अगाडि वर्ण थपेर 'तान' देखाउने प्रयास गरे । तर खेमाँ लिपि आजको आधुनिक युगमा तयार भएको लिपि हुनाले यसले यो चिन्हको प्रतिनिधित्व गर्न आवश्यक छ । 'तान' भनेको शब्द उच्चारणमा उतारचढाव हुँदा अर्थमा फरक हुने हो । यो हुन सकेन भने भाषामा रहेको मौलिकता हराउन सक्छ ।

## ३. सुझाव

१) लिपिलाई थप गोलो बनाउनु पर्छ । स्ट्रोक लिपिलेखनमा ढिलो हुन्छ । अङ्ग्रेजीको 'ƀ र 'ब' अनि 'ƀ' र ' भ'मा पनि पहिलो स्ट्रोक हो र पछिल्लो गोलो छ । गोलाकार भएमा कलम नउठाइ लेख्न सकिन्छ । यो निकै छोटो हुन्छ ।

२) यस लिपिको रोमानाइज्ड युनिकोडको विकास गरेमा धेरै छिटो हुन सक्छ । लिपिको हात हातमा पहुँच हुन आवश्यक छ ।

३) भाषामा रहेको सबै वर्णहरूको भाषा वैज्ञानिक पहिचान गरेर लिपि चिन्हको विकास गर्नु आवश्यक छ ।

४) तानजस्ता खण्डेत्तर वर्ण (सुपर सेग्मेन्टल फोनिम)को लेख्य चिन्ह विकास गर्नु आवश्यक छ ।

५) प्रस्तुत लिपिमा धेरैभन्दा धेरै पाठ्य सामग्रीको विकास गरिनु पर्छ । प्राइमर- 'नेपाली ठूलो वर्णमाला' जस्ता पुस्तक निकालेर तमू भाषा जान्नेहरूको हात हातमा पुऱ्याउनु आवश्यक छ ।

६) वर्तमान संविधानमा आधारभूत तह (कक्षा १-८) सम्म मातृभाषामा शिक्षाको प्रावधान छ र शिक्षा ऐन २०७५ ले पनि यसको व्यवस्था परेको छ । तसर्थ विद्यालयमा 'मातृभाषामा शिक्षा'लाई लागू गरेर गुरूङ बालबालिकाको मातृभाषामा शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरिनु पर्दछ । उच्च माविसम्म विषयका रूपमा गुरूङ भाषा पठन-पाठनका लागि स्थानीय सरकारलाई माग गर्न सकिन्छ । जनघनत्व कम भएको विद्यालयमा पनि विषयका रूपमा पठन-पाठन गरिनु पर्छ ।

७) नेपालको संविधानले प्रदेश तहमा विश्वविद्यालय खोल्ने प्रावधान गरेको छ । यस्ता विश्वविद्यालयमा 'गुरूङ भाषा विभाग' खोल्न पहल गरिनु पर्दछ र लिपिको पनि प्रशिक्षण दिन सकिन्छ ।

८) गुरूङ जातिको कुल जनसंख्यामध्ये ६२ प्रतिशतले गुरूङ भाषा गुमाइसकेका छन् । यो ठूलो चुनौति हो । लिपिले गर्दा भाषा झन् लोपोन्मुख अवस्था नपुगोस् भनेर ध्यान दिन आवश्यक छ । 'गोडा भए जुत्ता कति कति' भनेजस्तै भाषा बाँचे पो लिपिको अस्तित्व हुन्छ ।

९) गुरूङ भाषा जाने पनि नजाने पनि आउँदो राष्ट्रिय जनगणना २०२१ म मातृभाषाको महलमा गुरूङ भाषा लेख्न जनचेतना जगाउनु आवश्यक छ । भाषा भनेको राजनीति हो र नेपालमा लामो समयदेखि 'भाषाको राजनीति' भइरहेको तथ्यलाई मनन् गरिनु पर्छ ।

अन्त्यमा लिपि भनेको विज्ञान हो । विज्ञानमा परिमार्जन भइरहन्छ । तर प्रस्तोताले लिपिलाई धार्मिक आस्थाका रूपमा प्रस्तुत गरेका छन् । आस्थामा 'विज्ञान'को स्थान हुन्न । यसो हुँदा परिमार्जन गर्न सकिन्न । आस्था भनेको आस्था नै हो । यसर्थ लिपिको सन्दर्भमा आस्थालाई घटाउन अनिवार्यजस्तै हुन्छ । यसो गरिएमा मात्र भाषाको ध्वनि अनुरूप परिमार्जन गर्न सम्भव हुन्छ ।

मैले संक्षिप्तमा आफूले जानेको कुरा राखेँ । उचित सम्झेमा र यहाँलाई समयले साथ दिएमा आवश्यक परिमार्जन गर्नुहुनेछ भन्ने आशा लिएको छु ।

गुरूङ जातिको यस्तो ऐतिहासिक भेलामा लिपिकार बालनरसिंह गुरूङको कार्यपत्रमाथि टिप्पणी गर्ने अवसर दिनुभएकोमा आयोजकप्रति पुनः आभार व्यक्त गर्दछु । विचार सुनिदिनु भएकोमा सबै सहभागीहरूमा धन्यवाद दिन चाहन्छु ।



**रूपराज गुरूङ**
**शिक्षा विभाग, सिक्किम सरकार**

प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलनका माननीय सभाध्यक्ष ज्यू तथा विभिन्न देशबाट आउनु भएका प्रतिनिधिगण ।

सिक्किममा आज गुरूङ भाषा र लिपिको जुन स्तरमा उन्नति भएर गइरहेको छ, त्यो विश्वको अन्य स्थानमा विरलै होला । राज्य सरकारद्वारा यस भाषालाई राज्यस्तरीय मान्यता दिइसकेको हुँदा यहाँ यो कार्य स्वभाविक रूपमा भएर गइरहेको छ । भाषा भाव अभिव्यक्तिको माध्यम मात्र नभएर व्यवहारिक जीवन गुजाराको एउटा भरपर्दो साधन पनि बन्न सक्दो रहेछ ।

हाल सिक्किममा त्यहाँको सरकारले विभिन्न सरकारी विद्यालयहरूमा गुरूङ भाषा पढाइने व्यवस्था गरिदिएको छ । जसअन्तर्गत शिक्षा विभाग, सिक्किम सरकारले गुरूङ भाषा शिक्षक-शिक्षिकाहरूको नियुक्तिसमेत गरेको छ । यसबाहेक सूचना तथा जनसम्पर्क विभाग, सिक्किम सरकारअन्तर्गत 'सिक्किम हेराल्ड' नामक द्वैमासिक (Bio-monthly) समाचारपत्र प्रकाशित हुँदै आइरहेको छ । सिक्किम विधानसभा सचिवालयमा एक जना गुरूङ भाषा अनुवादक नियुक्त गरिएको छ । शिक्षा विभागअन्तर्गत हाल दशौँ श्रेणीसम्म अध्यापन गराइँदैछ भने open mode द्वारा उच्चमाध्यमिक तह (कक्षा-१२) सम्मका विद्यार्थीहरूलाई शिक्षा प्रदान गराइँदै आएको छ ।

भारत वर्षको 'केन्द्रीय माध्यमिक शिक्षा बोर्ड'ले पनि गुरूङ भाषा र खेमा लिपिलाई आधिकारिक मान्यता दिइसकेको छ । त्यसबाहेक भारतीय गुरूङ (तमू) संगठनको तत्वावधानमा आयोजित राष्ट्रिय महाधिवेशन २७-२८ सेप्टेम्बर २०१५ ले पनि गुरूङ जातिको लिपिका रूपमा खेमा लिपिलाई सर्वसम्मतिले स्वीकार गर्दै पारित गरेको छ ।

सिक्किम गुरूङ भाषा तथा खेमाँ लिपि प्रचार-प्रसारका सुरूका दिनहरूतर्फ एकपटक फर्केर हेर्दा सन् १९९५ डिसेम्बरमा तमू छौँज धीं नेपालको तत्वावधानमा काठमाडौंमा आयोजित प्रथम तमू राष्ट्रिय महाधिवेशनको अवसरमा श्री बालनरसिंह गुरूङद्वारा प्रस्तुत गरिएको खेमा लिपिलाई अन्तर्राष्ट्रिय तमू प्रतिनिधिले गुरूङको मान्यता दिएको पाइन्छ । उक्त राष्ट्रिय महाधिवेशनमा सहभागी भएर सिक्किम फर्किएका श्री मेघराज गुरूङको सक्रियतामा खेमा लिपिको जोडदार प्रचार-प्रसार हुन् थालेको हो । साथै उनकै तत्परतामा वर्ष १९९७ नोभेम्बरमा 'तमू क्ह्युई लुले' नामक गुरूङ भाषाको प्रथम वर्णमाला प्रकाशित भएको हो ।

सिक्किम गुरूङ भाषाले राज्य भाषाको मान्यता २७ मार्च १९९५ को दिन पाएको भए पनि विषयक स्रोत र साधनको कमीले गर्दा त्यसै समयदेखि अध्ययन-अध्यापन, पठन-पाठन आरम्भ गरिहाल्न भने सकेनौँ । मान्यता पाएको करिब दुई वर्षपछि सन् १९९७ को नोभेम्बर महिनादखि बुर्तुक, पूर्व सिक्किमबाट श्री मेघराज गुरूङकै अगुवाईमा कक्षा सञ्चालन सुरू गरिएको हो । सुरूका दिनहरूमा केही युवा-युवतीलगायत पौढहरु पनि भाषा कक्षामा सहभागी भए । तर विद्यार्थीको संख्या छिट्टै नै बढेर गयो ।

वर्ष २००२ देखि सरकारी पाठशालाहरूमा नै गुरूङ भाषा पढाउने व्यवस्था सरकारले नै मिलाइ दियो । सो वर्ष शिक्षा विभाग, सिक्किम सरकारद्वारा राज्यका दुई पाठशालामा गुरूङ भाषा पठन-पाठनका निम्ति २ जना भाषा शिक्षक-शिक्षिकाको नियुक्ति भयो । २००५ मा पनि थप २ जना भाषा शिक्षक-शिक्षिकाको नियुक्ति भयो भने २००७ मा एकैपटक ८ जना भाषा शिक्षक-शिक्षिका नियुक्ति भयो । त्यसरी नै २०१२, २०१५ हुँदै २०१९ सम्ममा सिक्किमका विभिन्न पाठशालामा जम्मा ४२ जना गुरूङ भाषा शिक्षक-शिक्षिकाहरूले सरकारी स्तरमा नियुक्ति पाइसकेका छन् र सो कार्य निरन्तर जारी छ ।

हाल गुरूङ पाठ्यपुस्तक १२औं कक्षासम्मको तयार भइसकेको अवस्था छ भने गुरूङ भाषामा मसिना नानीहरूको निम्ति बाल गीत (राइम्स), बाल कविता, बाल कथा तथा ठूला विद्यार्थीहरूका निम्ति नाटक, निबन्ध, उपन्यासलगायतका पाठ्य सामाग्री भने तयार भएको छैन । यसतर्फ हाम्रा विद्वान लेखकहरूको ध्यानाकर्षण गराउन चाहन्छु ।

हालसम्म सिक्किमबाट गुरूङ भाषा तथा खेमा लिपिमा लेखिएका केही पुस्तक, पुस्तिकाको विवरण यस प्रकार छन् :

१. तमू क्ह्युई लुले (कक्षा- ८ सम्म)
२. तमू हिङाङ (कविता संग्रह)
३. म्ही ङोलेपी (कक्षा- ११ र १२ सम्म)
४. तमू क्ह्युई ङिना खे (कक्षा- १२ सम्म)
५. तमू सजिल खे (सरल पाठ)
६. तमू तलो क्ये (बाल अभ्यासमाला)
७. गुरूङ भाषामा केही अनिवार्य शब्दहरू (प्राथमिक स्तर) आदि ।

सिक्किमबाट प्रकाशित केही समसामयिक पत्रपत्रिकाले पनि गुरूङ भाषा तथा खेमा लिपिको प्रचार-प्रसारमा अहं भूमिका निर्वाह गरेको पाइन्छ । सिक्किमबाट टुङ्ना, रोधीं सिक्किम, ङ्यो ह्रितले, मिथों, तमू ल्होसार, ब्ही म्रोयाई, आशिमाला, तमू चौतारी आदि पत्रपत्रिका प्रकाशित हुँदै आएका छन् ।



## रत्नबहादुर गुरूङ
**भाषाविद्**

तिचु रा छोर् च्रमै कथै म्हिथेवा, टिप्पणीकार मै तै च्यु कर बै कार्यपत्र प्रस्तुति लव म्हिथेवा बालनरसिंह तमू तर त्हे बातान च्यु च्हेवा मिघ्री च्याबा चिब मै तार नर रै छ्याजालो ।

अब मैले गुरूङ भाषामा बोल्दा कतिले बुझ्नुहुन्छ कतिले बुझ्नु हुँदैन । त्यसो हुँदा बालनरसिंह तमूले प्रस्तुत गर्नुभएको कार्यपत्रका बारेमा म छोटोमा टिप्पणी गर्छु । त्यसमा तपाईंहरूले उहाँलाई, मलाई र मेरा सहकर्मी एवं अर्का टिप्पणीकार भाषाशास्त्री अमृत योन्जनलाई पनि सोध्न सक्नुहुन्छ । मलाई टिप्पणीकारको जिम्मेवारी दिनुभएकोमा म तमू ह्युल छौंज धीं गुरूङ राष्ट्रिय परिषद्लाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु । अब म यो कार्यपत्रमा आफूलाई लागेको कुरा भन्न चाहन्छु ।

आजको यो सत्रमा खेमाँ लिपि (खेमाँ प्रि)बारे कार्यपत्र प्रस्तोता बालनरसिंह गुरूङज्यूलाई बधाई छ । उहाँले बडो मिहिनेत गरेर खेमाँ लिपि र यससँग सम्बन्धित सबै विषय र पक्षलाई समेटेर विश्लेषण गर्नु भएको छ । पृष्ठभूमीमा उहाँले लेख्नुभएको छ, 'तमू शब्द कसरी बन्यो ?' उहाँले यहाँ सृष्टिको कुरा उल्लेख गर्नुभएको छ । त्यसबाट नै तमू भएको भन्ने कुरा उहाँले हाम्रो तमूहरूको क्येर्लो (वेद) अनुसार यहाँ ल्याउनु भएको छ । हरेक जातजातिका आ-आफ्नो पुराना कुराहरू, वेद, वेदान्तका कुराहरू हुन्छन् । हाम्रो पनि 'वेद' छ भन्न पाउँदा गुरूङ सभ्यता कति माथि रहेछ भन्ने कुरा यसबाट प्रष्ट हुन्छ ।

यो क्येर्लोको कुरा गर्दा म हङकङ गएको थिएँ । त्यहाँ मैले क्येर्लोको किताब किन्छु भन्ने मनसाय व्यक्त गरेको थिएँ । तर केही तमू बन्धुले नकिन्न सुझाव दिनुभयो । त्यसपछि मलाई त्यसबारे विवाद रहेछ कि जस्तो लाग्यो । पत्रपत्रिका पढ्दै जाँदा र पछि धरानमा सम्मेलन हुँदा पाँच जना खेगीले विरोध गरेपछि मैले केही थप कुरा थाहा पाएँ ।

गण्डकी प्रदेश सेरोफेरोमा हाम्रा तमू पूर्वजहरूले खोरिया फाँडेर आफ्नो भाषा, धर्म, सस्कृति र सभ्यताको विकास गरेका थिए । हामी तमू यस भूमीको आदिवासी मुलवासी हौ । हाम्रा पुर्खाहरूले रजाईं गरेको ठाउँ हो, यो । जसलाई हामी तमुवान भन्छौँ । तर हामीले तमुवान प्राप्त गर्न सकेका छैनौँ । हामी अधिकारसहितको तमुवान चाहन्छौँ । अधिकारविहीन नाम मात्रको तमुवान हामीलाई चाहिँदैन ।

भाषा, धर्म, संस्कृतिको संरक्षण र संवर्द्धन गर्नुपर्छ । जगेर्नाको अर्थ पनि त्यही हो । त्यसका लागि हामी समुदाय नै जाग्नु पर्छ । र, लाग्नु पर्छ । यदि हामी तमू समुदायलाई नै हाम्रो भाषा, धर्म, संस्कृतिप्रति रूचि छैन भने हामीलाई कसैले गन्दैन । यही भाषिक अभियानमा, लिपि अभियानमा हामीले बालनरसिंह तमूलाई पाएका छौँ । उहाँले धेरै पहिलेदेखि नै काम गरिराख्नुभएको छ । भीम तमू भाइले विद्यालयमा अध्यापन गराउँदै हुनुहुन्छ ।

पाठ्यक्रम विकास केन्द्र सानो ठिमी, भक्तपुरको निर्देशन अनुसार मैले नै पाँच कक्षासम्मको पाठ्यपुस्तक तयार पारेको थिएँ । तमू मातृभाषामा प्राथमिक तहसम्मको पढाइ अहिले देवदह मदरटङ्स एकेडेमीमा मात्र हुन्छ । यो हाम्रो लागि एकदमै दुःख लाग्दो कुरा हो । धेरैले भन्ने गरेका छन्, 'तमू भाषा पढेर के हुन्छ ? कोरियन भाषा पढ्दा त कोरिया जान पाइन्छ । महिनामै लाख कमाउँछ ।' आफ्नो मातृभाषा 'तमू' भाषालाई पैसासँग दाँज्ने गरेको पाइन्छ । हाम्रो पहिचानको कुरालाई त्यसरी पैसासँग तुलना गरेर बाबु-बाजे 'यसले न काम पाउँछ, न माम पाउँछ' भन्ने, उता छोराछोरी नबोल्ने ।

भाषा बचाउन लिपि अनिवार्य सर्त हो । भाषाको पहिलो रूप नै बोल्ने हो । मनको भाव एकअर्कासँग व्यक्त गर्नुपर्छ । मेरा धेरै नेवार साथीहरू छन् । सबैसँग घनिष्ठ सम्बन्ध छ । एकजना नेवार साथी आयो भने म नेवारीमै सोध्छु, 'छुकु मकुला ?' सुरूका दिनहरूमा नेवार भाषा कस्तो-कस्तो लाग्थ्यो । अहिले निकै राम्रो लाग्छ । बोल्दै जाँदा राम्रो लाग्छ । हामी तमूहरूले पनि सकेसम्म मातृभाषामै कुरा गर्ने बानी बसाल्नुपर्छ । ठाउँ अनुसार केही फरक होला तर तमू भाषा बोल्नु त पर्‍यो नि । बोल्ने गर्‍यौँ भने मात्र भाषा जीवित रहन्छ । बोल्दै नबोल्दा त भाषा मर्छ । संस्कृत त्यत्रो धनी साहित्य भएको भाषा अहिले मृत भएको छ । किनभने दैनिक व्यवहारमा बोलिँदैन ।

लिपिको कुरा गर्दा आफ्नो लिपि भएकोमा हामीले गर्व गर्नुपर्छ । पृष्ठभूमी, प्रस्तावनामा पनि यो राख्नुभएको छ । आध्यात्मिक पक्षलाई अँगालेको भन्नुभएको छ । अब यो ऐतिहासिक पक्ष यहाँ घुमेको छ । यस लिपिको सुरूवातकर्ता स्व. पच्यु गुरू पिमबहादुर तमू हुनुहुन्छ । त्यो कुरा पनि यहाँ आएको भए राम्रो हुन्थ्यो । म स्व. पिमबहादुर पच्यु गुरूप्रति छ्याजालो भन्न चाहन्छु । उहाँले नै खेमाँ लिपि सिर्जना गर्नुभएको हो । त्यसलाई बालनरसिंह तमूले परिमार्जन गर्दै, विकास गर्दै आउनुभएको हो । युवा साथीहरू लिपिको विकासमा अघि बढ्नु ज्यादै खुशीको कुरा हो । हामी हस्तान्तरण गर्न चाहन्छौँ, युवाहरू तयार भएर अघि बढ्नु पर्छ । भाषामा व्यवहारिक पक्ष पनि हुनुपर्छ । समय अनुसार परिमार्जन गर्दै लैजानु पर्छ । ध्वन्यात्मक, लयात्मक भयो भने निकै राम्रो हुन्छ ।



## प्रा.डा. शेखर गुरूङ
**सभाध्यक्ष**

यस ऐतिहासिक सम्मेलनमा खेमाँ लिपिबारे कार्यपत्र प्रस्तुत गर्नुहुने कार्यपत्र प्रस्तोताहरु बालनरसिंह गुरूङ र रूपराज गुरूङ साथै कार्यपत्रमाथि टिप्पणीकारहरूले जुन किसिमको टिप्पणी गर्नुभयो, विशेषगरी लिखित रूपमा टिप्पणी गर्नुहुने टिप्पणीकारद्वय भाषाविद् अमृत योञ्जन तामाङ र रत्नबहादुर गुरूङलाई सर्वप्रथम हार्दिक धन्यवाद ज्ञापन गर्दछु । खेमाँ लिपिका लिखितम् प्रस्तोता बालनरसिंह गुरूङ र खेमाँ लिपिका अभियन्ता भिमप्रसाद गुरूङलाई एकपटक उठिदिनु हुनका लागि विशेष अनुरोध गर्दछु । यहाँहरूले विशेषगरी टिप्पणीहरूलाई मनन् गरी धेरै अगाडिदेखि गर्वका रूपमा रहेको खेमाँ लिपिलाई हामीले हाम्रो समाजमा मान्यता दिएका छौँ । त्यसलाई अझै परिमार्जन गर्नुपर्ने आवश्यकता गरिएको छ । किनभने लिपि पढ्न पनि सहज र स्वीकार्य हुनुपर्छ । यही दौरानमा गुरूङ राष्ट्रिय परिषद र हामीले पनि केही प्रयास गरेका छौँ । खेमाँ लिपिमा मात्र होइन, गुरूङ भाषामा तानमा आधारित गुरूङ भाषामा आधारित विवाद हुने छैन । यही सन्दर्भमा गण्डक क्षेत्रका पाँच जिल्लाका पाँच युवा विद्यार्थीहरूसहित म स्वयं सहभागी थिएँ । त्यसबखत हाम्रो टिममा भाषाविद् माधवप्रसाद पोखेल पनि थिए भने यस सन्दर्भमा लमजुङ घेर्मुसम्म पुग्यौँ । त्यहाँ भेटघाट गरी गुरूङ भाषाको सन्दर्भमा लमजुङको उत्तरी र कास्कीको उत्तरी भेगमा गुरूङ भाषा तानमा पूर्ण आधारित रहेको छ भने तल-तल झर्दै आउँदा चितवनसम्म आइपुग्दा तानमा अलि फरक देखिएको छ । तानलाई अझ स्पष्ट पार्न लिपि चाहिन्छ । त्यसका साथसाथै व्याकरण, शब्दकोशको आवश्यकता पर्दछ । अहिलेसम्म त्यस्तो आवश्यकता सामान्य रूपमा पूर्ति पनि हुँदै आएको छ तर अझै पनि कहीँ न कहीँ अधुरो र अपुग भएको महसुस भएको छ । अब हाम्रो भाषालाई उत्कृष्ट बनाउन क्रमिक रूपमा परिमार्जन गर्दै जानुपर्छ किनभने कुनै पनि भाषा पूर्ण हुँदैन । यो त क्रमिक रूपमा सुधार हुँदै जाने हो । कतिपय शब्दहरु आगन्तुक शब्दहरु हुन्छन् । हाम्रो शब्दकोशमा भएका कतिपय शब्दहरु आगन्तुक शब्द नै हुन् । हाम्रो भान्सामा प्रयोग हुने कतिपय शब्द पनि आगन्तुक शब्द नै छन् । त्यसलाई हामीले विस्तारै मिलाएर जानुपर्छ । व्याकरण मिलाउनुपर्छ । त्यसलाई हाम्रो शब्दकोशमा लगेर अन्तिम रूप दिई हाम्रो भाषाका रूपमा अभ्यस्त बनाउनुपर्छ । जसरी हाम्रो घरमा आउने पाहुनालाई हामी सत्कार गर्न पाउँदा खुशी हुन्छौँ, त्यसैगरी शब्दहरु पनि स्वागत गर्दा उत्कृष्ट हुन आउँछ भने त्यसलाई आवश्यकताका रूपमा लिनुपर्छ ।

यसै सन्दर्भमा हाम्रा साथीहरूलाई अघिदेखि नै केही कौतुहलता भइसकेको होला । त्यसमा धेरै कुराहरु राख्न तथा भन्न समयको पावन्दीका कारण सम्भव नहोला । यद्यपि केही अनुरोध गर्न चाहन्छु । सादा पानामा आफ्नो प्रश्न राख्नुहोला । यो हाम्रो व्यक्तिगत भन्दा पनि समाजका लागि हो । हाम्रो गुरूङ भाषाका लागि के आवश्यकता छ र के गर्नुपर्छ ? के देखिएको छ ? त्यसलाई लिखितम रूपमा प्रस्तुत गरिदिनु भयो भने हामीलाई सजिलो हुनेछ । यहाँहरूले आफ्नो मोबाइल नम्बर दिनुभयो भने सम्बन्धित व्यक्तिसँग सम्पर्क गरेर पनि त्यसको जवाफ दिने प्रयास गर्नेछौँ ।

भाषा हाम्रो आवश्यकता हो । गुरूङ भाषा हाम्रो लागि मात्र नभएर सबैका लागि अति आवश्यक हो । यसैले गर्दा यस सम्मेलनमा देश तथा विदेशबाट प्रतिनिधिहरु आउनुभएको छ । विशेषगरी भारतमा सिक्किम सरकारले तमू खेमाँ लिपिलाई मान्यता दिलाई गुरूङ भाषालाई अगाडि बढाएकोमा त्यसका लागि विभिन्न समयमा पहल गर्नुहुने सिक्किमबासी र त्यस संस्थाका पदाधिकारी एवं कार्यसमितिहरूलाई बधाई ज्ञापन गर्न चाहन्छौँ । त्यस खेमाँ लिपिलाई समय अनुसार केही न केही परिमार्जन गर्दै जानु पर्दछ, त्यसलाई बहन गर्दै आउनु हुने बाहकहरूले सकारात्मक रूपमा लिनेछ भन्नेमा विश्वस्त छु । आजको दिन अति नै महत्वपूर्ण छ । यो तीन दिनको बसाई मंगलमय रहोस् । आगामी दिनहरु पनि मंगलमय रूपमा बितोस् । आगामी चाडहरु मंगलमय रहोस् । यहाँहरूको सबैको यात्रा शुभ रहोस् । उपस्थित सम्पूर्ण प्रतिनिधि र आयोजक समितिप्रति हार्दिक आभार प्रकट गर्दछु ।




सिक्किम सरकारका पूर्वमन्त्री गर्जमान गुरूङले अध्यक्षता गर्नुभएको 'पहिचान सेसन' डा. हर्क गुरूङमा समर्पित रहेको थियो । विद्वानहरूका पनि विद्वान भनेर चिनिनुभएका डा. गुरूङमा समर्पित सेसनमा प्रा.डा. ओम गुरूङले पहिचानका लागि भएको नेपालको आदिवासी जनजाति आन्दोलनबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

प्रा.डा. गुरूङको कार्यपत्रमाथि टिप्पणी गर्दै प्रा.डा. कृष्ण हाछेथूले नेपाल अझै पनि बहुजातीय राज्य बन्न नसकेको बताउनुभयो । बहुजातीय राष्ट्र र बहुजातीय राज्यको फरकमाथि स्पष्ट पार्दै उहाँले पहिचानको आन्दोलन बहुजातीय राज्यको लडाईमा केन्द्रीत हुनुपर्ने बताउनुभयो ।



## डा. हर्क गुरुङ

राष्ट्रका बौद्धिक नीति र बहुआयामिक व्यक्तित्वका धनी हुन् डाक्टर हर्क गुरूङ । जीवनको हाँक र ज्ञानको क्षेत्रमा उनी भूगोलविद, चित्रकार, फोटोग्राफर हुन् भने सार्वजनिक रूपमा एक विद्वान, कलमजीवी, समाजशास्त्री, मन्त्रीजस्ता उनका अनेक चिनारी रहेका छन् । समष्टीमा उनी एक स्वाभिमानी राष्ट्रवादी र विकासवादी चिन्तक हुन् । उनको जन्म १९३९, जनवरी ५ तारिखमा लमजुङ जिल्लाको डादी नजिक तराँचे गाउँमा भएको हो । आमा माइसेबो र बुबा पारसाइले उनलाई 'ठूले' भनेर बोलाउँथे । बुबा भारतीय सेनामा सुवेदार थिए । त्यसैले उनको प्राथमिक शिक्षा र हाइस्कुलको शिक्षा देहरादूनबाट पूरा गरेपछि उनी काठमाडौं आए र त्रिचन्द्र कलेजमा भर्ना भए । कलेजका अब्बल विद्यार्थी भएकाले पटना विश्वविद्यालयबाट बिए अनर्समा भूगोल विषय लिई उनी प्रथम श्रेणीमा प्रथम भए । त्यसपछि उनी उच्च शिक्षाका लागि बेलायत गए । एडिनवर्ग विश्वविद्यालय स्कटल्याण्डमा भूगोल विषयमा पोष्ट ग्राजुएट गरेलगत्तै विद्यावारिधि हासिल गर्न उनी सफल भए । डाक्टर हर्क गुरूङले सन् १९६६ नेपाल फर्किएर त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन कार्य गर्न सुरू गरे । उनको निर्भिकता, राष्ट्रियता र विकासप्रतिको अवधारणा बुझेर तत्कालीन सरकारले उनलाई राष्ट्रिय योजना आयोगको सदस्यमा मनोनित गरे ।

सन् १९६८ देखि १९७५ सम्म आयोगको सदस्य र उपाध्यक्ष हुँदै उनले राष्ट्रिय विकासको दायित्व निर्वाह गरे । नेपाललाई पाँच विकास क्षेत्रमा विभाजन गरी प्रादेशिक योजनाको कार्यान्वयन तथा दुर्गम क्षेत्र विकासको अवधारणा डाक्टर हर्क गुरूङको देन मानिन्छ । सन्

१९७५-७८ को अवधिमा शिक्षा, उद्योग वाणिज्य र यातायात मन्त्रालयका साथै पहिलोपटक गठन भएको पर्यटन मन्त्रालयमा राज्यमन्त्री बने । देशको मूल नीति राजनीति उनको लागि त्यति प्रिय हुन सकेन । बीचैमा राजीनामा दिए र राजनीतिबाट बीचैमा अलग्गिए । त्यसपछि उनी राष्ट्रिय अन्तर्राष्ट्रिय विद्वत अध्ययन तथा अनुसन्धान कार्यमा व्यस्त रहे । सन् १९८३ मा नेपालमा आन्तरिक तथा बाह्य बसाइँ-सराइँ सम्बन्धि अध्ययन तथा भारतसित सीमालाई नियमन गरिनुपर्छ भन्ने उनको प्रतिवेदन विशेष चर्चित रह्यो । त्यस्तै विभिन्न लेख, रचना तथा पुस्तक गरेर उनको ६ सयभन्दा बढी कृतिहरु प्रकाशित छन् । यसबाहेक उनले सन् १९९१ र २००१ को जनगणनाको गहन विश्लेषण गरी नेपालको वैज्ञानिक नक्साहरु तयार गरेका थिए । जुन दुर्लभ किसिमका छन् ।

भूगोलले माटो मात्र समाउँदैन । माटोमा बस्ने मानिसहरूको अवस्था बुझाउँछ भनेर नै उनी जीवनको उत्तरार्द्धमा सामाजिक, आर्थिक रूपान्तरण एवं पर्यायवरण र दिगो विकासको अध्ययन, अनुसन्धान र अभियानमा तल्लीन रहे । साथै जीवनको अन्तिम समयसम्म आदिवासी जनजाति महासंघ, गुरूङ राष्ट्रिय परिषद र तमू बौद्ध सेवा समिति नेपालको प्रमुख सल्लाहकार भएर जनजातिको उत्थान तथा हकअधिकारका लागि पथ प्रदर्शक बने ।

२३ सेप्टेम्बर २००७ मा विश्व वन्यजन्तु कोषले कञ्चनजंघा संरक्षण क्षेत्रको हस्तान्तरण कार्यक्रम ताप्लेजुङमा आयोजना गरेको थियो । सो कार्यक्रमको सार्वजनिक अभिव्यक्ति नै डाक्टर हर्क गुरूङको अन्तिम यात्रा हुन पुग्यो । 'यहाँ सिनियर विद्यार्थीहरूलाई के अनुरोध गर्न चाहन्छु भने तपाईंको जिल्लामा के विशेषता रहेछ, त्यसको बारेमा अध्ययन गर्नुपर्‍यो, त्यसको प्रचार गर्नुपर्‍यो । एक/दुई वटा नमुनाः दुईटा कुरामा ताप्लेजुङ नेपालमा अगुवा हो, नेपालको पर्यटन व्यवसायमा पदयात्रा र पर्वतारोहण (१८५४) पदयात्री भित्रिएको ताप्लेजुङ जिल्लामा हो ।' उनी प्रकृति र वातावरणलाई नबिगारी दिगो तथा टिकाउ विकासका पक्षधर हुन् । उनीजस्तो मौलिक चिन्तक एक पर्वतविज्ञ र भूगोलविद् अन्ततः प्रकृति र पहाडमा नै हराए । पृथ्वीका लागि कञ्चनजंघा र कञ्चनजंघाका लागि डाक्टर हर्क गुरूङ अविस्मरणीय उपहार बन्न पुग्यो ।

---

# नेपालमा पहिचानको आन्दोलन र तमुवानको सवाल



**प्रा.डा. ओम गुरूङ**
**मानवशास्त्री**

**पृष्ठभूमि**

आजको युग जातीय पहिचानको युग हो । आजको युगमा जातीय पहिचान विश्वव्यापी बहसको मुद्दा बनेको छ । पहिचानको निर्माणसम्बन्धी धेरैजसो सैद्धान्तिक र प्राज्ञिक बहस आधुनिक राष्ट्र-राज्य (nation-state) निर्माणको इतिहाससँग जोडिएको पाइन्छ । खासगरी कुनै एक प्रभुत्वशाली जाति वा वर्चश्वशाली भाषाका आधारमा राष्ट्र-राज्य निर्माणको सीमारेखा कोरिएपछि स्वतन्त्र र स्वायत्त रूपमा जीवनयापन गरिरहेका आदिवासी जनजातिमाथि भएका विभिन्नखाले शोषण, सांस्कृतिक दमन, जाति-हत्या, असमान सामाजिक सम्बन्धका कारण आदिवासी जनजातिहरु आ-आफ्नो पहिचान खोज्न वा निर्माण गर्न बाध्य भएका छन् । विशेषगरी जातीय पहिचानको आधारमा विभेद र उत्पीडनमा परेका समुदायहरूले राज्यका शक्ति र स्रोतमा आफ्नो पहुँच पुर्‍याउन र साझेदारी स्थापित गर्न पहिचानको सवाल जोडतोडले उठाएका छन् । त्यसैले पहिचान उत्पीडित जाति र समुदायका लागि आफ्नो अधिकार स्थापित गर्ने उचित र उपयुक्त अस्त्र बनेको छ ।

पहिचान केवल पहिचानका लागि मात्र होइन, पहिचान राज्यको स्रोत, सेवा र सुविधामा सहज पहुँचका लागि, भाषा संस्कृतिको विकास र संरक्षण तथा संवर्द्धनका लागि, आत्म सम्मान र सामाजिक प्रतिष्ठाका लागि, राज्यका हरेक अङ्ग र तहमा समानुपातिक प्रतिनिधित्वका लागि सामाजिक समावेशी र समानताका लागि हो । पहिचान आदिवासी जनजातिको साझा भूमी, साझा इतिहास, साझा भाषा, साझा संस्कृति र साझा मनोविज्ञानसँग जोडिएको हुन्छ । पहिचान चाहे शाश्वत होस् या निर्मित, त्यो सामाजिक यथार्थ हो । त्यसबाट मानिस अलग र मुक्त हुन चाहन्नन् । पहिचान व्यक्ति वा समुदायले स्वयम् अनुभूति गर्छन् ।

## नेपालमा पहिचान अपहरणको इतिहास

नेपालमा जातीय पहिचान इतिहासको उपज हो । राज्यसँगको असमान सामाजिक सम्बन्ध, राज्यद्वारा गरिएको जातीय विभेद, राजनीतिक उत्पीडन, आर्थिक शोषण आदिका कारण सामाजिक वञ्चितीकरणमा पारिएका आदिवासी जनजातिहरूले आफ्नो जातीय पहिचान खोजिरहेका छन् । यसको सुरूवात नेपाल राज्यको भौगोलिक एकीकरणसँगै भयो । राज्यको भौगोलिक एकीकरणअघि नेपालका विभिन्न जाति समुदायले स्वतन्त्र र स्वायत्त जीवनयापन गरिरहेका थिए । अठारौँ शताब्दीको मध्यतिर गोरखाका राजा पृथ्वीनारायण शाहले नेपालको भौगोलिक एकीकरण गरेपछि यहाँका आदिवासी जनजातिहरूको जातीय पहिचानसँगै स्वतन्त्रता र स्वायत्तता धरापमा परे । यसै क्रममा नेपाल राज्यको भौगोलिक एकीकरणसँगै सांस्कृतिक एकीकरणका रूपमा हिन्दूकरणको प्रक्रियालाई अगाडि बढाइयो ।

यस प्रक्रियाअन्तर्गत विभिन्न जाति, जनजातिलाई हिन्दू धर्म, संस्कृति, चाडपर्व, मूल्य मान्यता र सामाजिक चालचलन अँगाल्न लगाइयो । आफ्नो राजनीतिक शक्तिलाई मजबुत बनाउन तथा विविध जातजातिलाई एकीकरण गर्न हिन्दू जातिका समुदायले बोल्ने खस नेपाली भाषालाई सबै जाति, जनजातिको साझा भाषाका रूपमा बोल्न लगाइयो भने गाईलाई हिन्दू धर्मको प्रतीकका रूपमा संरक्षण गर्न लगाइयो । गाई मार्न नपाइने र गाई मार्नेलाई ज्यान सजाय दिने शाही आदेश शाह राजाहरूले देशव्यापी रूपमा जारी गरे । खस नेपाली भाषा बोल्नुपर्ने र गाईलाई मार्न नपाइने राज्य व्यवस्था विभिन्न आदिवासी जनजातिलाई हिन्दूकरणको प्रक्रियाद्वारा नेपालको राजनीतिक एकीकरणमा समाहित गर्ने उद्देश्य पूरा गर्ने माध्यम थियो । यस्तो राज्य व्यवस्थाका कारण आदिवासी जनजातिहरूले आफ्नो भाषिक, सांस्कृतिक तथा धार्मिक अधिकार गुमाउन थाले । शाह राजाहरूको यस्तो नीतिविरूद्ध सन् १७९३ मा नुवाकोटका तामाङहरूले विद्रोह गरेका थिए ।

सन् १८४६ को कोतपर्वपछि शक्तिमा आएका राणा शासकहरूले पनि आफ्नो शासन अवधिभर हिन्दू धर्म-संस्कृतिलाई आफ्नो शासन व्यवस्था मजबुत बनाउने र दिगो राख्ने सबैभन्दा बलियो हतियारका रूपमा प्रयोग गरे । यसका लागि जङ्गबहादुर राणाले बेलायत यात्रापछि सन् १८५४ मा मुलुकी ऐन जारी गरे । मुलुकी ऐन कुनै नयाँ कानुनको सङ्ग्रह नभई हिन्दू धर्म-संस्कृतिमा आधारित सामाजिक सांस्कृतिक चालचलन र मूल्य मान्यताको संकलन मात्र हो । यो ऐनले नेपाली समाजमा शाह राजाहरूले सुरू गरेको जातीय संरचनालाई कानुनी मान्यता प्रदान गर्‍यो । त्यस्तै, हिन्दू वर्ण व्यवस्थाअन्तर्गत नपर्ने नेपालका आदिवासी जनजातिलाई पनि 'मासिन्या र नमासिन्या मतवाली'को संज्ञा दिँदै ती 'मतवाली' समुदायलाई जातीय संरचनाको तेस्रो तहमा समावेश गर्‍यो । त्यस्तै, जातजाति अनुसारको कार्य विभाजन र दण्ड सजायको व्यवस्था पनि गर्‍यो । मुलुकी ऐनमा एउटै प्रकृतिका अपराध गर्ने व्यक्तिहरूलाई अपराधको प्रकृतिअनुसार दण्ड सजाय नगरीकन जातको आधारमा दण्ड सजाय गरिने व्यवस्था गरियो । उक्त ऐनले गाई मार्न नपाइने व्यवस्थालाई कानुनी मान्यता प्रदान गर्‍यो । यस्तो कानुनी व्यवस्थाबाट गाईको मासु खाने तामाङ, शेर्पा, भोटे, मगरलगायत कतिपय आदिवासी जनजाति र मुस्लिम समुदायको परम्परागत अधिकार तथा सांस्कृतिक चालचलन समाप्त भएर गयो । जङ्गबहादुर राणाले यस्तो ऐन जारी गर्नुको मुख्य राजनीतिक उद्देश्य राज्यले निर्माण गरेका जातीय संरचना र कानुनी व्यवस्थामा एकरूपता ल्याउनु र सो व्यवस्था नेपालका विभिन्न भागमा बसोबास गर्ने आदिवासी जनजातिलाई आफ्नो सामाजिक सांस्कृतिक हिसाबले पनि राज्यको नियन्त्रणमा ल्याउनु थियो ।

## एकल पहिचानमा सम्मिलीकरण

सन् १९३२ मा राणा शासकहरूले गोर्खाली भाषा वा खस नेपाली भाषालाई सरकारी कामकाजको भाषाका रूपमा अनिवार्य गराइदिएपछि आदिवासी जनजातिहरूको भाषिक अधिकार पनि हनन् भयो । उनीहरूको स्वेच्छाचारी शासन र भाषिक थिचोमिचोविरूद्ध आदिवासी जनजातिहरूले पटक-पटक विद्रोह गरे । सन् १८७६ को लखन थापाको विद्रोह, सन् १८७७ को सुकदेव गुरूङको विद्रोह तथा सन् १९२४ मा काठमाडौंका नेवारहरूले गरेको भाषिक विद्रोह राणा शासनविरूद्ध गरिएका विद्रोहका केही उदाहरण हुन् ।

राणाकालमाझैँ पञ्चायतकालमा पनि सबै आदिवासी जनजातिलाई हिन्दू धर्म र संस्कृतिको संरचनागत छाताभित्र ल्याउने काम भयो । राणा शासनकालको अन्त्यपछि पञ्चायतकालमा राष्ट्रियता र राष्ट्रवादको नयाँ परियोजना सुरू भयो । यो नयाँ परियोजनाको मुख्य उद्देश्य पनि आदिवासी जनजातिहरूलाई साझा संस्कृतिको आवरणमा हिन्दू संस्कृति धारण गर्न लगाएर एउटा राष्ट्रका रूपमा नेपाली समाजको विकास गर्ने नै रह्यो । यसका लागि पञ्चायती सरकारले सम्मिलीकरणको नीति अँगीकार गर्‍यो र एकरूपीय समाजको विकासमा जोड दियो । देशको राष्ट्रिय पहिचान स्थापित गर्न, समाजको विकास र आधुनिकीकरण गर्न नेपाली समाजमा विद्यमान सामाजिक र सांस्कृतिक विविधतालाई भन्दा एकरूपताका नारालाई जबर्जस्ती अगाडि सारियो । त्यसका लागि एउटा जाति, एउटा भाषा र एउटा धर्म-संस्कृतिको एकल नीति अगाडि सारियो ।

यसै क्रममा मुलुकलाई संसारमै नमूनाका रूपमा प्रस्तुत गर्ने बहानामा विविध धर्मावलम्बीको देश नेपाललाई संविधानद्वारा हिन्दू अधिराज्यका रूपमा स्थापित गराइयो ।

नेपालका विविधता र बहुलतालाई दबाएर नेपाली समाजमा समानता र एकता रहेको मिथ्या दाबी गरियो । सरकारी सञ्चारमाध्यमद्वारा नेपालको सांस्कृतिक एकता नै नेपालको विकासको अपरिहार्यता हो भन्ने गलत विचारको प्रचार-प्रसार गरियो । आफ्नो जातीय पहिचान खोज्ने र विविधताको वकालत गर्ने व्यक्तिहरूलाई राजनीतिक विद्रोहीका रूपमा दण्डित गरियो । जातीय पहिचानको आधारमा बन्ने कुनै पनि जातीय संघ-संस्थाहरूको विकासलाई निरूत्साहित गरियो । पञ्चायत सरकारको यस्तो साम्प्रदायिक नीतिका कारण आफ्नो भाषा संस्कृतिको संरक्षण गर्ने उद्देश्यले पञ्चायतकालभन्दा अघि नै जन्मिसकेका थारू कल्याणकारी संघ (सन् १९५१), गुरूङ कल्याण संघ (सन् १९५४) र नेपाल तामाङ समिति (सन् १९५६) जस्ता जातीय संस्थाले पनि जातीय सवालमा प्रभावकारी भूमिका निर्वाह गर्न सकेनन् भने अन्य जातिका संघ-संस्था जन्मनसमेत सकेनन् ।

## जनमत सङ्ग्रहपछि प्रतिरोध

सन् १९७९-८० मा सम्पन्न जनमत सङ्ग्रहपछि नेपालमा जातीय पहिचानको अभियान सुरू हुन थाल्यो । फलस्वरूप काठमाडौंमा नेवारहरूले नेपाल भाषा मंकाः खलको अगुवाईमा 'नेपाल संवत्'लाई राष्ट्रिय मान्यता दिलाउन नयाँ वर्षको शुभकामना दिन 'भिन्तुना' अभियान सुरू गरे । जनमत सङ्ग्रहको बेला बखानसिंह गुरूङ, खगेन्द्रजङ गुरूङ, पद्मसुन्दर लावती र एमएस थापा मगर जस्ता जनजाति नेताहरूले मंगोल संघ नामको साझा मोर्चा खोली जातीय पहिचानको आधारमा संघीय राज्यको माग अगाडि सारे । तर जनमत संग्रहमा सुधारिएको पञ्चायत नाम दिइएको निर्दलीय व्यवस्थाले जितेपछि जनजाति आन्दोलन फस्टाउन सकेन ।

जनमत संग्रहपछि सबै जातजातिका भाषा, संस्कृतिको संरक्षण गर्ने तथा जातीय अधिकार प्राप्त गर्ने उद्देश्यले सीताराम तामाङको अध्यक्षतामा सर्वजातीय अधिकार मञ्च, गोपाल गुरूङको अध्यक्षतामा मंगोल राष्ट्रिय संघ, एमएस थापा मगरको अध्यक्षतामा राष्ट्रिय जनमुक्ति पार्टी, गोपाल खम्बूको अध्यक्षतामा खम्बुवान मुक्ति मोर्चा र परी थापाको अध्यक्षतामा तत्कालीन नेकपा (मसाल)को जातीय मोर्चा अखिल नेपाल जनजाति सम्मेलन जस्ता जातीय पहिचान बोकेका राजनीतिक संगठन तथा मोर्चाहरू स्थापना भए । नेपाल भाषा मंकाः खल, लाङ्घाली समाज, तमू धीं नेपाल, तामाङ घेदुङ, थकाली सेवा समिति, किराँत राई यायोख्खा, किरात याक्थुङ, चुम्लुङ, सुनुवार सेवा समिति, शेर्पा संघजस्ता जातीय संस्था पनि जनमत संग्रहपछि नै स्थापना भए । ती संस्थाले आ-आफ्ना जातीय भाषा, संस्कृति, धर्म संस्कारको संरक्षण र संवर्द्धनका लागि संघर्ष गर्न सुरू गरे ।

## पहिचान पुनर्स्थापनाको आन्दोलन

सन् १९९० मा बहुदलीय प्रजातन्त्रको उदय भएपछि नेपाली जनताले सीमित रूपमा भए पनि लोकतान्त्रिक हकअधिकार प्राप्त गरे । देशमा बहुदलीय प्रजातन्त्र स्थापना भएपछि पहिलेको तुलनामा अलि फराकिलो र उदार राजनीतिक वातावरण सिर्जना भएकाले आदिवासी जनजातिहरू पनि आफ्ना जातीय हकअधिकारका लागि उत्साहित हुन थाले । सन् १९९१ को नेपालको संविधानले सर्वप्रथम नेपाललाई बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक देशका रूपमा अँगीकार गरेकाले आदिवासी जनजातिहरूले आफ्नो भाषा, संस्कृति तथा धर्म संस्कारको विकास तथा संरक्षण संवर्द्धन गर्ने उद्देश्यले दर्जनौँ जातीय संघ-संस्था स्थापना गरे । ती एकल जातीय संघ-संस्थालाई समन्वय र समायोजन गरी जनजातिका सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक हक अधिकारमुखी आन्दोलनको सामूहिक नेतृत्व प्रदान गर्न सन् १९९१ मा नेपाल आदिवासी जनजाति महासंघको स्थापना भयो । सन् १९९१ मा आठ वटा जातीय संस्था (गुरूङ, मगर, नेवार, राई, लिम्बू, तामाङ, थकाली, सुनुवार)बाट सुरू भएको नेपाल आदिवासी जनजाति महसंघको पहिलो दश वर्षसम्मको आन्दोलन जनजातिको जातीय पहिचान स्थापित गराउने मुद्दामा केन्द्रित रह्यो । त्यसै क्रममा महासंघले जनजातिका भाषा, संस्कृति, धर्म, कला-कौशल, भेष-भुषा तथा परम्परागत ज्ञान र सीपसम्बन्धी चेतनामुखी अभियान सुरू गर्‍यो ।

त्यतिबेलासम्म नेपालमा आदिवासी जनजातिको पहिचान सम्बन्धी अवधारणा स्पष्ट भइसकेको थिएन । त्यसैले नेपालको सन्दर्भमा जनजातिको प्रष्ट पहिचान गर्ने आधार के-के हुने भन्नेबारे जनजाति नेता तथा बुद्धिजीवीहरूबीच बहस सुरू भयो । त्यसैबेला संयुक्त राष्ट्रसंघले सन् १९९३ लाई विश्व आदिवासी वर्ष घोषणा गरेकाले नेपालमा सुरू भएको जनजाति पहिचानको मुद्दाले अन्तर्राष्ट्रिय समर्थन प्राप्त गर्‍यो । फलतः संयुक्त राष्ट्रसंघले निर्धारण गरेका अन्तर्राष्ट्रिय मापदण्डलाई समेत आधार मानेर नेपालको सन्दर्भमा जनजातिको परिभाषा गर्ने कार्य सन् १९९४ मा सम्पन्न काठमाडौंको लप्सीफेदी सम्मेलनले पूरा गर्‍यो ।

यसै सिलसिलामा जनजातिका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक अधिकारमुखी आन्दोलन पनि निरन्तर रूपमा अगाडि बढे । फलस्वरूप तत्कालीन सरकारले सन् १९९६ मा प्रा. सन्तबहादुर गुरूङको संयोजकत्वमा कार्यदल गठन गरी उक्त कार्यदललाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बनाउने जिम्मा दियो । उक्त कार्यदलले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनको मस्यौदा प्रतिवेदन तयार गर्नुका साथै प्रतिवेदनको अनुसूचीमा ६१ जनजातिको सूची तयार पारी कानुनी मान्यताका लागि सरकारलाई बुझायो । सरकारले कार्यदलद्वारा प्रस्तुत मस्यौदा ऐनलाई तत्काल पारित गर्न सकेन । त्यसैले सो ऐनको सट्टा सन् १९९६ मा एउटा

अध्यादेश जारी गरी राष्ट्रिय जनजाति विकास समिति गठन गऱ्यो । आदिवासी जनजाति आन्दोलन अध्यादेश जारी भएपछि पनि निरन्तर अगाडि बढेपछि सरकारले सन् २००१ मा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन पारित गऱ्यो । उक्त ऐनले कार्यदलद्वारा सिफारिस गरिएका ६१ वटा आदिवासी जनजातिमध्ये मनाङ्गेलाई सूचीबाट हटायो भने चिम्तन र ठिन्तनलाई मिलाएर तीनगाउँले नामकरण गरी जम्मा ५९ आदिवासी जनजातिको सूचीलाई कानुनी मान्यता प्रदान गऱ्यो । सोही ऐनको आधारमा सन् २००२ मा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना भयो । यसबाट नेपालमा सन् १९९० सम्म राष्ट्रियता र राष्ट्रिय एकताको नाममा राज्यले अपनाएको 'एउटा जाति, एउटा भाषा, एउटा धर्म र एउटा संस्कृति'को एकल नीति सिद्धान्ततः अन्त्य भयो ।

नेपालको राजनीतिमा सन् १९९० देखि २०१३ सम्म पहिचानको मुद्दाले विशेष स्थान पायो । यो अवधिमा पहिचानलाई नेपालका आदिवासी जनजातिलगायत मधेशी, महिला, दलित समुदायलाई राजनीतिक आन्दोलनमा परिचालन गर्ने मुख्य हतियार बनाइयो । सन् १९९६ देखि २००६ सम्मको जनयुद्धकालमा तत्कालीन नेकपा माओवादीले पनि पहिचानकै आधारमा जनजातिहरूलाई जनयुद्धप्रति आकर्षित गराउन सफल भएको थियो । सन् २००६ को जनआन्दोलनमा पनि पहिचानको मुद्दाले विशेष स्थान पायो र नेपालका आदिवासी जनजातिहरु आफ्ना पृथक पहिचानसहित २००६ को जनआन्दोलनमा सहभागी भए । त्यस अवधिमा जनजाति आन्दोलन बलियो भएकाले तत्कालीन राज्य सरकार पनि पहिचानको मुद्दाप्रति सकारात्मक देखिन बाध्य भए । नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गर्नु, समानुपातिक निर्वाचन पद्दति र समावेसी नीति अपनाउनु, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि- १६९ पारित गर्नु, आदिवासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्र अनुमोदन गर्नु तथा बहिस्कृत समुदायहरूका लागि सरकारी सेवा र उच्च शिक्षामा आरक्षणको व्यवस्था गर्नु जनजातिहरूलाई हेर्ने राज्यको दृष्टिकोणमा सकारात्मक सुधार आउनु हो । तर त्यतिले मात्र नेपालमा पहिचानको आन्दोलन रोकिएन । सरकारद्वारा २००१ मा सूचीकृत गरिएका ५९ आदिवासी जनजातिभित्र नपरेका विभिन्न सामाजिक सांस्कृतिक समुदायहरूले आफूहरूलाई पनि सूचीकृत गर्नुपर्ने माग उठाए । उनीहरूको मागलाई ध्यानमा राखी तत्कालीन नेपाल सरकारले सन् २००९ को अप्रिल महिनामा प्रा.डा. ओम गुरूङको संयोजकत्वमा आदिवासी जनजाति सूची परिमार्जन उच्चस्तरीय कार्यदल गठन गऱ्यो । उक्त कार्यदलले आदिवासी जनजातिहरूको पहिचानका वस्तुपरक र वैज्ञानिक आधार तय गरी सोही आधारमा ८१ आदिवासी जनजातिहरूको नयाँ सूची तयार पारी सरकारलाई बुझाएको छ । तर सरकारले अहिलेसम्म नयाँ सूची अनुसारको थप आदिवासी जनजातिहरूलाई कानुनी मान्यता दिएको छैन ।

### जातीय पहिचानको सवालमा पहिलो संविधानसभा

नेपालका आदिवासीहरूले आफ्नो जातीय पहिचान र अधिकारका लागि नेपालमा लामो समयदेखि संघर्ष गर्दै आएका कुरा माथि नै उल्लेख गरिएको छ । उनीहरूले उठाएका जातीय पहिचान र अधिकारका मुद्दालाई विभिन्न समयमा सञ्चालन भएका जातीय आन्दोलन र तत्कालीन नेकपा (माओवादी)ले सञ्चालन गरेको १० वर्षे जनयुद्धले पनि जातीय मुक्ति आन्दोलनको एउटा मूल मुद्दाका रूपमा उठाएका थिए । नेपालमा भएको २००६ को जनआन्दोलनको बेला त जातीय पहिचान र समावेशी राज्यको मुद्दा प्रखर रूपमा उठेको थियो । त्यतिबेला जातीय पहिचान र समावेशी राज्यसत्ताको मुद्दा आदिवासी जनजातिको मात्र नभएर आन्दोलनरत सबै राजनीतिक दलको साझा राजनीतिक मुद्दाका रूपमा स्थापित भएको थियो । नेपाली जनताको बल र बलिदानपूर्ण योगदानबाट नेपालमा एकात्मक र केन्द्रीकृत राज्यसत्ता पराजित भयो । त्यसको ठाउँमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । त्यसपछि जारी भएको नेपालको अन्तरिम संविधान २००७ ले जाति, वर्ग, धर्म, लिंग, भाषा, क्षेत्रका आधारमा राज्यद्वारा भएको विभेदको अन्त्य गर्न एकात्मक र केन्द्रीकृत राज्यसत्ताको अन्त्य गरी समावेशी संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीसहितको अग्रगामी राज्य पुनर्संरचना गर्ने सुनिश्चितता प्रदान गऱ्यो (हेर्नुस्ः अन्तरिम संविधानको भाग १७ धारा १३८) । अन्तरिम संविधानले आदिवासी जनजातिलगायत अन्य उत्पीडित/उपेक्षित जाति, वर्ग, क्षेत्र र लिंगको भावना र चाहनाअनुरूप संघीय शासन प्रणालीअन्तर्गत स्वायत्त र अधिकार सम्पन्न प्रदेश तथा स्वायत्त क्षेत्रहरूको स्थापना गर्ने थप सुनिश्चितता प्रदान गरेको थियो ।

अन्तरिम संविधानअन्तर्गत २००८ सालमा सम्पन्न संविधानसभाको पहिलो निर्वाचनमा निर्वाचित जनजाति समुदायका २१८ सभासदले जातीय पहिचानको आधारमा राज्य पुनर्संरचना हुनुपर्छ भन्ने जनजातिका मुद्दालाई संविधानसभामा पनि प्रखर रूपमा उठाए । संविधानसभाको पहिलो निर्वाचनद्वारा गठित संविधानसभाको राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले तयार पारेको प्रतिवेदनले पनि पहिचानका पाँच आधार (जाति, समुदाय, भाषा, संस्कृति र भौगोलिक क्षेत्रसँगको निरन्तर ऐतिहासिक सम्बन्ध) र सामर्थ्यका चार आधार (आर्थिक विकास, प्रशासनिक सुगमता, भौगोलिक क्षेत्र तथा प्राकृतिक श्रोत सम्पदाको उपलब्धता)लाई मानी नेपालमा १४ प्रदेश र २३ स्वायत्त क्षेत्रको प्रस्ताव संविधानसभामा पेस गरेको थियो । त्यसैगरी अन्तरिम संविधानको आधारमा नेपाल सरकारले गठन गरेको राज्य पुनर्संरचना उच्चस्तरीय

सुझाव आयोगले पनि संविधानसभाको राज्य पुनर्संरचना समितिले प्रस्तुत गरेको पहिचान र सामर्थ्यलाई नै मूल आधार मानी नेपालमा १० भौगोलिक र एक गैरभौगोलिक प्रदेश तथा २३ स्वायत्त क्षेत्रको सिफारिस गरेको थियो ।

सोही बेला आदिवासी जनजाति र नेपाल सरकारबीच २००७ अगस्त ७ मा सम्पन्न २० बुँदे सहमति र २००९ मे २४ मा सम्पन्न सात बुँदे सहमतिलगायत विभिन्न समयमा लिम्बुवान र थरूवान/थरूहटसँग भएका सहमति सम्झौतामा पनि जातीय पहिचान र भूगोलको आधारमा राज्यको पुनर्संरचना गरिने छ भनी सरकारबाट प्रतिबद्धता जाहेर भएको थियो । यसरी जनयुद्ध र जनआन्दोलनको जनादेश, अन्तरिम संविधानको भावना र मर्म, आदिवासी जनजातिहरु र नेपाल सरकारबीच भएका सहमति सम्झौता, संविधानसभा राज्यपुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र राज्य पुनर्संरचना उच्चस्तरीय सुझाव आयोगको सिफारिसका आधारमा पनि जातीय पहिचानको आधारमा राज्य पुनर्संरचना हुनुपर्ने हो । त्यस्तै, राजनीतिक दलहरूका प्रतिबद्धता तथा संविधानसभामा आदिवासी जनजातिलगायत पहिचानवादी सभासदहरूको भूमिका आदिका कारण नेपाली जनताको भावना र चाहनाको कदर गरी नेपालमा पहिचानसहितको संघीय लोकतान्त्रिक गणतन्त्र सुनिश्चित भएको समावेशी संविधान जारी हुने प्रवल सम्भावना थियो । तर देशका प्रमुख राजनीतिक दलहरूको गैरराजनीतिक चरित्र र जनताप्रतिको गैरजिम्मेवारीका कारण संविधानसभामा पहिचान पक्षधर दुई तिहाई सभासदहरु हुँदाहुँदै पनि संविधानसभाले नेपाली जनताको संविधान जारी गर्न सकेन । बरू संविधान जारी गर्नुको सट्टा २०१२ मे २८ को मध्यरातमा नाटकीय ढंगबाट संविधानसभा कै अवसान गराइयो । यसरी संविधानसभाको अवसान हुनु नेपालका विभिन्न ऐतिहासिक कालखण्डमा भएको जनआन्दोलन र जनयुद्धमा नेपाली जनताले बगाएको रगत र पसिनाको अवमूल्यन र अपमान थियो । यो नेपाली जनताप्रतिको धोका थियो ।

संविधानसभाको अवसान भएपछि संविधानसभाको अवसान हुनुमा तत्कालीन नेकपा (माओवादी), नेपाली काँग्रेस र तत्कालीन नेकपा (एमाले)ले एकले अर्कालाई दोषारोपण गरे । तर यो एउटा नाटक मात्र थियो । संविधानसभा अवसान हुनुमा ती तीनै राजनीतिक दलहरु सबै दोषी थिए । उनीहरूले संविधानसभा अवसान गरिनुको मूल कारण आदिवासी जनजातिको पहिचानलाई मेटाउनु र उनीहरूलाई अधिकार सम्पन्न नबनाउनु नै थियो । यस कार्यमा जुनसुकै दलका भए पनि र जस्तोसुकै क्रान्तिकारी कुरा गरेता पनि ती तीनै राजनीतिक दलका नेताहरु अन्ततः एक ठाउँमा उभिए । सारमा भन्दा, ती राजनीतिक दलका नेताहरु गैरजनजाति हुनु र उनीहरु सबै सामन्ती ब्राह्मणवादी विचार र चिन्तनबाट ग्रसित हुनु नै संविधानसभा अवसानको एउटा प्रमुख कारण थियो । त्यसैले उनीहरूले आदिवासी जनजातिका पहिचान र अधिकार सुनिश्चित गराउने संविधान जारी गराउनुभन्दा संविधानसभा कै अवसान गराउन उचित ठाने र गराए ।

संविधानसभा विघटन भएपछि केही समय नेपालमा संवैधानिक र राजनीतिक संकट देखा पर्‍यो । ठूला भनिने राजनीतिक दलहरूका स्वार्थ र उनीहरूबीचको आपसी झगडा र खिचातानीले देशको संवैधानिक तथा प्रशासनिक अधिकार कर्मचारीतन्त्रको हातमा गयो । कर्मचारीतन्त्रले शासन सत्ता सम्हालेको एक वर्षपछि सन् २०१३ मा संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भयो । तर दोस्रो निर्वाचनमा पहिचान पक्षधरको प्रतिनिधित्व संविधानसभामा पहिलाको जस्तो उल्लेखनीय हुन सकेन । संविधानसभाको निर्वाचन भएको दुई वर्षपछि अर्थात् सन् २०१५ मा नेपालको नयाँ संविधान जारी भयो । दोस्रो जनआन्दोलनबाट नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएपछि र विशेष गरेर २०१५ सालमा नेपालको नयाँ संविधान जारी भएपछि संविधान समावेसी हुनेछ, जनजाति आन्दोलनले प्राप्त गरेका सबै उपलब्धीहरु संस्थागत हुनेछन्, संविधानमा आदिवासी जनजातिको पहिचान स्थापित हुने छ, नेपालमा बहुराष्ट्रिय राज्य स्थापना हुने छ, नेपाल बहुभाषिक देश बन्ने छ, नेपालमा जातीय स्वशासन र स्वायत्तता कायम हुने छ, देशमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू हुने छ र संविधानको कार्यान्वयनले आदिवासी जनजातिलगायत सबै नेपाली जनता अधिकार सम्पन्न नागरिकका रूपमा बाँच्न पाउनेछन् भन्ने अपेक्षा थियो । तर संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि मुलुकमा जारी भएको नयाँ संविधानले आदिवासी, जनजातिहरूको अपेक्षा पूरा गर्न सकेन । अन्तरिम संविधानको तुलनामा नयाँ संविधान झनै प्रतिगामी, प्रतिक्रियावादी र यथास्थितिवादी छ । संविधानले गरेको धर्मनिरपेक्षताको व्याख्या र गाईलाई दिइएको राष्ट्रिय जनावरको मान्यताले नेपाललाई पुनः हिन्दू राज्यकै रूपमा फर्काउने चलखेल देखिएको छ.। त्यसैगरी, देवनागरी लिपिमा लेखिएको खस नेपाली भाषालाई दिइएको सरकारी भाषाको मान्यताले नेपालमा बोलिने अन्य भाषाहरूको अस्तित्व मेटाएको छ । संक्षेपमा, संविधानले जाति, भाषा, धर्म, लिंग, वर्ग, क्षेत्रको आधारमा गरिने सबैखाले शोषण र विभेदको अन्त्य गरी समानता र समावेशी राज्य निर्माण गर्नुको सट्टा जाति, भाषा, धर्म, लिंग, वर्ग र क्षेत्रको आधारमा गरिने विभेद र उत्पीडनलाई यथावत कायमै राखेको छ । त्यसैले नेपालको नयाँ संविधानले गरेको जातीय विभेदविरूद्ध आदिवासी जनजातिहरूले निरन्तर रूपमा आन्दोलन गरिरहेका छन् ।

### संविधानसभाको अवसानपछिको राजनीतिक परिदृश्य

संविधानसभाको अवसानपछि मुलुकको शासनसत्ता राजनीतिक दलहरूको हातबाट कर्मचारीतन्त्रको हातमा

गयो । परिणामस्वरूप देशमा केही समय संवैधानिक र राजनीतिक संकटको स्थिति सिर्जना भयो । यस्तो स्थितिमा पनि कर्मचारीतन्त्रको सरकारले शासनसत्ता सम्हालेको एक वर्षपछि अर्थात २०१३ मा आदिवासी जनजातिलगायत कैयन राजनीतिक दलका विरोध र बहिस्कारको बाबजूद पनि संविधानसभाको दोसो निर्वाचन सम्पन्न भयो । नेपालका आदिवासी जनजातिप्रति ऐतिहासिक कालदेखि नै विभेदकारी र उत्पीडनकारी कर्मचारीतन्त्रको राज्यसत्ताले सम्पन्न गराएको निर्वाचनमा आदिवासी जनजातिका पहिचान पक्षधर प्रतिनिधिहरु निर्वाचित हुने सम्भावना स्वभावैले कम थियो । त्यसैले संविधानसभाको दोसो निर्वाचनमा आदिवासी जनजातिका प्रतिनिधिहरु पहिलो निर्वाचनको तुलनामा कम मात्र निर्वाचित भए । निर्वाचित भएका जनजातिका प्रतिनिधिमध्ये पनि संविधानसभाको पहिलो निर्वाचनमा निर्वाचित भएका जनजाति सभासदजस्ता पहिचानका पक्षमा सशक्त रूपमा आफूलाई संविधानसभामा प्रस्तुत गराउन सक्ने क्षमता र मनोबल भएका ज्यादै न्यून थिए । पहिचानका पक्षधर अन्य समुदायका प्रतिनिधिहरु पनि कमै संख्यामा निर्वाचित भए । परिणामस्वरूप संविधानसभामा पहिचानको मुद्दा कमजोर हुँदै गयो ।

जातीय पहिचान र अधिकारका लागि राज्यका विरूद्ध आन्दोलन गर्ने जिम्मेवारी लिएको आदिवासी जनजातिका साझा संगठन नेपाल आदिवासी जनजाति महासंघको भूमिका पनि तत्कालीन समयमा आदिवासी जनजातिहरूको पहिचान स्थापित गर्ने र अधिकार सुनिश्चित गर्ने दिशातिर लक्षित हुन सकेन । विशेषगरी नेपाल आदिवासी जनजाति महासंघको नेतृत्वपंक्ति जातीय पहिचान र अधिकारलाई मूल मुद्दा बनाएर प्रस्तुत हुन सकेनन् । उनीहरु महासंघसँग आबद्ध भएका र नभएका जातीय संस्थाहरु तथा विभिन्न राजनीतक दलसँग आबद्ध जातीय मोर्चाहरूसँग समन्वय र सहकार्य गरी पहिचानमुखी आन्दोलनको अगुवाई गर्नेतिर भन्दा आफ्नो व्यक्तिगत र आफू सम्बद्ध राजनीतिक दलको स्वार्थतिर बढी ढल्किए । परिणामतः आदिवासी जनजातिको सडक आन्दोलन पनि स्वतः कमजोर भयो ।

माथि उल्लेख गरिएको राजनीति पृष्ठभूमीमा देशभर छरिएर रहेका आदिवासी जनजातिका संघ/संस्था, राजनीतिक दलसँग आबद्ध भएका जातीय मोर्चा, स्वतन्त्र रूपमा रहेका जनजाति अधिकारकर्मी र बुद्धिजीवीहरूलाई गोलबन्द गरी जातीय पहिचानलाई मूल मुद्दा बनाई देशव्यापी रूपमा सशक्त आन्दोलन गर्ने उद्देश्यले मानवअधिकारवादी नेता पदमरत्न तुलाधरको संयोजकत्वमा २०१४ मा आदिवासी जनजाति राष्ट्रिय आन्दोलन (आजराआ), नेपालको गठन भयो । आजराआले पहिचानसहितको संघीयता र संघीयतासहितको संविधानलगायत राज्यका सबै अंग र तहमा समावेशी समानुपातिक प्रतिनिधित्वजस्ता महत्वपूर्ण मुद्दा लिएर देशव्यापी आन्दोलन सुरू गरेको थियो । तर त्यति नै बेला २०७२ बैशाख १२ गते देशमा गएको विनाशकारी महाभूकम्पले आजराआको जातीय मुक्ति आन्दोलनलाई प्राकृतिक प्रकोपको उद्धार कार्यतिर धकेलिदियो । परिणामतः आजराआको पहिचानमुखी आन्दोलन पनि विस्तारै शिथिल बनेर गयो । सबै पहिचानमुखी र अधिकारका लागि आन्दोलन गरिरहेका सबै संघ/संस्थालगायत समस्त नेपाली जनताको ध्यान महाभूकम्पतिर केन्द्रित भएको अवसर पारेर नेपालका ठूला भनिने राजनीतिक दलका षडयन्त्रकारी नेता तथा तिनै नेताहरूका पृष्ठपोषक राज्यसत्ताको साठगाँठमा २०१५ सेप्टेम्बर २० का दिन हतार-हतारमा नयाँ संविधान जारी भयो । यसरी अत्यन्त दुःखद र प्रतिकूल परिस्थितिको मौका छोपेर जारी गरिएको संविधानले आदिवासी जनजातिको आशा र आकांक्षालाई सम्बोधन गर्न सकेन । न संविधानले नेपाली समाजको विशेषताअनुरूप बहुल राष्ट्रिय राज्यको अवधारणालाई आत्मसात गर्न सक्यो न त नेपालका आदिवासी जनजातिहरूको पहिचानलाई संवैधानिक मान्यता दिन र उनीहरूको अधिकारलाई स्थापित गर्न सक्यो । संविधानले बरू उल्टै नेपालमा सदियौँदेखि वर्ग, जाति, भाषा, धर्म, लिंग र क्षेत्रको आधारमा भइराखेका सामाजिक विभेद र राजनीतिक उत्पीडनलाई यथावत रूपमा निरन्तरता प्रदान गर्ने काम गऱ्यो । संविधानले आदिवासी जनजातिहरूले माग गरेअनुसार जातीय पहिचानको आधारमा संघीय प्रदेशहरूको निर्माण गर्न पनि सकेन । संविधानले त आदिवासी जनजातिहरूको चाहना र भावनाविपरीत नेपाललाई सात प्रदेशमा विभाजित गरी ती प्रदेशको नामकरण पहिचानको आधारमा नगरी संख्याको आधारमा गरिदिएको छ । त्यसैले यस्तो यथास्थितिवादी र विभेदकारी संविधानलाई नेपालका आदिवासी जनजातिहरूले सहज रूपमा स्वीकार गर्न सकेका छैनन् र नयाँ संविधानलाई प्रतिगामी संविधानको संज्ञा दिन बाध्य भएका छन् ।

## पहिचानबारे सत्तासीन नेकपा र नेपाली काँग्रेसको बुझाइ

नेपालका आदिवासी जनजातिहरूले लामो समयदेखि राज्यको पुनर्संरचना जातीय पहिचानको आधारमा हुनुपर्दछ भन्ने मुद्दा अहिलेसम्म छाडेका छैनन् । जातीय पहिचानको सवाललाई लिएर आदिवासी जनजातिहरु कुनै न कुनै रूपमा निरन्तर आन्दोलित छन् । तर वर्तमान नेकपाको सरकार र नेपाली काँग्रेसले पहिचानको मुद्दालाई अत्यन्त संकीर्ण र सम्प्रदायिक जातिवादी दृष्टिकोणले हेर्ने हुँदा आजसम्म पनि पहिचानको मुद्दाले नेपालको राज्य संरचना र राज्यसत्तामा उचित स्थान पाउन सकेको छैन । १० वर्षे जनयुद्धकालमा तत्कालीन नेकपा (माओवादी)ले पहिचानको मुद्दालाई सशक्त रूपमा उठाएको थियो । तर अहिले सत्ता स्वार्थकै कारण उसले नेकपा (एमाले)सँग पार्टी एकता गरेपछि तत्कालीन नेकपा (माओवादी)को नेतृत्व पंक्ति पनि जातीय पहिचानको सवालमा मौन रहन थालेको छ ।

उनीहरूको मौनतालाई आदिवासी जनजातिहरूले दु:खद पक्षका रूपमा लिएका छन् ।

अहिलेको सरकार र प्रतिपक्ष नेपाली काँग्रेसको नेतृत्व पंक्तिले जातीय पहिचानलाई गलत तरिकाले बुझेका छन् भने तत्कालीन नेकपा (माओवादी)ले बुझेर पनि बुझ पचाएजस्तो गरेको छ । उनीहरूले पहिचानलाई जातका रूपमा बुझ्ने र व्याख्या गर्ने गर्दछन् । उनीहरूले जातको आधारमा संघीय प्रदेशको निर्माण गर्दा देश टुक्रिन्छ, सम्प्रदायिक सद्भाव खल्बलिन्छ, राष्ट्रियता कमजोर हुन्छ र सार्वभौमिकता र क्षेत्रीय अखण्डता खण्डित हुन्छ भन्ने जस्ता एकात्मक र आधारहीन व्याख्या गरेर नेपाली जनतालाई भ्रममा पारेका छन् । तर पहिचान एमाले र नेपाली काँग्रेसले व्याख्या गरेजस्तो जातको मुद्दा नै होइन । पहिचान जाति/समुदायको मुद्दा हो, जसलाई अर्को शब्दमा राष्ट्र वा राष्ट्रियताको मुद्दा भनिन्छ । जात र जाति झट्ट हेर्दा र सुन्दा उस्ताउस्तै लागेता पनि यी दुई शब्दको अर्थमा गुणात्मक भिन्नता छ । जात हिन्दू वर्णव्यवस्थामा आधारित विभेदकारी सामाजिक संरचना हो । छुवाछुत, चोखो-जुठो, ठूलो-सानो र उँचनीचजस्ता सामाजिक विभेद जातप्रथाका विशेषता हुन् । जातप्रथाको सबैभन्दा नराम्रो विभेद सामाजिक बहिष्करण हो । यसले एउटै समाज र समुदायलाई मात्र नभएर एउटै परिवारका सदस्यलाई पनि कुनै निश्चित समय र अवसरको बेला बहिष्करणमा पार्दछ । महिलाहरूलाई महिनावारीको बेला परिवारबाट अलग राखिनु जातप्रथाले गर्ने बहिष्करणको ज्वलन्त उदाहरण हो । यस अर्थमा जात विभेदकारी र बहिष्कारी सामाजिक संरचना हो ।

त्यसको ठीकविपरीत जाति समन्यायिक र समावेशी सांस्कृतिक अवधारणा हो । जाति साझा भाषा, साझा संस्कृति, साझा इतिहास, साझा भूगोल र हामी भन्ने साझा मनोविज्ञानजस्ता सांस्कृतिक विशेषतामा आधारित मानव समुदाय हो । यिनै सांस्कृतिक विशेषताको आधारमा जाति वा समुदायको पहिचान निर्माण हुन्छ । आदिवासी जनजातिहरूले पहिचानको आधारमा राज्य पुनर्संरचनाको माग गर्नुको अर्थ उनीहरूको संस्कृति र सभ्यतालाई राज्यद्वारा सम्मान गर र मान्यता देऊ भनेको हो । आदिवासी जनजातिहरूको माग त्यति मात्र हो । कुनै एउटा निश्चित जात/जातिका लागि मात्र राज्यको निर्माण गर भनेको होइन । आदिवासी जनजातिहरु संघीय राज्य/प्रदेशको निर्माण जातीय पहिचानको आधारमा गर्न चाहन्छन् भने शासनसत्तामा सबै जातिको जातीय जनसंख्याअनुसार समावेशी समानुपातिक प्रतिनिधित्व चाहन्छन् । तर तत्कालीन नेकपा एमाले र नेपाली काँग्रेसले 'काग कराउँदै गर्छ पिना सुक्दै गर्छ' भनेझैँ गरेका छन् । यो उनीहरूमा पलाएको राजनीतिक तथा शासकीय शक्तिको दम्भ हो । यही दम्भको आधारमा ६ नम्बर प्रदेशलाई कर्णाली प्रदेश नामकरण गरियो भने आदिवासी जनजातिलगायत स्थानीय जनताको चर्को विरोधका बाबजूद पनि ४ नम्बर प्रदेशलाई गण्डकी नामकरण गरियो । यसरी नै क्रमिक रूपमा बाँकी अरू प्रदेशहरूको नामकरण गर्ने तयारी गरिँदैछ । वास्तवमा पहिचान अमूक र अमूर्त नदीनाला, पहाड पर्वत र भूगोललाई चाहिएको होइन । पहिचान उत्पीडित समुदायलाई चाहिएको हो र त्यसका लागि उनीहरु निरन्तर रूपमा आन्दोलित छन् । तर जननिर्वाचित र लोकतान्त्रिक भनिने वर्तमान सरकारले भने जनताका चाहना र भावनालाई रतिभर पनि वास्ता नगरी प्रदेशहरूको नामकरण भूगोलको आधारमा जुन तरिकाले गरिरहेको छ, त्यसले नेपालमा अर्को द्वन्द्व निम्त्याउने सम्भावनालाई नकार्न सकिन्न । किनकि सरकारको यस्तो पहिचानविरोधी कार्यबाट आदिवासी जनजातिहरु थप आक्रोशित र आन्दोलित भएका छन् ।

## अन्तर्राष्ट्रिय प्रचलनबाट नेपालले सिक्नुपर्ने पाठ

जातीय पहिचानको आधारमा राज्य/प्रदेशको नामकरण गरिनुपर्दछ भन्ने माग र चाहना नेपालका आदिवासी जनजातिको मात्रै माग र चाहना होइन । जातीय पहिचानको आधारमा राज्य/प्रदेशहरूको निर्माण गरिने प्रचलन विश्वव्यापी छ । जातीय पहिचानको आधारमा राज्य/प्रदेशको नामकरण भएको उदाहरण सर्वप्रथम बेलायतबाट लिन सकिन्छ । बेलायत एउटा बहुराष्ट्रिय राज्य हो । त्यहाँका विभिन्न राष्ट्रमा फरक-फरक राष्ट्रिय पहिचानअनुसार नाम दिइएको छ । उदाहरणका लागि इङ्ल्याण्ड इङ्लिस वा अंग्रेज भाषासँग जोडिएको सभ्यता हो । स्कटल्याण्ड ल्याटिन भाषामा गायल भाषा वा अचेल स्कटिस भाषा बोल्नेहरूको राष्ट्र हो । वेल्स केल्टिक भाषा बोल्नेहरूको राष्ट्र हो भने आयरल्याण्ड गायल भाषाकै एक शाखाका रूपमा आइरिस भाषाको विकास र त्यसको नाम बनेको राष्ट्र हो । बेलायतको बहुराष्ट्रिय पहिचान ती चार राष्ट्रहरूमा बोलिने फरक-फरक भाषा, ती राष्ट्रहरूका फरक-फरक झन्डा र फरक-फरक मुद्राको प्रयोगबाट झल्किएको छ.।

पहिचानको आधारमा प्रदेशहरूको निर्माण भएको अर्को उदाहरण लामो समयसम्म बेलायतकै उपनिवेश भएर रहेको छिमेकी मुलुक भारतबाट पनि लिन सकिन्छ । भारतको २९ राज्यहरूमध्ये पश्चिम बंगाल, पञ्जाव, महाराष्ट्र, गुजरात, तामिलनाडु, कर्नाटक, उडिसा, आसाम, नागाल्याण्ड, मणिपुर, मेघालय, त्रिपुरा, मिजोरम, सिक्किम राज्यको नामकरण ती राज्यमा बोलिने जातीय भाषाको आधारमा भएको छ । भारतमा एउटै खालका पहिचानका आधारमा प्रदेशको नाम राखिएको पाइँदैन । भारतमा विभिन्न पहिचानलाई स्वीकारिएको छ, चाहे त्यो भाषा या जाति । सबैभन्दा पछिल्लो समयमा भारतमा तेलंगना राज्यको निर्माण पहिचानकै आधारमा भएको एउटा थप उदाहरण पनि छ । भारतको संघात्मक राज्य जातीय तथा मूलतः भाषिक पहिचानको आधारमा गठन

भएको हो । यदि भारतमा त्यहाँका शासकहरूले जातीय तथा भाषिक पहिचानको सिद्धान्तलाई राज्य निर्माणको आधारका रूपमा स्वीकार नगरेको भए भारत अहिलेको अवस्थामा रहने थियो वा थिएन सो भन्न सकिन्न । केही वर्षयता भारतमा पश्चिम बंगालको दार्जीलिङलगायत पहाडी क्षेत्रका नेपाली मूलका जनताले भाषिक पहिचानकै आधारमा गोर्खाल्याण्डको माग गरिरहेका छन् ।

अमेरिकाका ५० राज्यमध्ये ३० वटा राज्य र क्यानडाका १३ प्रदेशमध्ये ६ प्रदेश र प्रदेशअन्तर्गतका हजारौं क्षेत्रको नामकरण त्यहाँ बस्ने आदिवासी जनजातिका भाषाको आधारमा बनेको छ । गत वर्ष क्यानडा सरकारले क्यानडामा राज्य स्थापना भएको एक सय ५०औँ वार्षिकोत्सव धुमधामसँग मनाएको थियो । सोही बेला क्यानडाका आदिवासीहरूले भने उक्त अवसरमा बेलायती तथा अमेरिकी साम्राज्यवादीहरूद्वारा क्यानडामा गरेको एक सय ५० वर्षसम्मको औपनिवेशीकरण र हत्या-हिंसाको स्मरण गर्दै त्यसको विरोध प्रदर्शन गरेका थिए । उनीहरूको त्यस विरोध प्रदर्शनलाई क्यानडाका बुद्धिजीवीलगायत नागरिक समाज, सञ्चारकर्मीहरूले पनि साथ दिएका थिए । अहिले क्यानडामा त्यहाँको सरकारले क्यानडाका आदिवासीहरूको भूमीमाथि विगतमा आफूहरूले कब्जा गरेको र उनीहरूमाथि उत्पीडन भएको तथ्य स्वीकार्दै, आदिवासीहरूको भूमीप्रति सम्मानस्वरूप क्यानडाका विभिन्न ठाउँमा भएका आदिवासी भूमी, सार्वजनिक स्थल, विद्यालय, विश्वविद्यालय, बस्ती, टोल, सडक, सार्वजनिक भवन, निकुञ्ज आदिको आदिवासी भाषामै पुनः नामकरण गर्दैछ । यस सन्दर्भमा क्यानडाको ब्रिटिस कोलम्बिया प्रान्तको भ्यानकुभर सहरस्थित ब्रिटिस कोलम्बिया विश्वविद्याालयले त्यहाँका आदिवासीहरूको सहभागिता र साझेदारीमा एउटा बृहत अनुसन्धान परियोजना सञ्चालन गरिरहेको छ. । क्यानडा देशकै नाम त्यहाँ बसोबास गर्ने इरोकोइस जातिको भाषाबाट बनेको छ । उक्त जातिको भाषामा क्यानडाको अर्थ गाउँबस्ती भन्ने हुन्छ । त्यसैगरी अमेरिकाका न्युयोर्क राज्यको म्यानहटन सहरको नाम पनि त्यहाँका आदिवासी जनजाति भाषाबाट राखिएको छ । म्यानहटनका प्राचीन आदिवासी लेनापे भाषामा म्यानहटनको अर्थ अनगिन्ती टापुहरूको थलो भन्ने हुन्छ । यो सहर सन् १६२६ मा डचहरूले त्यहाँका आदिवासी जनजातिहरूबाट कब्जा गरी यसको नाम नयाँ आम्स्टरदयाम राखेका थिए । पछि १६६४ मा यो सहरलाई डचहरूको हातबाट अंग्रेजहरूले खोसेपछि बेलायतका राजा चार्ल्स द्वितीयले आफ्ना भाइ योर्कका राजकुमार ड्युकलाई उपहार दिएपछि यसको नाम न्युयोर्क राखियो । हाल संयुक्त राष्ट्रसंघको प्रधान कार्यालय लेनापेको आदिम भूमी यही म्यानहटनमा अवस्थित छ र संयुक्त राष्ट्रसंघले राष्ट्रसंघको साधारणसभा सुरू हुनुभन्दा पहिले म्यानहटनमा पहिले बसोबास गर्ने आदिवासीहरूको सम्मानमा प्रार्थना सभा गरेपछि मात्र साधारण सभाको बाँकी कार्यक्रम सुरू गर्ने प्रचलन सुरू गरेको छ।

त्यसैगरी चीनमा भित्री मंगोलिया र तिब्बतजस्ता प्रदेशहरूको नामकरण पनि जातीय भाषिक आधारमा निर्माण भएको छ भने स्वीजरल्याण्ड र बेल्जियमका सबै प्रदेश भाषिक आधारमै निर्माण भएका छन् । यी विश्वव्यापी उदाहरण हेर्दा संसारमा प्रायः सबै देशको निर्माण कुनै न कुनै रूपमा जाति र भाषाकै आधारमा भएको देखिन्छ । नर्वेमा आफ्नो कुनै निश्चित भूमी र राज्य नभएका भूमिहीन र राज्यविहीन सामीहरूको पहिचानलाई सम्मान गर्दै नर्वेली सरकारले सामीहरूका परम्परागत कानुनमा आधारित संसदलाई मान्यता प्रदान गरेको छ । त्यसैगरी अष्ट्रेलियाको सरकारले त्यहाँका आदिवासी जनजातिहरूप्रति विगतमा भए/गरेका विभेद, उत्पीडन र दुर्वव्यवहारप्रति क्षमा माग्दै अष्ट्रेलियाका आदिवासी जनजातिहरूको सम्मानमा सन् १९९८ देखि वर्षको एक दिन मे २६ लाई क्षमा दिवस (Sorry Day) मनाउने गर्दछन । त्यसैगरी केही वर्षयता अमेरिकाका मिनेसोटा, अलास्का, ओरिगन, साउथ दकोटा आदि राज्य र क्यालिफोर्निया, सिन्सिनाइटी र भर्मन्ट सहरहरूमा 'अमेरिका पत्ता लगाउने' भनी प्रचारित इटालीका नाबिक क्रिस्टोफर कोलम्बसको स्मृतिमा मनाइने कोलम्बस दिवस मनाउन छाडेर प्रत्येक वर्ष अक्टोबरको दोसो सोमबार आदिवासी दिवस मनाउन थालेका छन् । यी उदाहरणहरूबाट नेपालले पनि केही सिक्ने कि ?

माथि उल्लेख गरिएका विभिन्न देशका उदाहरणहरूबाट के स्पष्ट हुन्छ भने जहाँ जुन समुदायको बाहुल्यता छ, जुन जातिको थातथलो स्थापित छ, जुन माटोबाट जसको इतिहास र संस्कृतिको सुगन्ध आउँछ, त्यसलाई सम्मान गर्न सकियो र त्यसको नाम स्थापित भयो भने सबैको पहिचान स्थापित हुन्छ र सबैको सम्मान पनि हुन्छ । प्रदेश नं. १, २, ३, ४ जस्ता नामै नभएका, पहिचानै नभएका, कसैको पनि सम्मान र संस्कृति नजोडिएका वा कर्णाली गण्डकीजस्ता अमूर्त र अमूक भूगोलको नाम राख्नुको अब कुनै अर्थ छैन । अतः राज्यका सबै अंग र तहमा सबैको पहिचान, सबैको अनुहार, सबैको अस्तित्व, सबैको आत्मसम्मान प्रकट हुने संरचना र संस्कृतिको विकासमा बल पुर्‍याउनु आवश्यक छ । यसबाट एकातिर नेपालका उत्पीडित आदिवासी जनजातिहरूको भावना र चाहनाको कदर हुन्छ, उनीहरूको आत्मसम्मान र स्वाभिमान बढ्छ, प्रदेशप्रति उनीहरूको मोह बढ्छ, प्रदेशप्रति उनीहरूको अपनत्व बोध हुन्छ र संघीयता तथा गणतन्त्र मजबुत हुन्छ भने अर्कोतिर नेपालका विभिन्न समुदायहरूबीच साम्प्रदायिक सद्भावको विकास हुन्छ, नेपालको राष्ट्रियता र सार्वभौमिकता पनि बलियो हुन्छ । जसले मुलुकमा द्वन्द्व न्यूनीकरण गर्न र सुख, शान्ति तथा समृद्धि ल्याउन मद्दत पुर्‍याउँछ ।

**गुरुङहरूको विशिष्ट पहिचान**

गुरूङहरु नेपालको सूचीकृत आदिवासी जनजातिमध्ये एक प्रमुख आदिवासी जनजाति हुन् । नेपाली समाजमा उनीहरूको विशिष्ट पहिचान छ. । बुढीगण्डकीदेखि पश्चिम र काली गण्डकीदेखि पूर्वको समग्र भुभागलाई तमुवान भनिन्छ र यही भुभागमा गुरूङहरूको सघन बसोबास रही आएको छ.। सोह्रौं शताब्दीसम्म यस क्षेत्रमा गुरूङहरूको स्वतन्त्र र स्वायत्त राज्य थियो । सोह्रौं शताब्दीपछि शाह राजाहरूले विभिन्न जालझेल गरी गुरूङ राज्य हरण गरेपछि गुरूङहरूको स्वतन्त्र र स्वायत्त राज्य मात्र हरण भएन, उनीहरूको इतिहास, धर्म, संस्कृति र भाषा पनि अपहरण भयो । तत्पश्चात उनीहरूको मौलिक पहिचानसमेत धरापमा पर्दै जान थालेको हो । अहिलेको आधुनिकीकरण, सहरीकरण र बसाइँ-सराइले गुरूङहरूको धर्म, भाषा, संस्कृति र समग्र जीवन पद्दतिमाथि नै तीब्र आक्रमण गरेकाले गुरूङहरूको पहिचान झनै संकटमा पर्न गएको छ.। त्यसैले गुरूङहरु अहिले आफ्नो इतिहास आफैँ लेख्ने, भाषा, धर्म र संस्कृतिको विकास, संरक्षण र संवर्द्धन गर्ने र आफ्नो मौलिक पहिचान पुनर्स्थापित गर्ने अभियानमा जुटेका छन् । उनीहरु संघीय राज्य व्यवस्थाअन्तर्गत पहिचानको आधारमा वुढीगण्डकीदेखि पश्चिम र काली गण्डकीदेखि पूर्वको समग्र भुभागमा तमुवान प्रदेश स्थापित गर्न चाहन्छन । यसका लागि गुरूङहरूका अग्रज बुद्धिजीवीहरूमध्ये डा. हर्क गुरूङ, प्रा. सन्तबहादुर गुरूङ, डा. ओम गुरूङ र राजनीतिकर्मीहरूमध्ये खगेन्द्रजङ गुरूङ, इन्द्रबहादुर गुरूङ, पृथ्वीसुब्बा गुरूङ, केबी गुरूङ, देव गुरूङलगायत थुप्रै गुरूङ, सामाजिक अभियन्ताहरूको योगदान उल्लेखनीय छ । यी गुरूङ अग्रजहरूले गुरूङहरूका लागि मात्र नभएर नेपालका समस्त आदिवासी जनजातिहरूकै पहिचान स्थापित गर्न र पहिचानका आधारमा संघीय प्रदेशहरु स्थापित गर्नका लागि भएका जनजाति आन्दोलनहरूको नेतृत्वसमेत गरेका छन् । यसैगरी गुरूङहरूका सामाजिक संघ-संस्था, विशेष गरेर तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषद, तमू धीं नेपाल र तमू प्ये ल्हु संघ उत्तिकै क्रियाशील रहेका छन् । तर यति हुँदाहुँदै पनि तमुवान प्राप्त हुन सकेन । वर्तमान नेकपाको सरकारले तमुवानका बासिन्दाहरूका जनचाहना, जनभावना र जनमतलाई किल्चेर तमुवानको नाम गण्डकी प्रदेश राखेको छ.। सरकारले यसरी बल मिच्याइँ गरेर तमुवानको नाम गण्डकी प्रदेश राख्नुमा अहिलेको सरकार जनजातिप्रतिको उदाशिनता र वितृष्णा पहिलो कारण हो भने पछिल्लो समयमा विभिन्न कारणले जनजाति आन्दोलन कमजोर हुनु, तमुवानका तमूहरूको विरोध संगठित र सशक्त हुन नसक्नु र जनजाति आन्दोलनमा पहिला पहिचानका लागि लडेका केही तमू राजनीतिक नेताहरु र तमू बुद्धिजीवीहरूले अहिले तमुवानको सान्दर्भिकता नदेख्नु दोस्रो कारण हो । यसबाट अहिलेलाई तमुवान गुमेको छ । तर यसबाट तमुवानका तमूहरु र तमुवानका पहिचानवादी जनताहरूले कदापि हार मानेका छैनन् र उनीहरु निराश भएका पनि छैनन् ।

### तमुवानको सन्दर्भ र तमुवानप्रति विगतमा भएका प्रतिबद्धता

पहिचानको आधारमा प्रदेशहरूको नामकरण गर्ने प्रचलन नेपालमा पनि नयाँ नौलो र अनौठो होइन । परापूर्वकालदेखि पूर्वी नेपालको पहाडी भागलाई लिम्बुवान, खम्बुवान वा समग्रमा किरात प्रदेश, पूर्वी र पश्चिमी हिमाली भागलाई जडान, सुदूरपश्चिमका तल्लो पहाडी भागलाई खसान, गण्डकी प्रदेशलाई तमुवान, गण्डकी भन्दा पश्चिम भागलाई मगरात र पूर्वी तराइलाई मैथिल तथा पश्चिम तराईलाई थारूवान भन्ने प्रचलन पहिलेदेखि नै थियो । अहिलेको सरकारले यसैलाई निरन्तरता दिंदा पनि जनजातिका केही माग सम्बोधन हुन सक्छन ।

यस सन्दर्भमा तमू बुद्धिजीवी, राजनीतिकर्मी, संघ-संस्थाहरूको पहल र आयोजनामा पहिचानको आधारमा तमुवान र तमुवानअन्तर्गत स्वशासित तथा स्वायत्त क्षेत्रहरूको निर्माण र अभ्यास विषयमा आजभन्दा नौ वर्ष अगाडि २०६९ साल बैशाख १७-१९ (April 29-May 1, 2012) सम्म पोखरामा सम्पन्न बृहत तमू सम्मेलनको तमुवान घोषणा पत्र, २०७३ साल कात्तिक ६-७ गते (2016 October) सुनसरी जिल्लाको धरानमा सम्पन्न प्रथम तमू सार्क सम्मेलनको घोषणा पत्र, तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषदको २०७३ साल माघ २२ देखि २४ (2016 February) सम्म नवलपरासी जिल्लाको कावासोतीमा सम्पन्न ऐतिहासिक तेस्रो राष्ट्रिय महाधिवेशनको घोषणापत्रलगायत लामो समयदेखि निरन्तर चलिरहेको तमुवान आन्दोलनका बेला नेपालका तमूहरूले पहिचानसहितको तमुवान सम्बन्धि जाहेर गरेका साझा प्रतिबद्धताहरु यो तमू अन्तर्राष्ट्रिय सम्मेलनमा पुनः उधृत गर्न चाहन्छु । उक्त घोषणा पत्रमार्फत गुरूङहरूले आफ्नो धर्म, भाषा, संस्कृतिलगायत पहिचान र सामर्थ्यको आधारमा तमुवान स्वायत्त प्रदेश र तमुवानअन्तर्गत ऐतिहासिक रूपमै आफ्नो जातीय थातथलो खुलेका थकाली, दुरा, चेपाङ, बराम, कुमाल, बाह्रगाउँले, ल्होवा, ल्होमी, सिसार, मनाङगे आदि जस्ता अल्पसंख्यक र अति सीमान्तकृत आदिवासी जनजातिका लागि स्वशासित क्षेत्र, विश्व क्षेत्र र संरक्षित क्षेत्रको स्थापनाको मुद्दालाई पुनः जोडदार रूपमा उठाएका छन् । घोषणा पत्रमा तमुवान प्राप्तिका लागि सबै तमू संघ-संस्था र विभिन्न राजनीतिक दलसँग आबद्ध तमू मोर्चाहरूलाई गोलबन्द गरी तमुवान प्रदेशबाटै सशक्त आन्दोलन गर्ने र तमुवान स्थापना नभएसम्म तमुवान आन्दोलनलाई निरन्तर रूपमा जारी राख्ने प्रतिबद्धता जाहेर गरिएको छ ।



**प्रा.डा. कृष्ण हाछेथु**
राजनीतिक विश्लेषक

# नेपालमा पहिचानको आन्दोलन र तमुवानको सवाल विषयक कार्यपत्रमाथि टिप्पणी

म फर्मालिटीतिर जान चाहन्न । समग्रमा सबैलाई नमस्कार । प्रा.डा. ओम गुरूङलाई तपाईहरूले एकपटक पढ्नुभयो भने नेपालमा जनजाति आन्दोलन, त्यसको सैद्धान्तिक पक्ष त्यसको इतिहास र वर्तमान, सिंगो जनजाति आन्दोलन र त्यसमा थप तमू आन्दोलनको झलक यो कार्यपत्रमा तपाईंहरूले पाउनुहुनेछ । तसर्थ यो पेपरमा के कमजोरी छ भनेर खोतल्ने मैले आवश्यकता नै ठानिन । किनभने ओम गुरूङ आफैं जनजाति आन्दोलनको 'मेन स्ट्रिम' हुन् । तर यति हुँदाहुँदै पनि टिप्पणीकार भनेर आइसकेपछि टिप्पणीकारको धर्म पनि त निर्वाह गर्नुपर्‍यो । र, यो धर्म निर्वाह गर्ने क्रममा के त भन्दाखेरी यो पेपरले जुन पक्षलाई अलि बढी उजागर गर्नुपर्ने हो, त्यसमा केही कमजोर छ । जुन कुरा म यहाँ उल्लेख गर्न जाँदैछु ।

दोस्रो कुरा के हो त भन्दाखेरी यो समाजशास्त्रीय हो । डा. ओम गुरूङ मानवशास्त्री हुनुहुन्छ । खगोलशास्त्री त होइन तर पनि भएका ट्रेन्ड, इभेन्ट हेरेर भविष्यको केही खाका चाहिँ कोर्न सकिन्छ । त्यो पाटो चाहिँ यो पेपरमा छैन । त्यसैले म दुइवटा पक्षमा मात्र आफ्नो कुरा राख्न चाहन्छु । जुन यो पेपरमा टिप्पणीकारलाई कम्प्लिमेन्ट्रीका रूपमा रहेको पाएको छु ।

पहिलो मत कसरी सुरू गर्छु त भन्दाखेरी आधुनिक राज्यमा हामी दुइटा विधिबाट शासित हुन्छौं । पहिलो विधिलाई हामी 'कस्टमरी ल' भन्छौं । जुन तपाईं हाम्रो पहिरनबाटै प्रस्तुत भइरहेको हुन्छ । सम्बन्धित जातिको घर, परिवार, समाज, रोटी कसरी चल्छ भन्दाखेरी कस्टमरी लबाट चल्छ । सँगसँगै अहिले हामीलाई अहिले कस्टमरी लमाथि बसेर चलाउने ल भनेको 'कानुन' हो । कानुनको पनि सर्वोच्च कानुनलाई संविधान भन्छौं । यो संविधानमा सबैभन्दा दुःखको कुरा के हो भने नेपाली राज्य एक बहुजातीय राज्य हो । यो यथार्थ हो तर दुर्भाग्य यो संविधानले त्यो शब्दलाई स्वीकार गरेको छैन । राष्ट्र चाहिँ बहुजातीय राष्ट्र रे तर राष्ट्र शब्दले त जनता, समाज र सामाजिक पक्षलाई मात्र समेट्छ । राज्य भनेको राज्यशक्तिसँग जोडिएका कुरा हुन् । त्यो व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, सेना आदिसँग जोडिन्छ । तर संविधान बनाउने क्रममा नेपालको इतिहासमा षडयन्त्र र जालसाजीमा अभ्यस्त भएकाहरूले कतिबेला कहाँ के गरे

भनेर बुझ्नै नसकिने गरी षडयन्त्र गरे । पहिलो ड्राफ्टमा बहुजातीय राज्य समावेश थियो । दोस्रो ड्राफ्टमा पनि हटाइएको थिएन । तर अन्तिम ड्राफ्टमा बहुजातीय राज्य हटाइएको छ । बहुजातीय राज्य शब्द झिक्दा के भयो त भन्दाखेरी नेपाली समाजको बहुजातीय बनोटलाई राज्यले अंगीकार गरेन । त्यसैले सबैले आफ्नो पहिचानको स्पेस खोजेका हुन् ।

अब कुरा गरौँ, मौलिक हकको खण्ड । मौलिक हक खण्डको कुरा गर्दाखेरी यो राज्यले खाली दलित र महिलालाई मात्र बहिष्कृत समुदायको पहिचान दिएको छ । महिला अधिकार, दलित अधिकार सुरक्षित गरिएको छ । तर आदिवासी जनजाति शब्द कहीँकतै पनि उल्लेख गरिएको छैन । त्यो पहिचानलाई स्वीकार गऱ्यो कि गरेन एउटा मापदण्ड भनेको के हो त भन्दाखेरी भूगोलसहितको समावेशिता हो । हामीले भूगोलसहित समावेशिता खोजीका निमित्त जनजातीय संघीयता खोजेका हौँ । होइन भने हिजो पनि केन्द्र सरकार थियो । स्थानीय सरकार थियो । केन्द्र र स्थानीय सरकारका बीचमा एउटा राज्यशक्ति निर्माण गर्नुपऱ्यो । संघीयतासहितको संरचना भनेर प्रदेश खोजी गरिएको हो । प्रदेश खोजीको एउटै मात्र मूल लक्ष्य के हो त भन्दाखेरी इतिहासको कालखण्डमा एउटै जाति, एउटै भाषा, एउटै संस्कृतिको मात्र हालीमुहाली भयो । अरू सबै त्यसबाट पाखा लगाइए । त्यसरी पाखामा पारिएका हामी जनजातिहरूले लोकतन्त्रमा त्यो भन्दा सुध्रेको अवस्थाको खोजी गरेका हौँ । हामीले खोज्यौँ सामाजिक पहिचानलाई राजनीतिक संरचनामा ढाल्ने । तर सामाजिक पहिचानलाई राजनीतिक संरचनामा ढाल्दाखेरी अहिलेको ७७ जिल्लाको बनोटले तपाईंलाई पहिचानसहितको स्पष्ट चित्र त दिंदैन । ७७ जिल्ला यसरी बनाइएको छ कि गुरूङको क्लष्टरलाई विभिन्न ठाउँमा छरिएको छ । मगर क्लष्टर छरिदिएको छ । यही संरचनामा जाँदाखेरी त्यो हिजोका बहिष्कृत समुदायमा परेका आदिवासी जनजातिहरूले पनि राजनीतिक स्पेस खोजेका हुन् । उनीहरूको भौगोलिक बसोबासको निरन्तरतालाई आधार मानेर प्रदेशको नक्सा बनाउने माग गरेका हुन् । लगभग प्रदेशको नक्सा पनि त्यसरी नै बनेको छ । तपाईं अन्दाज गर्न सक्नु हुन्छ, हिजो राज्य पुनर्संरचना समिति र आयोगले जुन प्रदेशको नाम तमुवान भनेको थियो, त्यहाँ तमूको उपस्थिति करिब ३२ प्रतिशत र बाहुन क्षेत्रीको ३४ पतिशत थियो । दुई प्रतिशतको मात्र ग्याप थियो । एउटा राजनीतिक समाजशास्त्रको कोणबाट हेर्दा प्रतिस्पर्धा गर्ने ठाउँ थियो । तर आज प्रदेश नम्बर ४ भनेको ठाउँमा ४७ प्रतिशतभन्दा बढी बाहुन-क्षेत्री छ भने गुरूङहरू ११ प्रतिशत मात्र छन । यस्तोमा कसरी राजनीतिक समाजशास्त्र तथा जनसांख्यिक राजनीतिमा चिरकालसम्म प्रतिस्पर्धा गर्न सकिन्छ । मेरो भनाइको आशय के हो त भन्दाखेरी यो अहिले प्रदेश संरचना जसरी गरिएको छ, भूमीसहितको समावेशितालाई बेवास्ता गरेर गरिएको छ ।

प्रदेश ६ कर्णाली र प्रदेश ७ सुदूरपश्चिमको डेमोग्राफीलाई हेर्ने हो भने त्यहाँ ८० प्रतिशतभन्दा बढी पहाडी हिन्दू जाति छन् । सम्भवतः मधेसको सवालमा पनि प्रदेश २ भूगोलसहितको समावेशिता छ । तर जनजातिको कुरा आउँदा, त्यो राईको होस् या लिम्बूको अथवा तामाङको । नेवार होस् या मगर, गुरूङ, कहीँ पनि भूमीसहितको समावेशिता छैन । भनेपछि यो ठाडो रूपमा नै ओम जीले भनेजस्तो भएको छ । पहिचानको कुरा आएको छैन ।

अब मेरो भन्नु के हो त भन्दाखेरी अब हामीले के गर्न सक्छौँ । सिधा भाषामा के हो त भन्दाखेरी अहिले जनजाति आन्दोलन म्याक्रो लेभलमा छ । नेसनल लेभलमा छ । काठमाडौं केन्द्रीत छ । त्यसलाई म एथ्निक मुभमेन्ट भन्छु । अब आउने पुस्ता अर्थात् भोलिको पुस्तालाई हेर्ने हो भने जनजातिको एथ्निक मुभमेन्टलाई नेसनालिष्ट मुभमेन्ट बनाउने तहमा जानुपर्छ । त्यो भनेको के हो त भन्दाखेरी जहाँ-जहाँ गुरूङहरूको क्लष्टर छ, ती गुरूङहरूको क्लष्टर भएकै ठाउँबाट यो राज्य होइन कि ननस्टेट न्यारेटिभका स्थानहरू बनाउने । त्यो बनाउने पहिलो सर्त हो, हाम्रो नानीले पहिले घरबाट निस्कनासाथ उसले बोल्ने भाषाको स्कुल । अहिले हामीलाई धोका दिइएको छ । मातृभाषालाई ऐच्छिक बनाइएको छ । त्यो गुरूङ क्लष्टरमा भएको कुनै पनि स्कुलमा त्यो भाषालाई अनिवार्य विषयका रूपमा समावेश गराइनु पर्छ । म अन्य भाषाको कुरा पनि गरिरहेको छु र यसमा खासगरी क्लष्टरको कुरा आउँछ । अहिलेको प्रतिकूल अवस्थामा हामीले के गर्न सक्छौँ त भन्दाखेरी त्यो सिम्बोलिक रूपमा हुन सक्छ । हरेक स्कुलमा हप्तामा दुई/तीन प्रकारको ड्रेस फेरिन्छ । त्यसमध्ये गुरूङ क्लष्टर भएको स्कुलहरूमा एउटा गुरूङ पहिरनलाई समावेश गर्दा के हुन्छ । म सिलिगुडी जाँदा देख्छु, वास्तवमा पहिचान कहाँ हुन्छ । म त्यहाँ हिन्दीको साइनबोर्ड पनि देख्दिन । कमसेकम गुरूङ क्लष्टर भएको स्थानमा सार्वजनिक स्थलमा, पसलमा अंगेजी र नेपालीमा मात्र होइन गुरूङ भाषामा पनि साइनबोर्ड रहोस् । कि मान्छेले सहजै पहिचान गरोस् । प्रतिकूल स्थितिमा पनि हामी तलैबाट जाग्न सक्यौँ भने आजको जस्तो प्रतिकूल अवस्था सधैँ रहँदैन । कालान्तरमा जब अनुकूल अवस्था आउँछ तब तलैबाट जागरण आउँछ । जाग्छ ।



**गर्जमान गुरुङ**
**सभाध्यक्ष**

नमस्कार छ्याजालो ।

सर्वप्रथम धेरै आभारी छु ।

पहिचानका लागि देश-विदेशमा भएका सबै तमू जुटिरहेका छौँ । यसै सन्दर्भमा तपाईंहरूमाझ दुई शब्द राख्न चाहन्छु । हाम्रो पहिचान, हाम्रो अस्तित्व, हाम्रो अस्मिता, हाम्रो अधिकार, हाम्रो सुरक्षा हामीले नै गर्नुपर्दछ । अरू कसैले गरिदेला भनेर मुख ताक्ने र भर पर्ने गर्नु हुँदैन । तपाईं-हामी आफैँ मिलेर यात्रा सुरू नगरेसम्म हाम्रो अस्तित्व, अस्मिता, पहिचान कायम हुने छैन । बाँच्ने छैन । यही कुराको चर्चा, परिचर्चा गर्नका लागि हामी यहाँ छौँ । हामी गुरूङ घोडा चढे पनि, गधा चढे पनि, हवाइजहाज चढे पनि, गाडी चढे पनि सँगै मिलेर बस्ने मिलनसार जाति हौँ । हामीमाथि अन्य जातिको भाषा, साहित्य, संस्कार, संस्कृतिको प्रभाव परे पनि वा थोपरिएको भए पनि हामीले हामी गुरूङ हौँ भन्ने कुरा भुल्नु हुँदैन । हामीले हाम्रा ती पूर्वजहरूलाई भुल्नु हुँदैन । छातीमा हात राखेर हामी भन्न सक्छौँ कमसेकम हाम्रा पूर्वजहरूले हामीलाई इमान्दार जाति भनेर त चिनाएको छ ।

प्रा.डा. ओम गुरूङको प्रश्न थियो, 'के आदिवासी जनजातिहरु भनेको बगैँचाका फूल हुन् ? 'एउटा बगैँचामा अनेक प्रजातिका फूलहरु फुलेका हुन्छन् । चम्पा, चमेली, गुराँस, गोदावरी, सयपत्री आदि । सबै फूललाई एउटा मालामा उन्यौँ भने त्यो माला सुन्दर देखिन्छ । नेपालमा विभिन्न जातजातिको छुट्टै अस्तित्व र पहिचान त छ तर मात्र देखाउन वा सजाउन । युगौँयुगदेखि हामीलाई सोझो र इमान्दार जातिको पगरी गुथाएर कहीँ न कहीँ शोषण गरिएको छ । हामीलाई वीर, बहादुर जाति भनेर 'लाहुरे' बनाइयो । हामीलाई शिक्षाबाट वञ्चित गरियो । त्यसैले यहाँ एउटा मात्र फूलले फक्रने अवसर पायो । दबाबले, थिचोमिचोले अरू फूलले फुल्ने, फक्रने अवसर पाएन । सामाजिक स्वतन्त्रता दिइएन । त्यसैले सन १९९३ मा आदिवासी जनजाति महासंघ गठन भएर यहाँसम्म आइपुगेको छ ।

आज नेपालको राजधानी काठमाडौंमा तमूहरूको ऐतिहासिक विश्वस्तरीय भेला हुनु आफैँमा ऐतिहासिक महत्वको छ । हामीले ती महानुभावहरूलाई धन्यवाद दिनैपर्छ, कृतज्ञता व्यक्त गर्नुपर्छ, जसले आदिवासी पहिचानको आन्दोलन सुरू गर्नुभयो र आज हामी यहाँ छौँ । पहिचानको कुरा गर्दा म युवा साथीहरूलाई भन्न चाहन्छु, अब माता-पिताको समय गयो । पचास/साठी वर्ष पुगेका माता-पिता किनारा भइसके । त्यसैले विश्वस्तरमा हाम्रो पहिचान कायम गर्नका लागि जागरूक युवाहरु हुनुपर्छ । भोलिका राजनीतिज्ञ, सैनिक डाक्टरहरु हाम्रा युवाहरु हुनुपर्छ । अनि भोलिको व्यवस्थापिकामा हाम्रा युवायुवतीको प्रभुत्व हुनुपर्छ । त्यसकारण यसका लाथि थालनी आजैबाट गर्नुपर्छ ।

देश-विदेशमा भएका हामी जति पनि तमूहरु वा जनजातिहरु छौँ । हामी सबै एकजुट हुनुपर्छ । हाम्रो हक, हित र अधिकारका लागि लड्नु पर्छ । हामीले केन्द्रीय सरकारमा विशेष सुविधाका लागि सूचीकृत गराउन पहल गर्नुपर्छ । तामाङ, राई, लिम्बू अन्य जातिले पनि यस्तो पहल गर्नुपर्छ । हामी त त्यो वर्गमा पर्‍यौँ, मतवाली, गोठाला उता विदेशमा दरबान । हाम्रा पितापुर्खाहरु प्रायः दूरदराजमा बसेका कारणले हामीले शिक्षामा प्रगति गर्न सकेनौँ । तर अब हामीले शैक्षिक क्षेत्रमा प्रगति गर्नुपर्छ । हामी देश, विदेशका जुनसुकै ठाउँमा बसेको भए पनि आफ्नो जरा, आफ्नो संस्कृति भने भुल्नु हुँदैन । आफ्नो संस्कृति संरक्षण र संवर्द्धनमा सचेत हुनुभएकै कारण यस सम्मेलनमा करिब तीन दर्जन देशबाट सहभागिता जनाउन आउनुभएको छ । हामी खोला बगेजस्तै बगिरहनु पर्छ । हाम्रो यो बगाई तबसम्म कायम हुनुपर्छ, जबसम्म हामीले समुद्रको गहिराईमा पुगेर मोतीको दाना टिपेर ल्याउन सक्दैनौँ । त्यसका लागि सबैभन्दा पहिले हामी सबै जागरूक हुनुपर्छ ।

नेपालका सम्पूर्ण आमा, बाबा, दिदी, बहिनी, दाजु, भाइ सबैलाई भेट्न पाउँदा धेरै खुशी भएको छु । यसप्रकारको कार्यक्रम आयोजना भइरहनुपर्छ । हामीबीच एकता भइरहनुपर्छ । हाम्रो भेटघाटले सम्बन्धहरु प्रगाढ बन्दै जान्छ । समय र अवसरका लागि विशेष धन्यवाद दिंदै आजको यस सेसन यहीँ समापन भएको घोषणा गर्दछु ।




नेपालमा सहकारीको अवधारणा ल्याउनुभएका पूर्वमन्त्री बखानसिंह गुरूङमा समर्पित समृद्धि सेसनको अध्यक्षता गैरआवासीय नेपाली संघ 'एनआरएनए'का पूर्वअध्यक्ष एवं अष्ट्रेलियाको धनी व्यक्तिको सूचीमा पर्न सफल शेष घलेले गर्नुभएको थियो ।

कुशल गुरूङले सहजीकरण गर्नुभएको समृद्धि सेसनमा डा. गणेश गुरूङ, सगरमाथा टेलिभिजनका प्रेसिडेन्ट निर्मल गुरूङ, पर्यटन व्यवसायी रामकाजी कोने, व्यवसायी लालकाजी गुरूङ, डा. सुमित्रा मानन्धर गुरूङ, युवा व्यवसायीद्वय विमल गुरूङ र दिग्विजय कोनेको प्रस्तुति रहेको थियो ।



## बखानसिंह गुरूङ

नेपालको प्रजातान्त्रिक आन्दोलनका एक निष्ठावान् योद्धा र सहकारी अभियानका युगनायक बखानसिंह गुरूङ आफैँमा एक ऐतिहासिक पुरूष र आदर्श व्यक्तित्व हुन् । उनको जन्म १९५६ बैशाख ५ गते तनहुँ जिल्लाको पुलिमराङमा भएको थियो । बुबा कालु गुरूङ र आमा बाटुलीमाया गुरूङको कान्छो सन्तान गाउँको परिवेशमा हुर्कियो । औपचारिक शिक्षाको वातावरण नभए पनि उनी परिश्रमी भएकाले स्वअध्ययनमा लागेर किशोर अवस्था पार गरेलगत्तै नेपाली सेनामा भर्ती भए । पल्टनको काम, कर्तव्य र अध्ययन सँगसँगै उनले कप्तान दर्जाको मान पाएका थिए ।

मृदुभाषी र सरल प्रकृतिका बखानसिंह गुरूङको कान्छो छोरा धर्मध्वज गुरूङ २००७ सालको जनक्रान्तिमा सहिद भएपछि उनको जागिरे जीवनमा गहिरो असर पऱ्यो । उनी २००८ सालमा नोकरीबाट राजीनामा गरेर

तत्कालै नेपाली कांग्रेसको राजनीतिमा प्रवेश गरे । राजा त्रिभुवनसँगको भेट र विपीसँगको सल्लाहअनुसार सरकारको अनुमतिमा २००९ सालदेखि उनको कर्मथलो बन्यो, चितवन जिल्ला । त्यसबेला त्यहाँका आदिवासी थारु, माझी, चेपाङबाहेक अन्य जातिको बसोबास खासै थिएन । राजनीतिक परिवर्तन सँगसँगै गठन भएको महासभाको सदस्य बखानसिंह गुरूङलाई जनप्रतिनिधिको हैसियतमा गरिब, किसान तथा सुकुम्बासीहरूको व्यवस्थित बसोबास गराउने जिम्मेवारी सुम्पिएको थियो । राप्ती दून विकास परियोजना सञ्चालनमा थियो । व्यवस्थित जग्गा तथा बसोबासका लागि समन्वयको भूमिका र अगुवा सिफारिस गर्ने/गराउने अधिकार बखानसिंह गुरूङलाई थियो । इमान्दारीसाथ उनी जनताको सेवामा लागे ।

जनप्रेमी बनेपछि राजनीति र समाजसेवामा जानकारी र अनुभव हुँदै गयो । नौलो ठाउँ, नयाँ बस्ती थपिँदै गयो । शिक्षा, स्वास्थ्यको आवश्यकता महसुस भयो । २०१२ सालमा शारदा प्राथमिक विद्यालयको स्थापना गरे । एक परिवारको बलमा मात्र सबै समस्या हल हुन सक्दैन भनेर सहकारी अभियानमा लागे । २०१३ चैत २० गते बखान सहकारीको जन्म भयो, जुन नेपालको पहिलो सहकारी संस्था हो । आज शारदा उच्च माध्यमिक विद्यालय र बखान सहकारी संग्रहालय जुन अवस्थामा प्रगतिउन्मुख देखिएका छन् त्यो दूरदर्शी बखानसिंह गुरूङको देन हो ।

२०१५ सालको आम निर्वाचनपछि उनी माथिल्लो सदनको संसद बनेर पार्टी र देशको सेवामा अग्रसर रहे । राजा महेन्द्रको राजनीतिक दुष्चक्रका कारण उनी २०१७ सालमा निर्वासित भए । प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गरे । २०१८ सालको सशस्त्र विद्रोहमा चितवनको भरतपुर कब्जा गरे । तर अर्को दुःखद घटना घट्यो, उनको जेठा छोरा लालध्वज गुरूङ पनि सहिद भयो । आन्दोलनको क्रममा दुई छोरा गुमाए पनि उनले हरेश खाएनन् । पार्टीको संगठन नेतृत्वमा क्रियाशील रहेर २०३६-३७ को जनमत संग्रहमा बहुदलको प्रचारमा जुटे । बहुदलको हारपछि पार्टीमा आन्तरिक मतभेदका कारण २०३८ सालमा राष्ट्रिय पञ्चायतको चुनावमा भाग लिए । चितवनबाट पहिलो मतसहित उनी विजयी भए । तत्कालीन सरकारमा भूमी सुधार तथा न्याय, कानुनमन्त्री बने । बयोवृद्ध अवस्थासम्म उनी देश र जनताको सेवामा समर्पित रहे । नेपालको विकास परिदृश्यमा सहकारिताको प्रथम अभियन्ता र नायकका रूपमा सरकारले सम्मान गरेको छ । सहकारीको सिद्धान्त, उद्देश्य र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप आर्थिक समृद्धिका लागि बखानसिंह गुरूङ सदासर्वदा अमर रहिरहने छन् ।

## शेष घले

**सभाध्यक्ष**



यो सेसन केही उद्यमी तथा दुईजना युवाको प्रस्तुतिबाट सुरू भयो । सिंगापुर, युकेबाट मास्टर्स डिग्री गरेपछि पनि पुनः नेपालमा आएर उद्यमशील भएर आफ्नो व्यवसाय चलाएको देख्दा खुशी लाग्यो । हुनुपर्ने त्यो हो र त्यो दर वृद्धि हुनुपर्छ भन्ने लाग्छ । उहाँहरूको त्यो व्यक्तिगत परिघटना पनि हुन सक्छ । जस्तो निर्मल जीले आफ्नो छोराका लागि व्यवसाय सुरू गरिदिएको थियो । सबैको हकमा त्यो नहुन सक्छ । तर पनि मलाई आशा छ, हाम्रा युवाहरु विदेशमा गएर, सीप हासिल गरेर स्वदेश फर्कने र यहीँ व्यवसाय गर्ने, रोजगारी सिर्जना गर्ने तथा योगदान पुऱ्याउने क्रम बढ्छ होला । यद्यपि आज भने यहाँ दुई जनाको मात्रै प्रस्तुति रह्यो ।

निर्मलजी यहाँबाट गइसक्नुभएको छ । तर मैले उहाँलाई सोध्न खोजेको थिएँ कि तपाईं सधैँ हाँसेर जोक गर्नुहुन्छ ? उहाँको जय होस् । बडो रमाइलो स्वभाव । मलाई त मन पऱ्यो । सायद तपाईंहरूलाई पनि मन पऱ्यो होला । रामकाजी कोनेजीको कुरा गर्दा उहाँले मुक्तकबाट सुरू गर्नुभयो र मुक्तकमै पुऱ्याएर टुंग्याउनुभयो । त्यो एक फरकपन र विशेषता हो । हामीमा चाहे व्यवसायमा होस् वा व्यक्तिगत आनीबानीमा त्यो फरकपन हुन्छ नै । डा. गणेश गुरूङलाई त हामीले एउटा सिरियल इन्टरप्रेनर भनेर नाम दिने गरेका छौँ । उहाँ एक सामाजिक उद्यमी हुनुहुन्छ । हुन त उहाँ अहिले सरकारको पोलिसी रिसर्च गर्ने 'बिग बडी'मा चेयरपर्सन हुनुभएको छ । यसका लागि उहाँ लायक हुनुहुन्छ र यो हाम्रो लागि गर्वको कुरा पनि हो ।

हामी संख्यामा सानो भए पनि देखिने गरी छौँ । यसमा महिलाहरूको पनि ठूलो भूमिका छ । भर्खरै एक महिलाले मलाई तपाईंको जीवन भोगाई सुन्न मन लागेको छ भनेर भन्नुभयो । उचित समयमा उचित प्रश्न सोध्नुभयो । यो नै हाम्रो असली कल्चर हो । हामो विशेषता हो । र, हाम्रो कल्चर प्रिजर्भ गर्नुपर्छ भनेको पनि यही हो । म यहाँनेर यहाँहरूलाई उदाहरण दिन चाहन्छु, दोस्रो विश्वयुद्धपछि यहुदीहरु पूर्वी युरोपबाट अमेरिका गए । क्यानडा गए । अष्ट्रेलिया गए । धेरै देश गए । उता मेरा छिमेकमा पनि यहुदीहरु छन् । उनीहरूबाट हामीले केही कुरा सिक्नुपर्छ भन्ने मलाई लागेको छ । उनीहरूमा शिक्षा, हार्डवर्किङ र सरसफाइमा ध्यान दिने खालका छन् । अहिले हामी विभिन्न देश र स्थानमा बसोबासका लागि पहल गरिरहेका छौँ । यहुदीहरु पनि आजभन्दा करिब ५० वर्षअघि हामी जस्तै थिए । तर उनीहरूले छिट्टै नयाँ वातावरणमा घुलमिल हुन सिके । आजको अवस्थामा

आइपुग्दा संसारको जुनसुकै कुनामा पनि र हरेक क्षेत्रमा उनीहरु स्थापित भएर रहेका छन् । 'मेन अफ दि मेन स्ट्रिम' भएर बसेका छन् ।

यहुदीहरूको समुदायमा हेर्ने हो भने हरेक ठाउँमा उनीहरूले आफ्नै स्कुल स्थापना गरेका छन् । आज चार/पाँच पुस्तापछिसम्म पनि उनीहरूले आफ्नो भाषा अध्यापन हुने विद्यालयमै आफ्ना केटाकेटीलाई पढाइरहेका हुन्छन् । उनीहरूले आफ्नो भाषा, धर्म, संस्कृति नियमपूर्वक पालना गरेका हुन्छन् । आज यहाँ अस्तित्व र पहिचानको कुरा गरिरहँदा त्यो अति आवश्यक छ र हुनैपर्छ । त्यसलाई जसले बढी पालना गर्न सक्यो, त्यो कुनै पनि समाज वा समुदायमा सफल हुन सक्छ भन्ने कुरा ती यहुदीहरूले प्रमाणित गरेका छन् । त्यस्तै चाइनिजहरूले पनि संसारभर आफ्नो मौलिकता र पहिचानलाई जोगाएका छन् । त्यसैले हामी नेपालीले पनि र अहिले कुरा गरिरहँदा गुरूङ समुदायले पनि आफ्नो मौलिकतालाई छाड्नु हुँदैन ।

हाम्रो आफ्नोपन भनेको के हो त ? हामी मेहनती छौँ । इमान्दार छौँ । केही अगाडि 'गोर्खा'को कुरा उठ्यो । इमान्दार हुने हाम्रो पहिचान हो । यो हाम्रो पुर्खाको विरासत हो । तपाईं व्यवसाय गर्नुहोस् । नोकरी गर्नुहोस् । यी भनेका अति आवश्यक तत्व हुन् । इमान्दारी, मिहिनेती, पारदर्शी । हाम्रो देश, समाज र व्यक्ति कसरी समृद्ध हुन्छ, मैले हिजो केहीबेर गुगल गरेँ । यहाँहरूले पनि गर्न सक्नुहुन्छ । सानो नोट बनाएँ । के रहेछ त ? मलाई पनि त्यस्तै लाग्यो । यदि म गाउँमै बसिरहेको भए, यदि भर्ती गएको भए, मेरो लाइफ र मेरो क्रिएसन अर्कै हुन सक्थ्यो । म कुनै अर्को ग्रहबाट आएको वा मारवाडी परिवार अर्थात् व्यापारिक घरानाको परिवारबाट आएको होइन । यहाँ पूर्ववक्ताहरूले पनि 'सेल्फमेड' भनेर भन्नु भयो । म पनि त्यस्तै हुँ । हामीले गर्न सक्छौँ । तर त्यसका लागि महत्वपूर्ण पूर्वसर्त भनेको के हो भने सिस्टमले तपाईंलाई समान तथा स्वस्थ अवसर दिनुपर्छ ।

सिस्टम भनेको के हो त ? निश्चय पनि सिस्टम भनेको सरकार हो । व्यवस्था र व्यवस्थापनले नै सबैको विकासमा टेवा पुग्छ । एउटा फ्रेममा रहेर सरकारले योजना बनाउनुपर्छ । आर्थिक वृद्धिदर कति र कुन-कुन क्षेत्रमा पुर्‍याउने र कुन समाजलाई कसरी आर्थिक सहयोग गर्ने, स्वास्थ्य, शिक्षा, भौतिक पूर्वाधार जस्ता आधारभूत कुराहरु सरकारले सुनिश्चित गर्नुपर्छ । कति कर वृद्धि गर्ने ? कम पो गर्ने कि ? नयाँ उद्यमीहरूलाई कसरी प्रोत्साहन गर्ने ? यो सबै सरकारको नीति तथा कार्यक्रममा निर्भर हुन्छ । डा. सुमित्रा मानन्धर गुरूङले भन्नुभएको कुरा निकै गज्जबको थियो । सरकारको नीति तथा कार्यक्रमको नजर त्यतातिर नपरेको भए पनि जसरी एउटा ठूलो समूह र समुदायलाई समृद्ध तथा उद्यमी बनाउने काम भइरहेको छ, त्यो वास्तवमै सराहनीय छ ।

स्व. बखानसिंह गुरूङले सहकारीको अवधारणा ल्याउनुभयो । उहाँ उद्यमशील हुनुहुन्थ्यो भन्ने त्यो नै सबैभन्दा ठूलो प्रमाण हो । आज उहाँ बित्नुभएको कति वर्षपछि पनि हामी उहाँको कुरा गरिरहेका छौँ । एकजना व्यक्ति उद्यमशील हुँदा त्यसको विरासत अहिलेसम्म दिगो भयो । उहाँले सहकारी सुरू गर्नुभयो । उहाँ गाउँ छाडेर चितवन आउनुभयो हो त्यो नै उद्यमशिलता हो । त्यो समय तराईमा यति जोखिम थियो कि लामखुट्टे लाग्ने, ज्यादै गर्मी हुने भएकाले मलेरिया लाग्ने । सबै मान्छले त साहस गरेन नि । उहाँ त्यहाँ जानुभयो र त्यसरी सफल हुनुभयो । उहाँ मन्त्री पनि हुनुभयो । उहाँसँग पावर पनि भयो तर पनि सबैको भिजन उहाँको जस्तो हुँदैन । हामी त एकदिन यो संसार छाडेर जान्छौँ तर हामीले बनाएको सोच, योजना तथा काम दीर्घकालीन हुनुपर्छ, जस्तो बखानसिंह गुरूङले गरेर छाड्नुभयो, चाहे त्यो उद्यममा होस् वा सामाजिक क्षेत्रमा वा नीति नियममा ।

यहाँ हामीमाझ गण्डकी प्रदेशका मुख्यमन्त्री हुनुहुन्छ । उहाँको कार्यकालमा बनेका नीति, नियम तथा कार्यक्रम दूरदर्शी भएमा सधैँभर त्यो विरासत भएर बस्छ । त्यसैले हामीले सधैँ लामो अवधिमा भ्यालु क्रिएट गर्ने कुरा रोज्नुपर्छ । छोटो समयको आर्थिक लाभभन्दा दिगो सोचमा लाग्नुपर्छ । तर त्यसका लागि पारदर्शिता, इमान्दारिता र नैतिकता अनिवार्य सर्त हो । त्यो भएन भने हामीले मान सिर्जना गर्न सक्दैनौँ । जब भ्यालु क्रिएट हुन्छ अनि त्यो दिगो बन्छ । र, त्यसका लागि कानुनी राज चाहिन्छ । इकोनोमी सधैँ इनोभेटिभ हुनुपर्छ । चाहे त्यो राज्यको होस् या व्यक्तिको । कोरिया हेर्नुहोस्, सिंगापुर हेर्नुहोस् । त्यहाँको भ्रष्टाचारको अवस्था हेर्नुहोस् । किन र कसरी त्यसरी सफल राष्ट्र भए । पहिले त युरोप मात्र सफल, विकसित भन्थे । अहिले त केही एसियन राष्ट्र युरोपभन्दा अगाडि छन् । भोलि नेपाल किन त्यो स्थानमा पुग्न सक्दैन ? सरकारले अनुसन्धान र विकासमा लगानी बढाउनु पर्छ । हामा युवाहरूलाई देशमै अडिन प्रोत्साहन गर्नुपर्‍यो । स्वास्थ्य र शिक्षा आधारभूत कुरा हुन् । एउटा निश्चित तहमा पुगेपछि सम्पत्तिको पनि कुरा आउँछ । पारदर्शिताको कुरा आउँछ । अहिले वातावरणको कुरा आइरहेको छ । वातावरण कत्तिको राम्रो छ भन्ने कुरा आइरहेको छ । प्रत्येक व्यक्तिलाई बराबर अवसर हुनुपर्छ । अहिले हामीलाई धेरै हदसम्म बराबरको वातावरण छ । सरकारसँग मागेर मात्र भन्दा पनि तपाईंले त्यसलाई कत्तिको सदुपयोग गर्न सक्नुभयो वा गरिरहनुभएको छ, त्यो तपाईंमै भरपर्ने कुरा हो ।

गण्डकी प्रदेश हाम्रो पुर्खाको थलो हो । कुनै एक व्यक्ति समृद्ध हुनु भनेको परिवार राम्रो हुनु हो । परिवार-परिवार समृद्ध हुनु भनेको समाज समृद्ध बन्ने बाटो खुल्नु हो । म एनआरएनएको अध्यक्ष हुँदा विभिन्न देश पुगेको थिएँ । त्यस क्रममा केही जातीय कुरा पनि आउँथे । एकपटक युरोपमा पुग्दा मैले भनेको थिएँ, ' यो खदा किन्दा खर्च हुने बराबरको पैसा कहीँ राख्यौँ भने केही होला ?' त्यसको निकै विरोध पनि भयो । मैले मेरो गाउँघर, मेरो समाजलाई केही दिन नसकेको सत्य हो । मैले केही बढी समय लिएँ । त्यसका लागि माफ चाहन्छु । यहाँ आ-आफनो प्रस्तुति दिनुहुने व्यक्तिहरूको कुरा एकदमै स्पष्ट थियो । म त्यसमा थप जान चाहन्न । विश्वास छ, यो सेसन निकै नै फलदायी भयो ।



## डा. गणेश गुरुङ
**समाजशात्री**

यस कार्यक्रमका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, प्यानलिष्ट साथीहरु तथा अन्य सहभागी दाजु-भाइ एवं दिदी-बहिनीहरु । समृद्धिको कुरा गर्दा धेरैखाले समृद्धि हुन्छन् । आज आयोजक साथीहरुले उठाउनुभएको कुरा चाहिँ आर्थिक समृद्धिको होला जस्तो लागेको छ । म आर्थिक क्षेत्रमा सहभागी व्यवसायी त होइन तर म समृद्धिका लागि नीति बनाउने ठाउँमा भने पटक-पटक रहँदै आएको छु । तर विडम्बनाको कुरा नीति त बनाएँ, त्यसको कार्यान्वयन गर्ने बेलामा भने कहिले पनि भइन । त्यसैले मलाई नीति बनाउने र कार्यान्वयन गर्नेबीच तालमेल हुन नसक्दा अर्थात् 'कम्प्लिट डिभोर्स'को अवस्था रहँदा हाम्रो देशमा समृद्धि नआएको हो भन्ने लाग्छ । तर यति भन्दाभन्दै पनि हामीले के कुरा बुझ्नु आवश्यक छ भने नेपाललाई विश्वमा तीनवटा कुराले चिनाएको छ । पहिलो, सगरमाथाको देश, अर्को बुद्ध जन्मेको देश र तेस्रो वीर गोर्खालीको देश ।

सगरमाथा हामी कसैले बोकेर यहाँ ल्याएको होइन । त्यो नेपालमै थियो । बुद्धलाई लुम्बिनीमा जन्माइदेऊ भनेर मायादेवीलाई हामीले अनुनय विनय गरेको पनि होइन । तेस्रो रह्यो, वीर गोर्खालीको कुरा । यो पहिचान हामीले त्यति सहजै पाएका होइनौँ । धेरै दुःख, कष्ट, मृत्यु बेहोरेर यस्तो पहिचान पाएका हौँ । कयौँ नेपाली महिलाको सिन्दूर पुछिएको थियो । कति आमा-बुबाका काख रित्तो भएको थियो । र, गोर्खाली भनेर चिनाइनुमा चार जाति गुरुङ, मगर, राई र लिम्बूको मुख्य भूमिका छ । जसले नेपालीलाई 'गोर्खा' ब्राण्डका रुपमा चिनाएका छन् ।

'गोर्खा'को ब्राण्ड बनेको करिब दुई सय पाँच वर्ष भइसकेको छ । गोर्खालाई संसारभर ब्राण्ड र समृद्धिका रुपमा चिनिन्छ । तर के यसलाई हामीले सदुपयोग गर्न सक्यौँ । गोर्खा भनेको पुमा, एडिडास, नाइकको पनि बाजे ब्राण्ड हो । तर हामीले कहिल्यै पनि यसलाई ब्राण्डका रुपमा क्यापिटलाइज गर्नेबारे न सोच्यौँ, न गर्‍यौँ । सिधा अर्थमा भन्नुपर्दा जानेनौँ । व्यवसायीकरण नै गरेनौँ । एकाध जनाले यसलाई सदुपयोग गरे होलान् तर समग्रमा यसलाई सदुपयोग गर्न सकेका छैनौँ । 'गोर्खा'लाई बाण्डका रुपमा विकास गर्न सकिन्छ भन्ने कुरा गरिरहँदा सिंगापुरमा अमेरिका र उत्तर कोरियाका राष्ट्रपतिबीच भएको वार्तालाई लिन सकिन्छ । वार्तास्थलको सुरक्षा कसले गरे त ? गोर्खाले गरे नि हैन । त्यसैले समृद्धिको कुरा गरिरहँदा सबैभन्दा पहिले हामीसँग त्यस्तो के छ भन्ने पहिचान गर्न जरुरी छ ।

अर्को चाखलाग्दो पाटो के छ भने जमिनलाई वर्गीकरण गर्दा हामी उत्पादनसँग तुलना गरेर मूल्य तोक्छौँ । तर अब आएर जमिनमा कति उत्पादन हुन्छ भन्नेभन्दा पनि त्यो जमिनबाट के देखिन्छ भन्नेमा मूल्यांकन हुन्छ । अहिले अधिकांश गुरुङ गाउँ खाली छन् । गुरुङहरु सहरतिर झरेका छन् । तर एउटा सत्य के हो भने गुरुङ गाउँ बेंसीमा छैनन् । सबैजसो गुरुङ गाउँ पहाडको टुप्पो वा टुप्पो नजिक छन् । जहाँबाट हिमाली दृश्य देख्न सकिन्छ । मैले अघि पनि भनेको थिएँ कि अब जमिनको मूल्य त्यहाँ हुने उत्पादन होइन, त्यहाँबाट के देखिन्छ भन्नेसँग सरोकार रहन्छ । मेरो गाउँ आक्राङबाट के देखिन्छ भन्नेसँग मूल्यांकन हुन थाल्यो । त्यसलाई अब आर्थिक समृद्धिको बाटोसँग जोडेर हेर्न सकिन्छ । तत्कालै त्यो नहोला तर अबको एक दशकपछि के हुन्छ भनेर सोच्ने र सोहीअनुसार योजना बनाउने हो भने यो सम्भव छ ।

हामी भन्छौँ, गाउँमा समस्या नै समस्या छन् । तर अहिले परिस्थिति बदलिएको छ । डिजिटल युगको सुरुवात भइसकेको छ । हामी प्रविधिको बसमा छौँ । नेपाली समाज बदलिँदै गएको छ । नेपालमा अहिले चार सयभन्दा बढी रेडियो स्टेसन छन, जसले सूचनाको प्रवाह बढाएको छ । अहिले भैंसी हराएको सूचना पनि रेडियोमा

दिन सकिन्छ । दोस्रो, मोबाइलको प्रयोग अत्याधिक बढेको छ । अहिले नेपालको जनसंख्याको तुलनामा एक सय १० प्रतिशत बढी मोबाइल प्रयोगमा छन् । आज रोल्पाको रूखमा चढेर घाँस काट्दै गर्दा कुनै महिलाले साउदीमा रहेका आफना श्रीमान्सँग कुरा गर्न सक्छन् । दुबईको अग्लो घरको सूचना रोल्पाको घरमै र त्यो पनि तत्कालै पाउन सक्छन् । मोबाइलमा एउटा म्यासेज राख्दा त्यो सयौँ, हजारौँ मानिसकहाँ पुग्छ । अहिले ६२ प्रतिशत जनसंख्या इन्टरनेटको पहुँचमा छन । नेपाली समाजमा ठूलो परिवर्तन आइसकेको छ । त्यस्तै अहिले ३७ प्रकारका ३५ हजारभन्दा बढी सहकारी छन् । जसले लाखौँ नागरिकलाई एकीकृत गरेको छ ।

हवाईबाट पिएचडी गरेर आएका डा. सुत्रिमा मानन्धरले चित्लाङ बसेर महिलाहरूलाई एकीकृत गरेर समृद्ध बनाउने काम गरिरहेका छन । तिनीहरूको स्रोतलाई एकीकृत गरेर त्यहीँ ऋण प्रदान गरेर, उत्पादन गरेर, बजारमा पुऱ्याउने काम गरिरहेका छन् । त्यस्तै आज नेपालमा ६० प्रतिशत घरधुरीले रेमिट्यान्स प्राप्त गर्छ । अहिले दैनिक एक हजार मानिस वैदेशिक रोजगारीमा जान्छन् । त्यो नै हाम्रो देशको अर्थतन्त्रको 'ब्लड लाइन' हो । यस्तो अवस्थामा हामीले आर्थिक समृद्धिलाई पनि यही 'कन्टेक्स्ट'मा ढालेर हेर्न सक्नुपर्छ ।

हामी आर्थिक समृद्धिको कुरा गर्दा सधैँ तीनवटा समस्या अगाडि साछौँ । पहिलो यातायात छैन । दोस्रो कामदार पाइँदैन र अर्को बजार छैन । गुरूङको खाली गाउँ र यी तीनवटा समस्यालाई हामीले स्रोतका रूपमा हेर्न सक्यौँ भने पोजेटिभ मार्केट खोज्न सक्छौँ । यसलाई समस्याका रूपमा मात्र नहेरी यसलाई सोतका रूपमा हेरेर हामो आर्थिक समृद्धिमा यसलाई कसरी सहयोगी बनाउन सकिन्छ भन्ने सकारात्मक कोणबाट हेर्न सक्नुपऱ्यो । यसो गरिरहँदा खासगरी पोखरामा भएका केही प्रयासहरु विफल पनि भएका छन् । त्यसबाट पनि हामीले सिक्नुपऱ्यो ।

पहिलो भूतपूर्व ट्रान्सपोर्ट सेवा । कोअपरेटिभमा नगई भूतपूर्व लाहुरेहरूले आफ्नो स्रोतमा यस्तो सेवा सुरू गरे तर त्यो सफल हुन सकेन । त्यसैगरी भूतपूर्व पेट्रोल पम्प सञ्चालन गरे तर त्यो पनि विफल भयो । तेस्रो भूतपूर्व केवल उद्योग । त्यो पनि सफल भएन । त्यसैले इतिहासबाट पनि हामीले सिक्नुपर्छ । यसमा हेर्दा तीनवटा कारणले समूहगत लगानी फेल भएको देखिन्छ । नम्बर १ उनीहरूसँग म्याथम्याटिक्सको स्किल थिएन । नम्बर २ फिजिविलिटी गलत थियो । तेस्रो, आम्दानीभन्दा खर्च बढी थियो । यसलाई अहिलेको परिवेशमा ढालेर नयाँ समृद्धिको कामना गर्ने हो भने त्यो चाहिँ सम्भव छ ।

अहिले गुरूङ गाउँहरु खाली छन् । त्यसलाई स्रोतका रूपमा हेर्न सकिन्छ । कामदार छैन । बजार छैन । तर हाम्रा ती खाली गुरूङ गाउँहरूमा कामदारलाई न्यूनतम चाहिने कुरा के हुन सक्छ ? यातायात छैन । उत्पादन भएको लामो समयसम्म पनि नबिग्रिने कुरा के हुन सक्छ ? त्यसको खोजी गर्नु आवश्यक छ । त्यसले बजार पाउँछ र त्यसको बजार मूल्य पनि उच्च हुन सक्छ । अब यसका लागि म केही उदाहरण दिन चाहन्छु । त्यो भनेको के हो भने 'म्याकरडिएट नट' । यो ओखरको एक प्रजाति हो । यसले पाँच वर्षपछिबाट फल दिन थाल्छ र ६० वर्षसम्म फल दिन्छ । यसका लागि धेरै कामदार चाहिँदैन । तरकारी जस्तो सडेर पनि जाँदैन तर मूल्य उच्च छ । यस्तो नेट मार्केट भएको र अहिले हाम्रो भइरहेको समस्यालाई समाधान गर्ने प्रकारको व्यवसायिक सोच निकाल्न सक्यौँ भने हामी सफल हुन्छौँ र आज हामीले सिक्नुपर्ने कुरा के हो भने समस्यालाई समस्याका रूपमा होइन, अवसरका रूपमा हेर्न सक्नुपर्छ ।

रौतहटमा तराईकै कुनै एक व्यक्तिले थकाली भान्छाघर सञ्चालन गरेका होलान् । थकालीहरूले त्यो ब्राण्ड लिन नसक्दा त्यस्तो हुन सक्छ । आज घान्द्रुकका गुरूङ घरहरु खाली-खाली छन् । त्यहाँ राई, लिम्बू, तामाङले होटल सञ्चालन गर्न थालेको पाइन्छ । तर के अब त्यहाँ मीनबहादुर गुरूङले संरक्षण गरेको वन उनको भावनाअनुसार संरक्षित रहला ? अब यहाँनेर निकै महत्वपूर्ण कुरा उठ्छ । त्यो भनेको के हो भने तपाईंसँग के क्षमता छ । जस्तो मेरो विगत १५ वर्षलाई फर्केर हेर्ने हो भने मैले त पुरोहितको काम गरिरहेको रहेछु । विभिन्न गोष्ठी, भेला, सेमिनारमा गयो, प्रस्तुति दियो, खाम लियो, हिँड्यो । यो त पुरोहितको जस्तो काम भयो । यसैले मलाई समृद्धितिर धकेलेको रहेछ । यो नै मेरो क्षमता रहेछ ।

भर्खरै मलाई डा. सुमित्रा मानन्धरले भन्दै थिइन्, 'कसरी टोटल गाउँलाई सहकारितामा लान सकिन्छ । लिजमा लिन सकिन्छ । एग्रो टुरिजम कसरी गर्न सकिन्छ ।' महत्वपूर्ण कुराहरु यिनै हुन् । रामकाजी भाइले भनेजस्तो कुनै गुरूङ युवाले व्यवसाय सुरु गर्न चाहन्छ भने त्यसका लागि परामर्श दिने कुनै निकाय, संस्था खोल्ने कि नखोल्ने ? हामी पहिचानका लागि लडिरहेका छौँ । भाषाका लागि जुटिरहेका छौँ तर खाडीबाट फर्केका कुनै युवालाई नेपालमै उद्यमी बनाउन परामर्श दिने कुरामा हामी किन नजुट्ने । त्यसका लागि फण्ड किन स्थापना नगर्ने ? अन्त्यमा सफलताको शिखरमा पुगेका शेष घलेले भन्लान् 'सफलताको जादूको छडी केमा छ ।'



## निर्मल गुरूङ
**अध्यक्ष, सगरमाथा टेलिभिजन**

यस कार्यक्रमका प्रमुख अतिथिज्यू र यस सेसनका अध्यक्षज्यू, थिंक ट्यांकका कार्यकारी अध्यक्ष डा. गणेश गुरूङज्यू, तमू ह्युल छौंज धीं गुरूङ राष्ट्रिय परिषद्ले संसारभरबाट आउनुभएका गुरूङहरूलाई एउटै मञ्चमा राखेर गुरूङहरूको वास्तविक इतिहास के हो र अबको अगाडिको स्थिति के छ भन्ने विषयमा कुरा राख्ने फोरम निर्माण गरिरहँदा मलाई अत्यन्तै खुशी लागेको छ । मलाई यहाँ डा. सुमित्रा मानन्धर गुरूङजीले उठाउनु भएको सवालहरु एकदमै घत परेको छ । डा. गणेश गुरूङज्यूले राख्नुभएको कुराहरु पनि एकदमै मननीय छन् । त्यस्तै ट्राभल व्यवसायी रामकाजी कोनेजीले राख्नुभएको कुराहरु पनि आजको परिस्थितिमा अति नै सान्दर्भिक छन् ।

गण्डकी प्रदेशका मुख्यमन्त्रीज्यू आज तपाईं–हाम्रो माझमा हुनुहुन्छ । समृद्धिको कुरा गर्दै गर्दा मैले देखिरहेको छु, यस मञ्चमा भएका साथीहरु, इष्टमित्रहरु । मलाई कहाँबाट कुरा सुरू गरूँ भन्ने भइरहेको छ । मैले यहाँ आउँदा–आउँदै एउटा कुरा सोचेँ, हामीसँग समृद्धि त हामै ड्यासमा रहेछ । यसकारण मैले आज यहाँ उपस्थित हाम्रा गुरूङ दाजु–भाइ, दिदी–बहिनीहरु, छौंज धींका अध्यक्ष रेशमजी र महासचिवज्यूलाई आग्रह गर्न चाहन्छु, गुरूङ जातिमा समृद्धि उहाँहरूले नै सुरू गर्नुभएको हो । त्यसैले सबैभन्दा पहिले गुरूङ जातिबाट प्रदेश मुख्यमन्त्री बन्न सफल माननीय पृथ्वीसुब्बा गुरूङलाई सबैले उठेर ताली बजाएर स्वागत गरिदिन हार्दिक अनुरोध गर्दछु ।

आज गुरूङ जाति संसारको विभिन्न देशमा पुगेका छन् । अष्ट्रेलियामा त गुरूङको छोरा शेष घलेजी त अष्ट्रेलियाकै धनी व्यक्तिको सूचीमा पर्नुभएको छ । योभन्दा ठूलो अर्को खुशीको कुरा के हुन सक्छ ? हामी सबैले उभिएर उहाँलाई सम्मान व्यक्त गरिदिन आग्रह गर्दछु । आज हाम्रा गुरूङका अत्यन्तै विद्वान, नेपालकै बुद्धिजीवीहरूमा पनि अब्बल ठहरिनुभएका 'थिंक ट्यांक'का अध्यक्ष हुनुभएका डा. गणेश गुरूङज्यूलाई पनि उभिएरै स्वागत गरिदिन म हार्दिक आग्रह गर्न चाहन्छु । त्यस्तै मानन्धरको छोरी तर गुरूङसँग विवाह भएर आउनुभएका र गुरूङ समाजसँग अत्यन्तै निकट भएर यति गहन कामहरु गर्नुभएका डा. सुमित्रा मानन्धरलाई पनि म धन्यवाद दिन चाहन्छु । आज तपाईंहरूको बीचमा एक सफल ट्राभल व्यवसायी, मुक्तक साहित्यमा अत्यन्तै गहकिलो उपस्थिति जनाउनुभएका, जसले यहाँ अत्यन्तै गहन प्रस्तुति दिनुभयो, अरूले केही प्रेरणा लिऊन् भनेर उहाँलाई पनि धन्यवाद भनेर ताली बजाइदिनु हुन हार्दिक आग्रह गर्दछु ।

एकछिन मैले सबैको हातलाई दुःख दिएँ । तर मैले वास्तवमै हामीले सम्मान, आदर र सिको गर्नुपर्ने मान्छे को हुन् भनेर चिनाउन खोजेको मात्र हुँ । उहाँहरूबाट हामीले धेरै सिक्नुपर्छ भन्ने मलाई लागेको छ । मलाई गुरूङ भएकोमा निकै गौरव लागेको छ । म अन्यन्तै लेकमा जन्मिएको गुरूङको छोरा हुँ । समृद्धिको कुरा गर्दाखेरी मैले केही दुःखका कुरा पनि गर्नुपर्ने हुन्छ । मेरो विगत कोट्याउनु पर्ने हुन्छ । म सत्र वर्ष पूरा गरेर अठार वर्ष लागेको थिएँ । ठाउँको नाम चाहिँ नभनौँ, दसैँमा म कसैको घरमा गएको थिएँ । टीकाको दिन थियो । केटाकेटीहरूलाई हात पछाडि बाँधेर टीका लगाइदिए । टीका लगाइसकेपछि हात खोलिदिए । हात खोलिसक्दा नसक्दै उनीहरूले एकअर्काको निधारमा लगाइदिएको टीका निकालेर खान थाले । हामी गुरूङ त्यो अवस्थाबाट पनि गुज्रिएका थियौँ ।

म भर्खर एसएलसी पास गरेर बसेको मान्छे । अब के गर्ने भनेर सोच्दै थिएँ । त्यस क्रममा मैले के देखेँ भने कुनै घरमा एक जना बेलायतको लाहुरे छ, ऊ भर्ती भयो तर अर्को चाहिँ औँला बाङ्गो भएकाले भर्ती लागेन । खुट्टामा थोरै समस्या छ, ऊ पनि भर्ती जान पाएन । बेलायतको लाहुरेलाई छोरी दिन तँछाड–मछाड हुन्छ तर भर्ती नहुनेलाई त कसैले पनि छोरी नदिने । त्यसैले मैले त्यो स्थितिलाई मध्यनजर गरेर वैदेशिक रोजगार व्यवसाय सुरू गरेँ । मैले धेरैलाई वैदेशिक राजगारीमा पठाएँ । त्यसपछि उनीहरु पनि एउटा घडी, औँठी, सुटकेस, झोला र टेपरेकर्डर लिएर गाउँमा गए । लाहुरेको कमाइको बराबर हुन नसके पनि केही त भए । उसको पनि विवाह भयो । फुसको छानोबाट टिनको छानो भयो । मैले गरिरहेको व्यवसायकै सेरोफेरोमा रहेर गणेश दाइले पिएचडी गर्नुभयो । मैले यसमा केही पनि गलत कुरा गरेको छैन । म यो क्षेत्रमा आउँदा आउँदै फेरि सञ्चार क्षेत्रमा किन प्रवेश गरेँ त भन्दाखेरी हाम्रा मान्छेहरूको समाचार कसैले पनि कभर नगर्ने । मिडिया भनेको के हो ? टेलिभिजन भनेको के हो ? यसको शक्ति कति छ त ? खोज्दै, सुन्दै र बुझ्दै गएँ । त्यो समयमा थोरै मात्र टेलिभिजन च्यानल थिए । त्यसपछि मैले टेलिभिजन च्यानल सञ्चालन गर्ने निर्णय गरेँ । सगरमाथा नेपालको चिनारी हो । त्यसैले मैले सगरमाथाको चिनारी स्वरूप सगरमाथा टेलिभिजन नेपालकै पहिलो न्यूज च्यानल सुरू गरेँ । आज बखानसिंह गुरूङको कुरा सुनाइदिनु भयो । यो निकै महत्वपूर्ण छ । डा. हर्क गुरूङ, प्रा. सन्तबहादुर गुरूङको भिजनलाई पनि लिएर अघि बढ्न आग्रह गर्दछु ।

धन्यवाद ।



# डा. सुमित्रा मानन्धर गुरुङ

भूगोलविद्

यस कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङज्यू, यस सेसनका अध्यक्ष शेष घलेज्यू, मेरो प्यारो देवर डा. गणेश गुरूङज्यू, निर्मल गुरूङज्यूलगायत यहाँ उपस्थित युवाहरू, संसारभरबाट आउनुभएका गुरूङ दाजु-भाइ तथा दिदी-बहिनीहरूलाई मेरो छ्याजालो । यस्तो ऐतिहासिक महत्वको कार्यक्रममा सहभागी भएर प्रस्तुति दिन पाउँदा अत्यन्तै खुसी छु । हिजो र आज गरेर एकता, अस्तित्व र पहिचानकाबारेमा धेरै कुरा सुनेँ । खासमा हामी सबैलाई चाहिने भनेको अस्तित्व, पहिचान र एकता नै हो । तर यो दिने भनेको चाहिँ राज्यले हो । राज्यको संरचनाले सहजीकरण गरेको भए हामी सबैलाई धेरै दुःख हुने थिएन ।

मैले यो करिब तीन दशक विकासको क्षेत्रमा सामाजिक समावेशिता भन्दै पहिचानको क्षेत्रमा पनि ओमजी तथा विभिन्न साथीसँग मिलेर लडेको थिएँ । तर दोस्रो संविधानसभाबाट जुन नतिजा आयो, त्यसपछि मलाई मुख्य संरचनामा नै समस्या छ भन्ने लाग्यो र यसमा समय लगाउनु बेकारझैँ लाग्यो । यो एकता, अस्तित्व र पहिचान राजनीतिक किसिमले पनि उपलब्ध गराउन सकिन्थ्यो । तर तत्काललाई वैकल्पिक बाटो खोज्नु पर्छ भन्ने लागेपछि म मैले गर्दै आएको काम छाडेर अब समृद्धितिर लाग्नुपर्छ भन्ने सोँचले यतातिर लागेँ । सायद यही भएर मैले यस कार्यक्रममा सहभागी हुने मौका पाएँ ।

म विकासवादी कार्यकर्ता थिएँ । मैले एड्भोकेसीमा पनि काम गरेको थिएँ । संविधानसभाका लागि १३ भाषामा संविधानसभा कसरी हुनुपर्छ भनेर 'एनकार्क'को तर्फबाट लागेको थिएँ । तर हाम्रो मेन फ्रेममा नै गल्ती देखेपछि चाहिँ अब म महिलाहरूसँग प्रत्यक्ष नै काम गर्छु । यदि समृद्धि राम्रो भयो भने सायद त्यसैले एकता, पहिचान र अस्तित्वलाई पनि मद्दत गर्छ भन्ने लागेर यस क्षेत्रमा लागेको सात वर्ष पूरा भयो । त्यसका लागि चाहिँ म एक्स्ट्रिम उदाहरण हुन सक्छु । तर हामीले त्यसमा पनि केही सिक्न सक्छौँ ।

आदिवासी जनजाति आन्दोलनमा लाग्ने धेरै साथीहरूलाई थाहा होला । अफ्रिकाको कालाहारी मरूभूमीमा 'बुसमेन' भन्ने एउटा समूह छ । उनीहरूसँग एकता, अस्तित्व, पहिचान सबै थियो । त्यो समूहको मुख्य पेसा नै 'सिकार' गर्नु थियो । उनीहरूसँग समृद्धि थिएन । उनीहरूसँग स्वास्थ्य, शिक्षाजस्ता आधारभूत कुराहरूका लागि आवश्यक खर्च गर्न पैसा थिएन । यो केही वर्ष अगाडिको कुरा हो । तर उनीहरूसँग यस्तो ज्ञान थियो कि त्यो ज्ञानको प्रयोग संसारलाई काम लाग्ने खालको थियो ।

हामीलाई थाहा छ, मोटोपन खानेकुराको कारण हुन्छ । अमेरिकामा त मोटोपन निकै ठूलो समस्या थियो । मोटोपन कसरी कम गर्ने भन्ने खोजी भइरहँदा पनि खास औषधि पत्ता लागेको थिएन । अफ्रिकाका ती बुसमेनहरूले जुन औषधि वा खाना प्रयोगमा ल्याएका थिए, त्यसले मोटोपन हुन नदिँदो रहेछ । उनीहरूले पराम्परागत ज्ञानबाट आर्जन गरेको त्यसमा हुँडिया भन्ने तत्व हुन्छ, जसले थोरै खाँदा पनि लामो समय भोक टर्छ । त्यो तत्व लिएर फाइजर कम्पनीले क्याप्सुल बनायो । यसले अमेरिकामा मोटोपनको समस्या कम गर्न ठूलो सहयोग पुगेको छ । त्यो आदिवासी ज्ञानबाट ती बुसमेनहरूले ठूलो रकम रोयल्टीका रूपमा पाएका छन्, जसले उनीहरूलाई समृद्ध हुन सहयोग पुगेको छ । हामीले यसबाट के सिक्न र बुझ्न आवश्यक छ भने समृद्धि अपरिहार्य हो । एकता, अस्तित्व र पहिचानका लागि पनि समृद्धि आवश्यक छ । आजको जमानामा समृद्धि भएन भने कुनै पनि कुरा प्राप्त गर्न निकै कठिन हुन्छ ।

समृद्धिका लागि मैले अपनाएको बाटो केही फरक छ । यदि हाम्रो राज्यको नेतृत्व वा संरचना राम्रो भएको भए यसमा हामीले धेरै मेहनत गर्नु पर्ने थिएन । अधिकांश देशमा राज्यले नै धेरै कुराहरूमा हेर्ने गर्छ । मैले अहिले १८-१९ वटा जिल्लालाई फोकस गरेर लघुवित्तमार्फत करिब ३० हजार महिलासँग काम गरिरहेको छु । मलाई के लाग्छ भने अरूबाट केही माग्नुभन्दा पनि आफ्नो

खुट्टामा आफैं उभिन सक्यौं भने त्यो चाहिँ दिगो हुन्छ र आफूले चाहेको वा खोजेको सबै पाउँछ । मैले अहिले प्रदेश २, ३, ४ र ५ मा काम गरिरहेको छु । प्रदेश ४ गुरूङ बहुल क्षेत्र भए पनि त्यहाँ मेरो काम अलि कम छ । मैले खासगरी तामाङ, मगर र थारूसँग निकट रहेर काम गरिरहेको छु ।

महिलाको आर्थिक क्षेत्रमा पहुँच वृद्धि हुँदा धेरै परिवर्तन हुँदो रहेछ । महिनामा आठ हजार मात्र कमाउने महिलाहरूले सहजै दोब्बर कमाउन सक्ने बनाउन सकिँदो रहेछ । म यस ऐतिहासिक सम्मेलनमा भन्न चाहन्छु, हाम्रो लागि हिजो समृद्धितिर बढ्ने मुख्य विकल्प नै लाहुर जानु थियो । त्यसले एकप्रकारको 'ब्याकग्राउण्ड' दिएको छ । तर आजका दिनमा हामी समृद्धितिर लाग्ने हो भने हामीसँग अवसरहरु के-के छन् त ? मैले लघुवित्तको क्षेत्रमा रहेर काम गरिरहँदा गुरूङ समुदायमा श्रोतको कमी नभएको देखेको छु । जसले गर्दा समृद्धिका लागि धेरै सहज हुन सक्छ ।

गुरूङहरु संसारका ३५ भन्दा बढी देशमा छन् । नेपालमै पनि ५७ जिल्लामा छन् । धेरै देशमा राम्रो सञ्जाल बनाएर बसेका छन् । स्थापित भएका छन् । आजको जमानामा समृद्धि मार्केटिङ र ट्रेडिङबाटै हो । जुन क्षेत्रमा गुरूङ जातिको बसोबास छ । त्यो उच्च पहाडी क्षेत्र हो । गुरूङहरु बसोबास गर्ने क्षेत्रमा अर्गानिक उत्पादन र जडिबुटीजन्य उत्पादन राम्रो हुन्छ । तर यसलाई बजारीकरण र व्यवस्थापन गर्न सकिएको छैन । अब समृद्धिको बाटो र पाटो भनेको विषादीरहित कृषि उत्पादनको हो ।

आज मीनबहादुर जीले देशैभर भाटभटेनी सुपरस्टोर खोलेर एकप्रकारको नेटवर्क स्थापित गर्नुभएको छ । लालकाजीले पनि गर्नुभएको छ । यो र यस्तो नेटवर्क हामीले संसारभर स्थापित गर्न सक्छौं । हाम्रो हिमाली तथा उच्च पहाडी क्षेत्रमा जे उत्पादन हुन्छ, त्यसको मूल्य नेपालमा मात्र होइन, संसारभर नै उच्च छ । उपयोगिता पनि धेरै छ । यसमा चाहिँ हामीसँग न भारतले प्रतिस्पर्धा गर्न सक्छ न चीनले । त्यसैले मलाई लागेको कुरा के हो भने अहिलेको गुरूङको कुरा गर्दा, शिक्षा छ, ज्ञान छ, नेटवर्क छ । त्यसैले संसारभर रहेका नेपाली तथा गुरूङ समुदायले सञ्चालन गरेको रेष्टुराँमा यहाँको अर्गानिक उत्पादन, जडिबुटीजन्य उत्पादन बिक्री गर्ने हो भने त्यसले समृद्धि दिन्छ ।



## विमल गुरूङ
**युवा व्यवसायी**

नमस्कार सबैलाई । म अहिले सगरमाथा टेलिभिजनको कार्यकारी निर्देशक छु । मैले २००५ मा बेलायतबाट मास्टर्स सकाएको हुँ । युकेमा मैले करिब चार वर्ष 'फोरेक्स ट्रेडिङ'मा काम गरेको थिएँ । त्यो भनेको स्टक मार्केट जस्तो हो । त्यसपछि मैले नेपालमा आएर मेरो बुबाले सुरू गर्नुभएको सगरमाथा टेलिभिजनमा ज्वाइन गरेँ । मेरो पुर्ख्यौली गाउँ कास्कीको घान्द्रुक हो । मेरो मावली चाहिँ लमजुङ हो र मेरो ससुराली पर्वत जिल्लामा पर्छ ।

यो जुन अन्तर्राष्ट्रिय सम्मेलन आयोजना भएको छ, जहाँ हामीले आफ्नो अनुभव सेयर गर्न पाएका छौँ यो चाहिँ मेरो लागि निकै खुशीको कुरा हो । मलाई विदेशबाट केही ज्ञान लिएर, सीप सिकेर आएपछि यहाँ व्यवहारमा उतार्ने प्रयास गर्नु राम्रो हो जस्तो लाग्छ । मैले यहाँ त्यही प्रयास गरिरहेको छु । कसरी अगाडि बढ्न सकिन्छ भन्ने सोच भइरहन्छ । त्यही कुरा गर्दा आज मलाई यहाँ आउनुभन्दा अगाडि आफ्नो अनुभव सेयर गर्ने भनेको थियो । त्यसले कसैलाई हौसला होस् । प्रेरणा मिलोस् भनेको थियो ।

म युकेमा फोरेक्स इन्डेक्स विजनेसमा सहभागी हुँदा सुरूको तीन/चार महिना मैले रिसर्च गरेँ । कुनै पनि विजनेस गर्दा रातारात सफलता मिल्छ भन्ने हुँदैन । कहिलेकाहीँ घाटा पनि हुन्छ । तर घाटा हुँदा पनि मलाई मेरो बुबाले केही घाटा हुँदैमा केही फरक पर्दैन भनेर हौसला प्रदान गर्नुहुन्थ्यो । घाटाले सिक्ने अवसर प्रदान गर्छ । जब चोट लाग्छ त्यसपछि बल्ल त्यहाँ चोट लाग्ने रहेछ भन्ने थाहा पाइन्छ र घाउ कसरी निको हुन्छ भन्ने पनि सिकिन्छ । विजनेसमा पनि त्यही हो । केही ठाउँमा ठक्कर खाइन्छ । मेरो बुबाको अनुभवबाट मैले पनि धेरै कुरा सिक्न पाएँ । एक/दुई ठाउँमा असफलता हात लाग्दैमा निराश नहुनु भन्ने कुरा सिक्न पाएँ । त्यसैले म भन्न चाहन्छु, एक/दुईपटक असफल भयो भन्दैमा हरेस नखानुहोस् । आफ्नो प्रोडक्ट र मार्केटमा सधैँ विश्वास गर्नुपर्छ । एकदिन सफलता हात लाग्छ ।



## रामकाजी कोने

**व्यवसायी**

अन्धाधुन्ध अन्धो अनुकरण अरूकै गरेपछि
रीतिथिति परम्परा आफ्नो अप्ठेरोमा पारेपछि
गरे पुग्दो रहेछ भाषा, संस्कृतिमाथि आक्रमण
मार्नै पर्दैन रहेछ उसको पहिचान मारेपछि

यस अन्तर्राष्ट्रिय सम्मेलनको थिम एकता, अस्तित्व र पहिचान रहेकाले सान्दर्भिक होला भनेर यो मुक्तक राखेँ । आजको यस सेसनको अध्यक्षता गरिरहनुभएका सफल उद्यमी, व्यवसायी आदरणीय शेष घलेज्यू, त्यसैगरी हामी सबैको गौरव प्रदेश नं. ४ का मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङज्यू, त्यस्तै ड्यासमा आशिन डा. गणेश गुरूङज्यू, डा. सुमित्रा मानन्धर गुरूङज्यू, त्यस्तै सफल व्यवसायी निर्मल गुरूङ र लालकाजी गुरूङज्यू तथा यस कार्यक्रमलाई सफल पार्न हौसलाका साथ देश-विदेशबाट पाल्नुभएका सम्पूर्ण महानुभाव र पत्रकारज्यूहरु,

सन्दर्भले मलाई व्यवसायी भनेर चिनाएको हो । त्यसका अतिरिक्त म एक सामाजिक कार्यकर्ता भएकाले इतिहासको एकदमै छोटकरीमा चर्चा गर्न चाहन्छु । किनभने इतिहास जसले बिर्सन्छ, उसको भविष्य पनि हुँदैन । र, आजको यो अन्तर्राष्ट्रिय तमू सम्मेलन यो रूपमा आइपुग्दासम्ममा विभिन्न समयमा गठन भएका र कार्य गरेका तमू संघ-संस्थालाई पनि हामीले स्मरण गर्नुपर्छ । यही क्रममा २०१२ सालमा गुरूङ कल्याण संघ गठन भएको थियो । २०२९ सालको रोधीं परिवार, २०३३ सालको तमू धीं, २०४६ सालको तमू बौद्ध सेवा समिति नेपाललगायत काठमाडौंका ४६ वटै तमू संघ-संस्था सबैको स्मरण गर्न चाहन्छु । त्यसैगरी तमू प्ये ल्हु संघ, तमू धीं नेपाल, बौद्ध अर्घौ सदन तथा तमू ह्युल छौंज धींमा विभिन्न समयमा खटेर इतिहास पात्र बन्नुभएका र वर्तमानमा संस्थालाई नेतृत्व प्रदान गरिरहेका सबैलाई म यहाँबाट एकमुष्ठ स्यालुट गर्न चाहन्छु । र, यहाँहरु सबैको समर्थन चाहन्छु ।

व्यवसायमा म कति सफल भएँ वा हुन सकिनँ, त्यो त म भन्न सक्दिनँ । तर मैले यो व्यवसायमा निकै समय बिताएँ । व्यापार, व्यवसाय र समृद्धिको कुरा गर्दा सरकारले अहिले अर्थतन्त्रमा तीन खम्बे नीति ल्याएको छ । त्यो तीन खम्बामा एउटा हो, सहकारी । सहकारी अर्थात सहकारिताका जनक को थिए त ? बखानसिंह गुरूङ । उहाँले चितवनको बखानपुरमा बखान सहकारी स्थापना गर्नुभयो । सहकार्य गरेर समृद्ध हुने अवधारणा ल्याउनुभयो । म यहाँनेर उहाँलाई पुनः एकपटक स्मरण गर्न चाहन्छु । अलिकति अगाडि गएर हेर्ने हो भने विभिन्न समयमा भएका प्रजातान्त्रिक आन्दोलनमा उहाँले दुई छोरा गुमाउनुभयो, धर्मध्वज र लालध्वज । त्यसैले उहाँको राजनीतिक योगदानलाई पनि स्मरण गर्न चाहन्छु ।

व्यवसायको कुरा गर्दा पहिले हामी भोटमा नून लिन जान्थ्यौँ । सामूद्रिक नून पछि आएको हो । त्योभन्दा पहिले हामा पुर्खा ढाकर बोकेर नून लिन भोट जान्थे । हामीले मानुकोटबाट नून ल्याउँथ्यौँ । नरजङ सुब्बा गुरूङ (हाम्रा मुख्यमन्त्रीलाई अझै बढी जानकारी होला) अहिलेको नेपाल साल्ट ट्रेडिङको त्यो समयको रूप, राणाकालीन रूपमा उहाँको ठूलो योगदान थियो । मैले यस फोरमबाट उहाँलाई पनि स्मरण गरेँ । सामान्य अर्थमा विजनेस 'विजी' र 'नेस' दुई शब्दबाट बनेको हो र यसको अर्थ हो, सधैँ व्यस्त भइरहनु । समृद्धि छिटो हुने भनेको व्यवसायबाट हो । उद्योगबाट हो । यो कसैको पेवा होइन । सबैलाई खुला छ ।

हामी अहिले त्यतापट्टि पाइला चाल्दै छौँ । यो तमूहरूका लागि त भयो नै सँगै देशकै लागि पनि राम्रो हुन्छ । शेष घलेजीले यस्तै एउटा गौरवमय इतिहास रचिसक्नुभएको छ । यो नयाँपुस्तालाई उदाहरण पनि हो । त्यसैले केही सिनियर भएको नाताले म नयाँपुस्तालाई उद्योगमा, व्यवसायमा आउन प्रेरित गर्न चाहन्छु । जहाँसम्म व्यवसायको कुरा गर्दा मेरो धेरै समय त पर्यटनमा बित्यो । सात/आठ वर्ष अन्य क्षेत्रमा पनि सहभागी भएँ तर दुई दशकभन्दा लामो समय पर्यटन व्यवसायमा बिताएँ । त्यसक्रममा मेरो व्यवसायसँग सम्बन्धित विभिन्न संघ-संस्थामा नेतृत्व तहमा रहेर पनि काम गरेँ । ट्राभल व्यवसायीहरूको संस्था 'नाट्टा'को अध्यक्ष भएँ । अहिले सल्लाहकार छु ।

मेरो अनुभवले भन्छ, 'पर्यटनमा हामीले धेरै कुरा एक्स्प्लोर गर्न बाँकी छ ।' यति सानो मुलुकमा यति धेरै भाषिक, जातीय, सांस्कृतिक विविधता छ । जियो र बायो डाइभर्सिटीका हिसाबले नेपाल यति धेरै माथि छ कि ५० माइलको दूरीमा हामीकहाँ विश्वको सर्वोच्च शिखर छ भने चारकोशे झाडीमा एकसिंगे गैंडा पनि पाइन्छ । कुनै समय पर्यटकले टिबेट जान नपाउँदा हामीले डोल्पा र मुस्ताङ

पठाएर 'मिनी टिबेट' पनि भन्यौँ । हामीकहाँ पर्यटनका यति धेरै सम्भावना छ । पर्यटन क्षेत्रमा होटलमा चाहिँ लगानी अलि बढी हुन्छ तर अन्य क्षेत्रमा लगानी पनि धेरै चाहिँदैन । त्यसकारण म नयाँपुस्तालाई पर्यटन क्षेत्रमा लाग्न आग्रह गर्न चाहन्छु ।

उद्योग, व्यवसाय नै हो हामी समृद्ध बन्ने र देशलाई पनि समृद्ध बनाउने । जागिरले एक व्यक्ति वा परिवारलाई धान्छ तर उद्योग खोल्यौँ भने त्यसले सयौँ, हजारौँ परिवारको जिविका चलाउँछ । धेरैले रोजगारी पाउँछन् । अन्त्यमा यो जुन माहोल सिर्जना भयो, अन्तर्राष्ट्रिय कार्यक्रम भइरहेको छ, सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । र, देश-विदेशबाट यस कार्यक्रममा सहभागी हुन आउनुभएका सबैप्रति मेरो व्यक्तिगत तर्फबाट पनि हार्दिक धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा भन्न चाहन्छु, नमिलेको ठाउँमा मिलाऔँ । मिलेको ठाउँ नभत्काऔँ । नेपाल रहे नेपाली । मलाई त्यति राम्रो मिलाएर बोल्न त आउँदैन । त्यसैले मेरो भनाइ मुक्तकबाटै टुंग्याउन चाहन्छु ।

स्वार्थकै डम्फू ठोक्छ सबैले अचेल
भत्किन्छ कि देश कतै डर लाग्छ अचेल
उहिले नितान्त आफ्नो घाउ दुख्थ्यो
किन हो मलाई नेपाल दुख्छ अचेल



## दिग्विजय कोने गुरुङ

**युवा व्यवसायी**

यस अन्तर्राष्ट्रिय तमू सम्मेलनमा आफ्नो अनुभव सेयर गर्न पाउँदा म धेरै खुशी छु । मैले सिंगापुरबाट ब्याचलर्स गरेको हुँ र मास्टर्स चाहिँ युकेबाट इन्टरनेसनल फाइनान्समा गरेको हुँ । म अहिले प्रत्यक्ष रुपमा सहभागी भएको चाहिँ ट्राभल एण्ड टुरिजममा हो । त्यस्तै इन्भेष्टमेन्ट म्यानेजमेन्टको काम पनि गर्ने गरेको छु । यस सँगसँगै हाम्रो आइटी कम्पनी पनि छ ।

मेरो गाउँ कास्कीको दाङसिङ मोहोरिया हो । म आफूलाई निकै भाग्यमानी ठान्दछु । किनकि स्वदेश फर्केपछि पनि मैले एकदमै राम्रो प्लेटफर्म पाएँ । मैले नेपालमा आएर काम गर्न थालेको पाँच वर्ष भयो । यस क्रममा मैले यहाँको अवसर के हो ? चुनौतिहरु के-के हुन् भनेर केही हदसम्म बुझ्ने मौका पाएको छु । र, त्यो बुझ्न सक्ने भएको छु । यो सँगसँगै सस्टेनेवल ग्रोथका बारेमा पनि केही सिक्दै गएको छु ।

अहिलेको समयमा नयाँपुस्ता अर्थात् युवाहरूका सामु निश्चय पनि केही चुनौतिहरु नभएका होइनन् । तर सँगसँगै अवसरहरु पनि प्रशस्तै छन् । त्यो अवसरको सदुपयोग गर्ने क्षमता र धैर्य चाहिँ हामीसँग हुनुपर्छ । उताबाट अध्ययन पूरा गरेर आएपछि पनि यहाँ काम गर्न उत्प्रेरणा मिल्दा हामीलाई खुशी लागेको छ । नेपालमा अहिले सेयर बजारलगायत अन्य क्षेत्रमा पनि निकै सुधार भएको अवस्था छ । अहिले धेरै कुरा सपोर्टिङ अवस्थामा छन् । विदेशी लगानीहरु पनि आइरहेको अवस्था छ । निश्चय पनि यसले हामीलाई आशावादी बनाएको छ । हामो बजार विस्तार हुँदैछ । भूगोलको क्षेत्रको हिसाबले नेपाल जत्रो देशमा तीन करोड जनसंख्या हुनु भनेको धेरै राम्रो हो । बजार विस्तारका लागि यो जनसंख्या पनि अवसर हुन सक्छ ।

हामी तमू (गुरूङ)हरूले संसारभर जहाँ–जहाँ बसोबास गरिरहे पनि आफ्नो नाम चिनाउन सफल भएकोमा गर्व गर्नुपर्दछ । तमू (गुरूङ) जातिलाई विश्वभर आफ्नो पहिचान कायम गराउन सम्पूर्ण तमूको एकताले नै सम्भव बनाएको हो । तमू (गुरूङ) जाति मिहिनेती, पौरखी, इमान्दार र जेहेन्दार छन् । हामी यही भावनात्मक कारणले आफ्नो पहिचान परिचित गराउन सफल भएका हौँ । देश तथा विदेशमा स्थापना भएका तमू संस्थाहरु तथा तमू संस्थाका अगुवाहरु एकताको भावनाकै कारण यस ऐतिहासिक सम्मेलनमा सहभागी हुनुभएको छ । यसले विश्वभरका तमू (गुरुङ)हरूलाई एकताको मालामा गाँसिदिएको छ । हाम्रो जाति छुट्टै अस्तित्व र पहिचान बनाउँदै देश तथा विदेशमा संस्थाहरु स्थापना गरेर आएकोमा यस सम्मेलनबाट अन्तर्राष्ट्रियस्तरको साझा संस्था स्थापना गराउन सफल भएकोमा गौरवान्वित रहेको छु ।

हामी नेपाली र आदिवासी जनजातिको सन्दर्भमा गुरूङ जाति केही अगाडि नै छौँ । यसमा हामीले गर्व पनि गर्नु पर्दछ । हामीले विभिन्न क्षेत्रमा सफलता हात पार्दै आएका छौँ । आज शेष घले अन्तर्राष्ट्रियस्तरमै सफल उद्यमी, व्यवसायी बन्नुभएको छ । उहाँलाई हामीले गौरवका रूपमा लिनुपर्छ । म उहाँलाई विशेष धन्यवाद पनि दिन चाहन्छु । लाहुरे, पशुपालन र कृषि हाम्रो पुर्खादेखि चल्दै आएको परम्परागत पेसा हो । मानिस चेतनशील प्राणी हो । त्यसैले हामी समयसँगै परिवर्तन हुनु आवश्यक छ । विश्व प्रणाली उदाउँदै गरेको वर्तमान समयमा हामी अब उद्योग, व्यवसाय क्षेत्रमा लाग्नुपर्छ । जसले हाम्रो आफ्नो समुदायको आर्थिक उन्नतिमा महत्वपूर्ण भूमिका खेल्ने मेरो विश्वास छ ।



**लालकाजी गुरूङ**
**व्यवसायी**

राजधानीमा आएर व्यवसाय गर्ने हामी करिब पहिलो पुस्ता हौँ । हामीभन्दा अघि पनि केही दाइहरूले व्यवसाय गर्नुभयो होला तर ती संख्याका हिसाबले एकदमै नगन्य थिए । हामीले काठमाडौं आएर व्यवसाय सुरू गर्‍यौँ । समयले मानिसलाई कहाँ–कहाँ पुर्‍याउँछ । त्यो सबै समयको कुरा हो । हाम्रा बाबा, आमा, बाजे न काका कसैले पनि व्यवसाय गरेका थिएनन् । हामीलाई डोर्‍याउने, सिकाउने यो वा त्यो के गर्दा ठिक हुन्छ भन्ने मान्छे कोही पनि थिएनन् । हामी सबै गर्दै, सिक्दै यहाँसम्म आएका हौँ । हामीले आजको यो स्थानसम्म आइपुग्न धेरै समय खर्च गरेका छौँ । मिहिनेत पनि गर्‍यौँ । मलाई लाग्छ, अब नयाँ पुस्ताले हामीले जति समय खर्च गर्नुपर्दैन र गर्न पनि नपरोस् ।

हामी नयाँपुस्तालाई प्रेरित गर्न सधैँ आफ्नो अनुभव बाँड्न तयार छौँ । नयाँपुस्तालाई हौसला प्रदान गर्न जतिसुकै समयमा पनि दिन तयार छौँ । हामीले जीवनमा जे जति समस्या भोग्यौँ त्यति समस्या नयाँपुस्ताले भोग्न नपरोस् भन्ने ध्येय राखेका छौँ । हामी वर्तमान अवस्थासम्म आइपुग्दा हाम्रो समुदायले जुन स्थान प्राप्त गरेको छ, त्यसलाई निरन्तरता दिँदै अझ उचाइमा पुर्‍याउन सबै मिलिजुली अघि बढ्दै जानुपर्ने छ । एकता मात्र हाम्रो सूत्र हो । त्यसैले हामी एक भएर अघि बढ्नु पर्छ र त्यसलाई जीवन्तता पनि दिनुपर्छ ।




तात्कालीन तमू छौँज धींका महासचिव श्रीप्रसाद गुरूङमा समर्पित विधान सेसनको अध्यक्षता दिव्या गुरूङले गर्नुभएको थियो । विधान सेसनमा तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषद्का कानुनी सल्लाहकार खड्गबहादुर गुरूङले अन्तर्राष्ट्रिय तमू परिषदको प्रस्तावित विधान प्रस्तुत गर्नुभएको थियो । अधिवक्ता भविश्वर गुरूङले सहजीकरण गर्नुभएको सेसनमा विधान सहभागीहरूको छलफल र सुझावपछि पारित भएको थियो ।



## श्रीप्रसाद गुरूङ

'शास्त्र हराए संस्कार हराउँछ, संस्कार हराए संस्कृति हराउँछ, संस्कृति हराए परम्परा हराउँछ, परम्परा हराए पहिचान वा अस्तित्व हराउँछ ।' गुरूङ समाजमा प्रचलित यो लोकोक्ति सामाजिक अभियन्ता श्रीप्रसाद गुरूङको मूल मन्त्र थियो । पार्टीभन्दा जाति ठूलो, जातिभन्दा देशको माटो प्यारो भनेर आफ्नो जातिको भाषा, संस्कृति र धर्म संस्कारको जगेर्ना गर्नुपर्छ भन्ने उनको धारणा थियो ।

वामपन्थी राजनीतिदेखि सामाजिक आन्दोलनसम्मको गतिशील व्यक्तित्व श्रीप्रसाद गुरूङको अलग पहिचान र योगदान रहेको छ । उनको जन्म १९९० साल माघ ३ गते स्याङ्जा जिल्ला आरूखर्क टोड्के गाउँमा भएको हो । जीवन संघर्ष र अनुभवको सँगालो हो । ऊर्जाशील भावना र उत्प्रेरणाले मात्र सामाजिक चेतना र विकासमा परिवर्तन ल्याउन सकिन्छ भन्ने उनको विश्वास थियो । श्रीप्रसाद गुरूङको अकन्टक यात्रा गुरूङलगायत उत्पीडित वर्ग तथा जनजातिहरूको हकअधिकारका लागि संघर्षरत हुनुपर्छ भन्ने अनुकरणीय पाठ हो । युवा अवस्थादेखि नै जनसेवा, समाजसेवामा निरन्तर लागिपरेका व्यक्ति हुन्, श्रीप्रसाद गुरूङ ।

२०१५ सालमा पोखरा नगरपञ्चायतको वडा सदस्यदेखि २०३८ सालमा कार्यबाहक प्रधानपञ्चको जिम्मेवारीसमेत निर्वाह गरेर उनले पोखराको विकास निर्माणमा योगदान पुऱ्याएका छन् । यसपछि भने उनको जीवनको 'टर्निङ प्वाइन्ट' सम्पूर्ण रूपमा तमू समुदायको संगठन विस्तारतर्फ मोडिएको देखिन्छ । २०४२ सालमा तमू धीं कास्कीको स्थापनादेखि पोखरामा देशभरका गुरूङहरूको भेला गराई तमू छौँज धींको संस्थापक महासचिव बने । तमू छौँज धींको विभिन्न जिल्ला शाखा विस्तार गर्ने क्रममा स्वदेशदेखि विदेशसम्म गुरूङहरूको संगठन र नेतृत्व व्यवस्थापनमा लागि परे । चितवनमा भएको तमू एकताको महाधिवेशन २०६५ पश्चात तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषदको संरक्षक महासचिवको हैसियतमा तमू समाजको अविभावकको भूमिका निर्वाह गरे । तमू संघ-संस्था भनेको मर्दाको मलामी र जिउँदाको जन्ती मात्र हैन अधिकारमुखी आन्दोलन र जागरण अभियान पनि हो भन्ने उनको मान्यता र सन्देश थियो ।



**खड्ग बहादुर गुरुङ**
विधान प्रस्तुतकर्ता

# 'अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषद'को विधान-२०१९ प्रस्तावना

आदिवासी जनजाति तमू (गुरुङ) हरूको इतिहास, भाषा, संस्कृति र परम्पराको संरक्षण तथा संवर्द्धन गर्दै, विश्वभरका विभिन्न देशहरूमा स्थायी वा अस्थायी रूपमा बसोबास गर्दै, जातीय अस्तित्व र पहिचानका लागि क्रियाशील तमू (गुरुङ) संघ/संस्थाहरूसँग मैत्रीपूर्ण सम्वन्ध र साझेदारी कायम राख्ने अभिप्राय लिदै आफ्नो हक, हितप्रति सचेत भै सुव्यवस्थित र सुनिश्चित तरिकाले एकताबद्ध भई संगठित हुन र यसलाई निरन्तरता दिन वान्छनीय भएकोले प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन-२०१९ ले "अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषद विधान-२०१९" पारित गरेको छ ।

**१. संस्थाको नाम र प्रारम्भः** यस संस्थाको नाम अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषद र छोटकरीमा 'अतप' रहनेछ । अंग्रेजीमा International Tamu (Gurung) Council र छोटकरीमा "ITC" रहने छ । यो विधान प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलनले पारित गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :**

क) "विधान" भन्नाले अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषदको विधान-२०१९ लाई जनाउँदछ ।
ख) "सचिवालय" भन्नाले अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषदको सचिवालयलाई जनाउँदछ ।
ग) "तमू" भन्नाले विश्वमा नै गुरुङ भनेर चिनिने मङ्गोल नश्लका सम्पूर्ण गुरुङहरूलाई जनाउँदछ ।
घ) "अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषद" भन्नाले विश्वभर बसोबास गरेका तमू समुदायको साझा संस्था भनेर बुझाउँदछ ।
ङ) "सदस्य" भन्नाले विश्वभरका तमू (गुरुङ) संघ संस्थाहरूबाट प्रतिनिधित्व गर्ने सदस्यलाई जनाउँदछ ।
च) "सम्मेलन" भन्नाले अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषदको सम्मेलनलाई जनाउँदछ ।
छ) "कार्यसमिति" भन्नाले अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषदको कार्यसमितिलाई जनाउँदछ ।
ज) "अध्यक्ष" भन्नाले अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषदको अध्यक्षलाई जनाउँदछ ।
झ) "उपाध्यक्ष" भन्नाले अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषदको उपाध्यक्षलाई जनाउँदछ ।
ञ) "महासचिव" भन्नाले अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषदको महासचिवलाई जनाउँदछ ।
ट) "कोषाध्यक्ष" भन्नाले अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषदको कोषाध्यक्ष पदलाई जनाउँदछ ।
ठ) "पदाधिकारी" भन्नाले अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषदको पदाधिकारी पदलाई जनाउँदछ ।
ड) "कोष" भन्नाले अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषदको कोष भनेर जनाउँदछ ।
ढ) "नियम र विनियम" भन्नाले यस विधान अन्तरगत बन्ने नियम र विनियमलाई जनाउँदछ ।
ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियममा व्यवस्था भएको कुरालाई जनाउँदछ ।

**३. अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषदको कार्यालयः** तमू (गुरुङ) अन्तर्राष्ट्रिय परिषदको सम्मेलन पश्चात गठित कार्यसमितिको पहिलो बैठकको निर्णयानुसार तोकेको देशमा कार्यालय स्थापना गरिनेछ ।

**४. संस्थाको छाप र चिन्हः** यस संस्थाको एउटा छुट्टै छाप, झण्डा र लोगो अनुसूची १, २ र ३ मा उल्लेख गरिए अनुसार हुनेछ ।

**५. उद्देश्यहरूः** अन्तर्राष्ट्रिय तमू (गुरुङ) परिषदको निम्न उद्देश्यहरू रहेका छन् :

क. यो संस्था मुनाफारहित र गैरराजनीतिक विशुद्ध सामाजिक संस्था हुनेछ ।
ख. संसारभर रहेका तमू संघ-संस्थाहरूसँग सम्पर्क, समन्वय बढाउँदै पहिचान, भ्रातृत्व र सह-अस्तित्व कायम गर्दै

तमू (गुरूङ)हरूको एकतालाई थप सुदृढीकरण गर्ने, गराउने,

ग. तमू (गुरूङ) हरूको इतिहास, भाषा, लिपि, साहित्य, संस्कार, संस्कृति परम्पराको संरक्षण र संवर्द्धन गर्ने, गराउने,

घ. तमूहरूबीच पारिवारिक सम्बन्ध कायम गर्दै उनीहरूको गौरवमय इतिहासको खोज, अनुसन्धान तथा निर्माण गर्ने, गराउने,

ङ. तमूहरूको आधिकारिक लिपि खेमाँ लिपिको संरक्षण, संवर्द्धन गर्ने, गराउने

च. तमू समुदायको आर्थिक, सामाजिक, शैक्षिक, प्रशासनिक, राजनीतिक आदि क्षेत्रमा वृत्ति विकास गर्नका लागि अल्पकालिन तथा दिर्घकालिन कार्यक्रमहरू गर्ने, गराउने

छ. तमू समाजको कल्याणको लागि सबै पक्षमा आवश्यक क्रियाशीलता बढाउने ।

ज. मानव अधिकारको विश्वव्यापी घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि 169 एवं आदिवासीहरूको अधिकार सम्बन्धी राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) लगायतका अन्तर्राष्ट्रिय कानूनहरूमा व्यवस्था गरिएको आदिवासी जनजातिको अधिकार र नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न गराउन प्रयत्नशिल रहने, आदि ।

**६. कार्यक्रमहरू :**

क) विश्वभर विभिन्न स्थान/राज्य/भू-भागमा गठन भएको तमू (गुरूङ) संघ-संस्थाहरूलाई समन्वय गरी तमू समुदायको हक, हित र समुन्नतिका लागि संगठित गर्ने, गराउने,

ख) विश्वको विभिन्न देशका तमू (गुरूङ) संघ/संस्थाहरूको संस्थागत विकास एवं सशक्तिकरणमा आवश्यक साथ सहयोग पुऱ्याउने,

घ) तमू (गुरूङ) जातिको प्यें, छ्या, रीतिथीति, परम्परा, संस्कार, संस्कृति आदिमा एकरूपता ल्याउनको लागि खेगी च्होगीहरूको अन्तर्राष्ट्रिय भेला गर्ने, गराउने,

ङ) तमू (गुरूङ) समुदायको ऐतिहासिक पुर्खाहरू, शहीदहरू एवं मुलुक र आफ्नो समुदायको लागि योगदान गर्ने ब्यक्तित्वहरूको कदर गर्दै वहाँहरूको इतिवृत्तान्त तय गर्ने, गराउर्ने,

च) तमू (गुरूङ) जातिको भाषा, लिपि, संस्कृति इतिहास आदिको संरक्षण र संवर्द्धन गर्न साथै चेतना अभिवृद्धिको लागि विश्वका विभिन्न राष्ट्रमा गोष्ठी, प्रवचन, भेला, सभा, भेटघाट, छलफल आदि कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने,

छ) विश्वभरका तमू संघ/संस्थाहरूमार्फत संस्थागत रूपमा विभिन्न क्षेत्रहरूमा साझेदारीमा लगानी गरी तमू समुदायलाई आत्मनिर्भर बनाउदै देशको समृद्धिमा टेवा पुऱ्याउने,

ज) तमू समुदायमा शैक्षिकस्तर उकास्नको लागि एक कल्याणकारी कोष खडा गरी संचालन गर्ने, गराउने, र

झ) तमू जातिको आदिम ज्ञान, सिप, कला आदिको संरक्षण र सम्वर्द्धन गर्दै त्यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा व्यावसायिकरण गर्नको लागि आवश्यक पहल कदमी लिने ।

ञ) आर्थिक समृद्धि हासिल हुने संभावित योजना एवं कार्यक्रमहरूमा समुदायलाई प्रोत्साहन गर्ने ।

ट) नवितम प्रविधिको माध्यमबाट आर्थिक विकास गर्ने वातावरण तयार गरी कार्यान्वयन गर्न समुदायलाई अभिप्रेरित गर्ने ।

**७. सदस्यता :**

क) अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषदको सदस्य हुनका लागि तमू (गुरूङ) संघ-संस्थाले आवश्यक कागजात सहित आवेदन गर्नु पर्नेछ ।

ख) अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषदमा प्रत्येक देशबाट कम्तीमा एक संस्था नछुट्ने गरी सदस्यता प्रदान गरिने छ ।

**८. सदस्यता शुल्क :**

अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषदको सदस्यता शुल्क तपशिल बमोजिम रहने छ :

क) प्रत्येक राष्ट्रको सदस्य संस्थाहरूका लागि रू. ३०,०००/- शुल्क लाग्नेछ ।

ख) प्रत्येक वर्ष रू. १०,०००/- शुल्क बुझाई सदस्यता नविकरण गर्न सकिनेछ ।

**९. अन्तर्राष्ट्रिय सम्मेलन तथा बैठक सम्बन्धी व्यवस्था :**

क) तमू (गुरूङ) अन्तर्राष्ट्रिय परिषदको सदस्यता प्राप्त गर्ने संघ-संस्थाहरूबाट सम्मेलनमा सहभागि प्रतिनिधिहरू मध्येबाट अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषद गठन हुनेछ ।

ख) अन्तर्राष्ट्रिय तमू (गुरूङ) सम्मेलन प्रत्येक ३ वर्षमा गरिनेछ । सम्मेलनमा भाग लिन प्रत्येक सदस्य संस्थाबाट कम्तीमा ५/५ जना प्रतिनिधिको रूपमा सहभागिहरू पाउनेछ । सम्मेलनले विधानमा उल्लेख भए बमोजिम तोकिएको उद्देश्यहरूका अतिरिक्त अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषदको कार्यसमितिले पेश गरेको वार्षिक योजना वा कार्यक्रमहरू उपर छलफल गरी अनुमोदन गर्ने, भावी नीति तथा कार्यक्रमहरू तर्जुमा गर्ने, कार्यसमिति गठन गर्ने, विधान संशोधन गर्नु पर्ने भए उपस्थित सदस्य संख्याको सामान्य बहुमतले पारित गरी संशोधन गर्न सकिनेछ ।

ग) परिषदको कार्यसमितिले अन्तर्राष्ट्रिय तमू (गुरूङ) सम्मेलनको आव्हान गर्नेछ ।

घ) अन्तर्राष्ट्रिय तमू (गुरूङ) सम्मेलनको अध्यक्षता परिषदको अध्यक्षले गर्नेछ । साथै अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषदको कार्यसमितिको अध्यक्ष प्रथम पटक स्वतः आयोजक राष्ट्र हुनेछ र त्यसपछिको सम्मेलनको अध्यक्षता कार्यसमितिको अध्यक्षले गर्नेछ । कूल सदस्य संख्याको ५१% सदस्यको प्रतिनिधित्व अनिवार्य हुनु पर्नेछ । तर विशिष्ट परिस्थिति देखाई कुनैपनि सदस्य संस्थाले प्रतिनिधि पठाउन नसकेको कारण खुलाई लिखित जानकारी गराएमा ती सदस्य संस्था सम्मेलनमा उपस्थिति भए सरह मान्न सकिनेछ, ती सदस्य संस्थाले लिखित रूपमा आफ्नो विचार प्रस्ताव गरेमा सो उपर सम्मेलनमा छलफल गर्न सकिनेछ ।

ङ) अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषदको कार्यसमितिको बैठक हरेक वर्षमा कम्तीमा १ (एक) पटक बस्नेछ । समितिको बैठक हुनुभन्दा कम्तीमा ३ महिना अगावै बैठक हुने स्थान, मिति, समय र छलफल हुने विषयसूची राखी सबै सदस्य संस्थाहरूलाई लिखित सूचना गर्नु पर्नेछ ।

च) समितिको वैठकमा कुल सदस्य संस्थाको ५१% सदस्यको प्रतिनिधित्व हुनु पर्नेछ ।

**१०. कार्य समितिको गठन :**

क) कार्यसमितिको गठन सम्मेलनमा सहभागी प्रतिनिधिहरू मध्येबाट सम्बन्धित देशको सम्बन्धित संस्थाको सिफारिसमा हुनेछ ।

ख) अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषदको कार्यसमितिः अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषदको कार्यसमितिमा प्रत्येक देशबाट उक्त देशको सम्बन्धित संस्थाको सिफारिसमा कम्तीमा एक/एक जना सदस्य हुनेछ । सम्बन्धित संस्थाको सिफारिसमा एक अध्यक्ष निर्वाचित गर्नेछ पदाधिकारी (उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष) तथा सचिवालय सदस्यको हकमा कार्यसमितिको प्रथम बैठकले चयन गरिनेछ

ग) अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषदको सचिवालयः तमू (गुरूङ) अन्तर्राष्ट्रिय परिषदको सचिवालयमा कार्य समितिको पदाधिकारी सदस्य रहेको ९ सदस्यीय सचिवालय रहनेछ ।

घ) कार्यसमितिले आवश्यकता अनुसार एक सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

**११. कार्यसमितिको काम, कर्तब्य र अधिकार :**

क) अन्तराष्ट्रिय सम्मेलनले पारित गरेका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

ख) अन्तराष्ट्रिय सम्मेलन, भेला र बैठकको आयोजना गर्ने,

ग) पदाधिकारी तथा सदस्यहरूको कार्य विभाजन गर्ने,

घ) संस्थाको वार्षिक योजना, कार्यक्रम र अनुमानित बजेट तय गरि सचिवालय मार्फत कार्यान्वयन गर्ने, गराउने,

ङ) संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने,

च) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने, लेखा परिक्षण गर्ने गराउने र बैंक खाता खोली सञ्चालन गर्ने,

छ) संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

ज) विधानमा तोकिएका अन्य कार्यहरु गर्ने र

झ) कार्यसमितिले संस्थाको विधानको अधिनमा रही महासचिवबाट प्रस्तुत नीति तथा कार्यक्रम, कोषाध्यक्षले पेस गरेको आर्थिक प्रतिवेदन आदि उपर छलफल गरी अनुमोदन गर्नेछ साथै सचिवालयलाई निर्देशन दिने, विधान संशोधन गर्नुपर्ने आवश्यकता भए संशोधन गर्नुपर्ने कारणसहित सम्मेलनलाई सिफारिस गर्ने, लेखा परिक्षक नियुक्त गर्ने जस्ता कार्यहरू गर्न सक्नेछ ।

**१२. सचिवालयको काम, कर्तव्य र अधिकार :**

क) अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषदको विधानको उद्देश्य र भावनालाई समेट्ने गरी दैनिक काम कारवाही सुचारू र चुस्त बनाई दैनिक कार्य संचालन गर्ने, गराउने र

ख) सदस्य राष्ट्रका तमू संस्थाहरूको बीच समन्वय गर्दै कार्यसमितिले तोकेको अन्य आवश्यक कार्यहरू कार्यान्वयन गर्नु सचिवालयको कर्तव्य हुनेछ ।

**१३ कार्यसमितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

**१३ (१) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अन्तर्राष्ट्रिय सम्मेलन र कार्यसमितिको बैठकको अध्यक्षता गर्ने आवश्यकता अनुसार निर्णायक मत प्रदान गर्ने,

ख) संस्थाको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा संस्थालाई सवल र सक्षम रूपमा सञ्चालन गर्न प्रमुख नेतृत्वकर्ताका रूपमा रही काम गर्ने,

ग) संस्थाको तर्फबाट आवश्यक प्रतिनिधित्व गर्ने वा गर्न लगाउने,

घ) संस्थाको अन्तर्राष्ट्रिय सम्मेलन, कार्यसमितिको नीति, निर्णय, निर्देशनहरूको कार्यान्वयन भए/नभएको रेखदेख र गर्न लगाउने,

ङ) संस्थाको सम्पत्ति संरक्षण, रेखदेख र नियन्त्रण गर्ने गराउने,
च) अन्तर्राष्ट्रिय सम्मेलन, कार्यसमितिको बैठक बोलाउन र प्रस्तावहरू तयार गर्न महासचिवलाई निर्देशन दिने,
छ) तत्काल परिआएका कार्यहरू कार्यालय मार्फत गर्ने, गराउने र सोको जानकारी कार्यसमितिलाई दिई अनुमोदन गर्ने, गराउने,
ज) आफूमा निहित अधिकार उपाध्यक्षमा प्रत्योजन गर्ने, कार्यसमितिले तोकेका अन्य कार्यहरू गर्ने, गराउने, र
झ) अन्तर्राष्ट्रिय सम्मेलन, कार्यसमिति, सचिवालयको निर्णय प्रमाणित गर्ने ।

**१३ (२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

क) अध्यक्षको अनुपस्थितिमा निजको काम गर्ने,
ख) अध्यक्षले गर्नु पर्ने काममा सहयोग गर्ने,
ग) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने र
घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**१३ (३) महासचिवको काम, कर्तव्य र अधिकार :**

क) अन्तर्राष्ट्रिय सम्मेलन र कार्यसमितिले पारित नीति, कार्यक्रम, निर्णयहरूको कार्यान्वयन गर्ने, गराउने
ख) अध्यक्षको परामर्शमा कार्ययोजना तयार गरी कार्यसमिति समक्ष प्रस्तुत गर्ने,
ग) अन्तर्राष्ट्रिय सम्मेलन, कार्यसमितिको बैठक आदिमा सांगठनिक तथा वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने,
घ) संस्थाको कार्यमा अध्यक्षको परामर्शमा कार्यसमितिको प्रतिनिधि खटाउने,
ङ) संस्थाको सवै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने, गराउने,
च) संस्थाको कार्यालय प्रमुखको रूपमा कार्यसम्पादन र आधिकारिक प्रवक्ता भई संस्थाको नीति अनुसार सूचनाहरु प्रवाह गर्ने, गराउने,
छ) आफूमा निहित अधिकार अध्यक्षको परामर्शमा सचिवहरूमा प्रत्यायोजन गर्ने र
ज) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने, गराउने ।

**१३ (४) सचिवको काम, कर्तव्य र अधिकार :**

क) महासचिवले गर्नु पर्ने काममा सहयोग गर्ने,
ख) महासचिवले दिएको जिम्मेवारी पूरा गर्ने,
ग) महासचिवको अनुपस्थितिमा निजको कार्य गर्ने र
घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**१३ (५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको कोषको रेखदेख, सञ्चालन र वृद्धिका लागि कार्य गर्ने, गराउने,
ख) अन्तर्राष्ट्रिय सम्मेलन र कार्यसमितिको वैठकमा आय-व्यय (वजेट) विवरण र आर्थिक कार्ययोजना पेश गर्ने,
ग) कोष वृद्धिको लागि अल्पकालिन, दीर्घकालीन कार्यक्रम बनाई कार्यसमितिवाट स्वीकृत लिने,
घ) नियमित रूपमा वार्षिक लेखापरीक्षण गराउने,
ङ) कोषको रकम कार्यसमितिको निर्णयानुसार खर्च गर्ने वा अध्यक्ष, महासचिवको परामर्शमा खर्च गरी कार्यसमितिवाट अनुमोदन गराउने र
च) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**१३ (६) सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने र मत व्यक्त गर्ने ।
ख) संस्थाको नीति, निर्णय र निर्देशनहरूलाई आ-आफ्नो कार्यक्षेत्रमा कार्यान्वयन गर्ने ।
ग) संस्थाको कार्यक्रम, गतिविधिमा रचनात्मक भूमिका निर्वाह गर्ने ।
घ) अध्यक्ष, महासचिवलाई आवश्यक सल्लाह दिने तथा निजहरूको निर्देशनमा संस्थाको हितमा काम गर्ने ।

**१४. कोष :**

क) अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषदको कार्य संचालनको लागि एउटा छुट्टै कोषको गठन गर्नेछ । अन्तर्राष्ट्रिय तमू( गुरूङ) परिषदको सदस्य संस्थाहरूबाट उठाइएको शुल्क, विभिन्न दातृ निकायहरूबाट प्राप्त सहयोग, दान, रकम कल्याणकारी कोषमा जम्मा भएको रकम नै यसको मुख्य आयश्रोत हुनेछ ।
ख) कोषको संचालन गर्ने जिम्मा कार्यसमितिको हुनेछ । समितिको अध्यक्ष, महासचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरमा खाता संचालन हुनेछ ।

**१५. लेखापरिक्षण :**

अन्तर्राष्ट्रिय परिषदको हरेक वर्ष आन्तरिक लेखापरिक्षण गराइनेछ । आन्तरिक लेखा परिक्षण प्रतिवेदन बैठक र सम्मेलनबाट अनुमोदन गर्नु पर्नेछ ।

**१६. विधान संशोधन :**

यस अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषदको विधान संशोधन आवश्यक परेमा परिषदको सम्मेलनमा उपस्थित सदस्य संस्थाको सामान्य बहुमतद्वारा पारित गरी संशोधन गर्न सकिनेछ ।

**१७. नियम बनाउन सक्ने :**

१. संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ ।

२. यो विधान अन्तरग बनेको नियमको आधारमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनको लागि आवश्यक कार्यहरू गर्न सकिनेछ ।

## अनुसूची – १

विश्वभरका सम्पूर्ण तमू (गुरूङ) संघ संस्थाहरूको सवै तहका समितिहरूद्वारा सञ्चालित सभा, महासभा, सम्मेलन र अधिवेशन एवं महाधिवेशन शुरू गर्नु अघि यस विधानमा लेखिएका गुरूङ राष्ट्रिय गीत (तमू ह्युल्सा क्ह्युई) लयवद्ध तरिकाले गाएर शुरू गर्ने परम्परा बसाउनु प्रत्येक समितिका कार्यकारिणी सदश्यहरूको कर्तव्य हुनेछ ।

### तमू ह्युल्सा क्ह्युई

त्हिन दोंले छल खाँगए
मुसार दोंले च्योल खाँगए
    चुङि ह्युलरी चु  ङिए कुलरी ।
प्ह्रोछें लसि टिमु ङिमी
क्ह्याछें लसि टिमु ङिमी
    चु ङिए ह्युलरी चु ङिए कुलरी ॥
नउल्तो धोंले प्हिसि प्हमुँ
नउसि धोंले सेसी प्हमुँ
    चु ङिए ह्युलरी चु ङिए कुलरी ।।।
नउतो धोंले ओर्सि टिमु
चें धोंले डोर्सि टिमु
    चु ङिए ह्युलरी चु ङिए कुलरी ।।।।

### गुरूङ राष्ट्रिय गीत

घाम जस्तै लाग्न सकोस्
ताराहरु जस्तै चम्कन सकोस्
    यो हाम्रो देशमा यो हाम्रो कुलमा ।
वरू गोठाला गरी वस्छौं हामी
वरू गोरू धपाइ वस्छौं हामी
    यो हाम्रो देशमा ......... ॥
डाँफे जस्तै उडी हिंड्छौं
मुनाल जस्तै नाची हिंड्छौं
    यो हाम्रो देशमा ......... ।।।
डाँप्फे जस्तै वासेर वस्छौं
वाघ जस्तै गर्जेर वस्छौं
    यो हाम्रो देशमा ......... ।।।।

## अुनसुची २

संस्थाको छाप :

गोलाकारभित्र १२ वटा ल्होकोरभित्र अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषद International Tamu (Gurung) Council-2019 लेखिएको र बीचमा धनुष काँड हुनेछ ।

अनुसुची ३
संस्थाको झण्डा र प्रतीक चिन्ह :

अन्तर्राष्ट्रिय तमू (गुरूङ) परिषद-२०१९ को International Tamu (Gurung) Council (ITC) 2019 झण्डा र लोगो समावेश भएको हुनुपर्ने छ :

तमूहरूको चिनारीको लागि प्रतीक चिन्ह स्वरूप ल्होकोर (वर्ग चक्र) र धनुष काँडलाई मानिएको छ ।

क) ल्होकोर (वर्ग चक्र)
तमूहरूको वर्ष गणना पद्धतिको प्रचीन परम्परालाई ल्होकोर (वर्ग चक्र) को रूपमा लिएको छ ।

ख) धनुष
तमू जातिको मौलिक पहिचान धनुषसंग जोडिएको धनुषलाई शक्तिको प्रतीकको रूपमा मानिएको छ ।

ग) काँड धनुष र काँडको संयोजनबाट शक्तिको सृजना हुने भएकोले बदलिंदो युग र परिस्थितिलाई मध्यनजर राख्दै शिक्षा, ज्ञान र शान्तिको समायोजनबाट समाजको विकास सम्भव हुने हुनाले कलमलाई काँडको रूपमा प्रयोग गरिएको छ ।



**दिव्य गुरूङ**
**सभाध्यक्ष**

सर्वप्रथम त धेरै धेरै धन्यवाद, मलाई आमन्त्रित गर्नु भई यो सेसनको अध्यक्षता गर्ने जिम्मेवारी दिनुभएकोमा आयोजकज्यूहरूलाई । किन धन्यवाद भन्छु त भन्दा एक जना गुरूङ महिलालाई सम्मानित गरेर यो जिम्मेवारी दिनु भनेको अरू गुरूङ महिलाको पनि सम्मान हो भन्ने मैले बुझेको छु । महिलाहरूलाई पनि यसरी प्रतिनिधित्व गर्न दिनुभएको छ ।

हाम्रो यो सम्मेलनमा विदेशबाट पनि र नेपालको पूर्वदेखि पश्चिमसम्मैबाट सहभागी हुन आउनुभएका सबैलाई स्वागत गर्दछु । यस सेसनमा धेरै छलफल भएको छ । यसबाट धेरै ज्ञान, सिप सिक्ने र सुन्ने मौका हामीले पाएका छौँ । यसलाई हामी सबैले मनन् गर्न जरूरी छ । सबैको सहयोग, सहकार्यलाई कसरी अझ बलियो, झन् प्रभावकारी बनाउन सकिन्छ भन्नका लागि विधान तयार गरेका छौँ । यो अति नै महत्वपूर्ण छ ।




नेपालको राजधानी काठमाडौंमा ११-१२ अक्टोबर २०१९ मा आयोजित ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन १७ बुँदे घोषणा पत्र जारी गर्दै समापन भएको थियो । समापन समारोहमा  बोल्दै प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङले नेपालका गुरूङलगायत आदिवासी जनजातिको पहिचानका लागि थप आन्दोलन र एकता आवश्यक रहेको बताउनुभयो ।

विभिन्न राजनीतिक दलका नेताहरू अतिथि रहनुभएको समापन समारोहमा सम्मेलन सफल पार्न आर्थिक, भौतिक तथा नैतिक सहयोग गर्नुहुने सहयोगी दाता, संस्थालाई सम्मान तथा कदरपत्र प्रदान गरिएको थियो । त्यसैगरी देश-विदेशबाट सहभागी सबै संस्थालाई मायाको चिनोसमेत प्रदान गरिएको थियो ।

# ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन काठमाडौं घोषणापत्र-२०१९



**डेलमान गुरूङ**
संयोजक

विश्वका सम्पूर्ण तमू समुदायको पितृ, कुल, संस्कार, संस्कृति तथा मौलिक परम्पराको उच्च सम्मान गर्दै, तमूहरूको भाषिक, सांस्कृतिक, धार्मिक तथा राजनीतिक अधिकारका निम्ति विश्वका कुनै पनि देशमा भएको आन्दोलनमा साहदत प्राप्त गर्नु भएका महान् तमूहरूप्रति सम्मान व्यक्त गर्दै, तमूहरूको एकता, अस्तित्व, पहिचान र आर्थिक समृद्धिका लागि विश्वका सम्पूर्ण तमूहरु र अन्य समुदायलाई एकताको सन्देश दिँदै, विश्वका विभिन्न भागमा रहेका क्रियाशील तमू संघ-संस्थाहरूको आयोजना र तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषद् नेपालको संयोजनमा ११-१२ अक्टोबर २०१९ मा काठमाडौंमा

सम्पन्न भएको ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन २०१९ निम्न घोषणा गर्दछ ।

१. यो सम्मेलन विश्वमा रहेका तमूहरूलाई भावनात्मक हिसाबले एकताबद्ध रहेको घोषणा गर्दछ ।

२. विश्वका तमू समुदायको आदिम भूमीको रक्षा र अधिकारका लागि एकताबद्ध हुने प्रतिबद्धता व्यक्त गर्दछ ।

३. तमू समुदायको इतिहास, भाषा, धर्म, संस्कृति परम्परागत मूल्य, मान्यताको संरक्षण र विकासका साथै पहिचानका लागि विश्वमा रहेका तमू संघ-संस्थाहरु निरन्तर क्रियाशील रहने दृढ संकल्प गर्दछ ।

४. विश्वमा भइरहेको तमू जातिसँग सम्बन्धित पहिचान र अधिकार प्राप्तिका लागि, साथै नेपालको सन्दर्भमा कालीगण्डकी र बुढीगण्डकीबीचको भूगोललाई तमुवान स्वायत्त प्रदेश स्थापना गर्ने आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गर्दछ ।

५. तमू समुदायको भौतिक एवं अभौतिक सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको खोज तथा अनुसन्धान गर्दै, परम्परागत ज्ञान, सीप र पेसाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने प्रतिबद्धता जाहेर गर्दछ ।

६. तमू समुदायको आर्थिक स्तर उकास्न सामूहिक तथा संस्थागत लगानीको वातावरण बनाउन पहल गर्नुका साथै सामुदायिक विकास र उत्थानका लागि तमू कल्याणकारी कोषको स्थापना गर्ने घोषणा गर्दछ ।

७. भारतको दार्जीलिङ, सिक्किमलगायतका स्थानमा प्रचलित र नेपालको तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषदले निर्णय गरेको तमूहरूको लिपि खेमा लिपिलाई आधिकारिक भएको घोषणा गर्दै, गुरूङ भाषालाई हरेक देशको विश्वविद्यालय तहसम्म पठनपाठन गर्न पाउने अधिकार सुनिश्चित गर्न सम्बन्धित देशको सरकारसँग जोडदार माग गर्दछ ।

८. तमूहरूको भेषभुषालगायत पहिचानसँग सम्बन्धित मौलिक संस्कार तथा संस्कृतिमा एकरूपता ल्याउन सामूहिक प्रयत्न गर्ने प्रतिबद्धता जाहेर गर्दछ ।

९. तमू कला, साहित्य र शिक्षाको विकासमा नयाँ पुस्तालाई जोड्दै उनीहरूको क्षमता अभिवृद्धि कार्यमा लाग्ने प्रण गर्दछ ।

१०. तमू समुदायको आदिम ज्ञान, सीप, परम्परागत सामाग्रीहरु, रीतिरिवाज एवं प्रथाजन्य कानुनलाई संवैधानिक मान्यता दिन जोडदार माग गर्दछ ।

११. तमू जाति प्रकृतिपूजक र पितृ पूजाको शक्तिमा विश्वास गर्ने समुदाय भएकाले तमू खेगी पच्ह्यु, क्लेब्री र लामा विधिको संस्कार पद्दतिमा समयसापेक्ष सुधार गरी भाषा, संस्कृतिलाई एकता र अस्तित्वको प्रतीक मानेर अर्घौं वा पय संस्कारमा एकरूपता दिनुपर्ने संस्कारयुक्त संस्कृतिका लागि पहल गर्ने घोषणा गर्दछ ।

१२. तमू मातृभाषा र 'प्ये ताँ ल्हुँ ताँ'को संरक्षण र संवर्द्धन गर्दै सांस्कृतिक चाडपर्वहरूको मौलिकताको संरक्षण गर्न प्रतिबद्धता जाहेर गर्दछ ।

१३. आदिवासीहरूको समग्र अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि- १६९ र आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्र (यूएनड्रिप) कार्यान्वयन गर्न माग गर्दछ ।

१४. अन्तर्राष्ट्रिय तमू सम्मेलन प्रत्येक तीन/तीन वर्षमा गर्ने संकल्प गर्दछ ।

१५. ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलनबाट सम्मेलनमा सहभागी देशहरूबाट सम्बन्धित संस्थाको सिफारिसमा कम्तीमा एक/एक जना संस्थागत प्रतिनिधि रहने गरी अन्तर्राष्ट्रिय तमू परिषद गठन गरिनुका साथै अन्तर्राष्ट्रिय तमू परिषदको प्रथम बैठकले सम्बन्धित संस्थाको सिफारिसमा नौ सदस्यीय (अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र सदस्य) सचिवालय रहने घोषणा गर्दै, सचिवालय नेपालको काठमाडौंमा रहने घोषणा गर्दछ ।

१६. ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन-२०१९ सम्पन्न गर्ने आयोजक संस्थाहरु र संयोजन गर्ने तमू ह्यूल छौँज धीं गुरूङ राष्ट्रिय परिषद नेपाल र सहयोगी दाताहरु, सञ्चारकर्मी र नेपालस्थित तमू संघ-संस्थाहरूप्रति हार्दिक धन्यवाद प्रकट गर्दछ ।

१७. ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन-२०१९ उद्घाटन समारोहका प्रमुख अतिथि संघीय गणतन्त्र नेपालको प्रथम राष्ट्रपति डा. रामवरण यादव, विशिष्ट अतिथि एनआरएनएका पूर्वअध्यक्ष शेष घलेलगायत अतिथिहरु तथा समापन सत्रका प्रमुख अतिथि गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङलगायत अतिथिहरु विश्वका विभिन्न तमू संघ-संस्थाहरूबाट सहभागी प्रतिनिधिहरूप्रति आभार व्यक्त गर्दछ ।



## पृथ्वीसुब्बा गुरुङ
**मुख्यमन्त्री, गण्डकी प्रदेश सरकार**

विश्वभर रहेका तमूहरूलाई भावनात्मक रूपमा एकता गरी यस ऐतिहासिक अन्तर्राष्ट्रिय तमू सम्मेलन भव्य र सभ्य बनाउनु भएको छ । यसका लागि सबैलाई धन्यवाद दिन चाहन्छु । सम्मेलनबाट घोषित १७ बुँदे घोषणा पत्र पूर्ण रूपमा पालना तथा कार्यान्वयन गर्न सकिएमा तमूहरूको एकता, ऐक्यबद्धता सम्भव छ भन्ने चर्चा गर्न चाहन्छु ।

एकता सबैभन्दा ठूलो कुरा हो । जतिबेला नेपालमा आदिवासी जनजाति आन्दोलन उत्कर्षमा पुगेको थियो, त्यतिबेला हामी को कुन दल वा संस्थाको नभनी आन्दोलनमा एकताबद्ध भयौँ । त्यतिबेला संविधानसभामा ल्याएको विधेयक पनि फिर्ता गर्न सरकारलाई बाध्य बनाएका थियौँ । तर त्यतिबेला षड्यन्त्र भएको थियो । हामी साढे ३७ प्रतिशत आदिवासी जनजाति छौँ । तर जनजातिलाई विभिन्न तह बनाएर छुट्टयाई 'फुटाऊ र शासन गर' भनेझैँ हामीभित्रै रहेको समूहलाई मधेसी थारु अल्पसङ्ख्यक जस्ता उपमा दिइयो । यो भनेको हामीलाई अल्पमतमा पार्नु हो । त्यसैले हामीले एकतामा जोड दिनुपर्छ ।

हामीमा एकता हुनु जरूरी छ । यदि हामी विभाजित हुन पुग्यौँ भने कुचोले बढार्नुपर्ने कसिंगर हावाले उडाइदियो भनेझैँ अरूले फुटाउनुभन्दा हामी आफैँ फुट्यौँ भने के हुन्छ ? त्यसैले हामी एकता भई एकजुटको सन्देश प्रवाह गर्नु आवश्यक छ । हाम्रो आफ्नै लागि आदिवासी जनजातिका लागि र देश तथा समाजका लागि पनि एकरूपता हुन आवश्यक छ । हाम्रो लामो संघर्ष र आन्दोलनको परिणामस्वरूप कतिपयले नचाहँदा नचाहँदै पनि धर्मनिरपेक्ष र संघीय गणतन्त्र राज्य घोषण गर्न सफल भएका छौँ । आइएलओ-१६९ महासन्धि संसदबाट अनुमोदन गरिए पनि त्यसको कार्यान्वयन गर्न राज्यले अलमल गरिरहेको अवस्थामा हामी सडक र सदनमा लड्न आवश्यक छ । सदनमा हाम्रा माननीयहरु लड्नु पर्दछ । वक्तव्य जारी गरेर मात्र हुँदैन ।

राज्यले लोकसेवा आयोग, नेपाली सेना, नेपाल प्रहरीजस्ता सेवाहरूमा आरक्षणको व्यवस्था गरेता पनि हामी गुरुङहरूले कति अवसर लिन सक्यौँ । आरक्षणले हाम्रो समुदाय झन् पछाडि परेको छ । आरक्षणमा ५५ प्रतिशत एकलौटी खसआर्य समुदायको हालीमुहाली भइरहेको छ । हामीले प्राप्त उपलब्धीहरूलाई पनि ग्रहण गर्न सकेको छैनौँ । त्यतापट्टि पनि हामीले ध्यान दिन आवश्यक छ । आदिवासी जनजातिको पहिचानका मुद्धा यहाँसम्म ल्याउन पहिलो संविधान सभामा गठित 'ककस'को महत्वपूर्ण योगदान रहेको थियो । त्यहाँ सबै सभासद आफ्नो मातृपार्टीको निर्देशनलाई नमानेर आदिवासी जनजातिको पक्षमा उभिएका थिए । त्यसरी लडिरहँदा नियतपूर्ण ढंगले संविधान सभा नै विघटन हुन पुग्यो । यदि २०६९ जेठ १४ गते नै संविधान घोषणा भएको भए हामीले धेरै अधिकार हासिल गर्ने थियौँ । विभिन्न जालझेल गरेर संविधान सभा विघटन गरिएको हुनाले हामीले जेठ १४ गतेलाई कालो दिन भनेर भन्छौँ । तर यति हुँदाहुँदै पनि हामीले अहिलेको संविधानमा जे जति अधिकार दिइएको छ, त्यसको रक्षा गर्दै थप अधिकारका लागि संघर्ष र आन्दोलन गर्नुको विकल्प छैन ।

हामी आदिवासी जनजातिसँग त्यो बेला भएको सहमतिअनुसार एक प्रतिशतभन्दा बढी जनसंख्याले बोल्ने भाषालाई सरकारी कामकाजको भाषा बनाइनेछ भन्ने उल्लेख थियो तर अहिले प्रत्येक प्रदेश सरकारले नेपाली भाषाबाहेक त्यहाँका बहुसंख्यक जनताले बोल्ने भाषालाई सरकारी कामकाजको बनाउन सक्नेछ भनिएको छ । गण्डकी प्रदेशमा गुरुङ जातिको बहुल्यता त छ तर आफ्नो छोराछोरीलाई नेपाली र अंग्रेजी भाषा मात्र पढाउने र आफ्नो भाषा नसिकाउने अनि कसरी सरकारी कामकाजको भाषा बनाउन सकिन्छ । तपाईहरु आफ्नो लिपिको व्याकरण शब्दकोश तयार पारेर प्रदेश सरकारसमक्ष पेश गर्नुहोस । स्पष्ट रूपमा लिपिको विकास भए त्यसलाई गण्डकी प्रदेशको सरकारी कामकाजमा मान्यता दिएर प्रयोग ल्याउने प्रतिबद्धता जाहेर गर्दछु ।

प्रत्येक जातजातिको संस्कार, संस्कृति, धर्म र भाषाको संरक्षण तथा संवर्द्धन गर्नु राज्यको दायित्व हो । गण्डकी प्रदेश नेपालकै सुन्दर प्राकृतिक अवयवहरूले भरिपूर्ण प्रदेश हो । यहाँको हावापानी हिमाली तथा उच्च पहाडी हावापानी भएकाले यहाँ उत्पादनको राम्रो सम्भावनाका साथै तरकारी, फलफूल, पशुपालन सबै प्रकारका कृषिका लागि उत्तम रहेको छ । यस प्रदेशमा धेरै पर्यटकीय क्षेत्र रहेका छन् । त्यसैले आन्तरिक तथा बाह्य पर्यटकहरु पोखरा पुगेकै हुन्छन् । गण्डकी प्रदेशमा लगानीको प्रवल सम्भावना छ । त्यसैले म लगानीका लागि आगह गर्दै त्यसका लागि प्रदेश सरकारले गर्नुपर्ने सहयोग गर्न तयार रहेको जानकारी गराउन चाहन्छु । उहाँले सर्वप्रथम त ऐतिहासिक अन्तर्राष्ट्रिय तमू सम्मेलनलाई भव्य र सभ्य रूपमा सफल बनाउन दिनरात खट्नु भएको आयोजक समिति र संयोजनकारीको भूमिका खेल्नुभएका तमू ह्युल छौँज धीं गुरुङ राष्ट्रिय परिषद नेपालका साथै विभिन्न देशबाट पाल्नुभएका प्रतिनिधिहरूलाई धन्यवाद दिन चाहन्छु । त्यस्तै सम्मेलनबाट घोषित १७ बुँदे घोषणा पत्रलाई आ-आफ्नो क्षेत्रहरूमा कार्यान्वयन गर्नका लागि सुझाव समेत दिन चाहन्छु ।



**देवप्रसाद गुरूङ**
**पूर्वमन्त्री एवं नेता, नेपाल कम्युनिष्ट पार्टी**

यस ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलनको समापन समारोहका प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्यमन्त्रीज्यू, अन्य अतिथिज्यूहरु तथा सम्मेलनमा सहभागी हुन विभिन्न मुलुकबाट आउनुभएका प्रतिनिधिज्यूहरूमा हार्दिक नमस्कार एवं छयाजालो ।

हामी गुरूङहरूका लागि यो सम्मेलन ऐतिहासिक रहेको छ । यस सम्मेलनबाट घोषित १७ बुँदे घोषणा पत्रले विश्वभर रहेका तमू समुदायको पेसा, व्यवसायसँगै आर्थिक, सामाजिक संस्कार, संस्कृति र भेषभुषामा रहेको विविधतालाई एकरूपता दिन सहयोग पुग्ने मेरो विश्वास छ । यसले हामो अस्तित्व र मौलिक पहिचानको एकता एवं एकरूपता बनाउनुका साथै आफ्नो अधिकार प्राप्तिका निम्ति थप मलजल अर्थात मजबुत हुनेछ ।

हाम्रो पहिचान, अस्तित्व र अधिकार स्थापित गर्नका निम्ति विश्वभर छरिएर रहेका विविधता रूपमा स्थायी वा अस्थायी रूपमा बसोबास गरिरहेका तमूहरूबीच एकता हुनु जरूरी छ । हामी आदिवासी जनजातिहरूको पहिचानलाई विगतमा एकात्मक शासन प्रणाली र तुलनात्मक राजनीतिक हकअधिकारलई समय सपेक्षता अनुसार अगाडि बढाउनु पर्दछ । जुन एकात्मक शासन प्रणालीमा बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र बहुसामाजिकबाट प्राप्त गरेका आफ्नो हकअधिकारलाई सुनिश्चिता गर्दै जाने र संविधान र कानुनले सैद्धान्तिक रूपले मान्यता प्राप्त गरिए पनि कतिपय माग तथा मुद्धाहरु सम्बोधन हुन सकेको छैन । वर्तमान नेपाल एकात्मक अर्थात केन्द्रीकृत शासन प्रणालीबाट संघीय शासन प्रणालीमा प्रवेश गरेको सन्दर्भमा कतिपय माग र मुद्धाहरु सम्बोधन भए पनि अझै कही माग तथा मुद्धाहरु सम्बोधन हुन बाँकी रहेकाले ती मुद्धाहरु सम्बोधन गर्नका लागि हामी तमूहरु आदिवासी जनजाति र अन्य सबै समुदायहरूसँग सद्भाव बढाई एकता हुन जरूरी छ । जुन एकता नै बल हो भन्ने मान्यतालाई पनि आत्मसाथ गर्दै जानुपर्छ ।

यस सम्मेलनबाट गठित समितिले विश्वभरका गुरूङलाई एकता बनाई आफ्नो पहिचान तथा अस्तित्व जोगाउनुका साथै हकअधिकार, हाम्रो मुद्धाहरु स्थापित गर्नुपर्छ । यस सम्मेलनले हाम्रो तमू समुदायका भावी पुस्ताहरूका लागि आर्थिक, शैक्षिक, सामाजिक र राजनीतिक क्षेत्रलाई अग्रसर बनाउन मार्गदर्शन हुने अपेक्षा गरेको छु ।



**माया गुरूङ**
**अध्यक्ष, संरक्षक परिषद**
**तमू ह्युल छौंज धीं गुरूङ राष्ट्रिय परिषद**

यस ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलनमा सहभागी भई ३५ भन्दा धेरै देशका तमूहरूसँग भेटघाट गर्ने अवसर जुटाई दिनु भएकोमा म तमू ह्युल छोंज धीं गुरूङ राष्ट्रिय परिषदको संरक्षक अध्यक्षको हैसियतमा वर्तमान कार्यसमितिलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । विभिन्न परिवेशमा विदेशी भूमीमा पुग्नुभएका हाम्रा तमू दाजु-भाइ तथा दिदीबहिनीहरू उतैको रहन, सहन, संस्कार, सँस्कृतिमा भुलेर हाम्रो संस्कार, संस्कृति बिर्सिसक्नु भएको होला भन्ने मलाई कहिले काही चिन्ता लाग्थ्यो तर आज तपाईहरूले आफ्नो संस्कार, संस्कृतिलाई जिवन्त राख्नको लागि गर्नुभएको प्रयासहरू सुन्न पाउँदा अत्यन्तै खुशी लागेको छ । हाम्रो समुदायको मुख्य चाडपर्वहरू तमू ल्होसार (पुस १५), माङीदिना लगायत धुमधामसँग मनाउँदै नयाँ पुस्तालाई समेत प्रशिक्षित गर्नुभएकोमा हृदयदेखि नै आभार ब्यक्त गर्न चाहन्छु । यस किसिमको प्रयासहरूले गर्दा हामी नेपालमा आदिवासी जनजातिको अधिकारको आन्दोलनमा रहेकाहरूलाई समेत थप उत्साह र उमंग मिलेको छ । यसले भावी पुस्तालाई अमुल्य सम्पतिको रूपमा हस्तान्तरण गर्नुपर्ने भाषा, संस्कार, सँस्कृति जस्ता अमुल्य निधिहरू आजको दिनसम्म जिवितै रहेको समेत प्रमाणित गर्दछ । अन्तमा, म सबै देश विदेशवाट यस सम्मेलनमा सहभागी पाहुनाहरूको नेपालको बसाई सुखद रहोस भन्ने कामना गर्न चाहन्छु ।



**सीता गुरुङ**
**पूर्वराज्यमन्त्री एवं केन्द्रीय सदस्य, नेपाली काँग्रेस**

ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलनको यस समापन समारोहमा मलाई पनि बोल्ने मौका दिनुभएकोमा सर्वप्रथम त आयोजकपति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस ऐतिहासिक सम्मेलनका प्रमुख अतिथिज्यू, अन्य अतिथिज्यूहरू, सम्मेलनमा सहभागी हुन विभिन्न मुलुकबाट आउनुभएका प्रतिनिधिज्यूहरू तथा यस समापन समारोहमा सहभागी अन्य सबैमा नमस्कार । छयाजालो ।

यो अन्तर्राष्ट्रिय तमू सम्मेलन गुरुङ समुदायको ऐतिहासिक कार्य रहेको मैले पाएको छु । यस सम्मेलनले विश्वभरका तमू समुदायहरूको एकतामा भावनात्मक रूपमा भ्रातृत्व बढाएको छ । यस सम्मेलनले तमू समुदायको आगामी पुस्ताहरूका लागि मार्गदर्शन गरेको छ । १७ बुँदे घोषणा पत्र कार्यान्वयनका निम्ति बलियो जग बन्नका सम्पूर्ण तमूहरू आ-आफ्नो क्षेत्रबाट क्रियाशील रहनुपर्छ भने सदैव तत्परता देखाउनु आवश्यक छ ।

हामी वैदेशिक रोजगार र व्यापार तथा व्यवसायका सिलसिलामा स्थायी वा अस्थायी रूपमा संसारका विभिन्न स्थानमा छौँ । तर जो जहाँ रहेता पनि अन्ततोगत्वा गुरुङ हौँ भन्ने महान् विचारका साथ यस सम्मेलनमा सहभागी हुनुभएको छ । आफ्नो संस्कार, संस्कृति, धर्म, भाषा, भेषभुषाको संरक्षण र संवर्द्धनका लागि विभिन्न संघ-संस्थाको स्थापना गरेर जुट्नुभएको छ । जीवन्त राख्नुभएको छ । यो तमू समुदायका लागि गौरवको विषय हो । सम्पूर्ण तमू समुदायलाई एकताको भावनामा जीवन्त राख्ने कार्यको श्रेय निश्चिय पनि अन्तर्राष्ट्रिय सम्मेलनलाई जान्छ ।

लामो समय राज्यको निरंकुशता, केन्द्रीकृत शासन प्रणाली एवं एकल भाषीकरणका कारण हाम्रो समुदायले आफ्नो अधिकार र पहिचानले सार्थकता र पूर्णता पाउन सकेन । राज्यले लिने नीति र राज्यले दिने नीतिमा हरेक नागरिकसँग समान व्यवहार गर्नुपर्छ । तर हामीकहाँ समान व्यवहार नभएको हामी सबैले अनुभूति गरेको कुरा हो । नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुभाषिक विविधतामूलक देश हो । तर लोकतान्त्रिक मुल्य, मान्यता तथा विधिको शासन भएको मुलुकमा पनि विभिन्न समुदायको पहिचान र अधिकारलाई कुण्ठित गरिएको छ । यस्तो विभेद अन्त्य गर्न यस्तो सम्मेलनले निश्चिय पनि दवाब पुग्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा फेरि पनि यस्तो ऐतिहासिक सम्मेलन आयोजना गर्नुभएकोमा आयोजकपति हार्दिक धन्यवाद व्यक्त गर्दै दसैँ, तिहार, छठ तथा आउन लागेको तमू ल्होसारको शुभकामना व्यक्त गर्दछु ।



**सिआई टेकबहादुर गुरुङ**
**संयोजक, मूल व्यवस्थापन समिति**

यस ऐतिहासिक अन्तर्राष्ट्रिय तमू सम्मेलनको समुद्घाटन समारोहका प्रमुख अतिथि गणतन्त्र नेपालको पहिलो राष्ट्रपति डा. रामवरण यादवज्यू र यसै कार्यक्रमको समापन समारोहको प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय पृथ्वीसुब्बा गुरुङज्यू, विशिष्ट अतिथि एनआरएनएका पूर्वअध्यक्ष डा. शेष घलेज्यू, पूर्वराज्यमन्त्री सुश्री भद्रकुमारी घलेज्यू, सिक्किम सरकारका पूर्वमन्त्री गर्जमान गुरुङज्यू, एनआरएनएका सचिव जानकी गुरुङज्यू, नेपाल आदिवासी उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष चन्द्रबहादुर गुरुङज्यू, नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष जगत बरामज्यू, नेकपाका प्रमुख सचेतक, मा. देव गुरुङ, नेपाली कांगेस नेतृ एवं पूर्वमन्त्री, सीता गुरुङ तथा देश-विदेशबाट आउनुभएका संघ-संस्थाका अध्यक्षज्यूहरू,

जिल्ला अनि विभिन्न तह र तप्कामा काम गर्नुहुने साथीहरू, सञ्चारकर्मी साथीहरू, स्वयम्सेवक साथीहरू, सुरक्षाकर्मी साथीहरू, आर्थिक सहयोग दाताहरू, विभिन्न उपसमितिका संयोजक लगायत सदस्यहरू र प्रत्यक्ष तथा परोक्ष रूपमा कार्यक्रमलाई सफल बनाउन भौतिक, नैतिक, आर्थिक पक्षबाट सहयोग गर्नुहुने सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु । व्यवस्थापनका क्रममा केही कमी-कमजोरी भएमा म व्यक्तिगत र आयोजकको मूल व्यवस्थापनको तर्फबाट सबैमा क्षमा याचना गर्दछु ।

धन्यवाद



**नवराज गुरुङ**
**नेता, संघीय समाजवादी**

ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलनको यस समापन समारोहका प्रमुख अतिथिज्यू, अतिथिज्यू, सम्मेलनमा सहभागी हुन विभिन्न मुलुकबाट आउनुभएका प्रतिनिधिज्यूहरु तथा यस समापन समारोहमा सहभागी अन्य सबैमा छ्याजालो ।

यस सम्मेलनमा विभिन्न कार्यपत्र प्रस्तुत भए र ती कार्यपत्रहरूबाट निकलिएको निचोडमार्फत १७ बुँदे घोषणापत्र जारी भएको छ । म सर्वप्रथम त यो सम्मेलन भव्य र सभ्य रूपमा सम्पन्न भएकोमा आयोजक समिति र यस कार्यमा खटिने सबैलाई धन्यवाद दिन चाहन्छु । यस दुई दिवसीय सम्मेलनबाट जारी गरिएको घोषणापत्रले हामी तमू विश्वभर जहाँ रहेता पनि मूल सन्देश भनेको एकता नै हो भन्ने स्पष्ट पारेको छ ।

हामी पेसा, व्यवसाय तथा विभिन्न सिलसिलामा विश्वको जुनसुकै ठाउँमा पुगेता पनि मुख्य भनेको भूगोल नै हो । भूगोल सकियो भने हाम्रो पहिचान, अस्तित्व सकिन्छ । तर हामी अहिले ऐतिहासिक तमू भूमी पाउन सफल भएनौँ । पहिचान र अस्तित्वका लागि भूगोलको हाम्रो जारी छ । तर यस्तो ठूलो महत्वको अन्तर्राष्ट्रिय तमू सम्मेलनमा तमुवान भूमीका बारेका कुनै बहस भएको पाइएन । मलाई यस मानेमा यस सम्मेलन आयोजकपति दुःख लागेको छ । हामीलाई हाम्रो पहिचान र अस्तित्वका लागि तमुवान प्राप्ति अनिवार्य सर्त हो । यसका लागि अब नयाँ विचार र सिद्धान्त निर्माण गरेर अगाडि बढ्नु आवश्यक छ ।

हामीले गर्नुपर्ने अर्को महत्वपूर्ण काम भनेको हाम्रा खेगीहरूको हो । आधुनिकताको अन्धाधुन्ध अनुकरण गर्ने क्रममा हामीले हाम्रो खेगीहरु भुल्दै जान थालेका छौँ । संस्कार, संस्कृति, भाषालाई कम महत्व दिन थालेका छौँ । यो हाम्रो पहिचान हो । यसले हामीलाई पहिचान दिन्छ । त्यसैले यसको संरक्षण गर्नका लागि हामी सबै एक भएर अगाडि बढनुपर्छ । अन्तमा फेरि पनि यो एक ऐतिहासिक महत्वको कार्यक्रम सफलतापूर्वका सम्पन्न गर्न सफल भएकोमा आयोजक समितिलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद



**हेमजङ गुरुङ**
**नेता, राप्रपा**

ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलनको समापन समारोहका प्रमुख अतिथिज्यू, अन्य अतिथिज्यूहरु, सम्मेलनमा सहभागी हुन देश-विदेशबाट आउनुभएका सबै तमूहरूमा नमस्कार । यस दुई दिवसीय ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलनमा विभिन्न विद्वानहरुद्धारा कार्यपत्र प्रस्तुत भएको छ र ती कार्यपत्रहरूमाथि टिप्पणी पनि भएको छ । कार्यपत्र र त्यसमाथि भएको टिप्पणीपछि निकालिएको निचोडले हाम्रो तमू समुदायको पहिचान, अस्तित्व र अधिकार स्थापित गर्न सबैलाई एकताबद्ध बनाएको छ ।

यस अन्तर्राष्ट्रिय तमू सम्मेलनले नेपालमा मात्र नभएर विश्वको जुनसुकै स्थानमा पनि आफ्नो पहिचान र अस्तित्वलाई एकरूपता गराउन सहयोग पुग्ने विश्वास लिएको छु । सार्क तमू सम्मेलनले पनि सार्क क्षेत्रका सबै तमूलाई एकताको मालामा उनेको थियो । यस सम्मेलनले अझ एक कदम अघि बढेर विश्वभरकै तमूलाई एकताबद्ध बनाएको छ । हामी बीचमा विघटन गराउन विभिन्न कार्यहरु भइरहेका छन् । 'फुटाऊ र शासन गर' रणनीति लिएका त्यस्ता तत्वहरूबाट हामी सचेत हुनुपर्छ ।

हाम्रा खेगीहरु सबै समान हुन् । कोही पनि ठूलो वा सानो छैन । विश्वभर रहेका गुरूङहरु एकताबद्ध भए मात्र हाम्रा पहिचान र अधिकार तथा उद्देश्यहरु प्राप्त गर्न सहज हुन्छ । हामी तमूहरु जुन-जुन पार्टीमा आस्था राखे पनि आफ्नो अधिकार प्राप्तिका लागि हामी सबै 'तमू'को भावना लिएर अगाडि बढ्नु पर्छ । सम्मेलनलाई भव्यताका साथ सम्पन्न गर्न अहोरात्र खटिनुभएका आयोजक समिति, व्यवस्थापनलगायत देश तथा विदेशबाट पाल्नुभएका प्रतिनिधिहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।



## आनन्द गुरुङ
**अध्यक्ष, अखिल भारतीय गुरूङ (तमू) बौद्ध संगठन**

यस ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलनमा सहभागी हुन पाउँदा म र सम्पूर्ण पश्चिम बंगालका तमू जातिहरु नै गौरवान्वित भएका छौँ । यस सम्मेलनलाई भव्यताका साथ सम्पन्न गर्नका तमू ह्युल छौंज धीं गुरूङ राष्ट्रिय परिषद नेपालले लिएको अग्रसरताको कदमलाई सम्मान गर्न चाहन्छु । हामी तमूहरूलाई यस सम्मेलनले भौगोलिक रूपले विश्वभर छरिएर रहेता पनि भावनात्मक रूपले एकताबद्ध बनाएको छ । हामी तमू जातिमा भावनात्मक सम्बन्धका कारण यस सम्मेलनमा एउटै मञ्चमा देख्न पाएका हौँ ।

हामीले आफ्नोपनलाई अपनत्व गराउन सके मात्र हामी एकतामा रहन सक्छौँ । नेपाल र भारत दुई देशबीच असल छिमेकी राष्ट्रको नाताले पनि हामी नजिक छौँ । त्योभन्दा आफ्नो जातिका कारण हामी अझ नजिक छौँ । हाम्रो अस्तित्व त्यहाँ मात्र रहन्छ, जहाँ हामीले आफ्नो भाषा, धर्म, संस्कार र संस्कृतिलाई संरक्षण गरेर राख्न सक्छौँ । यसैका लागि सबै संस्थाले आ-आफ्नो स्थानबाट अगाडि बढ्नु पर्दछ ।

अखिल भारतीय तमू (गुरूङ) बौद्ध संगठनले पश्चिम बंगालका तमूहरूलाई एकताबद्ध गराउँदै आफ्नो अस्तित्व कायम राख्दै आएको छ । यस संस्थाले तमूहरूको हकहित र अधिकारका साथै शैक्षिक, सामाजिक र आर्थिक पक्ष सवल बनाउन सरकारसँग सहकार्य गर्दै आएको छ । यस अन्तर्राष्ट्रिय सम्मेलनलाई निरन्तरता दिन आगामी सम्मेलन यस अखिल भारतीय तमू (गुरूङ) बौद्ध संगठनले आयोजना गर्ने प्रतिबद्धता जाहेर गर्दछु । साथै आगामी सम्मेलनलाई यसरी नै भव्यताका साथ सफल बनाउन यहाँहरु सबैको साथ र सहयोग हुनेमा विश्वास लिएको छु ।

---



## गमबहादुर गुरूङ
**प्रमुख सल्लाहकार, तमू समाज बहराइन**

यस अन्तर्राष्ट्रिय तमू सम्मेलनको अध्यक्षज्यू लगायत उपस्थित सम्पूर्ण महानुभावहरू सबैमा मेरो हार्दिक नमस्कार छ्याजालो टक्रयाउन चाहन्छु । तमू समाज बहराइनको अध्यक्ष श्री नरेन्द्र घलेज्यूले हामी तमूहरूको बीचमा एकता हुनुपर्ने विषयमा धेरै कुराहरू राख्नुभयो त्यसमा म पूर्णतः सहमत छु । डोरी जति लामो बाटे पनि गाँठो एउटै हो त्यसैले सभाध्यक्षज्यूले दिनुभएको पाँच मिनेट समय पनि बचाई म जम्मा तीन मिनेटमा आफ्नो कुरा राख्न चाहन्छु, बचेको दुई मिनेट पनि अरूलाई नै दिन चाहन्छु । तमू समाज बहराइनको संस्थापक अध्यक्ष भएदेखि आजसम्म धेरै कुराहरू जान्ने अवसर मलाई मिलेको छ, खासगरी ठूलो मान्छेले सुन्तलालाई बेलौती भनेपनि हो भन्नुपर्नेरहेछ । सभाध्यक्षज्यूबाट समयको सही सदुपयोग भएको जस्तो मलाई लागेन तर पनि यहाँहरू कसैले पनि एक अर्कालाई रिस नगर्नु सबै एक अर्कामा राम्रोसँग मिलेर बसौं, मिलेर खाऔं, रमाइलो गरौं यही नै सबैमा मेरो अपिल छ साथै यहाँहरू सबैको नेपालको बसाई सुखद् रहोस् भन्ने कामना गर्न चाहन्छु । यस ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन भव्यताकासाथ सम्पन्न गर्नुभएकोमा आयोजक साथीहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।



**रेशम गुरुङ**
**संयोजक**
**ऐहिासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन**

'विश्वभरका तमू (गुरूङ)हरू एकजुट होऔँ ! सम्पूर्ण तमू (गुरूङ)हरूको आह्वान !! एकता, अस्तित्व र पहिचानका लागि ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन !!' भन्ने मूल नाराका साथ विश्वभरका गुरूङ संस्थाहरूको आयोजना र तमू ह्युल छौँज धीं गुरूङ राष्ट्रिय परिषद केन्द्रीय कार्यसमिति नेपालको संयोजनमा ११-१२ अक्टोबर २०१९ मा राष्ट्रिय सभागृह काठमाडौं नेपालमा दुई दिवसीय सम्मेलन भव्यताका साथ सम्पन्न भएको छ । सम्मेलनको समुदघाटन समारोह ११ अक्टोबर २०१९ मा संघीय गणतन्त्र नेपालको प्रथम राष्ट्रपति सम्माननीय डा. रामवरण यादवको प्रमुख आतिथ्य र समापन समारोह १२ अक्टोबर २०१९ मा गण्डकी प्रदेशका मुख्यमन्त्री मा. पृथ्वीसुव्वा गुरूङको प्रमुख आतिथ्यमा सम्पन्न हुँदैछ ।

एनआरएनएका पूर्वअध्यक्ष डा. शेष घले, सुश्री भद्रकुमारी घले, मा. देव गुरूङ (प्रमुख सचेतक नेकपा), सीता गुरूङ (पूर्वमन्त्री एवं केन्द्रीय सदस्य, नेपाली कांग्रेस), गर्जमान गुरूङ (पूर्वमन्त्री सिक्किम, भारत), नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष चन्द्रबहादुर गुरूङ, नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषदका अध्यक्ष जगत बराम, एनआरएनएका सचिव जानकी गुरूङ, संरक्षक परिषदका अध्यक्ष माया गुरूङ, हेमजङ गुरूङ (नेता राप्रपा), नवराज गुरूङ (नेता संघीय समाजवादी), विभिन्न सेसनका कार्यपत्र प्रस्तोताहरू, टिप्पणीकारहरू, अन्तर्राष्ट्रिय हितैषी संघ-संस्थाका अध्यक्षज्यूहरू, नेपालभित्रका आबद्ध तमू संघ-संस्थाका अध्यक्षहरू, जिल्ला अनि विभिन्न तह र तप्कामा रहनुहुने तमू नेता गणहरू, सञ्चारकर्मीहरू, स्वयमसेवकहरू, सुरक्षाकर्मीहरू, सहयोगीदाताहरू, मूल व्यवस्थापनका उपसमितिका संयोजक/सदस्यहरू साथै प्रत्यक्ष र परोक्ष रूपमा आर्थिक, भौतिक, नैतिक समर्थनका साथ सहयोग गर्नुहुने सबैमा म सबैभन्दा पहिले यस ऐतिहासिक अन्तर्राष्ट्रिय तमू सम्मेलनलाई भव्यताका साथ सु-सम्पन्न गर्नका निम्ति जुन सहयोग साथ दिनुभएको छ, त्यसका लागि सबैलाई  धन्यवाद दिनुका साथै कृतज्ञता पनि जाहेर गर्दछु ।

ऐतिहासिक प्रथम अन्तराष्ट्रिय सम्मेलन भव्यताका साथ सम्पन्न सफल भएको यो क्षण हामी सबै तमू समुदायहरूको ऐतिहासिक समय र गौरवको विषय हो । विश्वको जुनसुकै गोलार्द्धमा रहेता पनि तमूको भावना लिएर जानुपर्ने हुन्छ । जसले गर्दा हाम्रो अस्तित्व र पहिचानलाई एकरूपता बनाउन सहयोग पुग्नेछ । यस सम्मेलनमार्फत विश्वभर रहेका तमूहरूमा एकताको सन्देश प्रवाह गरिएको छ । इतिहासलाई अध्ययन गर्दै, वर्तमान समयलाई इतिहास निर्माण गर्नुका साथै स्वपहिचान निर्माण गर्नमा सबै तमूहरू आ-आफ्नो क्षेत्रबाट तमूको भावना लिएर अगाडि बढनुपर्ने छ । यस सम्मेलनमा प्रस्तुत गरिएका विद्वानहरूको कार्यपत्रले आप्ōनो इतिहास, संस्कार, संस्कृति, भाषा, धर्म र परम्पराको मौलिक अस्तित्व तथा पहिचानलाई थप प्रस्ट परिएको छ । यस सम्मेलनले विश्वभर छरिएर रहेका गुरूङ समुदायलाई सञ्जाल निर्माण गर्न सहयोग पुगेको मैले विश्वास लिएको छु ।

# ऐतिहासिक अन्तर्राष्ट्रिय तमू सम्मेलन–२०१९
# २०७६ आश्विन २४ र २५ गते
# काठमाण्डौं, नेपाल

**मितिः २०७६ आश्विन २४ गते (October 11, 2019)**

| क्र.स. | समय | विषय | जिम्मेवारी |
|---|---|---|---|
| १. | ८:००–०९:३० | खाजा नास्ता/दर्ता | व्यवस्थापक |
| २. | ९:३०–१२:३० | समुद्घाटन समारोह | आयोजक |
| ३. | १२:३०–१३:३० | दिउँसोको खाना | व्यवस्थापक |
| ४. | १३:३०–१५:३० | शिर्षकः परिचय सेसन (Sharing)<br>समर्पितः डा. रेमबहादुर गुरूङ र स्व.प्रा. सन्तबहादुर गुरूङ<br>प्रति ३/३ मिनेट वहाँको परिचय प्रस्तुत<br>सेशन अध्यक्षताः प्रा.डा. गणेशमान गुरूङ<br>प्रत्येक देशको प्रतिनिधिले बढीमा ५ मिनेटमा आ–आफ्नो संस्थागत परिचय प्रस्तुत गर्ने । | |
| ५. | १५:३०–१६:०० | दिउसोको नास्ता | व्यवस्थापक |
| ६. | १६:००–१८:०० | सेशनको शिर्षक : एकता<br>समर्पित : स्व. अरिबहादुर गुरूङप्रति ३ मिनेट वहाँको परिचय प्रस्तुत<br>अध्यक्षता : डा. जगमान गुरू ङ–उपकुलपति, नेपाल प्रज्ञा प्रतिष्ठान<br>कार्यपत्र प्रस्तुत : डा. टेकबहादुर गुरूङ २५ मिनेट<br>विषय : तमू जातिको उत्पत्तिको इतिहास<br>टिप्पणीकार : श्री होमा थकाली गुरूङ १० मि.<br>कार्यपत्र प्रस्तुत : श्री पोल गुरूङ मानवशास्त्री २५ मिनेट<br>विषय : तमू जातिको संस्कार तथा संस्कृति<br>टिप्पणीकार : डा.छाम्पामेघी लामा गुरूङ १० मिनेट<br>फ्लोर खुल्ला : ३० मिनेट<br>प्रतिउत्तर कार्यपत्र प्रस्तोताहरू : डा. टेकबहादुर गुरूङ र श्री पोल गुरूङबाट ५मि/५ मि.<br>निष्कर्ष सहित समापन : १० मिनेट | |
| ७ | १८:००–१८:१५ | दोश्रो दिनको कार्यक्रमको जानकारी तथा कार्यक्रम स्थगनको घोषणा | |
| ८ | १८:३०–२०:३० | रोधीं सांस्कृतिक साँझ | |

मितिः २०७६ आश्विन २५ गते (October 12, 2019)

| क्र.स. | समय | विषय | जिम्मेवारी |
|---|---|---|---|
| १. | ०८:००-०९:०० | खाजा नास्ता | व्यवस्थापक |
| २. | ०९:००-१०:३० | सेशनको शीर्षक : अस्तित्व<br>समर्पित : स्व. गर्जमान गुरूङ-भुटानप्रति ३ मिनेट वहाँको परिचय प्रस्तुत<br>अध्यक्षता : प्रा.डा. शेखर गुरूङ<br>कार्यपत्र प्रस्तुत : श्री बालनर सिह गुरूङ २० मिनेट<br>विषय : तमू भाषा र खेमाँ लिपिको अवस्था<br>कार्यपत्र प्रस्तुत : श्री रूपराज गुरूङ १० मिनेट<br>बिषय : सिक्किममा तमू भाषा र खेमाँ लिपिको अवस्थाबारे<br>टिप्पणीकार : भाषाविद श्री रत्नबहादुर गुरूङ १० मिनेट<br>अतिथि टिप्पणीकार : भाषाविद् श्री अमृत योञ्जन १० मिनेट<br>फ्लोर खुल्ला : २५ मिनेट<br>प्रतिउत्तर कार्यपत्र प्रस्तोता : श्री बालनर सिह गुरूङ ५ मि.<br>निष्कर्ष सहित समापन : १० मिनेट | |
| ३. | १०:३०-१२:०० | सेशनको शीर्षक : पहिचान<br>समर्पित : स्व.डा. हर्क गुरूङ-नेपालप्रति ३ मिनेट वहाँको परिचय प्रस्तुत<br>अध्यक्षता : श्री गर्जमान गुरूङ-पूर्वमन्त्री सिक्किम सरकार, भारत<br>कार्यपत्र प्रस्तुत : प्रा.डा. ओम गुरूङ २५ मिनेट<br>विषय : आदिवासी जनजातिको राष्ट्रिय, अन्तर्राष्ट्रिय आन्दोलन र तमू समुदायको सवाल<br>अतिथि टिप्पणीकार : प्रा.डा. कृष्ण हाछेथू १० मि.<br>फ्लोर खुल्ला :३० मिनेट<br>प्रतिउत्तर कार्यपत्र प्रस्तोता : प्रा.डा. ओम गुरूङ ५ मि.<br>निष्कर्ष सहित समापन : १० मिनेट | |
| ४. | १२:००-१३:०० | दिउसोको खाना | व्यवस्थापक |
| ५. | १३:३०-१५:३० | सेशनको शीर्षक : समृद्धि<br>समर्पित : स्व. बखानसिह गुरूङ-नेपालप्रति ३ मिनेट वहाँको परिचय प्रस्तुत<br>अध्यक्षता : श्री शेष घले-पूर्वअध्यक्ष एनआरएनए<br>कार्यपत्र प्रस्तुत : डा. गणेश गुरूङ/डा.सुमित्रा मानन्धर गुरूङ २५ मिनेट<br>विषय : तमू समुदाय र आर्थिक समृद्धि<br>अनुभव प्रस्तुति : श्री रामकाजी कोने गुरूङ/श्री निर्मला गुरूङ/श्री लालकाजी गुरूङ १५मि./१५ मि.<br>प्रतिउत्तर कार्यपत्र प्रस्तोता : डा. गणेश गुरूङ ५ मि.<br>निष्कर्ष सहित समापन : १० मिनेट | |
| ६. | १५:३०-१६:०० | दिउँसोको नास्ता | व्यवस्थापक |
| ७. | १६:०-१७ :०० | सेशनको : विधान प्रस्तुत र सबै देशबाट सदस्यहरू पेश गर्ने<br>समर्पित : स्व.श्री श्रीप्रसाद गुरूङ<br>अध्यक्षता : श्री दिव्य गुरूङ, काठमाडौं<br>प्रस्तोता : श्री खड्गबहादुर गुरूङ २० मिनेट<br>फ्लोर खुल्ला २० मिनेट<br>प्रतिउत्तर कार्यपत्र प्रस्तोता : श्री खड्गबहादुर गुरूङ ५ मि.<br>निष्कर्ष सहित समापन : १० मिनेट निष्कर्ष सहित समापन | |
| ८. | १७:००-१८:३० | घोषणा सभा | |

"विश्वभरका तमू (गुरूङ) हरू एक जुट हौं ।"

"सम्पूर्ण तमू (गुरूङ)हरूको आह्वान !
एकता, अस्तित्व र पहिचानका लागि ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन !!

# ऐतिहासिक अन्तर्राष्ट्रिय तमू सम्मेलन २०१९

**११ र १२ अक्टोबर २०१९**
**(२०७६ आश्विन २४ र २५ गते)**
**काठमाडौं, नेपाल ।**

## अवधारणा-पत्र :

**१. पृष्ठभूमी :**

नेपाल लगायत विश्वभर स्थायी वा अस्थायी बसोबास गर्ने समग्र तमू (गुरूङ)हरूबीच भावनात्मक एकताको विकास गर्दै, तमू (गुरूङ) जातिको इतिहास, भाषा, धर्म, संस्कृति, परम्पराको संरक्षण र संवर्द्धन गर्दै, समग्र तमू (गुरूङ) समुदायलाई भाषिक, साँस्कृतिक तथा सामाजिक रूपमा एकरूपता र आर्थिक रूपमा समृद्धिको दिशामा अघि बढाउँदै, तमू (गुरूङ) जातिको सर्वाङ्गिण विकासको हितमा काम गर्दै, एकता, सद्भाव साथै जातीय अस्तित्व र पहिचानका लागि क्रियाशिल रहँदै, विश्वभरका तमू (गुरूङ)हरूलाई एकताबद्ध गरी तमू (गुरूङ) हरूको स्वःपहिचान र इतिहासलाई जीवन्त राख्न साथै तमू (गुरूङ) समुदायको हक, हित र सुमन्नतीका लागि प्रभावकारी भूमिका निर्वाह गर्न यही ११ र १२ अक्टोबर २०१९ (२०७६ आश्विन २४ र २५ गते) काठमाडौं, नेपालमा अन्तर्राष्ट्रिय तमू (गुरूङ) सम्मेलन आयोजना गरिएको छ ।

**२. सम्मेलनको उदेश्यहरू :**

क. मिति २०७३ कार्तिक ६ र ७ गते सुनसरी जिल्लाको धरानमा ऐतिहासिक प्रथम तमू सार्क सम्मेलन सम्पन्न गरिसकेको सन्दर्भमा संसारभर रहेका तमू संघ-संस्थाहरूसंग सम्पर्क, समन्वय बढाउँदै तमू (गुरूङ)हरूको एकतालाई थप सुदृढीकरण गर्ने ।

ख. संसारभर विभिन्न स्थान/राज्य/भूभागमा गठन भएको तमू (गुरूङ) संघ-संस्थाहरूलाई समन्वय गरी तमू समुदायको हक, हित र समुन्नतिका लागि संगठित गर्ने ।

ग. संसारभर रहेका तमू (गुरूङ)हरूको इतिहास, भाषा, लिपि, धर्म, साहित्य, संस्कार, संस्कृति, परम्पराको संरक्षण र संवर्द्धन गर्ने ।

घ) संसारभर बसोबास गर्ने तमूहरूबीच पारिवारिक सम्बन्ध कायम गर्दै उनीहरूको गौरवमय इतिहासको खोजी तथा निर्माण गर्ने ।

ङ) तमूहरूको आधिकारिक लिपि खेमाँ लिपिको संरक्षण, संवर्द्धन गर्ने ।

च) संसारभर बसोबास गर्ने तमूहरूबीच संस्थागत तथा व्यक्तिगत सञ्जाल निर्माण गर्ने साथै उक्त सञ्जाल मार्फत तमू समूदायको आर्थिक, सामाजिक, शैक्षिक, प्रशासनिक, राजनीतिक आदि वृद्धि र विकास गर्न गराउनमा उत्प्रेरित गर्ने ।

छ) विश्वको विभिन्न देशका तमू (गुरूङ) संघ-संस्थाहरूको संस्थागत विकास एवं सशक्तिकरणमा आवश्यक सहयोग पुऱ्याउने ।

ज) संसारभरका तमू (गुरूङ) समुदायको सामाजिक, धार्मिक, शैक्षिक, भाषिक र साँस्कृतिक स्तर उठाउन युग सुहाउँदो चेतना अभिवृद्धि गर्ने ।

झ) विश्वको जुनसुकै राष्ट्रमा बसोबास गर्ने तमू (गुरूङ) समुदाय जाति, राष्ट्र, उत्पत्ति, भाषा, धर्म, संस्कृति, वर्ण, लिंग, सम्पत्ति आदिको आधारमा हुने वा गरिने जुनसुकै किसिमको भेदभावको विरूद्धमा आवाज उठाउने,

ञ) तमू (गुरूङ) जातिको ऐतिहासिक तमू (गुरूङ) अग्रजहरू, पुर्खाहरू, शहिदहरू एवं तमू (गुरूङ) समुदायका लागि योगदान, बलिदान, त्याग तथा जीवनभर आहोरात्र खटिने एवं तमू (गुरूङ) जातिको ऐतिहासिक पहिचान र अधिकारको लागि संघर्ष गर्नेहरूको कदर गर्ने, स्मरण गर्ने एवं भावी पुस्ताका लागि प्रेरणा दिलाउन वहाँहरूको इत्तिवृत्तान्त तय गर्न खोज अध्ययन, अनुसन्धान गर्ने ।

ट) मानव अधिकारको विश्वव्यापी घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम संगठन ILO-169 एवं आदिवासीहरूको अधिकार

सम्बन्धी राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) लगायतका अन्तर्राष्ट्रिय कानूनहरूमा व्यवस्था गरिएको आदिवासी जनजातिको अधिकार र नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न गराउन प्रयत्नशिल रहने ।

ठ) समान उद्देश्य भएका तमू (गुरूङ) जातीय संघ-संस्थाहरूसँग अन्तर्राष्ट्रिय सञ्जाल तय गरी आवश्यक सम्पर्क र सम्बन्धको विकास गरी आपसी सम्बन्ध बढाउने तथा आपसी सहयोग अभिवृद्धि गर्ने, गराउने ।

ड) तमू (गुरूङ) जातिको भाषा, धर्म, लिपि, सँस्कृति इतिहास आदिको संरक्षण र संवर्द्धन एवं तमू जातिको चेतना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई बलियो बनाउने साथै त्यसको लागि विश्वका विभिन्न राष्ट्रमा प्रशिक्षण, गोष्ठी प्रवचन, भेला, सभा, भेटघाट, छलफल आदिको व्यवस्था गर्ने ।

ढ) तमू (गुरूङ) कल्याणकारी कोष खडा गरी सञ्चालन गर्ने ।

ण) नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउँदै मुलुकको समृद्धिमा थप टेवा पुऱ्याउने ।

**३. सम्मेलनका सहभागीहरू :**

स्थायी वा अस्थायी रूपमा विश्वभर बसोबास गर्ने तमूहरूको प्रतिनिधिमूलक संघ-संस्थाका प्रतिनिधिहरूले यस ऐतिहासिक सम्मेलनमा सहभागी हुनेछन् । विशेष गरीकन नेपाल, भारत, भुटान, हङकङ, जापान, दक्षिण कोरिया, थाइल्याण्ड, म्यानमार, बेलायत, अमेरिका, अष्ट्रेलिया, बेल्जियम, नेदरल्याण्ड, जर्मन, लक्जेम्बर्ग, फ्रान्स, स्येन, पोल्याण्ड, स्वीट्जरल्याण्ड, पोर्चुगल, स्वीडेन, डेनमार्क, इजरायल, साइप्रस, कतार, दुबई, बहराइन, साउदी अरब, मलेसिया, ओमन आदि देशका तमू संघ-संस्थाका प्रतिनिधिहरू सहभागी हुनेछन् ।

**४. सम्मेलनमा सहभागिता लगायतका सूचनाहरू :**

यस सम्मेलनका सबै प्रतिनिधि सहभागीहरू काठमाडौंमा १० अक्टोबर २०१९ बेलुकी सम्ममा आइपुग्नु पर्नेछ । साथै प्रतिनिधिहरूको नामावली सेप्टेम्बर १५ सम्ममा पठाइसक्नु पर्नेछ । प्रतिनिधिहरूको सम्पर्क र समन्वय काठमाण्डौंस्थित केन्द्रीय सचिवालयले गर्नेछ । यस सम्मेलनका गतिविधिहरू एफएम रेडियोहरू, टिभी च्यानल र वेब काष्टमार्फत प्रत्यक्ष प्रसारण गरिनेछ ।

**५. सम्मेलनको अनुमानित आम्दानी र खर्च :**

ऐतिहासिक अन्तर्राष्ट्रिय तमू सम्मेलनमा सहभागि प्रतिनिधिहरूले कार्यक्रम स्थलसम्मको यातयातको व्यवस्था आफैँले गर्नु पर्नेछ साथै प्रत्येक प्रतिनिधिहरूले दर्ता शुल्क स्वरूप रू ३,०००।- अक्षरूपी तीन हजार रूपैयाँ मात्र बुझाउनु पर्नेछ । सम्मेलनमा सहभागि ५०० प्रतिनिधिहरूको आवास र खानाको ब्यवस्था आयोजक समितिले गर्नेछ साथै आर्थिक पक्षलाई व्यवस्थित गर्नको लागि केन्द्रीय सदस्य ई. गंगाबहादुर गुरूङको संयोजकत्वमा पाँच सदस्यीय आर्थिक समिति गठन गरिएको छ । यस सम्मेलनको व्यवस्थापक समितिको नाममा एउटा छुट्टै बैंक खाता खोली सञ्चालन गरिनेछ, उक्त बैक खाता व्यवस्थापन समितिको संयोजक सिआई श्री टेकबहादुर गुरूङ, मूल आयोजक समितिको सदस्यसचिव श्री सूर्यबहादुर गुरूङ र आर्थिक संयोजक ई. श्री गंगाबहादुर गुरूङको संयुक्त हस्ताक्षरमा संचालन गरिनेछ ।

**अनुमानित आम्दानी विवरण**

| क्र.स. | विवरण | रकम (रू.) | कैफियत |
|---|---|---|---|
| १ | प्रतिनिधि शुल्क | रू. १५,००,०००।- | |
| २ | जिल्ला/संघसंस्था दायित्व | रू. १०,००,०००।- | |
| ३ | विदेशस्थित संघसंस्थावाट सहयोग | रू. २२,००,०००।- | |
| ४ | अन्य सहयोग | रू. १०,००,०००।- | |
| | जम्मा | रू. ५७,००,०००।- | |

**अनुमानित खर्च विवरण**

| क्र.स. | खर्च विवरण | रकम (रू.) | कैफियत |
|---|---|---|---|
| १ | आवास | रू. १५,००,०००।- | |
| २ | खाना | रू. १०,००,०००।- | |
| ३ | चियापान/नास्ता | रू. ४,००,०००।- | |
| ४ | हल भाडा | रू. ४,५०,०००।- | |
| ५ | मञ्च सजावट तथा साउण्ड सिस्टम | रू. ३,००,०००।- | |
| ६ | प्रचार-प्रसार | रू. ५,००,०००।- | |

| | | | |
|---|---|---|---|
| ७ | प्रतिनिधि कार्ड | रू. ५०,०००।- | |
| ८ | मसलन्द (झोला, स्टेशनरी आदि) | रू. २,००,०००।- | |
| ९ | अतिथि सत्कार | रू. ५०,०००।- | |
| १० | बैठक/सेमिनार | रू. ३,००,०००।- | |
| ११ | सचिवालय | रू. ५,००,०००।- | |
| १२ | यातायात | रू. १,५०,०००।- | |
| १३ | विविध | रू. ३,००,०००।- | |
| | जम्मा | रू. ५७,००,०००।- | |

**६. सम्मेलनको आयोजक र व्यवस्थापक :**

**क) आयोजक समिति :** तमू ह्युल छोंज धीं गुरूङ राष्ट्रिय परिषद केन्द्रीय कार्यसमितिको अध्यक्ष श्री रेशम गुरूङको संयोजकत्वमा यस संस्थाको सम्पूर्ण केन्द्रीय पदाधिकारी तथा सदस्यहरू स्वत : सदस्य रहने गरी अन्तर्राष्ट्रिय तमू सम्मेलन मूल आयोजक समिति गठन गरिएको छ साथै सदस्यसचिवको रूपमा महासचिव श्री सूर्यबहादुर गुरूङ रहनुहुनेछ । यस संस्थाको विशेष सदस्य संगठनहरू तमू प्ये ल्हु संघ, तमू बौद्ध सेवा समिति, तमू धीं नेपाल र वौद्ध अर्घौं सदनका अध्यक्षहरू साथै विदेशस्थित विभिन्न तमू संघ-संस्थाका अध्यक्ष वा संस्थाले पठाइएका प्रतिनिधिहरू स्वत : मूल आयोजक समितिको सदस्य हुनेछ । मूल व्यवस्थापन समितिको कामहरूलाई प्रभावकारी ढंगले संचालन गर्नको लागि देहाय बमोजिमको समितिहरू गठन गरिएको छ साथै प्रत्येक समितिहरू ५ देखि ७ सदस्यीय हुनेछन् ।

१. सल्लाहकार समिति
२. अन्तर्राष्ट्रिय समन्वय समिति
३. प्रचार प्रसार समिति
४. कार्यशाला गोष्ठी व्यवस्थापन समिति
५. घोषणा-पत्र तयारी समिति
६. आर्थिक व्यवस्थापन समिति

**ख) मूल व्यवस्थापन समिति :** ऐतिहासिक अन्तर्राष्ट्रिय तमू सम्मेलनलाई भव्यताका साथ सु-सम्पन्न गर्नका लागि तमू ह्युल छौंज धीं गुरूङ राष्ट्रिय परिषदको केन्द्रीय उपाध्यक्ष सिआई टेकबहादुर गुरूङको संयोजकत्वमा काठमाडौं र ललितपुर जिल्लाका अध्यक्षहरू साथै काठमाडौं उपत्यकामा रहेका तमू संघ-संस्थाका अध्यक्षहरू स्वत : सदस्य रहने गरी एक मूल व्यवस्थापन समिति गठन गरिएको छ । उक्त मूल व्यवस्थापन समितिको कामकारबाहीहरूलाई चुस्त दुरूस्त राख्नको लागि निम्न बमोजिमका समितिहरू गठन गरिएको छ ।

१ आवास व्यवस्थापन समिति
२. भोजन (स्योकै) ब्यवस्थापन समिति
३. सांस्कृतिक कार्यक्रम व्यवस्थापन समिति
४. खेगी व्यवस्थापन समिति
५. स्वयंसेवक परिचालन समिति
६. यातायात व्यवस्थापन समिति
७. मञ्च तथा सम्मेलनस्थल सजावट समिति
८. अतिथि सत्कार समिति
९. प्राथमिक उपचार समिति

**७. सम्मेलन कार्यक्रम :**

**क. पहिलो दिन :** ११ अक्टोबर २०१९ (२०७६ आश्विन २४)

**समुद्घाटन :**

समय : विहान १०:०० बजेदेखि १२ :३० बजेसम्म
स्थान : राष्ट्रियसभा गृह, काठमाडौं ।
कार्यक्रम : प्रमुख अतिथि सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यू हुनुहुनेछ साथै उद्घाटन कार्यक्रममा सिमित विशिष्ट व्यक्तित्वहरूबाट कार्यक्रम सफलताको शुभकामना लिनेछौं ।

**कार्यशाला गोष्ठी :**

समय : दिउँसो ३ :०० बजेदेखि ५:३० बजेसम्म

स्थान : राष्ट्रियसभा गृह, काठमाण्डौं ।

कार्यक्रम : यस सेसनमा प्रत्येक सहभागी संस्थाको अध्यक्ष वा प्रतिनिधिबाट जम्मा पाँच मिनेटको समयमा संस्थागत परिचय र गतिविधिहरू शेयर गर्नुहुनेछ ।

**रोधीं साँस्कृतिक साँझ :**

समय : बेलुकी ६:०० बजेदेखि ८:३० बजेसम्म

स्थान : राष्ट्रियसभा गृह, काठमाडौं ।

ब्यवस्थापन : तमू कलाकार संघ, केन्द्रीय कार्यसमिति

**ख. दोश्रो दिन कार्यक्रम :** १२ अक्टोबर २०१९ (२०७६ आश्विन २५)

**कार्यशाला गोष्ठी :**

समय : बिहान ९ :०० बजेदेखि ४:३० बजेसम्म

स्थान : राष्ट्रियसभा गृह, काठमाडौं ।

कार्यक्रम : यस सेसनमा विभिन्न विषयका फरक-फरक सेसनहरू हुनेछन् र अन्तिम ३० मिनेटमा काठमाडौं घोषणा-पत्र जारी गर्दै समापन गरिनेछ ।

**८. सम्मेलनको सम्पर्क :**

**क) केन्द्रिय सचिवालय :**

तमू ह्युल छोंज धीं गुरूङ राष्ट्रिय परिषद केन्द्रिय कार्यालय, मित्रनगर, काठमाडौं ।

फोन/फ्याक्स नं. ००९७७-०१-४३८५८६८ (अध्यक्ष, रेशम गुरूङ-९८४१२९४५८०, महासचिव, सुर्यबहादुर गुरूङ-९८५१०४९६३७)

Email: tamuhyula@gmail.com, Website: tamunews.com

**ख) अन्तर्राष्ट्रिय समन्वय :**

१) संयोजक : श्री जानकी गुरूङ, बेल्जियम

२) सदस्य : श्री ओम गुरूङ, जापान

३) सदस्य : श्री युवराज गुरूङ, नेपाल/बेल्जियम

४) सदस्य : श्री एकेन्द्र गुरूङ, बेलायत

५) सदस्य : श्री बिल गुरूङ, कतार

६) सदस्य : श्री मोहन गुरूङ, अमेरिका

७) सदस्य : श्री गणेश गुरूङ, बेलायत

८) सदस्य : श्री आनन्द गुरूङ, भारत

९) सदस्य : श्री राजमान गुरूङ, भुटान

१०) सदस्य : श्री गमबहादुर गुरूङ, बहराइन

११) सदस्य : श्री प्रदिप गुरूङ, अमेरिका

**ग) सल्लाहकार समिति**

संयोजक : प्रा. डा.गणेशमान गुरूङ

सदस्य : डा. गणेश गुरूङ

सदस्य : प्रा.डा.ओम गुरूङ

सदस्य : प्रा.डा. शेखर गुरूङ

सदस्य : डा.सुमित्रा मानन्धर गुरूङ

सदस्य : प्रा.डा. देवी गुरूङ

सदस्य : खड्गबहादुर गुरूङ

सदस्य : डेलमान गुरूङ

सदस्य : धनमान गुरूङ

सदस्य : भद्रमान गुरूङ

"विश्वभरका तमू (गुरुङ) हरू एकजुट हौं।"
"सम्पूर्ण तमू (गुरुङ)हरूको आव्हान !
एकता, अस्तित्व र पहिचानका लागि प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन !!"

# हार्दिक निमन्त्रणा

**ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन-२०१९** को समुद्घाटन समारोह निम्न मिति, समय र स्थानमा हुन गइरहेकोले उक्त समारोहमा यहाँको गरिमामय उपस्थितिको लागि सादर निमन्त्रणा गरिन्छ ।

**कार्यक्रमः**

मिति : २०७६ असोज २४ गते (११ अक्टोवर-२०१९)
समय : विहान १०:०० बजे
स्थान : राष्ट्रिय सभागृह, भृकुटीमण्डप, काठमाडौं, नेपाल
बन्द शत्र : २०७६ असोज २५ गते

रेशम गुरुङ
संयोजक
ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन-२०१९
मूल आयोजक समिति, काठमाडौं, नेपाल




"विश्वभरका तमू (गुरुङ) एकजुट होऔं"
सम्पूर्ण तमू (गुरुङ)हरुको आव्हान !
एकता, अस्तित्व र पहिचानका लागि अन्तर्राष्ट्रिय तमू सम्मेलन !!
तमू ह्युल छोंज धी गुरुङ्ग राष्ट्रिय परिषद
The National Council House Of Tamu
जिल्ला कार्यसमिति, सुनसरी
ऐतिहासिक तेस्रो राष्ट्रिय महाधिवेशन सफल पारौं !!
२०७६
असोज २४ गते
काठमाडौं जाऔं !
ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन
भव्यताका साथ सफल पारौं !
कार्यक्रम :
समुद्घाटन मिति : २०७६ असोज २४ गते (11 Oct 2019)
समय : बिहान ११:०० बजे
सेमिनार मिति : २०७६ असोज २५ गते (12 Oct 2019)
समय : बिहान ९:०० बजे
स्थान : राष्ट्रिय सभा गृह, भृकुटीमण्डप काठमाडौं
प्रचारकः
तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद
केन्द्रीय कार्यसमिति, काठमाडौं
तमू मौलिक कला र संस्कृति झल्कने सांस्कृतिक कार्यक्रम समेत हुनेछ ।

# ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन-२०७६
# मूल आयोजक समिति काठमाडौं, नेपाल

## प्रेस-विज्ञप्ति

**आदरणीय पत्रकार मित्रहरू,**

नेपाल लगायत विश्वमा स्थायी वा अस्थायी बसोवास गर्ने समग्र तमू (गुरूङ)हरू बीच भावनात्मक एकताको विकास गर्दै, तमू (गुरूङ) जातिको इतिहास, भाषा, धर्म, संस्कृति, परम्पराको संरक्षण र संवर्द्धन गर्दै, समग्र तमू (गुरूङ) समुदायलाई भाषिक, सांस्कृतिक तथा सामाजिक रूपमा एकरूपता र आर्थिक रूपमा समृद्धिको दिशामा अघि बढाउँदै, तमू (गुरूङ) जातिको सर्वाङ्गिण विकासको हितमा काम गर्दै, एकता, सद्भाव साथै जातीय अस्तित्व र पहिचानका लागि क्रियाशील रहंदै, विश्वमा तमू (गुरूङ)हरूलाई एकताबद्ध गरी तमू (गुरूङ) हरूको स्वःपहिचान र इतिहासलाई जीवन्त राख्न साथै तमू (गुरूङ) समुदायको हक, हित र सुमन्नतिका लागि प्रभावकारी भूमिका निर्वाह गर्न यही ११ र १२ अक्टोबर २०१९ (२०७६ आश्विन २४ र २५ गते) काठमाण्डौं, नेपालमा अन्तर्राष्ट्रिय तमू (गुरूङ) सम्मेलन आयोजना गरिने भएको छ ।

**२. सम्मेलनको उदेश्यहरू :**

क) मिति २०७३ कार्तिक ६ र ७ गते सुनसरी जिल्लाको धरानमा ऐतिहासिक प्रथम तमू सार्क सम्मेलन सम्पन्न गरिसकेको सन्दर्भमा संसारमा रहेका तमू संघ-संस्थाहरूसँग सम्पर्क, समन्वय बढाउँदै तमू (गुरूङ)हरूको एकतालाई थप सुदृढीकरण गर्ने,

ख) संसारभर विभिन्न स्थान/राज्य/भुभागमा गठन भएको तमू (गुरूङ) संघ-संस्थाहरूलाई समन्वय गरी तमू समुदायको हक, हित र समुन्नतिका लागि संगठित गर्ने,

ग) तमू (गुरूङ)हरूको इतिहास, भाषा, लिपि, धर्म, साहित्य, संस्कार, संस्कृति, परम्पराको संरक्षण र संवर्द्धन गर्ने ।

घ) विश्वमा बसोबास गर्ने तमूहरू बीच पारिवारिक सम्बन्ध कायम गर्दै उनीहरूको गौरवमय इतिहासको खोजी तथा निर्माण गर्ने,

ङ) तमूहरूको खेमाँ लिपि आधिकारिक लिपि भएकाले संरक्षण, संवर्द्धन गर्ने,

च) विश्वमा बसोबास गर्ने तमूहरू बीच संस्थागत तथा व्यक्तिगत सञ्जाल निर्माण गर्ने साथै उक्त सञ्जालमार्फत तमू समुदायको आर्थिक, सामाजिक, शैक्षिक, प्रशासनिक, राजनीतिक आदि वृत्ति र विकास गर्न गराउनमा उत्प्रेरित गर्ने,

छ) विश्वको विभिन्न देशका तमू (गुरूङ) संघ/ संस्थाहरूको संस्थागत विकास एवं सशक्तिकरणमा आवश्यक सहयोग पुऱ्याउने,

ज) विश्वको जुनसुकै राष्ट्रमा बसोबास गर्ने तमू (गुरूङ) समुदाय जाति, राष्ट्र, उत्पति, भाषा, धर्म, संस्कृति, वर्ण, लिंग, सम्पत्ति आदिको आधारमा हुने वा गरिने जुनसुकै किसिमको भेदभावको विरूद्धमा आवाज उठाउने,

झ) तमू (गुरूङ) जातिको ऐतिहासिक तमू(गुरूङ) अग्रज पुर्खाहरू, शहिदहरू एवं तमू (गुरूङ) समुदायका लागि योगदान, बलिदान, त्याग तथा जीवनभर आहोरात्र खटिने एवं तमू (गुरूङ) जातिको ऐतिहासिक पहिचान र अधिकारको लागि संघर्ष गर्नेहरूको कदर गर्ने, स्मरण गर्ने एवं भावी पुस्ताका लागि प्रेरणा दिलाउन वहाँहरूको इत्तिवृत्तान्त तय गर्न खोज अध्ययन, अनुसन्धान गर्ने,

ञ) मानव अधिकारको विश्वव्यापी घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम संगठन ILO-169 एवं आदिवासीहरूको अधिकार सम्बन्धी राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) लगायतका अन्तर्राष्ट्रिय कानूनहरूमा व्यवस्था गरिएको आदिवासी जनजातिको अधिकार र नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न गराउन प्रयत्नशील रहने ।

ठ) समान उद्देश्य भएका तमू (गुरूङ) जातीय संघ/संस्थाहरूसँग अन्तर्राष्ट्रिय सञ्जाल तय गरी आवश्यक सम्पर्क र सम्बन्धको विकास गरी आपसी सम्बन्ध बढाउने तथा आपसी सहयोग अभिवृद्धि गर्ने, गराउने,

ड) तमू (गुरूङ) जातिको भाषा, धर्म, लिपि, संस्कृति इतिहास आदिको संरक्षण र सम्वर्द्धन एवम चेतना अभिवृद्धिको लागि विश्वका विभिन्न राष्ट्रमा गोष्ठी प्रवचन, भेला, सभा, भेटघाट, छलफल आदिको व्यवस्था गर्ने,

ढ) तमू (गुरूङ) कल्याणकारी कोष खडा गरी सञ्चालन गर्ने, आदि ।

**आदरणीय पत्रकार मित्रहरू,**

तमू (गुरूङ) जातिको आदिम भूमी गण्डक क्षेत्र भएपनि नेपाल राज्य एकिकरणको क्रममा तत्कालीन नेपालको पूर्वमा टिष्टा देखि पश्चिममा काँगडासम्म तमूहरूको समेत बसोबास हुँद आएको छ । त्यसैगरी राज्यको विभेदित नीतिको कारणले पहिलो र दोस्रो विश्व युद्धताका तमूहरू विश्वको विभिन्न कुनाहरूमा गई लडाई लडेका इतिहास जगजाहेर छ र विश्वयुद्ध पश्चात र वैदेशिक रोजगारीका कारणले तमूहरू भारत, भुटान, बर्मा, मलेशिया, सिंगापुर, जापान, वेलायत

आदि देशहरूमा स्थायी रूपमा समेत बसोबास गर्दै आएका छन् । यसरी गुरूङहरू जुन देशमा रहे पनि आफ्नो जातीय अस्तित्व, पहिचानको संरक्षण र सम्वर्द्धनका लागि विभिन्न संघ/संगठनहरू स्थापना गरी क्रियाशील भईरहेको पाइन्छ ।

भाषा, धर्म र संस्कृतिका धनी हामी तमू(गुरूङ)हरू भूगोलको हिसावले जुनसुकै स्थानमा रहेपनि भावनात्मक रूपमा हामी एक छौं । यहि भावनात्मक रूपमा एक भएका हामी गुरूङहरू जातीय अस्तित्व र पहिचानका निम्ति पनि एकतावद्ध हुन जरूरी छ । भाषिक, सांस्कृतिक तथा सामाजिक रूपमा एकता कायम राख्दै गुरूङहरूको अस्तित्व र पहिचानलाई बचाई राख्न, आ-आफ्नो मुलुकको राज्यको सम्पुर्ण अंग र तहहरूमा समानुपातिक समाबेशी प्रतिनिधित्व सुनिश्चित गर्न, तमूहरूको आदिम परम्परा, रीतिथीति, मुल्य र मान्यताहरूलाई जोगाई राख्न, समुदायलाई आर्थिक समृद्धिको उचाईमा पुऱ्याउन, आ-आफ्नो मुलुकमा चलिरहेको आदिवासी जनजातिहरूको पहिचानको आन्दोलनलाई थप सशक्त गर्न विश्वमा रहेका गुरूङ संघ-संस्थाहरू बीच मैत्रीपूर्ण सम्बन्ध कायम राख्नका लागि तमू ह्युल छोंज धीं गुरूङ राष्ट्रिय परिषदको आयोजनामा विश्वका देशहरूमा रहेका तमू(गुरूङ)हरूको सम्मेलन गर्न गईरहेको व्यहोरा सगौंरव अवगत गराउन चाहन्छौं । तर्सथ हाम्रो संस्थाको आयोजनामा "विश्वका तमू(गुरूङ)हरू एकजुट होऔं ।" "सम्पूर्ण तमू (गुरूङ)हरूको आव्हान ! एकता, अस्तित्व र पहिचानका लागि प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन !!" भन्ने मूल नाराका साथ आगामी मिति २०७६ साल आश्विन २४ र २५ गते काठमाडौंमा ऐतिहासिक प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन गर्न गइरहेको विषय तपाईहरू संलग्न रहनु भएको संचार मार्फत सबैमा जानकारी गराउन चाहन्छौं ।

गणतन्त्र नेपालको प्रथम राष्ट्रपति डा.रामवरण यादवज्यूको प्रमुख आतिथ्यमा हुने उक्त सम्मेलनमा स्थायी वा अस्थायी रूपमा विश्वमा बसोबास गर्ने तमूहरूको प्रतिनिधिमूलक संघ-संस्थाका प्रतिनिधिहरूले यस ऐतिहासिक सम्मेलनमा सहभागी हुनेछन् । विशेष गरिकन नेपाल, भारत, भुटान, हङकङ, जापान, दक्षिण कोरिया, थाइल्याण्ड, म्यानमार, वेलायत, अमेरिका, अष्ट्रेलिया, बेल्जियम, नेदरल्याण्ड, जर्मनी, लक्जेम्बर्ग, फ्रान्स, स्पेन, पोल्याण्ड, स्वीट्जरल्याण्ड, पोर्चुगल, स्वीडेन, डेनमार्क, इजरायल, साइप्रस, कतार, दुवइ, बहराइन, साउदी अरब, मलेसिया, ओमन आदि देशका तमू संघ-संस्थाका प्रतिनिधिहरू सहभागी हुनेछन् ।

यस क्रममा नेपाल भित्रबाट हाम्रो संस्थाका ७ प्रादेशिक समितिका प्रतिनिधिहरू, ६३ जिल्ला समितिका प्रतिनिधिहरू, भातृसंस्थाका पदाधिकारी सदस्यहरू, विशेष सदस्य संगठन तथा आबद्ध तमू संघ-संस्थाहरू, केन्द्रीय संरक्षक परिषदका पदाधिकारी सदस्यहरू, केन्द्रीय सल्लाहकारहरू, केन्द्रीय निर्देशन तथा अनुगमन समितिका सदस्यहरू, तमू प्राज्ञिक व्यक्तित्वहरू, तमू पेसागत संघ-संस्थाका प्रतिनिधिहरूको सहभागिता हुनेछ ।

सो सम्मेलनको पहिलो दिन आश्विन २४ गते काठमाडौंको राष्ट्रिय सभागृहमा उद्घाटन समारोह गरिने छ भने उद्घाटन समारोह पश्चात विभिन्न मुलुकबाट उपस्थित हुनुभएका प्रतिनिधिज्यहरू आ-आफ्नो संस्थाको परिचय राख्ने सत्रको सुरूवात संगै सम्मेलनको बन्दसत्र सुरू हुनेछ । "एकता, पहिचान, अस्तित्व र समृद्धि" लाई आधार बनाई विभिन्न छ चरणमा कार्यशाालाा गरिने कार्यक्रम रहेको छ । पहिलो दिनको साँझ तमू कलाकार संघका कलाकारहरूले भव्य रूपमा सांस्कृतिक कार्यक्रम पस्कने छ जसलाई तमू समाजमा प्रचलित रोधीं को सम्झना गराउने छ भन्ने विश्वास लिएका छौं । उक्त कार्यशालाबाट भूगोलको हिसाबले हामी तमू (गुरूङ) विभिन्न मुलुकमा रहेपनि भावनात्मक रूपमा हामी तमू एक हौं, नेपालको कालीगण्डकीदेखि बुढिगण्डकीसम्मका भू-भागहरू तमुवान भूमि हो भनी बोध गर्न र विभिन्न देशमा रहेका तमू संघ-संस्था बीचमा एकताका लागि कार्यविधी र अन्तर्राष्ट्रिय सञ्जाल निर्माण गर्न, तमू जातिको मातृभाषाको खेमा लिपिलाई संरक्षण गर्दै सांस्कृतिक रूपमा पहिचान भएको रोधीं, घाटु, सोरठी, पितृ पूजा गर्ने, देवि-देउराली, सिमे-भूमे, उधौली-उभौली, ट्हो ट्हे, पानीको मुहान, ठूलो ढुङ्गा, ठूलो रूख, भिरपहरा आदिलाई पूज्ने परम्परागत मूल्य र मान्यतालाई संरक्षण गर्दै, ल्होसार, माङी दिना, मे त्हले त्हे, फुँ ताँ सौँ त्हे, खेकु त्हे आदि पर्वहरू समेत हामी तमूहरूको विशेष पर्वहरू भएकोले सोको पहिचान गराउन सफल हुनेछ भन्ने विश्वाश रहेको छ । यसैगरी दोश्रो दिन "अस्तित्व", "पहिचान" र "समृद्धि" शीर्षकमा कार्यपत्रको प्रस्तुति र सो माथि टिप्पणीकारहरूको टिप्पणी पशतात अन्तराष्ट्रिय सञ्जाल निर्माण सम्बन्धी कार्यविधि प्रस्तुत गरिने छ र अन्तमा प्रदेश नं. ४ का मुख्यमन्त्री माननीय पृथ्वीसुब्बा गुरूङज्यूको प्रमुख आतिथ्यतामा काठमाडौं घोषणा पत्र जारी गर्दै सम्मेलनको समापन हुनेछ ।

